CC-0. In Public Domain. Digitization by eGangotri

नं. २४५५

छोग्रान

(महाकाव्य)

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २४५५

दोभान

(महाकाव्य)

दर्ता नं. ९४२२४

भरतराज पन्त

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं
नेपाल ।

891.4941
PAN

प्रथम संस्करण :
वि० सं० २०४१

वाल्मीकि विद्यापीठ-पुस्तकालयः
सूची नं०
91828

मुद्रक :
शिवशंकर प्रसाद
दीपक प्रेस,
एस० १७/२७२ नदेसर, वाराणसी क्याण्ट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २४५५

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिलाई युगानुकूल बनाउन प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो ।

२०३१ साल वैशाख १ गतेका दिन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले राष्ट्र-नायक **श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव** सरकारको कृपापूर्ण संरक्षकत्व प्राप्त गरी यसले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका क्षेत्रमा अझ बढी विकास गर्ने सौभाग्य पाएको छ ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको छ । आज राष्ट्रनायक **श्री ५ महाराजाधिराज** सरकारको सुयोग्य नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन लागेको छ, उसरी सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशको कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसँग परिचय गराउन सक्ने खालका कृतिहरू सिर्जना गरी आफ्नो-आफ्नो क्षेत्रमा महत्त्वपूर्ण योगदान दिनेछन् भन्ने हामीलाई लागेको छ ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिंजाउने जस्ता महत्त्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछ ।

लैनसिंह बाङ्गदेल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वैशाख १, २०३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

शब्दसँग खेल्न सक्नु र काव्यानन्दले दुःखलाई भुल्न सक्नु यही नै भरतराज पन्तको वैशिष्ट्य हो। जीवनमा जति शोक र सन्ताप आइपरे पनि, ठेस र ठक्कर खाइरहे पनि उनी शीर्णविशीर्ण पहाडी झर्ना जस्तै, नाच्तै, रमाउँदै अगाडि बढ़ी नै रहे। यसको परिणामस्वरूप नै उनले **दिनेश** जस्तो शोककाव्य र **दोभान** जस्तो प्रस्तुत महाकाव्य नेपाली साहित्यलाई दिन सके। यो एक व्यक्तिले आफूले भोगेको व्यथाको अभिव्यक्ति मात्र होइन, कविले साक्षी रूपले हेरेको समाजको कथाको अभिव्यक्ति पनि हो। यहाँ अन्तःस्रावी रसद्वारा निर्मित तन्तुहरूमा माकुराको जालोमा जस्तै मनोहारी शिल्प त पाइन्छ नै, तर ती तन्तुहरू सांस्कृतिक पुनरुद्दीपन र सामाजिक पुनर्निर्माणको चेतनाले निर्मित विचित्र प्रवृत्ति पनि हुन्। तिनमा शीतका सुनौला थोपाहरू जस्तै नवै रसका विन्दु झलमलाउँछन्। उपनिषद्—भन्छ—"**स्रष्टाले तपद्वारा यो सारा सिर्जियो र त्यसमा आफूले पनि प्रवेश गऱ्यो·····यो आफैंले आफैंलाई सुन्दर तरीकाले सिर्जना गरेको हो र सुन्दर सिर्जना** भन्तु **इदं नै रस हो: स तपस्तप्त्वा सर्वमसृजत्, तत्सृष्ट्वा तदेवानुप्राविशत् ·····तदात्मानं स्वयमकुरुत,** यत्सुकृतं रसो "वै सः।" यस काव्यमा पनि व्यक्तिको अनुभूतिको छाया र समाजका प्रवृत्तिको छाया परस्पर समाहित भएर अनौठाको विच्छित्ति उत्पन्न भएको छ। एक्काइसौ सर्गका भिन्ना-भिन्नै छन्दमा गाउँदै आउने त्रिसप्तगंगाको यो काव्यमय दोभानमा उभिने भरतराज पन्तलाई महाकविको रूपमा देख्न पाउँदा हामीलाई जो हर्ष लागिरहेछ, त्यही नै उहाँप्रति हाम्रो धन्यवाद ज्ञापन बनोस्।

२०४१ वैशाख १०

माधवप्रसाद घिमिरे

उपकुलपति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कवि भरतराज पन्तको कविता साधना र उनको दोभान महाकाव्य"

१. काव्यधारा र काव्ययात्रा—

कवि भरतराज पन्त (जन्म वि. सं. १९८६, काठमाडौं) नेपाली कविताका एक अथक साधक हुन् । उनको कविता संस्कार आनुवंशिक ठहरिन्छ । उनी माध्यमिक कालका पूर्वार्धका प्रसिद्ध कवि लक्ष्मीदत्त पन्तका नाति हुन् । पिता मणिदत्त पन्त पनि माध्यमिक कालका उत्तरार्धका विख्यात आशुकवि शंभुप्रसाद ढुंगेलका मित्र थिए र कविता पनि लेख्ने गर्दथे भन्ने बुझिन्छ । यसरी आनुवंशिक संस्कार पाएका भरतराज पन्तले वि. सं. २००६ देखि कविता लेख्न लागेका रहेछन् । यस हिसाबले २०३९ सालसम्ममा उनको कविता साधनाले एक तिहाई शतक (लगभग ३३ वर्ष) को अवधि पार गरिसकेको देखिन्छ ।

२००७ सालको युगसंक्रान्तिको आसपासको कालमा नेपाली वाग्देवीले पैदा गरेका विशिष्ट प्रतिभा र साधकहरूमध्ये कवि भरतराज पन्त पनि एक हुन् । उपर्युक्त लगभग ३३ वर्ष साधनाका क्रममा आफ्ना वैशिष्ट्यहरूका साथ उनले नेपाली कविताको उच्च आराधना गरेको पाइन्छ । २० वर्षे काँचो उमेरमा थालिएको कविता लेख्ने बानी अहिले ५३ वर्षे पुग्ने वेलामा उमेर अनुरूप परिपक्व प्रहरमा आइपुगेको छ ।

प्रतिभाशाली कवि भरतराज पन्तका यस कविता-यात्रामा व्युत्पत्ति र अभ्यासको निर्णय भूमिका रहेको देखिन्छ । प्रथमतः व्युत्पत्तिकै कुरा गरौं—उनले परंपरागत संस्कृत शिक्षाबाट प्रचुर मात्रामा साहित्यिक व्युत्पत्ति प्राप्त गरेका छन् र उनका व्युत्पत्ति आर्जनका प्रक्रियामा जीवनको पाठशालाले र युगीन सामाजिक चेतनाको शिक्षालयले पनि प्रशस्त भूमिका खेलेको पाइन्छ । यसरी शास्त्र र लोक दुवैका पर्यवेक्षणबाट अन्तर्विकसित जुन व्युत्पत्ति उनले प्राप्त गरे र यसका सहकारितामा जुन लगभग ३३ वर्ष (तीन दशकभन्दा लामा) कविताको अभ्यास वा साधना उनले गरे त्यसैबाट उनको आनुवंशिक कवि-प्रतिभा परिमार्जित र परिपक्व भएको देखिन्छ ।

नेपाली कविताको आधुनिक कालको तेस्रो चरण (२००४–१६) मा प्रगतिवादको जुन रन्को व्याप्त थियो त्यही युग चेतनाको शिक्षालयमा अध्ययन गर्दै र निजी जीवनका नाना घात पतिघात पनि पढ्दै परंपरागत संस्कृत शिक्षाको फलस्वरूप जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रीय वा परिष्कारवादी (क्लासिकल) काव्य चेतना उनलाई प्राप्त भयो त्यसलाई उनले चिर अभ्यासद्वारा कविता काव्यका रूपमा अभिव्यक्त गरेको पाइन्छ। यसरी परिष्कारवाद र प्रगतिवादकै साँधमा उनको काव्य चेतना प्रकट भएको र उनलाई परिष्कारवादी र प्रगतिवादी काव्यधाराका एक सशक्त कविको संज्ञा दिन सकिन्छ। उनको कविता-साधनामा सबभन्दा ज्यादा प्रेरणा कविशिरोमणि लेखनाथ पौड्यालबाट प्राप्त भएको अनुभव हुन्छ। वास्तवमा लेखनाथ पौड्याल नै परिष्कारवादी काव्यधाराका अग्रणी कवि पनि हुन्। कवि बालकृष्ण सम यस परंपरामा लेखनाथका निकटतम प्रतिस्पर्धी हुन् र युगचेतनामा कवि सम लेखनाथभन्दा तीव्र छन्। अनि चिन्तनमा पनि समको पदार्थवादी ब्रह्म चैतन्यको आफ्नै अलग कित्ता छ तापनि भाव र शैली शिल्पमा चाहिं पद्यकार वा गद्य कविताकार कवि सम लेखनाथका सशक्त प्रतिस्पर्धीका रूपमा नै रहेका छन् भने खास गरी पद्यकार समको प्रेरणा पनि शैलीगत परिमार्जन का प्रक्रियामा नै कवि भरतराज पन्तका शिष्ट-मिष्ट र स्वच्छ स्वस्थ-पद्य अभिव्यक्तिमा अलिकति परेको हुन सक्छ तर त्यस प्रेरणाको मात्रा अत्यन्त कम देखिन्छ। प्रगतिवादी चेतभन्दा शास्त्रीय परिष्कारवादमै रमाएका कवि पण्डित र कवि शिल्पी सोमनाथबाट भने कवि भरतराज पन्त आंशिक रूपमा उत्प्रेरित रहेको पाइन्छ र यही कुरा कुलचन्द्र गौतमका प्रेरणाको बारेमा पनि भन्न सकिन्छ। त्यस्तै सरल सरल परिमार्जित पद्य अभिव्यक्तिका धनी कवि भीमनिधि तिवारीबाट पनि आफ्नो कविता यात्राका प्राथमिक आभ्यासिक कालमा कवि भरतराज पन्त अलिकति उत्प्रेरित भए होलान् तर उनको शास्त्रीय व्युत्पत्ति अन्तर्विकसित भएपछि चाहिं उनी कवि भीमनिधिभन्दा कवि लेखनाथकै काव्य-कवितावाट विशेष प्रभावित भएका र आंशिक रूपमा कवि सोमनाथ र कवि कुलचन्द्रबाट र अलिकति बालकृष्ण समबाट उत्प्रेरित भएको बुझिन्छ। कवि भरतराज पन्त मूलतः परिष्कारवादी धाराका र अलिकति प्रगतिवादी चेत पनि भएका कवि भए तापनि उनमा स्वच्छन्दतावादी काव्यधाराका अग्रणी महाकवि देवकोटाको पनि सूक्ष्म उत्प्रेरणा परेको तर कवि भरतराजका शास्त्रीय वा सुदृढ परिष्कारवादी संस्कारले गर्दा त्यो उत्प्रेरणा कम उर्वर रहेको कुरा उल्लेखनीय छ। बरु स्वच्छन्दतावादी भावलाई परिष्कारवादी शैलीमा व्यक्त गर्न रुचाउने अग्रणी कवि माधव घिमिरेका कवितावाटै विशेष रूपमा कवि भरतराज पन्तमा स्वच्छन्तावादको स्वल्प पुट परेको अनुमान हुन्छ। यसरी मूलतः परिष्कारवादी र अंशतः प्रगतिवादी स्वच्छन्दतावादी नेपाली काव्यधारा-बाट कवि भरतराज पन्तको कविता काव्यको साधना उत्प्रेरित रहेको निष्कर्ष निक्लन्छ र यस क्रममा संस्कृत साहित्य र साहित्य शास्त्रका नियमित शिक्षा र स्वाध्ययनबाट अर्जित काव्यव्युत्पत्तिको निर्णायक भूमिका रहेको कुरा पनि स्वीकार्य छ।

कवि भरतराज पन्तको व्यक्तिगत जीवन अनेकौं "घात प्रतिघातका एकपछि अर्का आपद्हरूमा रन्थनिनुपर्दा अनि नडगेको कठोर आत्मबलले परिपूर्ण सूचनात्मक गाथाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा देखापर्छ। उनले जीवनको पाठशालामा संगति कम र असंगति ज्यादा भोगेका छन्। यति हुँदा हुँदै पनि महाकवि भवभूति झैं आँसु र हाँसोको दोभानका रूपमा नै जीवनलाई वरण गर्दै र खास गरी क्लासिकल वा परिष्कारवादी काव्यधारालाई अँगाल्दै जुन उच्च कवितात्मक सङ्गतिको सुन्दर उपासना गरेका छन् त्यो महत्त्वपूर्ण प्राप्ति ठहर्दछ।

भरतराज पन्त (खास नाम ठाकुरदत्त पन्त) तीन वर्ष नपुग्दै वि० सं० १९८९ मा उनकी आमाको र चौध वर्षको नवविवाहित अवस्थामा उनका पिताको मृत्यु हुनाको फलस्वरूप जीवनको पाठशालामा पितृहीन किशोरका रूपमा देखा परे। उनले त्यस पाठशालामा जुन अध्ययन थाल्नुपर्‍यो त्यो जीवन गाथा हृदयविदारक रह्यो। स्वावलम्बन नै जीवनको पाठशालाबाट प्राप्त गरेको मूल शिक्षा हो। यस संघर्षमय युवा जीवनको परिप्रेक्ष्यमा दाम्पत्य जीवन र सन्तानको लालन पालनका क्रममा उनले खपेको कष्ट वर्णनातीत छ। आफ्नै नाजुक स्वास्थ्य, पत्नीको विक्षिप्तता, तरुण पुत्रको शोक र एकमात्र पुत्रीको जीवनको विड़म्बना आदि तातातातै भोगेर उनको उत्तरार्द्ध जीवन पनि अवविक्षत नै रहेको पाइन्छ। यतिको अभावपूर्ण कष्टपूर्ण र संघर्षमय र प्रायः ताप सन्तापले घेरैको जीवनमा पनि परिष्कारवादी पद्य अभिव्यक्तिको उच्चे संगतिको जुन अथक साधना उनले गरेका छन् त्यो उनको अदम्य सृजनात्मक आकांक्षा र गहन शास्त्रीय साहित्यिक व्युत्पत्तिको परिणति हो भन्न सकिन्छ।

पाँच वर्ष लाग्नासाथै भरतराज पन्तको अक्षरारम्भ भयो र १९९१ साल देखि नै उनको अध्ययन प्रक्रिया थालियो। परंपरागत संस्कृत शिक्षाकै डोरेटो समाती साहित्य र व्याकरणको अध्ययन गर्ने यो क्रम उनको नाजुक स्वास्थ्यको कारणले पनि अव्यवस्थित नै रह्यो; अंग्रेजीतर्फ र ज्योतिषतर्फ समेत लागे पनि संस्कृत साहित्य नै उनको अध्ययनको केन्द्रबिन्दु भयो। जे होस्, उनी २००७ सालमा प्रथम, २००९ सालमा मध्यमा, २०१४ सालमा शास्त्री, २०१९ सालमा साहित्याचार्य र २०३२ सालमा नेपाली एम. ए. मा उत्तीर्ण भए। यसबाट के स्पष्ट हुन्छ भने उनको स्वास्थ्य जस्तै शैक्षिक जीवन पनि त्यति व्यवस्थित थिएन; परिवारको पालन पोषणको अभिभाराले पनि उनको शैक्षिक जीवन एकदमै थिचिएको थियो। यसरी संघर्षपूर्वक उनले संस्कृत साहित्य र साहित्य जुन अध्ययन गरे त्यसले उनलाई प्रकाण्ड साहित्यिक व्युत्पत्ति प्रदान गर्‍यो। परिष्कारवादी वा शास्त्रीय (क्लासिकल) काव्यधाराका कविका रूपमा उनमा जुन दक्षता देखा पर्छ त्यसको स्रोत उपर्युक्त व्युत्पत्ति पनि हो। २०१५ सालदेखि उनी शिक्षण पेशामा छन् र प्रथमतः संस्कृत साहित्यको शिक्षण गरे पनि नेपाली साहित्यकै शिक्षणतर्फ उनी बिस्तारै केन्द्रित भएको पाइन्छ। त्यस अध्ययन प्रक्रियाले पनि उनको साहित्यिक विकासमा सहयोग पुर्‍याएको प्रष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत शिक्षा प्राप्त गर्ने क्रममा २००४ सालको ऐतिहासिक (जयतु संस्कृतं) आन्दोलन र २०१३ सालको विद्यार्थी आन्दोलनमा भरतराज पन्तको सहभागिता रह्यो। १९९७ सालको शहीद पर्व तथा २००७ सालको प्रजातान्त्रिक क्रान्ति र त्यसपछिका राजनैतिक, सामाजिक संक्रमणका प्रक्रियाले पनि उनको विपन्न युवा चेतनालाई प्रशस्तै प्रभावित पारेको बुझिन्छ। यसै सन्दर्भमा परिष्कारवादी वा क्लासिकल काव्यधारा भित्रभित्र प्रगतिवादी सामाजिक चेत उनको कवितात्मक आन्तर्विकासका प्रक्रियामा संचारित भएको ठान्न सकिन्छ। तर उनका आदर्श कवि लेखनाथको कवितामा झैं उनका कवितामा पनि पहिलो तत्त्व कवित्व नै रह्यो र त्यस कवित्व-भित्र प्रगतिवादी चेतको पुट नै सामाजिक पर्यावरणले उनको कवि व्यक्तित्वमा पारेको प्रभावको परिणति हो।

आफ्ना कवि पितामह लक्ष्मीदत्त र कवि संस्कार पाएका पण्डित पिता मणिदत्तका आनुवंशिक प्रभावमा र खास गरी कविता गुनगुनाइरहने पिताका संसर्ग-मा कवितात्मक संस्कारको परिवेष पाएका भरतराज पन्तले प्रतिकूल स्वास्थ्य र आर्थिक परिवेषको चापको फलस्वरूप ढिलाएरै लेख्न थालेको बुझिन्छ। २००६ सालमा काठमाडौंको छात्रावासमा भर्ना भएपछि नै २० वर्षको उमेरमा बल्ल उनको कविता प्रस्फुटन गर्न थालियो। २००६-७ सालमा उनको रचनाको खास प्रारम्भ भए पनि २००८ सालदेखिको नव स्वतन्त्र वातावरणमा साहित्यिक गोष्ठी र पत्रिकाको जुन भेल उर्लिन लाग्यो त्यसैमा कवि भरतराज पन्तको पनि खास अन्तर्विकास हुन सक्यो। २००८ सालदेखि उनले साहित्यिक संगतको मौका पनि प्राप्त गरे जसमध्ये कवि शिरोमणि लेखनाथ पौड्याल र कवि भीमनिधि तिवारीको संगत विशेष उल्लेखनीय देखिन्छ। हुन त २००८ को श्री ५ त्रिभुवनको जन्मोत्सवाङ्कमा "जय श्री त्रिभुवन" भन्ने दुइ श्लोक शिखरिणी छन्दमा प्रकाशित भएका थिए तापनि २००९ सालमा (प्रतिभा) मासिक साहित्यिक पत्रिकामा उनको कविता साहित्यिक पत्रिकामार्फत सर्वप्रथम प्रकाशित भएको बुझिन्छ र त्यसको शीर्षक थियो "नारीप्रति"। उनको अहिलेसम्मको तपस्या ३३ वर्षे कविता साधनका प्राथमिक पाइलाहरू यसरी नै थालिएका हुन्। हुन त २००८ सालदेखि नै कवि भरतराज पन्तले गद्य कविता लेख्न थालेको जानकारी भेटिन्छ र उनका केही गद्य कविता छापिएका पनि छन् अनि गद्य कविता संग्रह "झ्याउँकीरी" पनि उनले प्रकाशित गर्न चाहेका हुन् तर उनको खास वैशिष्ट्य पद्य कवितामा नै रहेको पाइन्छ। २०१२ सालमा काठमाडौंमा आयोजित प्रतियोगितात्मक कवि सम्मेलनमा "घण्टाघरको ट्याङ् ट्याङ्" कविता प्रस्तुत गरी कवि भरतराज पन्तले सुवर्ण पदक प्राप्त गरे। सम्भवतः उनको कविताको सार्वजनिक प्रतिष्ठाको विशिष्ट क्षण त्यही थियो। २०१२ सालैमा उनको पुस्तिकाकार कृतिका रूपमा "उर्लेको आँसु" शोक कविता छापियो जसमा राष्ट्रपिता श्री ५ त्रिभुवनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शोकमा कविको आँसु स्रग्धरा छन्दका कवितामा उलिएको छ । उक्त कृतिमा भीमनिधि तिवारीले चर्चा गरेअनुसार २०१२ साल असारको थाल्नीतिरै उनले साठीओटा पद्य कविता बीसओटा गद्य कविता लेखिसकेको जानकारी प्राप्त हुन्छ । भरतराज पन्तका २००७ देखि २०२२ सालसम्मका प्रमुख ४५ पद्य कविताहरू प्रथम कविता संग्रह "जूनकीरी" (२०२३ मा) मा संकलित भएका छन् । यी ४५ कवितालाई यिनको रचनाकालको सन्दर्भमा पढ्दा उनको कवित्वको फल प्रवृत्तिका साथै अन्तर्विकासको प्रक्रियावारे प्रशस्त अन्दाज गर्न सकिन्छ ।

छन्दोबद्ध कविताहरूको संकलनस्वरूप यस कविता संग्रहमा विभिन्न वर्णमाणिक चलनचल्तीअनुसार वार्णिक छन्दका कविताहरू छन् । यी कविताहरू पढ्दा छन्दगत वर्गीकरण यस प्रकार गर्न सकिन्छ ।

संख्या	छन्द	कविता	जम्मा
१.	अनुष्टुप्	प्रार्थना (२००७)	१
२.	पञ्चचामर	राष्ट्रगान (२००८), सूर्यास्त (२००८), बाँच्न दे (२०१२), तिनको यादमा (२०१६), अठार साल (२०१८)	
३.	शार्दूलविक्रीडित	नारीलाई (२००९), माग्ने (२०१०), नायिका प्रति (२०१०), म (२०१२), के के थियो (२०१२), रुन्छिन् धर्घरी (२०१३), मेरो मित्र (२०१३), मेरो निशाना (२०१३), रोएको मन (२०१४), नेपालका खातिर (२०१४), उज्यालो भयो (२०१५), जीवन सन्देश (२०२१), स्वर्गबाट पृथ्वीमा (२०२२),	१३
४.	वंशस्थ	विधवासँग (२००९), किन यस्तो (२०२९), व्यापक पूजा (२०१८)	
५.	मन्दाक्रान्ता	शहीद यात्रा (२००९), जाग्रत नेपाली (२०१३), नारी समस्या (२०१३), कल्पना (२०२०)	४
६.	शिखरिणी	शरद (२००९), मेघ बिजुली विवाह (२०१२), घंटाघरको ट्यांग ट्यांग (२०१२), आमाको सपना (२०१३), कोइलीलाई (२०१३), उषाबाट (२०१२)	६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या	छन्द	कविता	जम्लां
७	मालिनी	पथिक-प्रबोध (२०११), कवि (२०११), आर्यघाटको फूल (२०२२)	३
८.	वियोगिनी	कविता (२०१२), यशोधरा (२०१२)	२
९.	द्रुतविलंबित	वसन्त (२०११)	१
१०.	तोटक	म नयाँ कवि हुँ (२०१२)	१
११.	वसन्ततिलका	विरक्ति (२०१२), अन्तर्द्वन्द (२०२२),	२
१२.	मालमारिणी	कविताको सम्झना (२०१२)	१
१३.	स्रग्विणी	देशको गौरव (२०१५)	१
१४.	पृथ्वी	जीवन कविता (२०१९)	१
१५.	स्रग्धरा	साहित्य शैलको कन्दराबाट (२०१३), उर्लेको आँसु (२०१२)	१+१=२
			५५

उपर्युक्त तालिकाबाट २००७ देखि २००९ सालका बीचमा कम्तीका पनि १५ छन्द चाल्ने काम कवि भरतराज पन्तले गरेको देखिन्छ। साधिकार १५ वर्णमात्रिक छन्दउपरको यो सहज परिमार्जित र संयमपूर्वक प्रवाहित (समर्थ अन्त्यानुप्रासहित) छन्दगत दखल उनको छन्दबद्ध कविताको व्यंजक हुन गएको छ। उनलाई छन्दसिद्धि प्राप्त भएको कुरा "जूनकीरी" कविता संग्रहका ४५ कविताबाट प्रमाणित हुन्छ। विभिन्न छन्दमध्ये शार्दूलविक्रीडित उनको सर्वाधिक प्रिय देखिन्छ त्यसपछि, पंचचामर छन्द उनले रुचाएका छन्। लेखनाथको नाउँसँग निकै जोडिने शिखरिणी र माधव घिमिरेको नाउँसित निकै जोडिएको मन्दाक्रान्तामा पनि उनको गति देखिन्छ। यी चार छन्दका अतिरिक्त अरू एघार छन्दहरूमा पनि उनको अकृत्रिम अधिकार रहेको अनुभव प्राप्त हुन्छ।

उपर्युक्त संग्रहको पहिलो कविता हो—प्रार्थना (२००७), कुन बिन्दुबाट कवि भरतराज पन्तको कविता यात्रा थालिएको रहेछ भन्ने कुराको जानकारी यस कविता-बाट प्राप्त हुन्छ। यो कविता अनुष्टुप् छन्दमा छ र अनुप्रासयुक्त छ। यसले कवि भरतराज पन्तको छन्द चेतको सशक्त छटालाई पेश गरेको छ। पदयोजना वा भाषा शैलीका दृष्टिले यो कविता परिमार्जित छ र श्लेष चेतन पनि यहाँ सगबगाएको छ। परिमार्जित छन्द र पदयोजनामा आधारित यो सरल कविता कवि भरतराज पन्तको मूलभूत विशेषता नै हो। भाव वा विचार पक्षका दृष्टिले चाहिं सूक्ष्म नीति चेत र प्रगतिवादी सांस्कृतिक पुनरुद्दीपनको आकांक्षा वा सन्धियुगीन राष्ट्रिय र सामाजिक चेतको सहअस्तित्व यस कवितामा भेटिन्छ। वस्तुतः यी तीन कुरा पनि कवि भरतराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पन्तका परिचयका विशेषता हुन् । आफ्नो वैयक्तिक जीवनको गरीबीका तारहरूलाई छुन पुग्दा उनको आत्मपरक अन्तर्भाव अलिकति चलमलाए पनि खास गरी वस्तुवर्णन र सामाजिक नीति चेतको अंकन नै उनको कवित्वको परिचायक रूपमा यस कवितामा प्रकट भएको छ । उनी मूल्य वस्तुपरक परिष्कारधर्मी कवि नै छन् भने त्यो वास्तविकता यस कवितामा आधारित भएको पाइन्छ । अर्थालंकारको सचेत आयोजना यस कवितामा भेटिन्छ तर त्यसमा नव नव निर्मितिको रुचिरता वा नवोद्भावनाचाहिं कम छ । कविता साधनाको क्रममा यस प्रक्रियाका कवि भरतराज पन्तको जे जस्तो प्रचुर अन्तर्विकासको रूप पनि देखापऱ्यो त्यसको पूर्वलक्षण भने यस कवितामा निश्चय नै झल्किन्छ ।

जूनकीरी (२०२३) मा २००७-२२ सम्मका बीचका ४५ कविताहरूको वर्गीकृत अध्ययन गर्दा मोटामोटीमा यी कविताहरूलाई प्राधान्य दृष्टिले निम्नलिखित चार वर्गमा राख्न सकिने देखिन्छ ।

(१) प्रगतिवादतर्फ उन्मुख कविता—

यस वर्षअन्तर्गत २००७ सालको क्रान्ति-चेतना र त्यसपछिको संक्रमणकालीन राष्ट्रिय जीवनको विविध पक्षमा देखा परेका असंगतिको चित्रण गर्ने र युगीन सुधारको आकांक्षा गर्ने कविताहरू ज्यादाजसो पर्दछन् । राजनैतिक जीवनका असङ्गतितर्फ पनि यस वर्गअन्तर्गत राख्न सकिने कविताहरूको संकेत गरेका छन् तर आर्थिक जीवनमा मानवी आधारभूत सवालहरू बारे कविको सचेतता बढी तीव्र देखापर्छ । यस तीव्रतालाई वैयक्तिक परिप्रेक्ष्यले पनि निर्णायक भूमिका खेल्यो होला । त्यस्तै राष्ट्रराग वा राष्ट्रचेत अंकित भएका कविता पनि यसै वर्गअन्तर्गत पर्दछन् । नेपाली नारीवर्गले भोग्नुपरेका सामाजिक थिचोमिचोको वर्णनमा कवि भरतराजका प्रारंम्भिक कविताले रुचि देखाएका छन् र यस्ता सामाजिक जागृतिका वाहक कवितालाई पनि यसै वर्गअन्तर्गत राख्न सकिन्छ । सामाजिक रीतिस्थितिमा सुधार चाहेर पनि आधारभूत सांस्कृतिक धरातलप्रति अनुराग राख्ने सांस्कृतिक पुनरुद्दीपनको चेत व्यक्त भएका कवितालाई पनि यसै वर्गअन्तर्गत समावेश गर्न सकिन्छ । सामाजिक पुनर्निर्माण र सांस्कृतिक पुनरुद्दीपनका साथै प्रगतिवाद राजनैतिक आर्थिक सुधारका सचेतताका साथ राष्ट्र चेतनाको वरण गर्नु नै यस वर्गका कविताहरूको मूल विशेषता हो । मानवतावादी चेतनाको छनक पनि यस वर्गअन्तर्गत समाविष्ट कविताबाट प्राप्त हुन्छ, त्यो चाहिं सूक्ष्म नीति, चेतना वा नैतिक सचेततबाट अनुप्राणित छ । वस्तुतः कवि भरतराजको यो नीति-चेत वा आदर्शचेत उनका संपूर्ण प्रगतिवाद चेतकै मुट्ठुभित्र घुसेको अनुभव हुन्छ । उनी यथास्थितिको स्थूल वस्तुगत अंकन गर्दछन्, त्यसमा व्यंगको पुट भर्दै आदर्शीवरणको सूक्ष्म आमन्त्रण गर्दछद् । उनका यी कवितामा वस्तुगत स्थूल वर्णन बढी छ तर विद्रोहको ज्वाला कम छ अनि 'नारा' लगभग छैन र व्यंग्यको पुटका साथै जागरण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शील आदर्शचेतको वस्तुव्यंजना ज्यादा छ। वास्तवमा क्लासिकल काव्यधाराका परिधि-भित्र प्रगतिवादी चेतको मोटामोटी वरण गर्दै कवि भरतराज पंत प्रकट भएका छन्। २००७ साल र त्यसपछिको परिवेशको उपज कविका रूपमा उनको प्रगतिवादी जति प्रासंगिक छ, क्लासिकलधर्मी कविका अभिव्यक्ति पद्धतिभित्र त्यस प्रगतिवादी चेतले आफ्नै कवितात्मक मर्यादाको अङ्गीकरण गर्नु पनि उत्तिकै सान्दर्भिक देखिन्छ। यस वर्गअन्तर्गत पर्ने खास कविताहरू यी हुन्:–

१. प्रार्थना (२००७), २. राष्ट्रगान (२००८), ३. नारीलाई (२००९), ४. विधवा (२००९), ५. शहीद यात्रा (२००९), ६. मागने (२०१०), ७. पथिक प्रबोध (२०११), ८. बाँच्न दे (२०१२), ९. उषावाट (२०१२), १०. मेरो निशाना (२०१३), ११. के के थियो (२०१३ , १२. नारी समस्या (२०१३), १३. आमाको सपना (२०१३), १४. जाग्रत नेपाली (२०१३), १५. मेरो मित्र (२०१३), १६. रुन्छिन् धर्धरी (२०१३), १७, नेपालका खातिर (२०१३), १८. उज्यालो भयो (२०१५), १९. देशको गौरव (२०१५), २०. अठार साल (२०१८)।

उपर्युक्त प्रगतिवादतर्फ उन्मुख २० कविताहरूबाट तत्कालीन नेपाली सचेत वायु-मण्डलमा व्याप्त वैचारिक लहरहरूप्रति कविको मोटामोटी सचेतताको पुष्टि हुन्छ। यस संकलनमा ४५ कवितामध्ये २० कविताभन्दा वढी प्रगतिवादतर्फ उन्मुख देखिएबाट चाहिं यो प्रवृत्ति उनको कवित्वको मूल पहिचान नै हो भन्ने कुरा छर्लङ्गिन्छ। उनी लेखनाथको क्लासिकल प्रगतिवादी धाराका समर्थ कवि हुन्। यस वर्गअन्तर्गत २०१८ सालपछिका कविता कम देखा पर्नु पनि नेपाली साहित्यमा प्रगतिवादी चेतना-को खास चकचकीको अवधि (२००४-२०१६) साल भएबाट स्वाभाविक जस्तै प्रतीत हुन्छ।

(२) भावविशेषको तीव्रता भएका कविता :—

कवि भरतराज पन्तका कविता यात्रामा भावविशेष तीव्ररूपमा संचारित भएको प्रथम क्षण उर्लेको आँसु (रचना २०११ प्रकाशन २०१२) नै हो। यो करुण शोक कविता अलग्गै पुस्तिकारूपमा प्रकाशित भएको छ। जूनकीरीमा संकलित ४५ कविताहरू-मध्येचाहिं यी कविताहरूमा भावविशेष तीव्ररूपमा संचारित भएका छन् :—

१. नायिकाप्रति (२०११), श्रृंगार २. यशोधरा (२०१२), करुणागर्भित विप्रलम्भ श्रृङ्गार ३. विरक्ति (२०१३), शान्त ४. म नयाँ कवि हुँ (२०१२), हास्य व्यंग्य ५. रोएको (२०१४), श्रृङ्गारमूलक ६. कोइलीलाई (२०१६), विप्रलंभ श्रृङ्गार ७. तिनको यादमा (२००८), भक्तिभाव शान्तरस।

उपर्युक्त उर्लेको आँसु लगायत ९ कविता संस्कृत काव्य परम्पराका विशेष प्रभा-वमा र कवि-शिरोमणि लेखनाथ पौड्यालका उत्प्रेरणामा अनि कवि भीमनिधि तिवारी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को निकटतामा समेत लेखिएजस्ता छन् । तर कवि मीमनिधि तिवारीको निकटता कवि भरतराज पन्तको अध्ययन र शास्त्रीय उत्पत्तिको अन्तर्विकाससँग कम भई लेखनाथ र सोमनाथको पनि प्रभाव वढ्दै गएको तथ्य पनि यी कविताबाट प्रकट हुन्छ ।

उपर्युक्त उर्लेको आँसु लगायत ६ कविता हेर्दा सामाजिक प्रगतिवादी कवितापछि खास गरी शृङ्गारतर्फ कवि भरतराज पन्तको विशेष रुचि देखापर्छ । करुण, शान्त र हास्यतर्फ पनि उनको उन्मुखता त देखिन्छ तर कविको तात्कालिक उमेरअनुसार शृङ्गारमा बढी चाख हुनु स्वाभाविकै हो ।

यी कवितामा वस्तुगतमा सौन्दर्यकै उपासनामा कवि भरतराज विशेष संलग्न देखिन्छन् र यस क्रममा पूर्वीय परंपराबाट पनि उनले परिमार्जनपूर्वक अभिव्यक्ति सीपलाई उजिल्याउने उत्प्रेरणा र व्युत्पत्ति पाएको अनुभव हुन्छ ।

(३) प्रकृति वर्णनतर्फ विशेष उन्मुख कविताः—

प्रकृति वर्णनतर्फ विशेष उन्मुख कविता पनि जूनकीरी कविता संग्रहभित्र केही मात्रामा भेटिन्छन् र ती हुन् (१) सूर्यास्त (२००८), (२) शरद (२००९), (३) वसन्त, (४) मेघ बिजुली विवाह (२०१२) र (५) उषाबाट (२०१२) । वास्तवमा उनका घेरैजसो कवितामा अलंकरणको वा उद्दीपन विभावको रूपमा फाटफुट प्रकृति बिम्बको प्रयोग भएकै छ भने उपर्युक्त कवितामा प्रकृतिचित्रण विशेष रूपमा गरिएको छ अनि प्रकृति नै आलम्बित त्रियाब रहेको अनुभव हुन्छ । उनको प्रकृति वर्णन आत्मपरक रागद्वारा उत्प्रेरित हुनेतर्फभन्दा वस्तुगत वर्णन र उद्भावनाद्वारा विशेष समृद्ध भएको छ र त्यहाँ संस्कृत काव्य परंपराका मननमा प्राप्त सृजनात्मक उत्तेजनाले पनि भूमिका खेलेको पाइन्छ ।

(४) कविताकै बारेमा लेखिएका कविता :—

यस वर्गअन्तर्गत राख्न सकिने कविता यी हुन् जसमा कवि भरतराज पन्तले कवि वा कविताबारेका आफ्ना धारणालाई कवितात्मक रूपमा प्रकट गरेका छन् । यस्ता कविताहरूमा दोहोरो प्रवृत्ति भेटिन्छ; आफ्ना कविता धारणालाई अभिव्यक्ति दिनाका साथै समसामयिक कविता–वातावरणमा दुर्बलताउपर व्यंग्य गर्ने काम पनि यो कवितामा उनले गरेका छन् । यस्ता कविताहरू हुन्—१, कविता (२०११), २, कवि (२०११), ३, म नयाँ कवि हुँ (२०१२), ४ कल्पना (२०१७), ५, जीवन कविता (२०१९) ।

उनी संस्कृत काव्यतत्वहरूका सामर्थ्यमा विश्वस्त छन् र युगीन सामग्री तथा अनुभव र विचारलाई समेत संस्कृत काव्यतत्वका आधारमा मीठा र परिष्कृत कविताको रूप दिने क्षमता पनि उनमा छ । समाजका र प्रकृति तथा जीवनका अनुभवलाई नीतिचेत र क्रान्तिचेतका साथै रसिला छन्द र ललित पदावलि तथा मोहक अलंकारद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरस रूपमा अभिव्यक्ति दिनु नै उनका दृष्टिमा कविको कार्यव्यापार हो। शब्दहरूको पहिरो गए झैं वा खहरे उलिए झैं असन्तुलित भावतरंगका अनुत्तरदायी र दुर्बोध ज्वारलाई उनी कविता स्वीकार्न तयार छैनन्। उनी वस्तुपरक संयमित र परिमार्जित भावाभिव्यक्तिका क्लासिकल वा परिपरवादी काव्य प्रणालीमा प्रगतिवादी युगचेतनाका साथ हिंड्न चाहने कवि प्रतीत हुन्छन्।

कवि भरतराज पन्तका आजसम्मका सम्पूर्ण रचनाका परिप्रेक्ष्यमा प्रस्तुत "जूनकीरी" कवितासंग्रह (२०२३) उनको तीन दशकभन्दा लामो कविता यात्रा (२००७ सालदेखि अहिलेसम्म) को पूर्वार्द्ध (२००७-२२) का छन्दबद्ध कविताहरूको सँगालो जस्तो देखिन्छ। यस कविता संग्रहका कविताहरूको छानबीन गर्दा उनको कविताको अन्तर्विकासको प्रक्रियाबारे पनि जानकारी प्राप्त हुन्छ। मोटामोटी वर्गीकरण गरेर हेर्दा उनका पूर्वार्द्ध पद्य कविता यात्रामा निम्नलिखित मोड वा चरण देखा पर्छन् :—

(१) प्रथम चरण— (२००७–१३)
(२) द्वितीय चरण— (६०१४–२२)

उपर्युक्त दुइ चरणमध्ये प्रथम चरण (२००७–१३) मा उनको कविता यात्राको थालनीका साथै कवितात्मक पूर्वसंघर्ष र प्राप्तिको प्राथमिक अवस्था देखापर्छ। २००७ र ०८ सालका दुइ कविता (प्रार्थना र राष्ट्रगान) ले उनको कविता यात्राको थालनी कसरी भयो भन्ने संकेत दिन्छन्। २००९ सालमा साहित्यविद् शेषराजसँग साहित्य मध्यमाको अध्ययन गरिरहेका बखत लेखिएका पाँच कविता (नारीलाई, विधवासँग, सूर्यास्त, शहीद यात्रा र शरद) बाट उनको प्राथमिक कवि प्रतिभाको झलक पाइन्छ। २००८ मा गोरखापत्रमा औपचारिक कविता छापिए पनि "नारीलाई" उनको प्रथम प्रकाशित कविता हो। यी पाँच कविताले उनको सामाजिक चेत र प्रकृतिचेतको पनि प्रतिनिधित्व गर्दछन् र उनका आधारभूत काव्यधारा र काव्यप्रवृत्तिको पनि दिग्दर्शन् दिन्छन्। कवि भरतराज पन्तको ठोस शुरूवात यिनै कविताका माध्यमबाट भयो। नेपाली कविताको क्लासिकल (परिष्कारवादी) काव्यधाराअन्तर्गत प्रगतिवादी चेत पनि समेट्दै सरल-सरस परिमार्जित पद्यकारिताको सीप यी पाँच कविताले देखाएका छन्। यस प्ररिप्रेक्ष्यमा उनी कवि लेखनाथका उत्तरार्ध काव्ययात्राका क्लासिकल प्रगतिवादी काव्यधाराबाट उत्प्रेरित देखा पर्छन्। जहाँसम्म अभिव्यक्तिगत सरलता र सरसताको कुरा छ कवि भरतराजका यी प्रारंभिक कवितामा कवि भीमनिधिसँग निकट्ता रहेजस्तो पनि प्रतीत हुन्छ तर गहिरिएर हेर्दाचाहिं कवि भरतराज पन्तका यी प्रारंभिक कवितामै पनि छन्दविधान, योजना, अलंकार विन्यास, भावविकासको जुन सीप देखिन्छ त्यो लेखनाथका काव्यधाराबाटै उत्प्रेरित ठहरिन्छ। वास्तवमा कवि भीमनिधिजस्तै कवि भरतराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि पद्यकविताका फाँटमा वस्तुपरक र संयमित भावाभिव्यक्ति तथा सरसता र सरलताका आधारमा लेखनाथीय उत्प्रेरणा पाएकाले कवि भीमनिधिको परिपक्व पद्यकविता र कवि भरतराजको प्रारम्भिक कविताका बीच निकटता देखा परेको हो। साहित्यगत सीप प्रचुर व्युत्पत्ति भएका कवि भरतराज पन्तका पद्यकवितामा क्रमिक अन्तर्विकास हुँदै आयो र उनी वेला बखत गद्य कविता लेख्थे तापनि लेखनाथीय काव्यधाराका एक समर्थ कवि सिद्ध भए। तर, कवि भीमनिधि सो व्युपत्तिका कमीले आखिर गद्यकारिताका व्यंग्य फाँटमा पुगी अलग कवि व्यक्तित्व प्राप्त गरी टुङ्गिएका भेटिन्छन्। जे होस्, कवि भरतराजका २०१०–११ सालका कविताकै चर्चातिर हामी लागौं। २०१० सालको एकमात्र प्रतिनिधि रचनाका रूपमा देखा पर्ने "माग्ने" कविता भीमनिधिकै "काम्यो लुगलुग त्यो" भन्ने कवितासँग प्रतिस्पर्धी देखिन्छ। २०११ सालमा साहित्यविद् र कवि सोमनाथ सिग्द्यालसँग साहित्यशास्त्रीको अध्ययन गरिरहेका बखत लेखिएका—पथिक प्रबोध, कविता, कवि, बसन्त र नायिकाप्रति अलगै प्रकाशित "उर्लेको आँसु" शोक कवितासमेत छ कविताले २००९ सालकै कविताक्रमलाई शिल्पगत दक्षताका साथ अझ तिखारेको पनि छ। यस वर्षका "कविता" र "कवि" ले भरतराज पन्तको कविताचेत विकसित भइरहेको तथ्य देखाउँछन्। उनी युगीन सचेतताका साथ पूर्वीय काव्यतत्वकै उपयोग गरी राम्रा कविता लेख्न सकिने ठान्दछन्। "बसन्त" कविताले चाहिं सोमनाथकै आदर्श राघवको यमक प्रयोगको वैचित्र्य संझाउँछ। वास्तवमा २००७ सालदेखि २०११ सालसम्मको यो आधा दशकको कवितायात्रा कवि भरतराजको कवित्वको प्रथम चरणको थाल्नी पूर्वतयारीको रूपमा देखापर्छ। यस अवधिमा उनी क्लासिकल काव्यचेत र प्रगतिवादी युगचेतका साँधमा कवि भीमनिधिसँगको निकटताको स्थिति पार गर्दै लेखनाथ धारामा केन्द्रित भएर पनि सोमनाथको शिल्प चमत्कृतितर्फ पनि अलिकति आकर्षित सक्षम कविका रूपमा प्रकट हुन लागिरहेका पाइन्छन्।

२०१२ सालका ११ कविताले कवि भरतराजमा आइरहेको सृजनशीलतालाई दर्शाएका छन्। ती ११ कविताहरूमध्ये "घण्टाघरको ट्याङ ट्याङ" बाट उनी पुरस्कृत भई उनले कविको प्रतिष्ठा पाएका हुन्। धारागत रूपमा उनी क्लासिकल प्रगतिवादी धाराका नवोदित कविका रूपमा यतिखेर प्रकट भएका र सरल-सरस परिमार्जित पद्य कविता नै उनको प्राप्ति देखापर्छ। प्रकृतिचित्रण, बिम्बविधान र भाव परिपाक-का दृष्टिले "मेघ बिजुली विवाह" उनको यस सालको उत्तम कविता हो भने "म नयाँ कवि हुँ" कविताले चाहिं उनको कविताचेतलाई समसामयिक परिप्रेक्ष्यमा हास्य-व्यंग्यसमेत प्रकट गरेको छ। त्यो समसामयिक परिप्रेक्ष्य कस्तो थियो? २००७ साल-पछि नेपाली कवितामा दुइ कुराको ज्यादा बोलबाला देखा पऱ्यो, प्रगतिवादी चेतको र गद्य कविताको। क्लासिकल र स्वच्छन्दतावादी कविहरूले प्रगतिवादी चेतलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आ-आफ्ना काव्यधाराअन्तर्गत २००४ सालतिरैदेखि अँगाल्न लागेका छन् भने स्वच्छन्दतावादी कविताहरूचाहिं गद्य कविताको फाँटमा ओह्लिसकेका थिए तर क्लासिकल कविहरूचाहिं पद्य कवितामै आत्मविश्वस्त थिए। वास्तवमा पद्यकविताको क्रमिक ह्रास र गद्यकविताको क्रमिक अभिवृद्धि चलेको त्यस युग परिप्रेक्ष्यसँग कवि भरतराजको 'म नयाँ कवि हुँ' कविता जोडिएको छ। यस कवितामा पूर्वीय काव्यतत्त्वको व्युत्पत्ति विना शब्दहरूको पहाडमा पहिरो गएझैं ओइरो र खहरे झैं हुत्तिने प्रवाह वा कुहिरो झैं धुम्मिने अस्पष्टताका साथ उन्मादी आन्तरिक तरङ्ग कागतमा कोर्नुलाई कविता ठान्ने अनियमित र अपरिमार्जित स्वच्छन्दतावादी र गद्यकवितावादी कतिपय नयाँ कविहरूप्रति क्लासिकल वा परिष्कारवादी धाराका नवोदित समर्थ कविको छेड़छाड छ। पद्यकविताको अस्तित्वलाई नै इन्कार्न खोजिएको वातावरणमा पद्यकवितामा सामर्थ्य भएका युवा कविले व्यंग्य-भाषामा आत्मरक्षाको आक्रमणात्मक बाटो यतिखेर समातेका छन्। वास्तवमा कवि भरतराजको पूर्वार्द्ध आफ्नो यात्राको सर्वाधिक सृजनाशील वर्ष पनि यही १०१२ साल नै हो। त्यस्तै २०१३ सालका ८ कविताले २०१२ सालकै सृजनशीलतालाई निरन्तरता दिएका छन्। यसरी कवि भरतराजको कवितायात्राको प्रथम चरण (२००७–१३) मा गद्यकविताको वढ्दो चापका माझ पद्यकविताका फाँटमा अवतरित एक समर्थ क्लासिकल प्रगतिवादी कविको दोहोरो संघर्ष चालू देखिन्छ आफ्नै कवितात्मक परिष्कृतिका निम्ति र पद्यकविताका वकालतका निम्ति पनि।

"जूनकीरी" का २०१४ सालदेखि २०२२ सालसम्मका बाँकी १३ कविता कवि भरतराजको कविता-यात्राको पूर्वार्द्धको द्वितीय चरणसँग सम्वन्धित छन्। आफ्नै पारिवारिक बोझले आक्रान्त हुँदै न्यून वैतनिक पेशाको यान्त्रिक चापमा पिसिंदै जानुपर्ने र पत्नीको मानसिक विक्षेप र उपचारका शृंखलाबाट जेलिनुपर्ने जीवनक्रमको बाध्यताले गर्दा द्वितीय चरणमा उनको कविताको सृजनाक्रम छुटपुटरूपमा मात्र देखापर्छ। यस अवधिमा उनले केही संस्कृत कविता पनि लेखेको भेटिन्छ जो तात्कालिक "जयतु संस्कृतम्" पत्रिकामा २०१७ सालदेखि प्रकाशित भएका छन्। तर अब कविता-यात्रा गौण रही जीवन-यात्रा प्रवल भइदिंदा द्वितीय चरणमा उनको कवितायात्राको क्रम फक्रिन नपाउनु अस्वाभाविक थिएन। तैपनि छन्द र शैलीको सिद्धि प्राप्त गर्ने दृष्टिले चाहिं उनको कवित्वको निरन्तर विकास भएको कुरा ती छुटपुट कविताहरूबाट छर्लङ्गिन्छ।

२००७ सालदेखि क्रमशः नेपाली कवितामा प्रयोगवादी कविता नयाँ धाराका रूपमा देखापऱ्यो। अवचेतन लेखन वा अमूर्त लेखन पनि भन्न सकिने र सामान्य पाठकहरूका दृष्टिमा प्रायः दुर्बोध्य यस कविता-आन्दोलनको वढ्दो दवदवामा घेरै नवोदित र उदीयमान क्लासिकल स्वच्छन्दतावादी वा प्रगतिवादी प्रवृत्तिका पद्यकविताहरूका साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्दवद्ध कविता किचिएका र मिचिएका पाइन्छन् । थिचिएका स्वच्छन्दतावादी प्रगतिवादी धाराका गद्य कविता फाँटकै पनि अनेकौं सुकुमार प्रतिभा र तिनका सुमधुर काव्य चेतनासमेत परास्त हुन विवश भएको पाइन्छ । यस प्रतिकूल कविता मौसममा थोरै पद्य कवि गद्यकविहरूले मात्र प्रयोगवादका चापमा पनि आ–आफ्ना क्लासिकल स्वच्छन्दतावादी वा प्रगतिवादी काव्यधारामा अडिने क्षमता देखाएको देखिन्छ भने ज्यादै प्रतिकूल व्यक्तिगत परिस्थितिसँग संघर्ष गर्दै त्यो दृढ़ता देखाउने कविहरूमध्ये भरतराज पन्त पनि पर्दछन् । आंशिक रूपमा प्रगतिवादी चेत अँगाले पनि अपेक्षाकृत पुरानो र परंपरागत भनिने क्लासिकल वा परिष्कारवादी काव्य धर्म र छन्दोबद्ध पद्य-कारितामा पर्याप्त आत्मविश्वासी प्रतिभाशाली साधकमा रूपमा उनी आफ्ना काव्य-वृत्तमा केन्द्रित रहेका र उनले आत्मसमर्पण नगरेको भेटिन्छ । अवश्यै आफ्ना व्याव-हारिक जीवनको बाध्यताले गर्दा उनले कृति थोरै दिएका छन् तर उनको प्रवृत्तिगत अडान भने कायमै देखिन्छ । आफ्ना काव्य धर्ममा जो भ्याएको अनुष्ठान गर्ने प्रवृत्तिगत धीरता भने उनले देखाएका छन् । प्रयोगवादी काव्यधाराको चहलपहल थालिएकै ताक उनले 'दोभान' महाकाव्यको रचना-क्रम थालेका हुन् तर अस्तव्यस्त व्यावहारिक जीवनको कारणले गर्दा त्यसको लेखन प्रक्रिया त्यति तीव्र हुन सकेन ।

"जूनकीरी" मा कवि भरतराजका २०२२ सालसम्मका प्रमुख पद्य कविताहरू सँगालिएका छन् । यो २०२२ साल कवि भरतराज पन्तका आदर्श कवि लेखनाथ पौड्यालको देहावसान भएको वर्ष हो र लेखनाथका स्मृतिमा लेखिएको "स्वर्गबाट पृथ्वीमा" भन्ने कविता (२०२२) नै "जूनकीरी" को अन्तिम कविता पनि हो । लेखनाथको क्लासिकल प्रगतिवादी काव्यधाराको अन्तिम समर्थ प्रतिभा कवि भरतराज पन्तको पूर्वार्द्ध कविता-यात्राको समापन यसरी नै भयो । वास्तवमा "जूनकीरी" को प्रकाशन (२०१२) कवि भरतराजको कवितायात्राको सृजनात्मक नवीन उत्साहको संकेत पनि हो ।

२०२३ मा "जूनकीरी" प्रकाशित भएदेखि यता पनि कवि भरतराज पन्तका फुटकर कविता प्रकाशित भइरहेछन् तापनि खास गरी उनको उत्तरवर्ती केन्द्रीय कवितायात्राको उपलब्धिचाहिं काव्य महाकाव्यकै फाँटमा देखापर्छ । फुटकर कवितावाट क्रमशः प्रबन्ध काव्यतिर लस्कनु नै २०२३ सालदेखि २०३९ साल (अहिलेसम्म) को बीचको उनको उत्तरार्द्ध कविता-यात्राको मूल उपक्रम हो भन्न सकिन्छ । हुन त उनको पूर्वार्द्ध कविता-यात्राकै द्वितीय चरणमै उनले महाकाव्य लेख्ने तरखर गरेका थिए तर जूनकीरी (२०२३) को प्रकाशन ताकको नयाँ उत्साह संचार भएको परिप्रेक्ष्यमा नै यस महाकाव्यको ठोस थाल्नी भएको बुझिन्छ । २०२३ सालको (कविता) पत्रिकाको "काव्य विशेषांक" अन्तर्गत "कवि थिए कुनै" भन्ने जुन काव्य प्रकाशित भएको छ— त्यही नैं उनको प्रस्तुत "दोभान" महाकाव्यको प्रथम सर्गका रूपमा समाविष्ट भएकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही २०२३ साललाई नै उनको प्रबन्ध काव्योन्मुखताको सार्वजनिक प्राप्ति भन्न सकिन्छ। यसरी यही काव्यदेखि नै उनको विशेषत: प्रबन्ध काव्योन्मुख उत्तरार्ध कवितायात्रा पनि थालियो। अत्यन्त गीतिमय इन्दिरा छन्दमा सरल सरस तथा परिमार्जित भावाभिव्यक्ति गरिएको यो "कवि थिए कुनै" काव्य कविकै आत्मगाथाका मार्मिक भाकामा सुसेलिएको छ र यसमा भावको प्राञ्जल प्रवाहका साथै अभिव्यक्तिगत क्लासिकल वा परिष्कारवादी सफाइको वैशिष्ट्य झल्कन्छ। कविताको मध्यम सूत्र खण्ड काव्यको उपलब्धिका साथै कविता परिपाकका दृष्टिले पनि यो काव्य अत्यन्त स्मरणीय प्रतीत हुन्छ। पूर्वार्द्ध कविता-यात्राका फुटकर कवि अब काव्यकारका रूपमा प्रकट भएका र उनको कवित्व स्तरमा समेत यतिखेर विशेष परिपाकको संचार भएको हुनाले २०२३ साललेखि उनको परिपक्व र प्रबन्ध काव्योन्मुख उत्तरार्द्ध कविता-यात्रा थालिएको अनुभव हुन्छ।

कवि भरतराजद्वारा २०२५ सालमा "तपस्विनी" पद्यानुवाद प्रकाशित भयो। यो महाकवि कालिदासको "कुमारसम्भवम्" महाकाव्यको पाँचौं सर्गको समच्छन्द नेपाली रूपान्तर हो। कवि भरतराजको प्रबन्ध काव्यतर्फ उन्मुख उत्तरार्ध कवितायात्रामा यस पद्य रूपान्तरले पनि विशेष महत्त्व राखेको देखिन्छ। खण्डकाव्यको रूप लिए जस्तो देखिने यस "तपस्विनी" पद्य रूपान्तरले कवि भरतराजको उत्तरार्ध कविता-यात्राको एक महत्त्वपूर्ण प्राप्तिस्वरूप खण्डकाव्यकारिताको पूर्वाभ्यासको श्रृंखला नै प्रस्तुत गरेको छ अनि संस्कृत साहित्यको अवगाहनबाट कवि भरतराजले आर्जित गरेका परिमार्जित साहित्यिक व्युत्पत्ति र संस्कारको सूक्ष्म संकेत यसबाट प्राप्त हुन आएको छ। यो 'तपस्विनी' रूपान्तर वा अनुवाद हुँदा हुँदै पनि कवि भरतराजको काव्यशक्तिको परिचायक पनि बन्न गएको अनुभव हुन्छ; समास शक्ति र सन्धिका कारणले पर्याप्त संश्लिष्ट संस्कृत भाषाका पद-प्रवीण र भाव-कुवेर महाकवि कालिदासका श्लोकहरूलाई समच्छन्दमा (अझै अन्त्यानुप्राससमेत थप्तै) भावनिष्ठापूर्वक मनोहर रूपमा रूपान्तर गर्न रूपान्तरकार भरतराज पन्त सफल भएबाट यस रूपान्तरले कवि भरतराजको असाधारण कवित्वशक्तिलाई प्रमाणित गरेको भन्नै पर्छ।

कवि भरतराज पन्तको रापतापपूर्ण पारिवारिक जीवनमा २०२८ साल दुर्घटना पूर्ण हुन आयो। चढ्दो जवानीको जेठो छोरो दिनेशको पुत्रशोक कवि भरतराज पन्तले बेहोर्नुपर्‍यो। त्यही आँसु 'दिनेश' शोककाव्यको रूपमा पोखियो। पृथ्वी छन्दका सय श्लोकमा वगेको कवि भरतराजको वैयक्तिक शोक प्रवाह काव्यस्तरमा साधारणीकृत करुण रसका परिपाकमा पुगेबाट 'दिनेश' शोककाव्य (२०२८) कवि भरतराजको कवित्वको अत्यन्त मार्मिक क्षाण हुन आएको अनुभव हुन्छ। यो काव्य नेपाली शोककाव्य परम्पराको अर्को अनमोल जुहार साबीत भएको छ। वास्तवमा कवि भरतराज पन्तको खण्डकाव्यकारिताको सिद्धिको प्रथम क्षणचाहिं 'दिनेश' काव्य नै हो; २०२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को 'कवि थिए कुनैं' काव्यले कोरेको खण्डकाव्य-पथको सिद्धिस्वरूप यो काव्य उभिन्छ ।

'दिनेश' शोककाव्य (२०२८) को पछिल्लो पृष्ठावरणमा कवि भरतराजको गद्य कविता सग्रह 'झ्याउँकीरीको प्रकाशन हुने पुनः 'तपस्विनी' (२०२५) मा (पहिलो-पल्ट विज्ञापित) विज्ञापन गरिनाका साथै पहिलोपल्ट 'दोभान' महाकाव्यको विज्ञापन गरिएको देखिन्छ । अन्दाजी २१ फर्माको महाकाव्यको रूपमा 'दोभान' विज्ञापित भएवाट २०२३-२८ सालका बीचमा 'दोभान' महाकाव्यको प्रारूप पनि तयार हुन लागिसकेको बुझिन्छ ।

२०२८ सालसम्ममा प्रयोगवादी नेपाली कविताको प्रशस्त हलचलपूर्ण एक दशक बितिसकेको थियो। यतिखेर पुनः परम्परागत परिष्कारवादी र स्वच्छन्दता-वादी कविताधाराका साथै नवप्रगतिवादी चेतना पनि चलमलाउन लागेको थियो र खास गरेर प्रयोगवादोत्तर नयाँ युग कवि पुस्ता पनि सलबलाउन थालिरहेको थियो। यस परिवर्तित परिप्रेक्ष्यका कवि भरतराजले अनुकूल कविता मौसमको अनुभव गर्नु प्रासङ्गिक देखिए पनि आफ्नो पत्नीको मनोरुग्णता; पुत्रशोक र पुत्रीको चिन्ता आदि पारिवारिक प्रतिकूल चापले गर्दा कवि भरतराज पन्तको वैयक्तिक मनःस्थिति आहत र आकुल रहेकोले उनले कविता सृजनामा नयाँ उत्साहको सट्टा शिथिलताकै अनुभव गर्नुपरेको कुरा स्मरणीय छ। समय सबै प्रकारका व्यथा र संकट हरूको प्रभावकारी मलम हो; समयकै क्रमिक परिचर्याबाट कवि भरतराजको घाउमा खाटा वस्तै जाने र प्रयोगवादोत्तर कवि-पुस्ताले नयाँ कविता-वातावरणको संचार गर्दै ल्याउने प्रकिया पनि साथसाथै जस्तो संचारित भएको पाइन्छ। यसै सन्दर्भमा २०३८ सालमा कवि भरतराज पन्तको 'दोभान' महाकाव्य पनि तयार हुन आयो। २०२३ को 'कवि थिए कुनै' काव्यले कोरेको प्रबन्धात्मक काव्यको डोरेटो अब महा-काव्यको रूपमा साकार हुन आयो ।

२०३८ सालमै कवि भरतराज पन्तले दुई खण्डकाव्यको रचना गरेका हुन् । चन्द्रहास र शैलपुत्री। पछिल्लो खण्डकाव्य 'शैलपुत्री' नेपाल राजकीय प्रज्ञा प्रति-ष्ठानको रजत-जयन्ती प्रकाशनमालाअन्तर्गत 'पच्चीस वर्षका खण्डकाव्य' मा सँकलित भई २०३९ सालमा छापिएको पनि छ। यो 'शैलपुत्री' काव्य छन्द-विधानको सफाइ, प्रकृति-चित्रणको नवीन विच्छित्ति र सांस्कृतिक-आध्यात्मिक पुनरुद्दीपनका साथै पद-योजनाको ललित सौष्ठव एवं अलंकार-विधानको सहज चमत्कृतिका कारणले पनि नेपाली परिष्कारवादी काव्यधाराको एक महत्त्वपूर्ण प्राप्तिविन्दु बन्न पुगेको छ ।

२०३८ सालमा भरतराज पन्तको आत्मकथा 'भरतराज पन्त' प्रकाशित भएको कुरा पनि उल्लेखनीय छ। यसबाट उनका वैयक्तिक जीवन र साहित्यिक कृतित्वका बीचका अन्तः सम्बन्धका अध्ययनका निमित्त प्रशस्त सामग्री हुन आएको छ। २०३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालमा कवि भरतराज पन्तका बारेमा अध्ययन अन्वेषण गरी स्नातक तहका छात्र श्री भरतजंग उप्रेतीले स्नातकस्तरीय लघु शोधपत्र तयार गरेको कुरा पनि स्मरणीय छ।

कवि भरतराज पन्तको २०२३ सालदेखि २०३९ सालसम्मको कविता-यात्राका खास उपलब्धि हुन् तीन चार खण्डकाव्य र एक महाकाव्य। 'कवि थिए कुनै' (२०२३), तपस्विनी (२०२५), दिनेश (२०२८), शैलपुत्री (२०३९) जस्ता प्रकाशित चार खण्डकाव्य र चन्द्रहास रचना (२०३८) अप्रकाशित काव्यका साथै 'दोभान' महाकाव्य (तयारी अवधि लगभग-दुई दशक खास प्रारूप २०२३-२०२८ सन्नयन र परिमार्जनको अन्तिम समयावधि २०३८) नै प्रबन्धात्मक काव्य-प्राप्ति हुन् जस्तो उनको परिपक्व उत्तरार्ध कविता-यात्राको वैशिष्ट्यको प्रतिनिधित्व गरेको पाइन्छ। मोटामोटीमा यस उत्तरार्ध कविता-यात्राको पनि तीन चरण वा मोड देखिन्छन् २०२३ सालदेखि २०२८ सालसम्मका अवधिलाई यसकै पहिलो चरण ठान्न सकिन्छ र यसअन्तर्गत 'कवि थिए कुनै' (२०२३) देखि 'दिनेश' शोककाव्य (२०२८) सम्मको अवधि पर्दछ। महाकाव्यांशरूप काव्यबाट थालिई शोककाव्यमा पुगी टुङ्गिनु अनि कविता परिपाकका दृष्टिले यो चरण महाकाव्य सक्रियताका साथै खण्डकाव्य प्राप्तिका सन्दर्भमा विशेष स्मरणीय रहेको छ। उपयुक्त कविताको रूपगत विस्तार र कवित्व परिपाकपछि खण्डकाव्य महाकाव्य सक्रियताका साथै २०२९ सालदेखि पारिवारिक रन्थनले गर्दा कवि भरतराज सृजनात्मक कमै सक्रिय रहेको (फुटकर कविता रचनामै सीमित रहेको) अवधि उत्तरार्ध कविता-यात्राको दोस्रो शीघ्र चरण हो भने उनको पुनः सक्रियता र त्यसको समापनका सन्दर्भमा तथा 'चन्द्रहास' र 'शैलपुत्री' खण्डकाव्यका रचना-क्रममा २०३८ सालदेखि यताका अवधिका रूपमा टङ्कारिएको अनुभव हुन्छ। उनका पूर्वार्द्ध कविता-यात्राको परिष्कारवादी प्रगतिवादी काव्यधारा र त्यसका मूल प्रवृत्तिहरूको क्रमिक अन्तर्विकासका साथै परिपुष्टता पनि यस उत्तरार्ध कविता-यात्रामा प्रकट भएको कुरा पनि यहाँ उल्लेखनीय देखिन्छ।

(२) "दोभान" महाकाव्यको विवेचना—

प्रस्तुत 'दोभान' महाकाव्यमा जम्मा एक्काईस छन्द छन् र यहाँ प्रत्येक सर्गमा खास एक छन्दको प्रयोग गरी सर्गान्तमा चाहिं छन्द बदल्ने क्रमअनुसार मालिनी छन्दको प्रयोग गरिएको छ। महाकाव्यकार भरतराज पन्तले यस महाकाव्यमा आफ्नै आत्मकथालाई महाकाव्यीय आख्यानका रूपमा उद्घाटित गरेका छन् र यस आत्मगाथासँगै सोहोरिएर उनले देखे भोगेको अन्तर्बाह्य जीवन जगत्को सूक्ष्म बूँदा पनि यस महाकाव्यमा प्रकट भएको पाइन्छ। यसरी आत्मगाथाकै सेरोफेरोमा खास गरी कविकै बाल्यकाल र १९९० सालको महाभूकंप यताको सामाजिक सांस्कृतिक युगीन गाथाको पनि समीकरण गरिएको यस महाकाव्य-संरचनामा प्रकृति पर्यवेक्षणका साथै जीवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तन पनि आत्मकेन्द्री जीवन जगत्सँगै उभिएर आएको पाइन्छ। यस परिप्रेक्ष्यमा यस महाकाव्यले अँगालेको आख्यान वा कथानक झीनो प्रतीत हुनु र सर्गबन्ध वा समष्टि संरचना पनि कसिलोभन्दा खुकुलो लाग्नु पनि स्वाभाविकै हो। एक्काईस वर्णमात्रिक छन्दहरूको व्यापक प्रयोग र सर्गान्तमा चाहिं मालिनी छन्दको प्रयोग गरिएको लगभग सवा पन्ध्रसय श्लोकको यो महाकाव्य आख्यान तत्त्व वा कथावस्तु र पात्रविधानको परिपोषण कम प्राप्त गरेर पनि परिष्कारवादी काव्यधाराको परिमार्जित कवित्वर संयमित काव्यविन्यासले गर्दा पर्याप्त सुनियोजित सर्गबन्ध प्राप्त गर्न समर्थ हुन सकेको छ यो 'दोभान' महाकाव्य महाकाव्य-संरचनाका दृष्टिले निकै मात्रामा नजीक देखापर्छ। आत्मगाथापरक आख्यान अँगाली मूलतः बाह्य पर्यवेक्षण र अन्तश्चेतनाकै बुनोटबाट महाकाव्यको ढाँचा प्राप्त गर्ने प्रयास 'दोभान' का महाकाव्यकारले पनि गरेका छन्। वस्तुतः नेपाली कवि परंपराका महान् कविहरूमध्ये र महाकाव्यसमक्ष काव्य प्रयोगहरूमध्ये भरतराज पन्त र उनको 'दोभान' महाकाव्य सबभन्दा बढी नजीक रहेको छ। आख्यानको न्यूनतम अडेसा मात्र लिई आत्मगाथाकै सेरोफेरोमा जीवन जगत्को अन्तर्बाह्य पर्यवेक्षण गरी त्यसलाई परिष्कारवादी प्रगतिवादी पाराले संयमपूर्वक प्रबन्ध काव्यको रूपमा प्रदान गर्ने कलाको उत्प्रेरणामूलतः 'तरुण तपसी' बाटै दोभानका महाकाव्यकारले प्राप्त गरेजस्तो प्रतीत हुन्छ।

सर्वप्रथम विषय वस्तुकै कोणबाट दोभान महाकाव्यको अन्तर्विश्लेषण गरी हेरौं—

कवि भरतराज पन्तकै आत्मकथाका भाकामा लेखिएको यस महाकाव्यमा उनको जिन्दगानी नैं मूल विषयवस्तु हुनु स्वाभाविकै हो र उनको बाल्यकालदेखि वर्तमानकालसम्मका विविध प्रसङ्गको संस्मरण नै यस महाकाव्यको केन्द्रीय विषयवस्तु ठहरिन्छ। यस महाकाव्यमा प्रत्येक सर्गको नामकरण गरी महाकाव्यकार भरतराज पन्तले त्यही आत्मगाथालाई एक्काईस मूल प्रसंग वा कथा खण्डको बनोट दिएको पाइन्छ। ती एक्काईस सर्गहरूको क्रमिक नामकरण यस्तो छः—१. अभ्युत्थान। २. पितृत्व। ३. शैशव। ४. बलिदान। ५. वैधव्य। ६. विवाह। ७. अभिशाप। ८. पितृशोक। ९. यौवन। १०. जागरण। ११. साधना। १२. संस्मरण। १३. संस्कृति। १४. वात्सल्य। १५. स्वतन्त्रता। १६. विडम्बना। १७. विवशता। १८. विक्षिप्त तपसी। १९. कथाभित्रको कवि। २०. कविभित्रको कथा। २१. हिमाल। उपर्युक्त एक्काईस सर्गहरूको नामकरणबाटै पनि दुई कुरा संकेतित हुन्छन्। प्रथमतः यो महाकाव्य कुनै कविको जीवनगाथा हो र त्यसअन्तर्गत उनका बाबु आमाका संस्मरणका पृष्ठभूमिमा उनको बाल्यकालदेखि वात्सल्यकालसम्मको अन्तर्कथा यहाँ भनिएको छ भन्ने संकेत हामीलाई प्राप्त हुन्छ। वस्तुनः तीन पुस्ते (बाबु-आमा, आफू र आफ्नी पत्नी तथा छोरा छोरीको) आत्म-विश्लेषण त्यो जीवनकथा हुन आएको छ। महाकाव्यका सर्ग-सर्गका नामकरणबाट प्राप्त हुने दोस्रो संकेतचाहिं के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो भने—त्यस जीवनकथासँग गाँसिई ती कविले बाँचे भोगेको वाह्य परिवेशमण्डलको पर्यवेक्षण पनि यस महाकाव्यमा गरिएको छ र त्यसअन्तर्गत प्राकृतिक तथा सामाजिक सांस्कृतिक युगीन परिवेशसमेत पर्दछन् । मोटामोटी यस्तै जीवन संस्मरण र विश्लेषण नै यस महाकाव्यको वास्तविक विषयवस्तु हो ।

यस महाकाव्यका विभिन्न सर्गहरूलाई विषयवस्तुका दृष्टिले मोटामोटी दुई भागमा वर्गीकृत गर्न सकिन्छ :—व्यक्तिगाथा र समाजगाथा । निश्चय नै व्यक्तिगाथामा समाज सन्दर्भित छ, समाजगाथामा व्यक्ति कविताको संसर्ग पनि छ तैपनि प्राधान्यका दृष्टिले वर्गीकृत गर्दा यस महाकाव्यका विभिन्न सर्गहरू निम्नलिखितअनुसार व्यक्तिगाथा र समाजगाथाका दुई वर्गअन्तर्गत वर्गीकृत हुन सक्तछन् :—

सर्ग व्यक्तिगाथा	सर्ग समाजगाथा
सर्ग १ अभ्युत्थान	सर्ग २ (सामाजिक रूढीको चित्रण)
सर्ग २ पितृत्व	सर्ग ३ (भूकम्प प्रसङ्ग)
सर्ग ३ शैशव	सर्ग ४ बलिदान (शहीद काण्ड)
सर्ग ५ वैधव्य	सर्ग ५ (पुरुषको आलोचना)
सर्ग ६ विवाह	सर्ग ६ (विवाहोत्सव र नारी स्वभाव)
सर्ग ७ अभिशाप	
सर्ग ८ पितृशोक	
सर्ग ९ यौवन	
	सर्ग ९ (राष्ट्रिय चेतना)
	सर्ग १० (जागरण) प्रजातान्त्रिक संघर्ष र त्रिभुवन चेतना)
सर्ग ११ साधना (छात्र जीवन कविता साधना)	सर्ग ११ (क्रान्तिकालीन परिवेश)
सर्ग १२ संस्मरण (कुनै प्रणय प्रसङ्ग)	सर्ग १२ (नारी चेतना)
	सर्ग १३ (संस्कृति राष्ट्रिय इतिहास तथा साहित्य र संस्कृति)
सर्ग १४ वात्सल्य	सर्ग १४ (युगीन वस्तुस्थिति अभाव र विलासको द्वन्द्वात्मक उपस्थिति ।
	सर्ग १५ स्वतन्त्रता (प्रजातन्त्र तथा स्वातन्त्र्य तर अभावकार्य, २००७ सालदेखि यतातिरका उच्छृंखलता अनाचार, नवधनिकता र नवविकासका चेष्टा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्ग	व्यक्तिगाथा	सर्ग	समाजगाथा
		सर्ग १६	विडम्बना (ग्रामीण जीवन, संस्कृति र विज्ञान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिप्रेक्ष्य, नेपाली कवि परम्परा र वर्तमान व्यंग्यपुट ।)
		सर्ग १७	विवशता (प्रजातन्त्रका असफलता र उच्छृङ्खलता, सामाजिक व्यंग्य, कविताको छाडापन)
सर्ग १८	विक्षिप्त तपसी (कविगाथा)	सर्ग १८	अभिशप्त जीवन, प्रकृति वर्णन, दशैं र तिहारको चित्रण ।)
सर्ग १९	कथाभित्रको कवि (आत्मकथा, छोरा छोरीको प्रसङ्ग)	सर्ग १९	(अभाव बोध, सामाजिक सचेतता, स्वतन्त्रताको चर्चा, प्रगतिवादी आक्रोश)
सर्ग २०	कविभित्रको कथा (आत्मकथा छोराछोरीकैं प्रसङ्ग)	सर्ग २०	(कवि व्यक्तित्व र सामाजिक आलोचना)
सर्ग २१	हिमाल (पूर्वसर्गहरूको आकलन जीवन दृष्टि)	सर्ग २१	(कवि परक सामाजिक सन्देश)

माथिको तालिकाबाट "दोभान" महाकाव्यका २१ सर्गमध्ये खास गरेर सर्ग १,७,८ मा व्यक्तिगाथा र सर्ग ४, १०, १३, १५, १६, १७ मा समाजगाथा देखिए पनि बाँकी १२ सर्गमध्येचाहिं सर्ग २, ३, ५, ६, ९, ११, १२, १४, १८, १९ २० र २१ मा व्यक्तिगाथा सन्दर्भमा समाजगाथा आएको कुरा झल्किन्छ। यस महाकाव्यका २१ सर्गमध्ये निचोडमा तीन सर्गमा व्यक्तिगाथा, छ सर्गमा समाजगाथा र बाह्र सर्गमा दुवै प्रकारका गाथाको संमिश्रण छ भन्न सकिन्छ। अनि यी दुवै पक्षको महाकाव्यात्मक अनुपातचाहिं क्रमशः $\frac{९}{२१}$=४७%। र $\frac{१२}{२१}$=५७%। देखिन्छ। त्यसैले समाजगाथा प्रधान प्रस्तुत महाकाव्यीय बिषयवस्तु, कविका आत्मकथाका केन्द्रीय सूत्रमा उनिई उनले देखे-भोगेका सामाजिक परिवेशको विस्तृत पर्यवेक्षणतर्फ उन्मुख रहेको प्रतीत हुन्छ। यसमा व्यक्तिगाथा र समाजगाथाको उच्चतर सन्तुलन देखापर्छ र त्यस सन्तुलित विषयवस्तुअन्तर्गत कवि भरतराज पन्तको जीवनकालको लगभग आधा शताब्दीको नेपाली सामाजिक परिवेशको विविधतामय रेखाङ्कन पनि उतारिएको पाइन्छ।

"दोभान" महाकाव्यले कवि भरतराज पन्तको बाल्यकालदेखिको परिवेशको चित्रणका क्रममा दोस्रो सर्गमा बहुविवाह, बालविवाह र वैधव्य समस्याको, तेस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्गमा १९९० सालको महाभूकम्पविषयक आंशिक सन्दर्भको र चौथो सर्गमा १९९७ सालमा भएको शहीद पर्वको पाँचौं सर्गमा बालविवाह र वैधव्य तथा पुरुषवादको छैटौं सर्गमा विवाहोत्सव र नारीवर्गका हास परिहासको, सातौं सर्गमा किशोर विवाहका यान्त्रिकताको, आठौं सर्गमा पितृशोकसित सन्दर्भित घात तथा दाहसंस्कारको, नवौं सर्गमा युवा आवेग र राष्ट्रिय चेतनाको, दशौं सर्गमा प्रजातान्त्रिक संघर्ष र युगीन चेतनाको, एघारौं सर्गमा २००७ सालको क्रान्तिको पृष्ठभूमिको, बाह्रौं सर्गमा नारीका हारेको कर्मको, तेह्रौं सर्गमा राष्ट्रिय इतिहास, संस्कृति र साहित्यको,चौधौं सर्गमा एकातर विलासिता र अर्कोतिर अभावको, सामाजिक असंगति तथा वात्सत्यको, पन्ध्रौं सर्गमा २००७ सालपछिको स्वतन्त्र वातावरणको र त्यसका उच्छृंखलता र अनाचारका साथै नवधनिकता र नवविलासिताका चेष्टाहरूको र आर्थिक वैषम्यको यथास्थितिको, सोह्रौं सर्गमा ग्रामीण जीवन, संस्कृति तथा विज्ञानको, अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय विडम्बनाको, सत्रौं सर्गमा प्रजातन्त्रका असफलता र उच्छृङ्खलताको र सामाजिक तथा साहित्यिक छाडावादको, अठारौं सर्गमा हिंसापूर्ण वातावरण तथा साहित्य र संस्कृतिमा व्याप्त वैदेशिक प्रभावको तथा प्रकृति चित्र र सामाजिक चाडपर्वको, उन्नाइसौं सर्गमा सन्ततिका शैक्षिक समस्याको, बीसौं सर्गमा कवि व्यक्तित्व र भावी पुस्ताका भविष्यको अनि एक्काइसौं सर्गमा सांस्कृतिक तथा आध्यात्मिक चेतनाको सामाजिक सन्देशको प्रसंगलाई अँगालेर अघि बढेको पाइन्छ । यसरी मोटामोटीमा विगत आधा शताब्दीको तीन पुस्तै सामाजिक सन्दर्भ यस महाकाव्यमा रेखांकित भएको छ तापनि खास गरी १९९० सालको महाभूकम्प, १९९७ सालको शहीदकाण्ड, र २००७ सालको पूर्वापर प्रसङ्गमै यो महाकाव्य केन्द्रित रहेको देखिन्छ। राजनैतिक सन्दर्भभन्दा पनि सामाजिक जागरण, आर्थिक न्याय र सांस्कृतिक उद्बोधनको त्रिवेणीमै यस महाकाव्यको सामाजिक-चेतन-प्रवाह फिजारिएको बोध यस महाकाव्यका सर्ग सर्गका अवगाहनबाट प्राप्त हुन्छ । महाकाव्यकार भरतराज पन्तको सामाजिक चेतनवृत्त कवि भरतराज पन्तका संस्कार र वृत्तिहरूका परिसीमाभित्र व्यञ्जित हुनु स्वाभाविक पनि हो । उनी जड सामाजिक यथास्थितिवादसँग असन्तुष्ट छन् भने सामाजिक उच्छृंखलता र अराजकता पनि स्वीकार्न तयार छैनन् र स्वतन्त्रताको त्यो चरम चाप उनको सामाजिक अभीष्ट होइन । उनको दृष्टिमा सामाजिक गतिशीलताले सांस्कृतिक तटबन्धअन्तर्गत मर्यादित रही नैतिक मूल्य संचारमा सहायक हुनु अपेक्षित छ। राष्ट्रिय जीवनधाराको गतिशील पुनरुन्मीलन उनको सामाजिक अभीष्ट विन्दु हो र त्यसमा सामन्तयुगीन जडता र यथास्थितिलाई तोड्दै गतिशील हुनु जति अपेक्षित छ त्यस गतिशीलताले नैतिक आत्मसंयम अंगाल्नु पनि उत्तिकै आवश्यक छ अनि सांस्कृतिक आधार रेखामा अडेको राष्ट्रियताको पुनरुद्दीपन र सञ्चारविना त्यो आवश्यकता वा आत्मसंयम प्राप्य हुन सकेन । विगत आधा दशकमा वा तीन पुस्ताको क्रममा सामाजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जागरण जे जति भयो त्यो वाञ्छनीय छ तर सामाजिक गतिशीलताको नाममा नेपाली समाज संरचना, जीवन पद्धति, संस्कृति र साहित्यिमा पश्चिमीकरणको तूफानी, दिशा विहीन अन्ध प्रचण्डता, जे जति आयो त्यो कवि भरतराज पन्तलाई स्वीकार्य छैन। यही सामाजिक-सांस्कृतिक राष्ट्रिय संकट नै "दोभान" महाकाव्यको सामाजिक एक महत्त्वपूर्ण धारा वा अँगालो हो। कवि भरतराज पन्तलाई राष्ट्रियता प्यारो छ र प्रजातन्त्र र स्वतन्त्रता पनि प्रिय छन् तर आर्थिक वैषम्य रहुञ्जेल र आर्थिक न्याय स्थापित नहुञ्जेल मानवताको पुनः स्थापना उनी सम्भव देख्तैनन्। कवि भरतराज पन्तले भोगेको कटु आर्थिक संकट र उनले नेपाली समाजमा देखेको चरम दरिद्रता परिष्कारवादी धाराका समर्थ कविका परिधिभित्र यस महाकाव्यमा व्यञ्जित भएको छ। एकातर्फ परंपरागत अभिजातवर्गका नवधनिकवर्गका परंपरागत तथा आधुनिकीकृत र पश्चिम अनुकृत विलास वा नवविलासिताका उपक्रमहरू र अर्कातर्फ नेपाली जनसाधारणको कटु अभावका बीचको चर्को अन्तरालले गर्दा पैदा भएको राष्ट्रिय आर्थिक असङ्गति र त्यसका अन्तर्विडम्बनाको रेखांकन यस महाकाव्यको सामाजिक चेतको अर्को महत्त्वपूर्ण धारा हो। वास्तवमा सामाजिक सांस्कृतिक र आर्थिक संकटको यस्तै राष्ट्रिय मानचित्रको रेखांकन यस महाकाव्यको सामाजिक परिवेश हुन आएको छ र हास्यको आभास सहित व्यंयात्मकताका साथ सो परिवेशको अङ्कन महाकाव्यकार भरतराज पन्तले गरेका छन्। कवि भरतराज पन्तको प्रगतिवादी सामाजिक चेतना उनको सांस्कृतिक चेतनासँग समीकृत भई यस महाकाव्यमा सुसेलिएको छ र यसको निकटतम मूल प्रेरणास्रोतचाहिं कविशिरोमणि लेखनाथको "तरुण तपसी" नव्य काव्य हो भन्न सकिन्छ। परिष्कारवादी सांस्कृतिक सचेतताका परिधिभित्र सामन्तवाद वा व्यक्तिवादका विरुद्ध प्रगतिवादी चेत सम्पुटित हुनु नै परिष्कारवादी प्रगति वादी काव्यधाराको वैचारिक धरातल हो भने 'दोभान' महाकाव्यले यस परिप्रेक्ष्यमा 'तरुण' तपसीबाट प्रशस्त उत्प्रेरणा प्राप्त गरेको अनुभव हुन्छ।

'दोभान' का महाकाव्यकारले गरेको आत्म संस्मरण र बाह्यजगतले पर्यवेक्षणका क्रममा पनि यस महाकाव्यका ठाउँ ठाउँमा प्रकृति-चित्रण देखापर्छ। कहीं कवि स्वयंलाई र कहीं सामाजिक चक्रलाई झल्काउने अभिप्रायले यस महाकाव्यमा प्रकृतितर्फ महाकाव्यकार उन्मुख छन् भने कहीं चाहिं डटेर नै उनले प्रकृति-चित्रणको तर्जुमा गरेका छन् तर त्यस प्रकृति आयोजनाले पनि वैयक्तिक अन्तर्भाव वा सामाजिक परिवेशको प्रतिच्छायाचाहिं प्रदान गरिरहेकै पाइन्छ।

यस महाकाव्यको प्रथम सर्गमा कवि पात्रका परिवेश र मनोजगत्को संकेत गर्ने काम प्रकृतिका परिवर्तनशील बिम्बहरूले नै गरेका छन् र खास गरी कवि कोपिला वा कवि-हिमालयले भोगेका अनुकूल परिवेश र अन्तर्भावलाई दिवस-चक्र वा ऋतु-चक्रका परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तनका माध्यमबाटै जनाएको पाइन्छ । यस महाकाव्यको छैटौं सर्गमा पनि नायक कवि पात्रका विवाहका उद्दीपन विभावका रूपमा वसन्स ऋतुको, फागुरङ्गको चित्रण गरेको छ र नवौं सर्गमा पनि यौवनका सन्दर्भमा यमक आयोजनका साथ वसन्त-ऋतु चित्रित भएको पाइन्छ । प्रस्तुत महाकाव्यको दशौं सर्गमा चाहिं हिमाल, वन र नदी-तटको स्वभावोक्तिमूलक वर्णन भेटिन्छ । तेह्रौं सर्गमा यस महाकाव्यअन्तर्गत देश-प्रेमका सन्दर्भमा नेपालको हिमालय र नदी नाला लगायत राष्ट्रिय प्रकृतिको बहुमुखी चित्रण महाकाव्यकारद्वारा गरिएको छ । सोह्रौं सर्गमा ग्रामीण जीवनको परिप्रेक्ष्यमा शारदीय प्रकृतिको चित्रण पनि प्रस्तुत भएको देखिन्छ । अठारौं सर्गअन्तर्गत ग्रीष्म, वर्षा, शरद, हेमन्त, शिशिर आदि ऋतु परिवर्तनको र सन्ध्या, रात्रि र प्रभाती शोभाको चित्रणका साथै चराका क्रीडा र गुंजनको वर्णन पनि यस महाकाव्यमा पाइन्छ । उन्नाइसौं सर्गमा जीवनलाई विविध प्राकृतिक परिप्रेक्ष्यमा उत्प्रेक्षित गर्दै खास गरी मेघ प्रसङ्गको चित्रणसमेत प्रस्तुत भएको देखिन्छ । यस महाकाव्यको बीसौं सर्गमा खास गरी जुनेली रात र बिहानीपखको तथा वन र नदी प्रवाहको समेत चित्रण गरेको पाइन्छ । एक्काइसौं सर्गमा चाहिं खास गरी हिमालयको नै विस्तृत चित्रण गरेर दोभानको समेत वर्णन जीवन-दर्शनका सन्दर्भमा यस महाकाव्यले देखाएको छ । मोटामोटीमा यस महाकाव्यमा देखाइएका प्रकृति वर्णनका प्रमुख आयोजना-स्थलहरू यिनै हुन् । हुनत कवि पात्रका मनोभाव र सामाजिक परिवेशका अनुभावका उद्दीपन र संकेतका साथै तिनका वाहक बिम्ब-अलङ्कारका रूपमा पनि यस महाकाव्यको प्रत्येक सर्गमा प्रकृतिको घेरथोर प्रयोग भएकै छ तर डटेर प्रकृतिचित्रण गर्ने उपक्रममा 'दोभान' का महाकाव्यकारले विशेष प्रयास देखिने स्थलहरूचाहिं माथि चर्चा गरिएअनुसार सीमित नै रहेका छन् । 'दोभान' का कवि भरतराज पन्तको प्रकृति-चित्रण प्रायः वस्तुपरक तथा तन्मय देखापर्छ अनि त्यसलाई संस्कृत साहित्य र नेपाली कविहरूको पूर्व परंपराले पनि पर्याप्त अनुप्राणित गरेको अनुभव हुन्छ तापनि नव नव स्वभावोक्ति र उद्भावनाका साथै प्रकृतिका विविध पक्षलाई हेर्नेतर्फ पनि कविले प्रशस्त चाख लिएको पाइन्छ । अवश्यै स्वच्छन्दतावादी प्रकृति-मानव-तादात्म्यको तीव्रता कवि भरतराज पन्तका प्रकृति चेतनामा कमै रहेको छ तर कविमात्रका अन्तर्भाव र सामाजिक सन्दर्भलाई व्यञ्जित गर्न उद्दीपक वा संकेतककारका रूपमा भने उनले प्रकृतिलाई परिष्कारवादी काव्य-धाराका परिधिमा रही प्रचुर मात्रामा प्रयोग गरेका छन् ।

प्रस्तुत महाकाव्यमा कवि-पात्रको आत्म-गाथाका साथ जीवन-जगत्को जुन अन्त-र्वास पर्यवेक्षण भेटिन्छ त्यसमा जीवन-चिन्तनको उपक्रम पनि ठाउँ ठाउँमा भेटिन्छ र खास गरी अन्तिम (एक्काइसौं) सर्गमा त्यसतर्फ महाकाव्यकारले विशेष चासो राखेका छन् । उनी जीवनलाई सुख-दुःखको दोभान सम्झन्छन् । हिमाललाई परमेश्वर, दोभानलाई जीवन र जलधिलाई मोक्षका रूपमा उनले लिएका छन् । आफू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाल, सन्तान नदी-नाला र नदी-दोभानमा स्रष्टा पिता कवि विलाएको मृत्यु-चेत पनि झल्काएका छन् । उनी दोभानलाई धर्म, अर्थ, काम, मोक्षको समागम पनि ठान्दछन् । समाजलाई हृदयको मैलो धुने र लोक-कल्याण गर्ने सत्य, शिव, सौन्दर्यको उपासनाको संकल्प गर्ने अध्यात्म-प्रेरित सन्देश उनले दिन खोजेको बुझिन्छ । अवश्य नै व्यक्तिवादका विरुद्ध आर्थिक न्यायको, सामाजिक जडताका विरुद्ध नैतिक दृष्टिले पनि सचेत-संयमित सामाजिक जागरणको, बन्धन बद्धताका विरुद्ध स्वतन्त्रता-को र वैदेशिक पश्चिमीकृत आँधीका विरुद्ध राष्ट्रियताको ओतप्रोत स्वसंस्कृतिको वरण उनले गरेका छन् र उनका समाज-दर्शनमा प्रगतिवादी उत्प्रेरणा पनि छ तर आधार-भूत जीवन-दर्शनका सन्दर्भमा भने त्यो प्रगतिवादी चेत आर्य-संस्कृति र आध्यात्मिक चेतनाका परिधिभित्र नै रही सीमाबद्ध बनेको अनुभव हुन्छ ।

प्रस्तुत महाकाव्यको नामकरण 'दोभान' कविको जीवन-विम्वसँग पनि जोडिएको प्रतीत हुन्छ । यस महाकाव्यका उन्नाइसौं सर्गमा कवि भन्दछन् :—

"दोटा दृष्टि र द्वैतवाद अथवा दोभान हो जीवन
पानी वाफ जसो भने पनि हुने देखिन्छ यो जीवन"

अध्यात्म-चेत र प्रगतिवादी-चेतनका बीच समीकरण पर्याप्त कठिन हुनु स्वा-भाविक हो र अध्यात्मलाई सामाजिकीकृत गर्ने र सामाजिक सचेततालाई आध्यात्मिकी-कृत तुल्याउने प्रक्रिया कठिन हुन्छ । यस परिप्रेक्ष्यमा 'दोभान' का महाकाव्यकार सामाजिक सन्दर्भमा जति सुस्पष्ट छन् आध्यात्मिक सन्दर्भमा त्यति सुस्पष्ट नरहे जस्तो अनुभव हुन्छ ।'दोभान' महाकाव्यको आध्यात्मिक चेतना आफ्ना सन्दर्भमा ठीकै छ तर त्यो सामाजिक स्तरमा सुस्पष्टरूपमा समीकृत हुनचाहिं सकेको छैन जस्तो प्रतीत हुन्छ । यस प्रसङ्गमा 'तरुण तपसी' नव्यकाव्यको सम्झना आउँछ । कविताका साथै दर्शन-बिम्वमा पनि चिन्तनशील लेखनाथको 'तरुण तपसी' मा आध्यात्मिक चेतनाको परि-पक्व अभिव्यक्ति सामाजिकीकृत जस्तो देखिन्छ भने 'दोभान' मा दार्शनिक धरातल 'तरुण तपसी' मा जस्तो विशद हुन बाँकी नै छ जस्तो अनुभव हुन्छ । यति हुँदा हुँदै पनि 'दोभान' को नामसित सम्बन्धित सुख-दुःख पाप-धर्म, टाढा-नजीक, डर-सान्त्वना, तल-माथि, भित्र-बाहिर जस्ता द्वन्द्वात्मक तत्वको परिवेश नै जीवन हो भन्ने तथ्यचाहिं टङ्कारिएको पाइन्छ ।

वास्तवमा कवि भरतराज पन्तको कविता-यात्रालाई नियाल्दा उनी चिन्तनका रूपमा सामान्य र भावुक कविता-शिल्पीका रूपमा विशेष देखा पर्छन् । यस परि-प्रेक्ष्यमा जब 'दोभान' को चिन्तन पक्षलाई हेरिन्छ त्यहाँ जुन भावोद्वेलित जुन जीवन दृष्टि प्रकट भएको छ त्यो भाव सत्यकै कसीमा मार्मिक अनुभूत भई सार्थक पनि भन्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'दोभान' महाकाव्यको विषयवस्तुको परिणति हो भाव विधान । आत्म-गाथाका साथै जीवन-गाथाको जे जति अन्तर्वास पर्यवेक्षण यस महाकाव्यमा छ त्यसको अभीष्ट पनि भावपरिपाक नै रहेको छ । यस महाकाव्यको प्रथम सर्गमा कविको आत्म-कथा व्यथामय छ र करुणोन्मुख जस्तो प्रतीत हुन्छ । दोस्रो सर्गको पितृत्व प्रसङ्ग-मा करुणगर्भ वात्सत्यको भाव-सन्धि अनुभव हुन्छ । तेस्रो सर्गको शैशव प्रसङ्गमा चाहिं महाकाव्यको सन्दर्भले समेत करुण, वात्सल्य र भयानक रसको भाव चपलता पाइन्छ । चौथो सर्गको वलिदान-सन्दर्भचाहिं वीर र करुणरसको सह-अस्तित्व दर्शाउँछ । पाँचौं सर्गको वैधव्य प्रसङ्गमा करुण र भक्तिरसको सह-संचार पाइन्छ र खास गरी भक्तिरस चरम परिपाकमा पुगेको अनुभव हुन्छ । छैटौं सर्गको विवाह प्रसङ्गमा भने श्रृंगाररस झल्के पनि हास्यरसको सम्पुट देखिन्छ । सातौं अभिशाप सर्गमा चाहिं अल्प प्रस्फुटित रतिभावका साथै शोकस्थायीभावको प्रासङ्गिक माध्यमबाट करुणरस फुट्न थालेको छ र त्यो करुणरस आठौं सर्गको पितृ-शोकमा पुगेर भल-भलाएको पाइन्छ । नवौं यौवन सर्गमा श्रृंगारिक विभावको र वीररसका उद्रेकको प्रयास देखिन्छ । दशौं जागरण सर्गमा वीररसको छनक भए पनि भाव भावको प्रकी-र्णता नै ज्यादा पाइन्छ । वाह्रौं संस्मरण सर्गमा आत्मिक पवित्र-प्रणयको सन्दर्भमा श्रृङ्गारको भावोदय देखिन्छ । तेह्रौं संस्कृति सर्गमा देश-प्रेमको भाव प्रशस्त सल-वलाएको छ र अन्य विकीर्ण भावहरू पनि देखा पर्छन् । चौधौं सर्गमा वात्सत्य तप-तपाउनुका साथै करुणा रस पनि भलभलाउन खोजेजस्तो पनि देखिन्छ । पन्ध्रौं स्वतन्त्रता सर्गमा करुण सामाजिक सन्दर्भका साथै हास्यको पुटका साथ व्यंग्यात्मकता पनि देखा-पर्छ । सोह्रौं विडम्बना सर्गमा शान्त, हास्य भावका साथै अन्य विभिन्न मनोदशाहरूको विचरण हुन खोजेको देखिन्छ । सत्रौं विवशता सर्गमा हास्य व्यंग्यको पुट बढी देखिन्छ र शान्त पर्यवसित हुन खोजेको छ । अठारौं विक्षिप्त तपसी सर्गमा आन्तरिक दाह-दग्ध र विषादका पृष्ठभूमिमा करुण तथा शम भाव उदाएको तथा हास्य व्यंग्यका केही प्रसङ्गको मिसावट पनि पाइन्छ । उन्नाइसौं सर्गमा करुण तथा वीररसको उन्मुखताका साथै अन्य मनोभावहरूको उपस्थिति पनि जुटाइएको पाइन्छ । बीसौं सर्गमा शांत-प्रसङ्गबाट थालिई श्रृङ्गाराभास र करुणोन्मुख पनि हुन पुगेको देखिन्छ । अन्तिम एक्काइसौं सर्गमा शान्तरस नै प्रमुखरूपमा तरंगित भएको स्पष्ट छ । यसरी 'दोभान' महाकाव्यका विविध सर्गको भाव-जगत्को आलोकन गर्दा यसको कविको जीवन-गाथा-को प्रमुखता भएकोले त्यही भावको सेरोफेरो त्यहाँ प्रकट भएको छ तापनि सामाजिक पर्यवेक्षणमा वीररस र हास्यरसको विशेष उन्मुखता अनि आत्म-गाथाका क्रममा करुण र शांतरसकै विशेष उपस्थिति यस महाकाव्यमा प्राप्त हुन्छ अनि परिणतिमा चाहिं शान्तरसमै यो महाकाव्य टुङ्गिएको छ । जुन प्रकारको कठिन संघर्ष रापतापका बीचमा कविले जीवन-गाथा थाल्नुपर्‍यो त्यस विकट परिस्थितिमा त्यस कवि-तपसीले आध्यात्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा शान्तरसको परिणतिलाई अँगाल्नु स्वाभाविकै देखिन्छ। यस महाकाव्यको अङ्गीरस शांत नै ठहरिन्छ यसका खास अङ्ग रसचाहिं श्रृङ्गार, हास्य, वीर, करुण, वात्सल्य र भक्ति पनि भाव वा रसको प्राधान्य लिएर संचारित भएका देखिन्छन्। कवि भरतराज पन्तको वैयक्तिक जीवनका अन्तश्चारी भावहरूलाई छुँदै र निकै रसहरूलाई अङ्ग रसका रूपमा अँगाल्दै उनको यो आत्म-गाथा केन्द्री 'दोभान' महाकाव्य शान्तरसलाई अङ्गीरसका रूपमा स्वीकार्न पुगेको छ र उनको प्रबन्ध कवित्वको रसमय प्राप्ति प्रभावकारी रहेको अनुभव हुन्छ।

कवि भरतराज पन्तको आत्मगाथाका साथै अन्तर्बाह्य पर्यवेक्षणले जुन भावात्मक परिणति खडा गरेको छ त्यसलाई कवितात्मक रूप दिनमा 'दोभान' महाकाव्यको लय-विधानले केन्द्रीय भूमिका खेलेको छ। लय-विधानकै नियमित, अनुशासित, व्यवस्थित वा सुनियोजित पद्धति छन्दविधान हो र 'दोभान' का महाकाव्यकारले परम्परागत वर्णमात्रिक वृत्तहरूकै उपभोग गरी आफ्ना भावलाई छन्दोबद्धरूप प्रदान गरेका छन्। नेपाली कविताको विकास-प्रक्रियामा २००७ सालदेखि गद्यकवितामा जोड र पद्यकविताप्रति प्रायः उदासीनता घेरैजसो कविहरूले देखाएको पनि यस प्रतिकूल परिस्थितिमा समेत पद्य वा छन्दोबद्ध कविताप्रति विशेष अनुराग राख्ने समर्थ युवा कविका रूपमा कवि भरतराज संघर्षशील रहेका हुन्। उत्कृष्ट पद्यबद्ध कवितासंग्रह 'जूनकीरी' (२०२३) का कविले आफ्नो 'दोभान' महाकाव्यमा पनि छन्दलाई नै आफ्नु भाव सङ्गीत-चेतनाको वाहक तुल्याउनु स्वाभाविक प्रतीत हुन्छ। नेपाली पद्य परम्परामा लोकपद्य भानुभक्त, लेखनाथ र माधव घिमिरेको महान श्रृंखलापछि २००७ साल यता देखा परेका थोरै छन्दवादी कविहरूका पंक्तिमा कवि भरतराज पन्तको स्थान उच्च रहेको छ भने यो 'दोभान' महाकाव्य त्यही उच्च छन्दोबद्धकारिताको बृहत्‌रूप हुन आएको छ। परिष्कारवादी काव्य-धाराका अनुयायी कवि भरतराज पन्तका कविताका निम्ति छन्द बाधक नभई साधक तत्व बनेको कुरा कविताको वृहत् रूप महाकाव्यमा उनले प्राप्त गरेको द्वन्दसिद्धिवाट प्रमाणित हुन्छ। परिष्कारवादी काव्य-धारा भाव-सङ्गीतका अनियमित र उन्मुक्त स्वेच्छाचारितामा भन्दा भाव-सङ्गीतका संयमित र परिमार्जित छटामा विश्वस्त हुने हुनाले यस आत्म-अनुशासित काव्य-पद्धतिका क्रममा वर्ण र मात्राको उच्चतर अनुशीलनमा आधारित छन्दतत्व कवि भरतराजका निमित्त प्रतिकूल नभई अनुकूल भाव-सङ्गीत-वाहक माध्यम सिद्ध भएको अनुभव हुन्छ। २००७ साल यताको लगभग तीन दशक लामो छन्दसाधनाको फलस्वरूप छन्द-विधानको उच्च कुशलता 'दोभान' महाकाव्यमा प्रकट भएको बुझिन्छ र यसका २१ सर्गमा अलग-अलग २१ छन्दमा मालिनी छन्दको समेत प्रयोग गरिएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'दोभान' महाकाव्यका एक्काईस सर्गहरूमा क्रमशः इन्दिरा, स्वागता, शालिनी, रथोद्धता, वंशस्थ, उपजाति, भुजंगप्रयात, वियोगिनी, द्रुतविलम्बित, तोटक, स्रग्विणी, पुष्पिताग्रा, प्रदर्पिणी, वसन्ततिलका पंचचामर, अनुष्टुप, मन्दाक्रान्ता, शिखरिणी, शार्दूलविक्रीडित, गीतिका र स्रग्धरा छन्दहरू प्रयुक्त छन्। प्रत्येक सर्गान्तचाहिं मालिनी छन्दबाट गरिएको पाइन्छ। यी विविध २२ वर्णमात्रिक छन्दहरूमाथिको असाधारण सहज अधिकार वा छन्दसिद्धि यस महाकाव्यको उल्लेखनीय वैशिष्ट्य हो। विविधता, सहज-प्रवाह र असामान्य सिद्धिका सन्दर्भमा कवि भरतराज पन्तको 'दोभान' महाकाव्यको छन्दविधान नेपाली पद्य परंपराका भानुभक्त, मोतीराम, लेखनाथ, शंभुप्रसाद, लक्ष्मीप्रसाद, माधव घिमिरे जस्ता महान कविहरूकै परंपरामा एक अर्को थप उपलब्धि सिद्ध हुन आएको छ र खास गरी कवि भरतराजले आफ्ना कवि-गुरु लेखनाथ पौड्यालका पद-चिह्नको सफल अनुसरणको विशेष क्षमता यहाँ देखाएका छन्।

'दोभान' महाकाव्यमा प्रयोग गरिएका २१+१=२२ छन्दमध्ये २० छन्दहरू समवृत्त (चारै पाउमा समान वर्ण मात्रा भएका) छन् भने वियोगिनी र पुष्पिताग्रा दुइ छन्दचाहिं विषम वृत्त (पहिलो र तेस्रो, दोस्रो र चौथो संवादी भए पनि पहिलो र दोस्रो, तेस्रो र चौथो पंक्ति विसंवादी) छन्। यस महाकाव्यको सर्ग-योजना पनि प्रायः थोरै वर्ण भएका छन्दहरूबाट घेरै हुने छन्दहरूतर्फ क्रमिक रूपमा विकसित हुने पद्धतिअन्तर्गत मिलाइएको पाइन्छ र त्यसको लयात्मक प्रभाव पनि महाकाव्यको क्रमिक पाठ गर्दा झन्-झन् सघन रूपमा पर्दछ। यो छन्द-योजना कवि भरतराज पन्तको विशिष्ट लयात्मक सूझ-बुझको व्यंजक हुन गएको छ। प्रस्तुत महाकाव्यमा ११ अक्षरे इन्दिरा, स्वागता, शालिनी, रथोद्धता र उपजाति ५ छन्द, १० र ११ अक्षरे एक विषम वृत्त वियोगिनी छन्द, १२ अक्षरे वंशस्थ र भुजङ्गप्रयात, द्रुतविलम्बित, तोटक र स्रग्विणी, १२-१३ अक्षरे पुष्पिताग्रा विषम वृत्त एक, १४ अक्षरे एक वसन्ततिलका, १५ अक्षरे एक मालिनी, १६ अक्षरे एक पंचचामर दुई पाउको द्विगुणिताले गर्दा ८×२ =१६ अक्षरे गराइएको (सामान्यतः आठ अक्षरे) एक अनुष्टुप् छन्द, १७ अक्षरे मन्दाक्रान्ता र शिखरिणी दुई, १९ अक्षरे एक शार्दूलविक्रीडित, २० अक्षरे एक गीतिका छन्द र २१ अक्षरे एक स्रग्धरा छन्दको प्रयोग गरिएको पाइन्छ। अलि-अलि व्यत्यय भए पनि प्रायः कम अक्षरे छन्दबाट बढी अक्षरे छन्दतर्फको क्रमिक सर्ग यात्रामा महाकाव्यको पूर्वार्द्धमा प्रायः ११, १२ अक्षरे र उत्तरार्धमा प्रायः बढी अक्षरे छन्द हुँदै २१ अक्षरे स्रग्धरा छन्दमा पुगी विश्रान्त हुने यो महाकाव्य छन्द-विधान सन्दर्भमा पनि विशेष प्रभावकारी छ।

यस महाकाव्यमा छन्द-विधानमा लघु-गुरु वर्णयात्राको अनुपूर्वीको चालनका अतिरिक्त छन्दगत यति तथा उपयतिको परिपालन पनि प्रभावकारी देखिन्छ। अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै-कतँ मध्यान्तानुप्रासको सहज आयोजना पनि पाइन्छ । वास्तवमा अनुप्रासीयताको सूक्ष्म-चेतले छन्दगत लघु गुरु वर्ण मात्राको अनुपूर्वीलाई ठाउँ-ठाउँमा स्पर्श गर्दा 'दोभान' महाकाव्यको लय-विधान आकर्षक तथा रमणीय देखिन्छ ।

नेपाली पद्यपरंपरामा भानुभक्त, शंभुप्रसाद र देवकोटाको छन्दगत प्राप्ति सहज प्रवाहमा झल्कन्छ भने छन्दको निर्मिति सौष्ठवका दृष्टिले चाहिं लेखनाथ सर्वोपरि हुन् अनि सहज प्रवाह र निर्मिति सौष्ठवको साँधमा कलकलाउने पद्यकवि माधव घिमिरे हुन् भने 'दोभान' को छन्दशिल्पले लेखनाथकै पदपंक्ति अनुसरण गर्न सफल भएको पाइन्छ । सम्पूर्ण नेपाली वार्णिक पद्यपरंपरामा लेखनाथ, माधव घिमिरेपछिको समग्र शृंखलामा विविधता र सिद्धिका दृष्टिले पनि 'दोभान' का महाकवि भरतराज पन्त छन्दका सर्वोपरि कवि सिद्ध हुन आएका छन् । निश्चय नै 'दोभान' को छन्द-विधानले लेखनाथ र घिमिरेका उत्तरवर्ती पद्यकविहरूका माझमा छन्दका सर्वाधिक सक्षम प्रयोजकका रूपमा कवि भरतराज पन्तलाई नै स्थापित गर्न सकिने कुरा स्पष्ट छ ।

'दोभान' का महाकाव्यकारको विषय-वस्तुगत भाव र अनुशासित लय-चेतनाको वहन गर्ने पद-योजना के कस्तो छ ? निश्चय नै छन्द र अन्त्यानुप्रासको अनुशासनले कवि भरतराज पन्तको पदावलिलाई पर्याप्त नियन्त्रित गरेको छ र भावका उपस्थित सन्दर्भबाट उनको पदयोजना समक्ष उपस्थित वैकल्पिक छनोटको परिधिलाई उपयुक्त अनुशासनले पर्याप्त सीमित तुल्याएको पनि छ । त्यस्तै भावाभिव्यक्तिको जटिलभन्दा सरल पद्धतिलाई रुचाउने कविका रूपमा पनि महाकाव्यकार भरतराज पन्तको पद-योजनाअन्तर्गत पद-छनोटको वैयक्तिक सम्भाव्यताको घेरा अपेक्षाकृत सीमाबद्ध हुनु स्वाभाविक हो । तर यी विविध सीमाका बीच पनि "दोभान" का कविले प्राप्त वैकल्पिक पद-छनोटका संभाव्यताको प्रशस्त सदुपयोग गरेका छन् । यस महाकाव्यमा अनेकौं सर्गका ठाउँ ठाउँमा पंक्ति पंक्तिमा अनुप्रास-चेत झल्किइरहन्छ, वेलाबखत श्लेष-योजना पनि सलबलाइरहन्छ । यस महाकाव्यका नवौं सर्गमा चाहिं डटेर नै कविद्वारा यमक-चमत्कृति प्रस्तुत गरिएको छ । अवश्य नै सरल भावाभि-व्यक्तिमा विशेष जोड दिइएकोले तथा छन्द र अन्त्यानुप्रासका सुदृढ अनुशासनका कारणले समेत सुकुमार सुकोमल एवं मोहक पद-योजनाको जादूगरीको बाटो समात्नेतर्फ "दोभान" का महाकाव्यकारका आफ्नै कठिनाइहरू नभएका होइनन् तैपनि "उचित शब्दका ती जडानमा" कवि भरतराज पन्तको दक्षताको प्रमाणचाहिं पर्याप्त मात्रामा यस महाकाव्यले दिएकै छ । विशाल संस्कृत साहित्य परंपराको अवगाहनको तथा आत्म-संयमित एवं परिमार्जन-प्रिय परिष्कारवादी काव्य-धाराका आराधनाको फलस्वरूप कवि भरतराज पन्तलाई प्राप्त पद-दक्षताको प्रदर्शिनी यस महाकाव्यको घेरैजसो सर्गमा देख्न पाइन्छ । निश्चय नै छन्द र अन्त्यानुप्रासका चापले नडोऱ्याएसम्म विशिष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत-भाषाका शब्दावलितर्फ ज्यादा उन्मुख भएका छैनन्। शहरिया शिष्ट संस्कार का अवचैत कारकले गर्दा ज्यादा झरिएका पनि छैनन्। त्यसैले उनको पद-योजनामा प्रायः साहित्य प्रचलित तत्सम तद्भव शब्दहरूकै व्यापक भूमिका देखिन्छ। कवि भरत-राज पन्तले श्रुति रमणीयताको जादूगरी मोहनीलाई उचित सीमासम्म प्रश्रय दिएका छन् र सरल भावाभिव्यक्तितर्फ नै उनी बढी मात्रामा झुकेका छन्। प्रचलित नेपाली व्याकरणकै सामान्य परिधिभित्र रहेर प्रायः "दोभान" महाकाव्यको पद-योजना गरि-एको छ र पूर्ववर्ती व्याकरणबाट नेपाली कवि परंपराले पद-रचनामा लिने गरेका क्रममा वर्णविन्यासका छुट परिधिभन्दा पर प्रायः उनको छन्दोबद्ध पद-योजना पर गएको छैन। निचोडमा के भन्न सकिन्छ भने "दोभान" महाकाव्यको पद-योजनाले नेपाली परिष्कारत्रादी काव्य-धाराका विख्यात कवि लेखनाथको पद-योजना र शैलीको अनु-सरण सफल छ र अनुप्रासीयताको मोहक अन्तर्धाराले सिञ्चित लेखनाथीय शैलीको अत्युच्च श्रुति रमणीयताको आस्वाद र सञ्चार आंशिक रूपमा भए पनि प्राप्त गर्न सकेको छ तापनि अर्का परिष्कारवादी शिल्पी कवि सोमनाथ सिग्देलको पद-शैलीलाई भने पर्याप्त मात्रामा चुनौती दिएको पनि छ। "दोभान" महाकाव्यले परिष्कारवादी धाराका घेरैजसो प्रमुख कविहरूले अँगालेको जस्तै पूर्वीय काव्य पद्धतिकै नवीन अनुसरण गर्ने क्रममा अर्थालंकार प्रयोगमा पनि प्रशस्त दक्षता देखाएको छ। यस महाकाव्यमा यत्रतत्र सर्वत्र नै अस्फुटालंकारको मिठास पाइन्छ भने ठाउँ ठाउँमा चाहिं अर्थालंकार वा बिम्बको विधान उत्कर्षशील देखिन्छ। "दोभान" को प्रथम सर्गमा महाकाव्यकारले गरेको निम्नलिखित दावी सार्थक पनि देखिन्छ—

मधुर छन्दका सूक्ष्म तानमा
उचित शब्दका ती जडानमा

चहकिलो अलंकारले बनी
गजब हुन्छ रे काव्यको ध्वनि

प्रस्तुत महाकाव्यमा समासोक्ति र रूपक अलंकार बीच बीचमा आइरहेको पाइन्छ भने उपमा, उत्प्रेक्षा र दृष्टान्त अलंकार पनि वेला बखतमा झुल्कन्छन् अनि यदा कदा अन्य अर्थालंकारको प्रयोग पनि फेला परिरहन्छ। प्रकृति-चित्रणका प्रसङ्गमा ठाउँ ठाउँमा स्वभावोक्ति अलंकारको प्रयोग सुहाउँदो ढंगमा भएको देखिन्छ। प्रस्तुत महाकाव्यमा पाइने अलंकार-प्रयोग नेपाली परिष्कारवादी काव्यधाराकै परिपाटीमा प्रकट भएको छ। अवश्य नै कुलचन्द्र गौतम र सोमनाथ सिग्देल जस्ता कवि शिल्पीहरू झैं "दोभान" का काव्यकार अलंकार चमत्कारनिम्ति हुरुक्क मरिमेट्ने कवि होइनन्। अलंकारको भावलाई प्राथमिकता दिने र भावलाई प्रोज्वल तथा प्रभावकारी तुल्याउन अलंकारको उपयोग गर्ने मध्यमार्गी परिष्कारवादी कवि लेखनाथकै डोरेटोमा कवि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरतराज पन्तको "दोभान" महाकाव्यको यात्रा चलेको छ। परंपराप्राप्त बिम्ब अलंकारको नवीकरणका साथै नव नव बिम्ब अलंकारको समेत उल्लेख यस महाकाव्यले देखाएको छ। अलंकारहरूका माध्यमबाट चित्रचमत्कारी सौन्दर्यातिशयको सिद्धिका दृष्टिले चाहिं "दोभान" महाकाव्य सिद्धावस्था र साधनावस्थाको दोसांधमा देखा परेको प्रतीत हुन्छ।

"दोभान" महाकाव्यमा पाइने कवितात्मक भाव र त्यसको प्रस्तुतिका सन्दर्भमा महाकाव्यात्मक संरचनाका सम्बन्धमा टिप्पणी दिनु पनि उपयुक्त देखिन आउँछ। भूमिका मात्र दिई भावनाको आख्यानीकरणलाई सीमित न्यूनतम परिष्कारवादी आत्मसंयमित भावविन्यास प्रविधिकै विशेष सहायताबाट यसको महाकाव्यात्मक संरचना अघि बढेको छ तापनि त्यही न्यूनतम आख्यानीकरणद्वारा जुन सर्गबन्ध वा प्रबन्ध-विधान यस "दोभान" महाकाव्यमा गरिएको छ त्यसको विश्लेषण वाञ्छनीय अनुभव हुन्छ।

आख्यानीकरणअन्तर्गत यस "दोभान" महाकाव्यको प्रथम सर्गमै कवि भरतराज पन्त तृतीय-पुरुष आख्यान कथयिताका रूपमा देखा पर्छन् र एक कवि पात्रलाई नायक तुल्याई आत्म-गाथालाई अन्य पुरुषको वस्तुत्व दिने उपक्रम उनले अँगालेका छन्। यस सर्गमा ती कवि पात्रलाई वर्तमानमा उभ्याई तिनको अतीतावलोकन पनि गरिएको छ र उनलाई काव्य-रचनामा संलग्न देखाइएको छ। यस परिप्रेक्ष्यमा निम्नलिखित पंक्ति उद्धरणीय देखिन्छन्—

"कवि सिवाय को हुन्छ नायक"
+ + +
"कवि थिए कुनै लेख्न बस्तथे
"कति समाजको भित्र पस्तथे"
+ + +
कवि र काव्यको एकता भयो
जति थियो सबै त्यो कथा भयो"

प्रस्तुत महाकाव्यको दोस्रो सर्गमा चाहिं उक्त काव्य-सूचनाअन्तर्गत पिता प्रथम पुरुष कथयिताका रूपमा संस्मरण र पूर्वावलोकनका मुद्रामा आत्मालापका भाका 'बोलिरहेका छन् र यसबाट कवि-पात्रको वंश-संस्कृति र बारेमा प्रकाश पारेको पाइन्छ। मूल तृतीय पुरुष कथयिताका रूपमा महाकाव्यकारद्वारा कवि-पात्र र उनको काव्य-सृजनाको वर्णन गरिएको आख्यान-कथनको जुन प्रविधि प्रथम सर्गमा बसालिएको थियो त्यसै सिलसिलामा उक्त काव्य-सृजनाअन्तर्गत कविका पिताको यो आत्मालाप प्रस्तुत गरिएको छ। यस आत्मालापअन्तर्गत कवि-पात्रको प्रतिबन्ध तथा प्रारम्भिक शिक्षा दीक्षाको साथै बाबु छोरीका बीच सम्वादको र कवि-पात्रको किशोरकालीन विवाहको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समेत चर्चा पाइन्छ । सर्गका अन्त्यमा चाहिं ती कवि-पात्रको काव्य-लेखन क्रम चालू रहेको र त्यसै अन्तर्गत उपर्युक्त आत्मालाप लेखिएको उल्लेख कवि-पिताद्वारा व्यक्त गरिएको छ । यस महाकाव्यको तेस्रो सर्गमा काव्यलेखनकै क्रममा कवि पात्रको पूर्व संस्मरणको प्रविधि प्रयोग गरी प्रथम पुरुषको कथनका रूपमा उनको बाल्यकालको साथै १९९० सालको भूकम्पकालीन स्थितिको चित्रण गरिएको छ । यस सर्गका अन्त्यमा पनि मूल कथयिताद्वारा कवि-पात्रको लेखनकालीन मनोदशातर्फ संकेत गरिएको छ ।

महाकाव्यको चारौं सर्गमा चाहिं कवि-पात्रको काव्य-लेखन प्रक्रियाकै क्रममा समाज पर्यवेक्षणको रूपमा अतीत संस्मरणको सिलसिलाद्वारा शहीद-काण्डको वर्णन तृतीय पुरुष कथनका रूपमा विस्तृत गरिएको छ ।

पाँचौं सर्गमा उक्त काव्य-लेखन-प्रक्रियाकै रूपमा कवि-पात्रको आत्म संस्मरण प्रथम पुरुष कथनका रूपमा प्रकट भएको छ र उनकी दिदी मध्यम पुरुषका रूपमा संबोधित छन् अनि ती दिदीका प्रथम पुरुष कथाअन्तर्गत परमेश्वर मध्यम पुरुषका रूपमा संबोधित छन् । सर्गका अन्त्यमा चाहिं पुनः मूल तृतीय पुरुष कथयिताले कविता लेखनकालीन मनोदशाकै चर्चा गरेको पाइन्छ ।

छैटौं सर्गमा चाहिं काव्य-लेखनतर्फ प्रवृत्त कवि-पात्रकै विवाहको अतीत संस्मरणको प्रक्रिया तृतीय पुरुष कथनका रूपमा चलेको छ । यस क्रममा विवाहमा उपस्थित इष्टमित्रले कवि-पात्रलाई मध्यम पुरुष सामान्य सम्बोधन गरेको तथा नारीवर्गका हास परिहासको क्रममा प्रथम पुरुष कथनको उपयोग पनि पाइन्छ ।

सातौं सर्गमा पनि काव्य-लेखनकै क्रममा कवि-पात्रको विवाहोपरान्त पिताको देहान्तताकको वातावरणको अतीत संस्मरण चालू छ र त्यहाँ प्रथम पुरुष कथन देखिएकै रूपमा भए पनि देखा पर्छ । त्यस्तै आठौं सर्गमा पनि मूल तृतीय पुरुष कथयिता (काव्यकार) को तृतीय पुरुष वर्णनकै क्रममा प्रथम पुरुष कथनका रूपमा कवि-पात्रको पितृ-शोक विश्लेषित छ । यो शोक-आलाप पनि कवि पात्र काव्य-लेखनको प्रक्रियासँगै जोडिएको छ र सर्गका अन्त्यमा मूल कथयिताले कवि-पात्रका विषयमा टिप्पणी गरेकै पाइन्छ ।

महाकाव्यको नवौं सर्गमा काव्य-लेखनकै क्रममा संलग्न कवि-पात्रको अतीतावलोकन र आत्म-गाथा तृतीय पुरुष कथनका रूपमा मूल कथयिताद्वारा प्रस्तुत गरिएको छ । यही कथन प्रकिया दशौं र एघारौं सर्गमा पनि चालू रहेको पाइन्छ । बाह्रौं सर्गमा चाहिं तृतीय पुरुष कथनकै क्रममा कवि-पोत्रको अतीत संस्मरण प्रथम पुरुष कथनका रूपमा टुप्लुक्किएको पाइन्छ । त्यहाँ कुनै मायालु बहिनो 'तिनी' का रूपमा उपस्थित छन् र ती बहिनी पनि प्रथम पुरुष कथनअन्तर्गत कवि-पात्रलाई मध्यम पुरुष कथनका रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संबोधित गर्दछिन् । तेह्रौं सर्गमा चाहिं तृतीय पुरुष कथन प्रविधि नै निर्वाहित देखिन्छ । चौधौं सर्गमा भने कवि-पात्र प्रथम पुरुष कथनकै रूपमा अतीत संस्मरण गर्दै आत्मालापका मुद्रामा प्रकट भएकै छ । यही प्रक्रिया पन्ध्रौं सर्गमा पनि देखापर्छ ।

सोह्रौं सर्गमा मूल कथयिताद्वारा कवि-यात्राको वर्णन तृतीय पुरुष कथनका रूपमा प्रस्तुत गरिएको छ, सत्रौं सर्गमा मूल कथयिताकै तृतीय पुरुष कथनका क्रममा कवि-यात्राको काव्य-लेखनअन्तर्गत प्रथम पुरुष कथनसमेत फेला पर्छ र कवि-यात्रा काव्य-धारणाका सन्दर्भमा वस्तुवादीहरूबाट मध्यम पुरुषका रूपमा समेत संबोधित छन् । अठारौं सर्गमा चाहिं मूल कथयिताद्वारा कवियात्राको मनोदशा र कविता धारणाका साथै युगीन परिवेशको वर्णन तृतीय पुरुष कथनका रूपमा प्रस्तुत भएको पाइन्छ । उन्नाइसौं सर्गमा चाहिं मूल कथयिताकै तृतीय पुरुष कथनअन्तर्गत कवि-पात्रका कविता लेखनका वर्णनका क्रममा मेघलाई मध्यम पुरुष कथनका रूपमा चित्रित गरी कुनै अतिरिक्त कवि-पात्रको कथा पनि भनिएको छ—

'यौटा सत्य कथा छ एक कविजी बस्थे यही देशमा'

वस्तुतः उक्त अतिरिक्त कवि-पात्र स्वयं कवि पात्रकै प्रतिमूर्ति हुन् । यी अतिरिक्त कवि-पात्रको आत्मकथा सन्ततिको चर्चासमेत प्रथम पुरुष कथनका रूपमा भनिएको छ । उनी समाजका शोषण र विसङ्गतिदेखि वाक्किएर कविता पन्छाई बाहिर निस्कँदा सडकमा साँढेको उन्मुक्त छटा देख्छन् र त्यसले उनको मनमा उठेका सारा विद्रोही भावना पनि साँढेकै प्रथम पुरुष कथनका रूपमा यसमा प्रस्तुत पनि छन् ।

महाकाव्यको बीसौं सर्ग-कवि-पात्रकै प्रथम पुरुष कथनअन्तर्गत थालिए पनि सर्ग मध्यतिर उन्नाइसौं सर्गको अतिरिक्त कविको कथा महाकाव्यका खास कवि-पात्रले लेख्न लागेको कुरा मूल कथयिताद्वारा जनाइएको छ । उक्त कथाअन्तर्गत ती अतिरिक्त कवि-पात्रले 'स्वतन्त्रता' नामधारिणी युवतीलाई भेटेको अनि ती युवतीले आफ्नो अभिशप्त जीवनको व्यथा बताएको अनि कविले उनलाई सान्त्वना दिएको प्रसङ्ग सम्वादात्मक रूपमा पनि नाटकीय रेखा देखाई प्रस्तुत गरेको पाइन्छ । तर यस प्रसङ्गका अन्त्यमा भने ती अतिरिक्त कवि र ती व्यभिचारिणी बन्न बाध्य भएकी 'स्वतन्त्रता' युवतीको प्रसङ्ग महाकाव्यका मूल पात्रस्वरूप कवि-पात्रको स्वप्नदृश्यको रूपमा साबीत गराइएको छ ।

महाकाव्यको एक्काइसौं अन्तिम सर्गमा मूल कथयिता (महाकाव्यकार) ले कवि-पात्रद्वारा आत्मगाथाका रूपमा रचित काव्यको तेरीज कसे झैं गरी प्रथमतः प्रस्तुत महाकाव्यका पूर्व सर्गहरूको संक्षिप्त आकलन तृतीय पुरुष कथनका रूपमा देखाएका छन् । यसै परिप्रेक्ष्यमा मूल कथयिताले कवि-पात्रको दृष्टि हिमालयमा केन्द्रित भएको र उनको बाधा वैषम्यको शमन हुन लांगी चित्त आध्यात्मिक मनतिर एकाग्र भएको वर्णन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत गरेका छन् र त्यसै क्रममा कवि-पात्रको प्रथम पुरुष कथनका रूपमा आफ्ना सन्ततिलाई सत्सङ्ग, तप र लोक कल्याणको सन्देश दिएको चर्चा पनि यस सर्गमा उल्लिखित छ । सर्गान्तिका श्लोकहरूमा चाहिं मूल कथयिताले कवि-पात्रका बारेमा दोभानका सन्दर्भमा अन्तिम टिप्पणी गरेका छन् ।

'दोभान' महाकाव्यको विभिन्न सर्गका आख्यान-कथनको उपर्युक्त विभिन्न प्रविधिगत प्रयोग र त्यसबाट प्राप्ति संरचना बारे के निचोड निकाल्न सकिन्छ ? महाकाव्यकारले मूल कथयिता तृतीय पुरुषका रूपमा उभिई कवि-पात्रको आत्म-संस्मरण तथा अतीतावलोकनलाई पनि माध्यम तुल्याई मूलतः यस महाकाव्यको कथन गरेका छन् र ती कवि-पात्रको आत्म-गाथासँगै उनिई उनको जीवन-जगत्सम्बन्धी अन्तर्वास पर्यवेक्षण पनि यस महाकाव्यमा सोहोरिएको छ । यस परिप्रेक्ष्यमा 'दोभान' का महाकवि भरतराज पन्तको द्वैध भूमिका यस महाकाव्यको आख्यानात्मक संरचनामा देखा पर्छ । उनकै दृष्टिबिन्दुबाट तृतीय पुरुष कथनका रूपमा यो महाकाव्य कथित तथा संरचित छ अनि उनी स्वयं नै यस महाकाव्यका कथ्य विषयवस्तु वा आख्यान पनि हुन् । अवश्य संरचनाका स्तरमा यी दुईका बीच दूरीको अनुभव प्रदान गर्न खोजिएको छ तर प्रस्तुत विषयवस्तु कविको आत्म-गाथासँग सम्बन्धित छ भन्ने बोध लिए वा नलिए पनि संरचनाकै स्तरमा त्यो खजमजिएको अनुभव हुन्छ । कुनै काव्यको लेखनमा तल्लीन कवि-पात्रको आत्मसंस्मरण र अतीतावलोकन वा पूर्वावलोकनको प्रविधिको उपयोग यस महाकाव्यको संरचनागत सुझबुझ ठहर्दछ । प्रायः यसका प्रत्येक सर्गमा आदिमा र अन्त्यमा अनि कहीं-कहीं माझ-माझमा पनि काव्य सृजनारत ती कवि-पात्रबारे मूल कथयिता (महाकाव्यकार) ले टिप्पणी गरिरहेको पाइन्छ र यसको सकारात्मक प्रभाव महाकाव्य-संरचनामा परेको पनि छ । परन्तु यहाँनेर अर्को विचारणीय पक्ष उपस्थित हुन्छ । आख्यान-कथनका उपर्युक्त दुइ तहका कथयिता (महाकाव्यकार र कवि-पात्र) को र ती दुई उपस्थितिले दृष्टिबिन्दुका यस महाकाव्यलाई विहङ्गावलोकित तृतीय पुरुष कथनको संरचनात्मक नियति दिएको छ र सामान्यतः प्रथम कथन वा अघि सम्वादात्मक सूक्ष्मावलोकन वा नाटकीकरणका संभाव्यतालाई पर्याप्त मात्रामा कुण्ठित पनि तुल्याएको छ । तर महाकाव्यकारले कवि-पात्रलाई प्रथम पुरुष (म) का रूपमा उभ्याई उनका प्रत्यक्ष दृष्टिबिन्दुबाट पनि केही सर्गमा आख्यान कथन गर्ने उत्सुकता देखाएका छन् । यस्ता ठाउँमा मूल कथयिता पन्छिई कवि-पात्रलाई आत्मालाप गर्न स्वतन्त्र छोडेको पनि बीचबीचमा वा सर्गान्तमा कथयिताको सूक्ष्म हस्तक्षेप गरी स्थिति नियन्त्रण गरिएको पाइन्छ । तर (म) पात्रका अतिरिक्त अन्य पात्रको पनि प्रथम पुरुष कथन वा आत्मालाप प्रस्तुत भएका ठाउँमा र कवि-पात्र र अन्य पात्रको बीचको संवादबाट सूक्ष्मावलोकित नाटकीकरण गर्न खोजिएका ठाउँमा चाहिं कवि-पात्रको काव्य-रचनाको क्रमको प्रविधि अंशतः सहायक भए पनि अंशतः बाधक हुन पुगेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही कवि-पात्रको आत्म-कथनको परिप्रेक्ष्य नभएको भए मूल कथयिता वा महाकाव्यकार महाकाव्यको अपेक्षाअनुसार आफ्नै दृष्टि-विन्दुबाट तृतीय पुरुष-कथनका रूपमा आख्यान-कथन गर्न पात्र-विशेषलाई आत्म-कथनको अवसर दिन वा पात्रहरूका बीचमा सम्वादका माध्यमबाट आख्यानलाई नाटकीकृत गर्न पनि पर्याप्त स्वतन्त्र हुन्थ्यो तर उसलाई कवि-पात्रको दृष्टि-विन्दुका माध्यमबाट आख्यान-कथन गर्नुपर्ने चाप पनि प्रदान गरिएबाट उसको भूमिका पर्याप्त नियन्त्रित भएको छ। अब उनी (मूल कथयिता) ले कवि-पात्रका दृष्टि-विन्दुमार्फत आख्यान-सूत्रको नियन्त्रण गर्नुपर्ने हुन आएको अनुभव हुन्छ। अवश्यै कवि-पात्रको दृष्टि-विन्दुको माध्यम भन्नु उसले थालिरहेको आत्म-संस्मरण वा पूर्वावलोकनमा आधारित काव्य-रचनाको प्रक्रिया-अन्तर्गत जे जस्तो पनि गर्न सकिने सर्वज्ञताको अवसर महाकाव्यको संरचनालाई उपलब्ध भएको छ। तर त्यसैले गर्दा कवि-पात्रको आत्मालापसम्म विश्वसनीय भए पनि अन्य पात्रका बीचमा संवाद वा आत्मालाप कवि-पात्र र अन्य-पात्रका बीच संवाद पनि कवि-पात्रले उक्त काव्य-रचनाअन्तर्गत आफ्ना आत्म-संस्मरणका प्रक्रियाबाट उत्प्रेरि त भई संझेको भन्ने प्रतीतिअन्तर्गत पर्नुपर्ने हुँदा कम कम प्रभावकारी हुन सक्ने स्थिति पनि सिर्जिएको जस्तो प्रतीत हुन्छ। त्यस्तै कवि-पात्रका काव्य-रचनाका प्रक्रियाअन्तर्गत अतिरिक्त कवि-पात्र खडा गरी उसको कथा भन्दा र आत्मकथा समेत प्रस्तुत गर्दा तेहरो दृष्टिविन्दु खडा भई आख्यान-कथनमा प्रथमतः जटिलता आएको छ तापनि स्वप्न-प्रविधिअन्तर्गत त्यस अतिरिक्त कवि-गाथालाई मूल कवि-कथामा नै अन्त्यमा गाभिएबाट कथा-कौतुककै परिपोषण भएको मान्नुपर्छ। जे होस्, आख्यान-कथनका स्तरमा 'दोभान' महाकाव्यको संरचनामा प्रविधिगत कतिपय वैशिष्ट्यका साथै कतिपय सीमा र दुर्बलता स्वीकार्नुपरे पनि यसका ती सीमा र दुर्बलताको क्षतिपूर्ति पनि प्रकारान्तरबाट प्रस्तुत भएको पाइन्छ। यो श्रेयचाहिं यस महाकाव्यको परिष्कारवादी काव्य-पद्धतिलाई दिन सकिन्छ। यस महाकाव्यमा आत्म-गाथा वा आख्यानको भूमिका न्यूनतम रही कवित्वकै अधिक भूमिका रहेकोले र परिष्कारवादी काव्य-धाराअन्तर्गत संयमित र सुगठित कवित्वको प्रचुर उपस्थितिले गर्दा आख्यानस्तरका दुर्बलताको क्षतिपूर्ति पर्याप्त मात्रामा कविता पक्षद्वारा हुन आएको छ। अवश्य परिपुष्ट तथा सुनियोजित, प्रगाढ, अन्वितिपूर्ण आख्यानीकरणले महाकाव्यको कवित्व पक्षलाई पर्याप्त तीव्रता दिन्छ तर प्रस्तुत 'दोभान' महाकाव्यले न्यूनतम रूपमा आत्म-गाथा प्रस्तुत गरेर महाकाव्यस्वरूप अँगालेको कुरा स्मरणीय छ।

'दोभान' महाकाव्यको कवित्वको स्तर के कस्तो छ? महाकाव्य जस्तो वृहत् रूपको रचनामा आद्योपान्त एकै टक्करको कविताको उपस्थिति प्रायः सम्भव हुँदैन। यस महाकाव्यको प्रत्येक सर्गमा उच्च मध्यम स्तरभन्दा तल कहीं पनि कवि भरतराज पन्तकी कवित्व खस्किएको छैन र यो महत्त्वपूर्ण कुरा हो भने घेरैजसो निकै निकै ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनें उनको कवित्व उच्चताको चुलीतर्फ उन्मुख रहेको पाइन्छ। यस महाकाव्यको पहिलो अभ्युत्थान सर्ग, चारौं बलिदान सर्ग, पाँचौं वैधव्य सर्गको भक्ति प्रसङ्ग, छैटौं विवाह सर्गका श्रृंगार तथा हास्य प्रसंग, बाह्रौं संस्मरण सर्ग, पन्ध्रौं स्वतन्त्रता सर्ग, सोह्रौं विडम्बना सर्ग, सत्रौं विवशता सर्ग, उन्नाईसौं र बीसौं सर्गका कवि कथा र एक्काइसौं हिमाल सर्गका निकै अंशहरू उच्च कविताका दृष्टिले उल्लेखनीय प्रतीत हुन्छन्।

सुख र दुःखको, आशा र निराशाको, तृष्णा र निर्वेदको, अनि दाह दग्धि र शीतलताको, दोभानका रूपमा जीवनलाई उपभोग गर्दै भौतिकवाद र अध्यात्मवादको, सांस्कृतिक चेतना र प्रगतिवादको, आत्म-गाथा र सामाजिक गाथाको, अनि आन्तरिक अवलोकन, र बाह्य पर्यवेक्षणको समेत दोभानका रूपमा ग्रहण गर्दै लेखिएको यो 'दोभान' महाकाव्य उच्च कवित्वतर्फको उन्मुखताले गर्दा नेपाली महाकाव्य परंपराको एक अर्को महत्त्वपूर्ण प्राप्तिका रूपमा उभिन आइरहेको छ। नेपाली कविताको परिष्कारवादी धारामा लेखनाथको 'तरुण तपसी' नव्य काव्य (२०१०) सोमनाथ सिग्देलको 'आदर्श राघव' महाकाव्य (२००५) र बालकृष्ण समको 'चिसो चूल्हो' महाकाव्य (२०१५) पछि देखा परेको कवि भरतराज पन्तको यस 'दोभान' महाकाव्यलाई लिन सकिन्छ। परिष्कारवादी धाराको नेपाली कविता परंपरामा चाहिं लेखनाथको तरुण तपसी नव्य काव्य र बालकृष्ण समको चिसो चूल्होपछि कवित्वको दृष्टिले यो दोभान महाकाव्य प्रतिष्ठित हुन सक्छ। अवश्यै मोदनाथ प्रश्रितको मानव र देवासुर संग्राम जस्ता प्रबन्ध काव्यमा प्रगतिवादी तत्व प्रचुर मात्रामा र सशक्त रूपमा पाइन्छ तर परिष्कारवादी उच्च कवित्वका दृष्टिले चाहि दोभान बढी गहकिलो प्रतीत हुन्छ।

नेपाली महाकाव्यका फाँटमा विगत दुइ अवधिमा फाटफूट महाकाव्यहरू देखा परिरहेका छन्। मोदनाथ प्रश्रितको प्रगतिवादी 'मानव' महाकाव्य, नीरविक्रम प्यासीको झ्याउरे छन्दको सशक्त 'दवला' महाकाव्य, गुणराज उपाध्याय खनालको बृहत्काय 'भरत मिलन' महाकाव्य, उमानाथ शास्त्री सिन्धुलीयको स्वच्छन्दतावादी 'मकवानी बाला' वार्णिक महाकाव्य र जगदीशशमशेरको प्रयोगवादी काव्य 'नरसिंह अवतार' कतिपय रचना विशेष उल्लेखनीय पनि रहेका छन्। यिनै नवीन महाकाव्यहरूका पंक्तिमा अर्को थप र महत्त्वपूर्ण प्राप्तिका रूपमा उभिन आएको कवि भरतराज पन्तको 'दोभान' महाकाव्यचाहिं 'भरत मिलन' भन्दा बढी कलात्मक छ र वार्णिक छन्दका महाकाव्यको रूपमा उमानाथ शास्त्री सिन्धुलीयको महाकाव्य 'मकवानी बाला' सँग बढी तुलनीय छ भने प्रगतिवादी पुटका दृष्टिले चाहिं केहो मात्रामा 'मानव' महाकाव्य सँग पनि तुलनीय देखिन्छ तापनि परिष्कारवादी प्रगतिवादी वार्णिक छन्दका महाकाव्यको रूपमा चाहिं विगत दुई दशकको स्वयंमा महत्त्वपूर्ण स्तरीय 'दोभान' महाकाव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीत हुन्छ । वस्तुतः 'दोभान' महाकाव्यलाई लेखनाथको 'तरुण तपसी' लगायत विभिन्न रचनाबाट पर्याप्त मात्रामा उत्प्रेरित रहेका र लेखमाकै परिष्कारवादी प्रगतिवादी धाराको उत्तरार्ध कविता-धारामा सम्मिलित भई लेखनाथको देहान्तपछि त्यस काव्य-धारालाई नेपाली कवितामा आफ्ना पाराले थाम्न चाहने सक्षम कवि भरतराज पन्तको स्तरीय महाकाव्य प्रयासको संज्ञा दिन सकिन्छ । यसलाई भरतराज पन्तको निजी नव्य महाकाव्य वा नयाँ तरुण तपसी पनि भन्न सकिन्छ ।

परिष्कारवादी प्रगतिवादी धाराका वार्णिक छन्दको नयाँ र स्तरीय महाकाव्य 'दोभान' का स्रष्टा महाकाव्यकार भरतराज पन्तलाई यस उच्च साधनाका निमित्त म बधाई दिन चाहन्छु । सामाजिक दृष्टिले अझ तीव्र, चित्रणको दृष्टिले अझ प्रोज्ज्वल, दार्शनिक दृष्टिले अझ युक्तिसङ्गत, प्रकृति शैलीका दृष्टिले अझ रमणीय, बिम्ब-विधानका दृष्टिले अझ चमत्कृतिपूर्ण, अनि आख्यान संरचनाका दृष्टिले अझ अन्वितिपूर्ण, प्रबन्ध काव्यको रचना-क्षमता भए पनि प्रतिकूल परिवेशले गर्दा कवि भरतराज पन्तका उच्च प्रतिभा, व्युत्पत्ति र साधनाले कठ्यांग्रिनुपरेको भतभत पोल्ने अन्तर्मर्मसँग परिचित व्यक्तिका नाताले म के पनि भन्न चाहन्छु भने नेपाली समाजबाट उचित परिपोषण प्रोत्साहन पाएमा कवि भरतराज पन्तका आउँदा काव्य महाकाव्यहरू उच्चस्तरीय 'दोभान' भन्दा पनि उच्चतर हुँदै जाने प्रशस्त संभाव्यता पनि देखिन्छ ।

—वासुदेव त्रिपाठी

२०३९ कार्तिक ९ गते
वानेश्वर, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलिकति

अठार साल असार चौबीस गते थालिएको यस काव्ययात्रालाई कहिले शशक-गति कहिले कच्छप-गति भएर अठतीस साल असार चौबीस गतेसम्ममा बीस वर्षको सामयिक अन्तराल अँगालेर विसौनीमा पुऱ्याउन सकिएको छ। यसमा प्राचीन काव्य परम्पराका छन्द, रस, अलङ्कार, ध्वनि, वक्रोक्ति र औचित्य जस्ता सामग्रीहरू स्वीकारेर पनि आख्यानको रूपमा गुम्फित अतीतावलोकन, पात्रको रूपमा स्थापित काव्यकार, घटनाका रूपमा विवेचित भित्री र बाहिरी अनुभूतिहरू तथा भावात्मक उच्छलनका रूपमा बगेका लयात्मक गतिहरू काव्यगत संरचनाको नवीन उन्मेष लिएर आउँदा साधारणीकरण भएर पनि छर्लङ्गिएका आत्म-गाथाले मूर्त रूप लिन खोजे जस्ता देखिन्छन्। कविको वास्तविक प्रतिविम्ब कवितामा प्रतिफलित हुनुलाई स्वाभाविक गुण मान्ने प्रचलन पूर्वीय तथा पश्चिमी सबै परम्पराका समालोचकहरूले स्वीकारेकै छन्। कालिदास र भवभूतिजस्ता संस्कृत वाङ्मयका कतिपय महाविभूतिहरूदेखि लिएर नेपाली वाङ्मयका पनि धेरै प्रतिभाहरूले यस्तो परिपाटी स्वीकार गरेकै पाइछ। सामाजिक तथा मौलिक विषयवस्तुमा काव्य-यात्रा चलाउन खोज्दा जतिसुकै समाज र प्रकृतिको बाहिरी वर्णनतिर लम्केर आत्म-विस्मृति अँगाल्न खोज पनि सम्पुटित रूपमा आन्तरिक आफ्नै व्यथाको कथा अघि सर्दो रहछ—यो आफूमा रहेको काव्यात्मक अनुभूति हो।

जहाँसम्म प्रेरणा र प्रभावको प्रश्न छ—नेपाली वाङ्मयमा भानुभक्तभन्दा पहिलेका र पछिका तथा लेखनाथभन्दा पहिलेका र पछिका प्रतिभाहरूको मात्र होइन, संस्कृत वाङ्मयका कालिदास र भवभूतिहरूबाट पनि काव्य-यात्रा प्रभावित छ नै। यसै काव्यको आठौं र नवौं सर्ग रघुवंशमा जस्तै वियोगिनी छन्दमा विलाप र द्रुतविलम्बित छन्द तथा यमक प्रयोगमा वसन्तवर्णन प्रभावित शैलीमा प्रयुक्त छ। यस्तै अरू विषयहरू पनि सूक्ष्म दृष्टिले केलाउन सकिन्छन्। अन्तिम सर्गमा वैदिक सूक्त तन्मे मनः शिवसङ्कल्पमस्तु को छवटै ऋचाको भावानुवाद समावेश भएको छ। त्यसले प्रस्तुत काव्ययात्राले आफ्ना पूर्वज, अग्रज विशिष्ट प्रतिभाहरूबाट जे जति प्रेरणा वा प्रभाव लिन सकेको छ तिनीहरूप्रति श्रद्धावनत नवीन काव्य पुष्पोपहार चढाएको छ। त्यसो त प्रस्तुत प्रयास 'महाकाव्य हो' र 'होइन' को दोभान हो। भनौं यो त महाकाव्यको भूमिका वा पूर्वसाधना हो। स्वच्छन्द कविता बहाउने आवहवामा छन्दवादी साहित्यप्रति प्रतिक्रिया-परीक्षण हो। अझ आफ्नै व्यथाका कथाको रापबाट टाढा रहन अँगालिएको पुरानो अम्मल हो। जे होस्, वाग्देवीको उपासना हो, नेपाली भाषा-भवानीको स्वच्छ आराधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । संस्कार प्रतिभा र साधना केही नहोओस् तापनि यत् किञ्चित् गर्न सकेकों वाग्देवीको उपासना अन्त्यमा फलदायी नै हुन्छ भन्ने महाकवि दण्डीको अमरवाणी अनुसरणीय लाग्दछ र त्यो सूक्तिको अनुदान पनि प्रासंगिक देखिन्छ—!

न विद्यते यद्यपि पूर्ववासना-
गुणानुबन्धि प्रतिभानमद्भुतम् ।
श्रुतेन यत्नेन च वागुपासिता
ध्रुवं करोत्येव कमप्यनुग्रहम् ।।
नहोस् कुनै प्राक्तन-कर्म-साधना
तथापि मेरो कविता-उपासना ।
न खेर जाला कहिल्यै कसै गरी
रहन्छु सानन्द पत्यारमा परी ।।

यही प्रयासलाई पनि त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा नेपाली विभागका अध्यक्ष डा. वासुदेव त्रिपाठीले चिरपरिचित मित्रताको नाताले आँखाले हेर्ने मात्र रहर गरेनन् हृदयले अभिव्यक्ति दिने जाँगर पनि चलाए, व्यस्तताग्रस्त जीवनमा पनि धैर्यको आसन जमाए, कविता देवीको कपाल फुकाए, जगल्टा फिंजाए, लट्टा मिलाए, लिखाजुम्रा पन्छाए, कोरी बाटी गरेर सिनित्त तुल्याए । यसको लागि उनलाई औपचारिक धन्यवादले पुग्दैन, आभारबन्धन पनि फुक्तैन । यो त अविस्मरणीय सौजन्यको स्मरणीय क्षण हो ।

अन्त्यमा यस प्रयासलाई प्रकाशित रूपमा जनसमक्ष ल्याइदिने अभिभारा ग्रहण गरेर उत्साहको बिरुवामा प्रेरणाको अभिषिञ्चन प्रदान गर्ने नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान परिवार विशेषतः उपकुलपति कविवर माधवप्रसाद घिमिरेज्यूमा आभारपूर्ण कृतज्ञताको वाक्य पुष्पहार चढाउँछु अनि आफ्नो अलिकति कुरोको बिसौनी पनि यहीं बनाउँछु ।

१२ पौष २०३९
पन्त-कुटी, काठमाडौं

विनीत
—भरतराज पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्ग-क्रम

सर्ग	शीर्षक	पृष्ठ
१.	अभ्युत्थान	१
२.	पितृत्व	१४
३.	शैशव	२४
४.	बलिदान	३४
५.	वैधव्य	४५
६.	विवाह	५६
७.	अभिशाप	६८
८.	पितृशोक	७९
९.	यौवन	९७
१०.	जागरण	११०
११.	साधना	१२२
१२.	संस्मरण	१३८
१३.	संस्कृति	१५१
१४.	वात्सल्य	१६१
१५.	स्वतन्त्रता	१७२
१६.	विडम्बना	१८०
१७.	विवशता	१९७
१८.	विक्षिप्त तपसी	२१०
१९.	कथाभित्रको कवि	२२५
२०.	कविभित्रको कथा	२४०
२१.	हिमालय	२५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्युत्थान--१

छन्द—इन्दिरा

अलप भो निशा, व्यक्त भो उषा
अरुणिमा खुल्यो, उघ्रिए दिशा
अनि झुके उनी शारदे ! भनी
अति भयो, उठ्यो सुप्त लेखनी
१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलम, कल्पना, काव्यको कला
खर खरी खुल्यो गाउने गला
प्रकृतिभित्रको यो समाजको
स्थिति उतारियो काम-काजको

२

विविध रङ्गका हाव भावमा
प्रकृति नाच्तछिन् जो प्रभावमा
रस सफा त्यहाँ छान्न लायक
कवि सिवाय को हुन्छ नायक ?

३

कवि थिए कुनै लेख्न बस्तथे
कति समाजको भित्र पस्तथे
प्रकृति झैं उठी सुस्त खस्तथे
ललित कल्पना टम्म कस्तथे

४

तल र माथि औ भित्र, बाहिर
नगिच, दूरको सान्त्वना, डर
सुख र दुःखमा पाप, धर्ममा
कवि रुमल्लिए कर्म मर्ममा

५

घर थियो गृही नै थिए उनी
वन थियो थिए ती कुनै मुनि
सफलता दुवै तर्फ बन्द छ
चलिरहे कुनै काव्य बन्दछ

६

रुन र हाँस्न या गीत गाउन
वचनको सुधा शान्ति पाउन
श्रम निरन्तरै गर्दथे कवि
चहकिलै थियो काव्यको छवि

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धन रवाफका हुन् गरीब ती
गुण पियारका हुन् धनाढ्य ती
तर समाज त्यो झन् खुनी थियो
मतलबी थियो, बैगुनी थियो

८

स्यरण-धारणा-शक्ति-दीक्षित
कवि र काव्यमा योग्य शिक्षित
मणि थिए तिनी काँच झैं भए
सुन थिए कठै ! पित्तलै भए

९

सफलता कहाँ योग्यता कहाँ
क्षणिक जीवनी बेपता कहाँ
यति फराकिलो विश्व गोलमा
परिचयै कहाँ एक बोलमा ?

१०

जिनतिनै पुगोस् खान लाउन
सुकुल मात्र नै होस् बिछाउन
मन भुलाउँदै कल्पनासित
सकल विश्वको जप्तथे हित

११

न जननी थिइन् बुझ्न वेदना
न जनकै रहे मिल्न सान्त्वना
कठिन कष्टको भार जीवन
जल विना बन्यो मीन जीवन

१२

भरखरै थियो सानु कोपिला
विकसितै नभै वासना कला
खतम भैछ रे ! मालिनी पनि
कुसुमको कली के गरोस् अनि ?

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पवन आउनासाथ हल्लने
रवि उदाउनासाथ पग्लने
तब त कोपिला शीतबिन्दु हो
तर भविष्यको प्रेम-सिन्धु हो

१४

बगर बालुवा घामले जल्यो
सलिल बर्सने आशमा अड्यो
चउर्र रेशमी शीतले गल्यो
तर वसन्तकै यादमा अड्यो

१५

जतिसुकै कडा घामले पनि
कहर कष्टले पीरले पनि
कति नपग्लला त्यो हिमालय ?
दिल मनुष्यको बग्छ निश्चय !

१६

जलद बर्सिंदा सूर्य चर्किंदा
विमल चन्द्रले छर्किंदा सुधा
मगनमस्त भै लाउने लय
अचल छन्द हो त्यो हिमालय !

१७

जति पछारियोस् गोल कन्दुक
उति लिंदो छ झन् माथिकै हक
क्षणिक वेगमा हुत्तिए पनि
अतुल शान्तिको हुन्छ त्यो धनी

१८

अनुभवै न हो काव्य-साधन
कलम, कागते मात्र हो धन
कति परिश्रमी, जाँगरी कति
सहन सक्तथे दुःख दुर्गति

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बदनमा थियो हास्यको छटा
हृदयमा रहोस् मेघकै घटा
सरस सूक्तिका शान्ति झर्दथे
सकल मन्त्रमा मुग्ध पर्दथे

२०

गुण र दोषको द्वन्द्ववादमा
गडबडी हुने मौन यादमा
सरस सूक्तिको सिर्जना थियो
मन रसाउने तिर्सना थियो

२१

नरम फूल झैं झुल्न यो दिल
प्रणय-वासना भर्ने तुल्बुल
भरसकै तिनी यत्न गर्दथे
सकसमा स्वयं किन्तु पर्दथे

२२

नयनमा थियो आँसुको दह
विरहको थियो चित्तमा रह
विजन रातमा लेख्तथे उनी
शशिसँगै कुरा गर्दथे पनि

२३

नयन-नीर नै बन्दछन् नदी
जति बगोस् कुनै सिद्धि-नै नदी
उति नयाँ नयाँ तत्त्व आउँथे
कवि हिमाल झैं झल्मलाउँथे

२४

मधुर वाक्यका ती मिठासमा
भ्रमर झुम्मिने आसपासमा
कमल बन्दले बन्न ता कवि
शिशिरमा थिए मन्द नै रवि

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर अवश्य नै फक्रने थियो
दिल समाजको पक्रने थियो
किन थियो भनूँ ? आजसम्म छ
नभइ भूत जो वर्तमान छ

२६

शिशिरकालमा मन्द सूर्यको
छ रसिलोपना छैन चन्द्रको
तल र माथिको चक्रमा परी
समय फुक्छ रे ! एक बाँसुरी

२७

सुनि मिलिन्दको मञ्जु गुञ्जन
सुनि कुहू कला चित्त रञ्जन
प्रणयको मिलोस् स्वच्छ चुम्बन
सफल बन्छ यो काव्य जीवन

२८

जल बुझाउने शब्द जीवन
जल-न पाउने अर्थ जीवन
जलद देखिंदा भन्छ चातक
जल-न-भै सक्यो जीवनान्तक

२९

शिव निसास्सिए कालकूटले
हृदय आत्तियो बैर फूट ले
गरम खप्न को सक्छ रे ! जन ?
नरम चाहमा अड्छ जीवन

३०

कवि र काव्यको सार जीवन
विमल दीपको तार जीवन
अमृत बिन्दु होस् वाक्य जीवन
कवि चुहाउँछन् काव्य जीवन

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर निरन्तरै त्याग औ तप
मनन काव्यको,शब्दको जप
कुन कुरा थियो बन्न-मा-नव
सकल बन्छ यो विश्व-मा-नव

३२

सकल बाहिरी तत्व भित्रिंदा
सकल भित्रको भाव चित्रिंदा
सफलता त्यहाँ आइ नाच्तछ
प्रतिपलै नयाँ ज्योति साँच्तछ

३३

मधुर छन्दका सूक्ष्म तानमा
उचित शब्दका ती जडानमा
चहकिलो अलङ्कारले बनी
गजब हुन्छ रे! काव्यको ध्वनि

३४

गगनमा हुँदा मेघ मण्डल
दिन असारको किन्तु शीतल
छवि छँदा छँदै अल्पिए रवि
कलम साथमा कल्पिए कवि

३५

दिन असारकै हुन्छ उत्तम
परिरहोस् झरी मात्र झंझम
शुरु हुँदा जहाँबाट जीवन
सब हराभरा बन्दछन् वन

३६

जुन असारमा मेघ-दूतमा
सरस काव्य भो मेघ यक्षमा
भनिसके स्वयं कालिदासले
कलम कोर्दथे सूक्ष्म आशले

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि बने त्यहीं साम्य यक्षक
किन कि एक हो घाउ वक्षको
हुन त वक्षको घाउ एक हो
बुझिदिने सबै त्यो विवेक हो

३८

हुन त मेघ हुन् दूत होइनन्
कवि थिए त्यहाँ यक्ष होइनन्
तर विचारको सूक्ष्म दृष्टिमा
विषमता कतै छैन सृष्टिमा

३९

रवि पुगे उता पश्चिमाचल
कवि बने यता साधना थल
गगन पूर्वमा कालिमा थियो
तदपि पश्चिमी लालिमा थियो

४०

जति बिलाउँदै जान्छ लालिमा
उति घना हुँदै उठ्छ कालिमा
कनकको कसी बन्छ कालिमा
धसिदियो जहाँ खुल्छ लालिमा

४१

न त छ चन्द्रको चारु चन्द्रिका
न त छ एउटै स्पष्ट तारका
जुनकिरी कतै पिल्पिलाउँथे
पलकमा तडित् चल्बलाउँथे

४२

घन घना तथा तामसी मसी
निविड कालिमा पाउँदा कसी
कुन सुनार यो जाँच्छ काञ्चन
अकवरी छ वा क्यै छ लाञ्छन ?

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिरिसिरी चिसो स्याँठ आउँथ्यो
चिरिबिरी कता के कराउँथ्यो
जलद रुन्छ या हाँस्तछे तडित्
सब विचारमा लीन भो जगत्

४४

तर असारको आउँदा झरी
स्मरण चोटले आँसु झैं गरी
विजन रातको सूनसानमा
शहरमा पुगे या मसानमा

४५

प्रकृतिका छटा साथ जीवन
सब विलीन भो घन्कँदै वन
क्रमसँगै बज्यो चाँप वृक्षमा
कविसिवाय को बुझ्छ विश्वमा ?

४६

रुख डराउँदै थर्र काप्तथे
कुसुम आँसु झैं बर्र झार्दथे
सब दशै दिशा कैदमा परे
कवि बसेर यो कल्पना गरे

४७

भल बग्यो कतै, सोसियो कतै
कहिं हिलो बन्यो पोखरी कतै
जल-ज-मीनको अन्त पाउन
कठिन भो त्यहाँ तान लाउन

४८

गगन नै बन्यो रङ्गमञ्च कि
झलल चञ्चला नै छ नर्तकी
ढरर मेघको वाद्य ताल छ
कवि र यक्षको के हवाल छ ?

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कि त छ चञ्चला साथ मेघको
शुभविवाहको कार्य खेलको
नववधू बनी चञ्चला लुकी
वर रिझाउने धूनमा ढुकी

५०

शयन नेरको दीप हल्लिदा
कलम रोकिंदै व्यर्थ रल्लिदा
हृदय कल्पना साथ भुल्दथ्यो
नयन मस्त भै झप्प झुल्दथ्यो

५१

हुन त खेल हो एक बातमा
हृदयमात्रले देख्छ रातमा
सकल सुप्त छन् छैन जागृति
विकट रातको यो परिस्थिति !

५२

पलकमा नयाँ ज्योति चम्कँदा
प्रगतिमा छिटो पाउ लम्कँदा
बिच परे सबै अन्धकारमा
न उपहारमा या प्रहारमा

५३

दरर दर्किंदा बग्छ जीवन
हरर हुर्रिंदा उड्छ जीवन
फरर कोपिला फुल्छ जीवन
ढरर ढम्म भै बज्छ जीवन

५४

बम फुट्यो कि झैं कानले सुन्यो
दम फुल्यो कि झैं चित्तले गुन्यो
श्रम पऱ्यो कि झैं देह नै गल्यो
गम गऱ्यो, बस्यो ज्योति नै बल्यो

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणिकता कता ? स्थायिता कता ?
गडबडी कता ? शान्ति झन् कता ?
अल र मल्ल भो बाहिरी व्यथा
झल र मल्ल भो काव्यको कथा

५६

पलकमा कड़ा वज्र पातले
रुख पछारिंदा तीव्र वातले
लय र तान वा ध्यान भाँचियो
तदपि चित्तमा शान साँचियो

५७

न सपना विना नीद नैनमा
न विपना छँदै छैन चैनमा
किन पऱ्यो कडा वज्र वक्षमा
किन विलीन भो अन्तरिक्षमा

५८

सकल गर्दछन् साधु वर्णन
सजल मेघको दिव्य दर्शन
झलल झल्किदा ज्योति ईशको
गजब पाउँछन् शान्ति विश्वको

५९

नबस माथि नै आउ बादल
सुनन यो कुरा ओर्ल्ल ए तल !
झिलिमिली हुने ज्योति हो कुन ?
किन निभाउँछौ, बाल्दछौ किन ?

६०

यदि त सत्य नै कृष्ण मेघ हौ
जुन कि चञ्चला राधिका लियौ
जुनकिरी लिई भन्छु हातमा
म पनि पाउँ त्यो जून रातमा

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रणय सिन्धुमा मिल्न आउने
विनय विन्दुमा बन्धु पाउने
सरस इन्दुको शीतलोपना
लिन सके त यो जान्छ वेदना

६२

जब छिटो छिटो शैलमा पुगी
गगनमा उडी, सिन्धुमा बगी
सरस शान्तिकै इन्दु भेट्तछ
तब कलंकको दाग मेट्तछ

६३

दिन सके सदा दान जीवन
सुकृतको प्रभा झल्कने जन
क्षणिक चञ्चलालाइ रोक्तछ
चहकिलो बनी विश्व बोक्तछ

६४

विमल भाव हो व्योम शारदी
मधुर काव्य हो कीर्ति कौमुदी
अनुभवै न हो कृष्ण बादल
अमृत विन्दु हो इन्दु शीतल

६५

विजन रातमा कृष्णपक्षमा
बहुत दूरमा अन्तरिक्षमा
शिशु बनी शशी मेघबीचमा
शयन हेर्दथे त्यै नगीचमा

६६

धरमराउँदै हल्लँदै थियो
चपल दीपमा कान्ति चम्कियो
कम हुँदै गयो दुःख यातना
शुरु हुँदै गयो पूर्व सम्झना

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलदले लियो सुस्त पाइलो
दशदिशा खुले भो रमाइलो
डर अकासियो क्रान्ति शान्ति भो
सब अशान्तिको भ्रान्ति दूर भो

६८

कवि र काव्यको एकता भयो
जति बित्यो सबै त्यो कथा भयो
शुरू भयो त्यतै बाट जीवनी
तर छँदै थियो शेष यामिनी

६९

जल मथर हुँदामा मन्द हावा चलेको
कलम चलिरहेको हात केही गलेको
झुपु झुपु झुपु निद्रा आउँदा सुस्त सुस्त
कवि अचल बनेछन् मूर्ति ज्यूँदो दुरुस्त

७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पितृत्व—२

छन्द — स्वागता

काव्यभित्र कविका रटनाले
शान्त सत्य सपना विपनाले
वाक्य बूँद मकरन्द पिताका
एक एक चुहिए ममताका
१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झँदा कवि समस्त घराना
उठ्तथे हृदयभित्र तराना
बाल्य संस्कृति भएर जवान
गर्दथ्यो कलमबाट बयान

२

मातृहीन कविका शिशुलीला
अङ्ग अङ्ग सुकुमार कलीला
हल्लने चपल-दीप हवाले
साँचिए सकससाथ बुवाले

३

गर्दछन् घर दुवै तर छोरी
भर्दछन् हृदय टम्म कसोरी
योविना भवन नै वन हुन्छ
यो रहे सफल जीवन हुन्छ

४

कोपिला कुसुमका कति निस्के
भेट्नुबाट उहिल्यै सब फुस्के
एक वंश बिरुवा अव-शेष
वृक्ष बन्न पनि पर्छ विशेष

५

छैन साथ गृहिणी घर रित्तो
छैन बन्धुजन केवल भित्तो
एकलो शिशु छ के गरुँ बात
दैवको कति सहुँ अब-लात

६

रोज जोतिनु बनाउन खाना
फाल्न फोहर, धुलाउन नाना
गर्छ मद्दत दिने कुन चासो ?
के सुनाउँ कसलाइ गुनासो ?

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान बाहिर परे दिइ औंला
आउ सुस्त हिंड भुङ्ग लडौला
बन्द गर्छु पख है दरवाजा
खाउँला पसलमै पुगि खाजा

८

छैन फुर्सत कमाउन जान
छोड्न हुन्न शिशु एक अजान
जे छ भित्र घरमा सब बेच
खाट, टेबिल, दराज र मेच

९

शीत, ताप र झरी सहन्यै हो
सृष्टिमा प्रकृतिको नियमै हो
स्वास्थ्यको गडबडी हुन जाँदा
पीरले हृदय भो कति आधा

१०

आउँदा ज्वर भयो कि बिरामी
ओखती लिइ लुलो कर छामी
बिर्सिई सब परिश्रम, भोक
भन्नुपर्छ–सुत बाबु ! नखोक

११

कार्यतर्फ परिंदा अलमल्ल
ब्यूंझदा दिन हुँदा झलमल्ल
निःसहायसरि आत्तिइ सुन्छ
लाग्छ के म-न-भए कुन सुन्छ ?

१२

पारिलो हिउँदको कति घाम
बित्छ झन् दिन मिलिक्क तमाम
एकपल्ट घटना पनि त्यस्तै
पर्न गो सकसको कस जस्तै

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्दथें म कविका कृति सारा
काव्यको पिउँदथें रसधारा
घामले सब शरीर फुकेको
काम काज पनि दूर पुगेको

१४

खेल्दथ्यो शिशु शिशी लिइ साथ
काँचले चिरिदिएछ र हात
चट्ट अङ्गुलि छिनाल्न तयार
बग्दथ्यो रगतको भल धार

१५

रुन्छ चर्र चिरिएर कराई
के भयो ? किन ?? भनेर डराई
हेर्छु ता अहह !!! हालत त्यस्तो !
देखिएन कहिल्यै पनि यस्तो !

१६

सोच्तथें रगत रोक्न उपाय
खोज्दथें अरु कुनै म सहाय
एक मित्र पनि साथ लिएर
रोकियो रगत जुक्ति गरेर

१७

अस्पतालतिर लान हुँदैन
हात यो रहनलाइ दिंदैन
दाहिने छ उसमा पनि हात
जाइजान्छ यसको अनि जात

१८

वैद्यकाम पनि जान्न सकेर
ओखतीहरू लगाइदिएर
बल्ल तल्ल पुरिएपछि घाउ
भन्दथें म--अब खेल्न नजाऊ

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिदैन कविता यसबाट
देखिदैन कविको पनि छाँट
पीर यो हृदयको तर लाग्यो
लेखनी पनि समाउन लाग्यो

२०

पाठ्य पुस्तक र पेन्सिल पाटी
साथ ली सकल अक्षर छाँटी
लेख्न थाल्छ 'कपुरी क' भनेर
हेर्दथें मगन मस्त बनेर

२१

सर्र वाचक चलाइ छ लाग्यो
पूर्व संस्कृति खुलीकन जाग्यो
पढ़छ झन् अमरकोष लिएर
'यस्य ज्ञान' भनि ध्यान दिएर

२२

सातमा पनि पुग्यो व्रतबन्ध
कार्यको हुनुपन्यो परिबन्द
भाइ खातिर दिदीहरू आए
इन्तजाम सरजाम जुटाए

२३

एउटा शहर बाहिर सानो
किन्नु पर्छ घर यो छ बिरानो
यो विचार मनभित्र उठेर
त्यो किनें ऋण समेत लिएर

२४

हर्ष भो हृदयमा पनि भारी
देखियो घर र सुन्दर बारी
बोट, वृक्ष, बिरुवाहरु नाना
जो थिए प्रकृतिका नजराना

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रको तय हुने व्रतबन्ध
बस्न वास घरसम्म प्रबन्ध
पाउँदा लहर छुट्छ दुरुस्तै
भित्र विष्णुमतिको जल जस्तै

२६

ठाँटिएर पति पुत्रवतीले
सुन्दरी हँसमुखी र सतीले
वैरिंदा प्रणय, आशिष, भिक्षा
पूर्ण झैं हुन गयो सब इच्छा

२७

बज्दथे विविध मङ्गल बाजा
गर्दथे सकल भोजन ताजा
मित्रता सुजनता जनताले
व्यक्त गर्न र सुनाउन थाले

२८

स्नान गर्दछ बिहान उठेर
न्यास, ध्यान जप पूर्ण गरेर
पाठ भागवतकै पनि गर्छ
दुःख सागर सरासर तर्छ

२९

कौमुदी पनि पढ्यो "अ इ उण्" ले
कत्ति अड्कन परेन बलैले
काव्यभित्र दखलै गरिहाल्यो
बाह्र वर्ष वयमा परिहाल्यो

३०

पढ्न संस्कृत भएपछि भर्ना
पढ्छ शिक्षकसँगै कसि धर्ना
पाठ मात्र लिइ बाहिर भाग्यो
हेर्न पुस्तक कतैतिर लाग्यो

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यकर्मतिर बित्छ बिहान
बाह्र बज्छ घरमा पनि खान
रातमा पनि गरेर चमेना
बाह्र बज्छ लिन्नलाइ बिछौना

३२

बित्छ वर्ष महिना, दिन, घण्टा
छैन क्यै उति घरायस टण्टा
आइहाल्छ अधियाँ दिइ बारी
उब्जनी समयको तरकारी

३३

आउँथ्यो पनि मकै, भटमास
धान्न के कठिन हुन्छ र सास ?
आउँथ्यो फल र फूल चमेना
दाउरा छिमलिएर बकैना

३४

पालियो पनि छिंडी तिर गाई
एक मानु जति गोरस पाई
के कमी दुइ जना जिउनामा
शान्ति नै छ सपना विपनामा

३५

लालटेन डिबियाहरू बाली
पढ्छ पुस्तक अनेक निकाली
भानुभक्त कविदेखि लिएर
लेखनाथ कविसम्म गनेर

३६

पर्दथें म हुनसम्म फुरुङ्ग
उठ्तथे हृदयभित्र उमङ्ग
काव्य, नाटक र गीत, कथामा
छन्द औ लय सुनीकन लामा

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्य औ गजल लेख्न पिताजी
बन्नुभो सफल कैयन बाजी
पन्ध्र वर्ष वयमा म छँदामा
भैगए अलप बाबु र आमा

३८

लेख्दथें म कविता कवि साथी
जो थिए पुगिसके कति माथि
गर्न कत्ति सकिएन प्रचार
गुम्सिए हृदयभित्र विचार

३९

वैरिए कति विपत्ति हजारौं
पीर भो अब कसो गरि टार्नौं
स्वास्थ्य शान्ति नभएर उमङ्ग
बन्न जान्छ सब रङ्ग न ढङ्ग

४०

भैगयो छ यसकै अब पालो
चढ्नु नै प्रगतिको छ उकालो
वंश संस्कृति रहेपछि गर्ला
आफ्नु नाम कविमा पनि दर्ला

४१

गर्न सक्छ जति जे पुरुषार्थ
कर्म साथ छ हुँदैन अपार्थ
निश्चयै बदलिनेछ जमाना
के भयो हुनुपरेर रवाना

४२

तीर्थका भ्रमणका पछि छोरी
फर्किन भनिन् कर जोरी
माइत ढक्क र मक्क फुलाऊँ
भाइको अब विवाह चलाऊँ

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्छु उत्तर म-ए सुन छोरी
सम्झ सोच ममता दृढ डोरी
चौधकै डबल वर्ष हुँदामा
के भएर दरियौ विधवामा ?

४४

भाइ चौध तककै छ उमेर
लाभ देखितनँ विवाह गरेर
रोजगार इलमै पनि छैन
शान्त उज्ज्वल भविष्य हुँदैन

४६

साथमा प्रियतमा लिन लागे
रङ्ग रौस र मजातिर लागे
सप्रँदैन कि भविष्य अवश्य
सोच्नुपर्छ गहिरो छ रहस्य

४६

स्त्री नभै सुचरिता घरभित्र
श्री रहन्न ठहरिन्न पवित्र
यो कुरा हजुरमा विदितै छ
चाहिने जति कुरा मसितै छ

४७

बिग्रियो घर लिऊँ कति पीर
सम्झँदा सकल सुक्छ शरीर
माइती जति सकिन्छ सपारूँ
हे बुवा ! हृदय शीतल पारूँ

४८

चाहिंदैन अरू क्यै सरजाम
पर्छ टर्छ सब काज र काम
जो सकिन्छ सब गर्छु तयार
गर्नुहोस् हजुर हेर विचार

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्री चरित्र पनि बुझ्न सकिन्न
हुन्छ के पुरुष ? भन्न सकिन्न
भाग्यमा जति छ जे छ हुनेछ
गर्नुपदर्छ विवाह गरिन्छ !

५०

सारगर्भित कुरा दुहिताको
चित्त नै खिचिलिने म पिताको
लौ त लौ गर तिमी सब थोक
गर्न सक्तिनँ म रोक रे तोक

५१

तंतयार सब चीज जुटाइन्
भाइको शुभ विवाह गराइन्
भित्रिंदा भवनभित्र बुहारी
हेर्न लाइ धुरिए नरनारी

५२

भित्रिएपछि त मोह-न-राधा
पन्छियो हृदयको सब राधा
छैन काम अब फुर्सत पाऊँ
शान्ति लीकन भुसुक्क निदाऊँ

५३

सलल जल बहेको कल्कलाई कहेको
झलझल सपनामा याद ल्याई रहेको
जति कलम चलायो टक्क भै आँसुमाथि
पल पल कवि पुग्थे कल्पनाकाशमाथि

५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शैशव ३

छन्द—शालिनी

सम्झी सम्झी बाललीला बितेका
जड्दा जड्दै कल्पनाले टिपेका
बुट्टा भर्थे ठाउँमा यत्र कुत्र
ज्यादै राम्रा शारदाका सुपुत्र
१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुट्टा झुट्टा भन्दछन् झन् कसैले
सच्चा झुट्टा बन्न सक्तैन कैह्ले
राम्रो बुट्टा कल्पनाकै कला हो
मीठो बुट्टा नै सुरीलो गला हो

२

जाडो मैह्ला माघको घाम तापी
लेख्ता लेख्तै राग मीठो अलापी
त्यो वेलाको सम्झना भो पुरानो
ऐलेसम्मन् सम्झँदा जान्छ गानो

३

हुन्छन् हाम्रा मर्म भित्री पुराना
सम्झी ल्यायो झल्कने भाव नाना
हाँसो होस् या पीर होस् पार्न मर्म
भित्री तीखो सम्झनाकै छ कर्म

४

मैह्ला यस्तै माघ मध्याह्न याम
कौशीमा गै तापियो खूब घाम
फीका नीलो रङ्गको भीत जस्तो
त्यो वेलाको माथि आकाश त्यस्तो

५

बाबू छोरा मात्र छौं सर्व साथी
त्यो वेलामा छैन कोही सँगाती
बानी आफ्नो डुल्न, खेल्नै नजाने
बस्ने, बोल्ने, जे जसो मिल्छ खाने

६

चाँदी जस्तै भानुको मन्द कान्ति
मर्मस्पर्शी काव्यमा झैं छ शान्ति
हीरा जस्तै झल्किएको हिमाल
चुच्चे टोपी चट्ट कस्तो कमाल

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फड्के जस्तै मेघ सेतो कपास
कैल्ले काहीं सिर्र चल्ने बतास
देखा पर्ने घाम राता पहेंला
दोलाईंको नै झिके झैं झमेला

८

मामालीका पाहुना एक बस्थे
बस्ता जस्तो जे पऱ्यो काम गर्थे
निक्कै श्रद्धा गर्दथे हामिलाई
बस्तासम्मन् खान दिन्थे पकाई

९

कोसेलीको रूप आई परेको
खाजा खायौं सुन्तला भोगटेको
पल्टें मुण्टो काखमा नै अडाई
हेरें चारै तर्फ आँखा घुमाई

१०

टुक्रा टाक्री मेघ सेता झरे झैं
कल्ले कल्ले फूल लावा छरे झैं
कस्तो कस्तो भ्रान्ति शङ्का परे झैं
केको केको सूचना नै गरे झैं

११

घुम्दै डुल्दै उच्च आकाशबाट
हेर्दै पृथ्वी गोलको छाँटकाँट
कावा खाई उड्न छोडी परेबा
गूँ गूँ भन्दै वेद पाठै गरे वा

१२

एकै घण्टा सम्म मात्रै हराए
मायालाग्दो शब्द खोली कराए
बोहोरी या बाज देखे, डराए
खाना दाना क्यै नपाएर आए

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही खाना खान मागे भनेर
आफैले नै धान ल्याई छरेर
हेर्दै यस्तो भन्नुहुन्थ्यो पिताजी
टिप्तैनन् खै ? छन् परेबा विराजी

१४

यस्तो पक्षी सूचना गर्न सक्छ
यस्तै पक्षीबाट संकेत मिल्छ
टाढा टाढा देख्न सारै चनाखा
यस्तै पक्षीको त गाढा छ आँखा

१५

के के देख्यो उड्न छोडेर आयो
चुच्चो खोली माथि हेरी करायो
गूँ गूँ मात्रै गर्छ केही बुझिन्न
आश्चर्यैको चाल देखिन्छ भिन्न

१६

बोली खोल्छन् स्पष्ट मैना शुगाले
हाँसो झिक्छन् कोपिलाले थुँगाले
नाच्छन् सारा वृक्ष हाँगा नचाई
बुझ्ने चिन्ने चेतना विश्वलाई

१७

वेला, मौका, काल यद्वा जमाना
घुम्दै जाँदा घुम्छ संसार नाना
भिन्नै भिन्नै चालले सृष्टिचक्र
घुम्दा घुम्दै हुन्छ सोझो र वक्र

१८

त्यस्तै ऐले पर्न आयो प्रसङ्ग
जल्ले गर्दा भैदियो ध्यानभङ्ग
आहारा नै टिप्न छोडी चराले
आफू आफू के कुरा गर्न थाले

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हल्ला यस्तो पो हिजो आज चल्छ
हल्लाले नै हो जमाना बदल्छ
कोही भन्छन् भित्र बस्नै हुँदैन
कोही भन्छन् डुल्न जानै हुँदैन

२०

कोही भन्छन् आज उत्पात हुन्छ
कोही भन्छन् यज्ञले शान्ति हुन्छ
कोही भन्छन् एक थोकै त हुन्छ
कोही भन्छन् लौ त जे हुन्छ हुन्छ

२१

कोही सर्छन् वास छाप्रो बनाई
कोही बस्छन् चौरमा पाल लाई
माघे जाडो बस्नु झन् भैंतलामा
काट्ने कस्ता चालले रात लामा !

२२

राजा गर्छन् होम पूजा र दान
विद्वान् भन्छन् ठाउँ ठाऊँ पुराण
बाजासाथै रामको नाम गान
हुन्छन् धेरै सुन्न बस्ने बथान

२३

जोगी भन्छन् क्या करे दैव इच्छा
मौका छोपी माग्दछन् द्रव्य भिक्षा
भोगी भन्छन् बाँच्नु ता पर्छ पर्छ
जस्तो पर्ला देख्नु औ सुन्नुपर्छ

२४

भन्दा, सुन्दा, सूचना पाउँदामा
मेरो भित्री चित्त गर्दैन धामा
पर्ला जस्तो जे त आखीर टर्ला
मर्ला जो त्यो के त सर्वस्व हर्ला ?

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी बस्ने वास हो यो बिरानो
पक्की राम्रो वर्ष निक्कै पुरानो
छैनौं उस्तो भित्र बस्ने जहान
केको चिन्ता ? भाग्नुपर्दैन जान

२६

बस्ने ठाऊँ छोडि जाने कहाँ हो ?
संसारैमा शान्ति मिल्ने कहाँ हो ?
बाँच्ने नै छौं आयुसम्मन् न मर्छौं
म्यादी चोला म्याद सिद्धिन्छ मर्छौं

२७

बाँच्ने तृष्णा जीवको हुन्छ ज्यादा
'मर्ने' भन्ने सम्झँदा हुन्छ बाधा
बाधाले नै हुन्छ सर्वाङ्ग आधा
सम्झी लेऊ चित्तले कृष्ण राधा

२८

एकै होउन् या त सातै ग्रहादि
आऊन् लाखौं विघ्न बाधा उपाधि
आजै होओस् या शताब्दीपछाडि
जानै पर्ने हुन्छ सर्वस्व छाडी

२९

पृथ्वी फुट्ला, उर्लंलान् सप्तसिन्धु
खस्लान् तारा, सूर्य, नक्षत्र, इन्दु
के के होला ! विश्वलीला अगम्य
कल्ले जान्ने ईशको तारतम्य ?

३०

हात्तीलाई राख्न सक्छन् अधीन
पक्रन्छन् झन् बाघलाई प्रवीण
नामी नै छन् वीर संग्राम जित्ने
को होला त्यो काल नै जित्न सक्ने ?

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मछौं हामी बाँच्न खोज्ने मनुष्य
बाँच्छौं हामी मर्न खोज्ने अवश्य
कोठाभित्रै झ्याल खोलेर बस्छु
शम्भो ! तिम्रो पाउमा नै म पर्छु

३२

भन्दा भन्दै काखमा ली मलाई
दोहोऱ्याई भन्नुभो दैवलाई
तिम्रो लीला ! धन्य नै हो विचित्र
लौ ! जे गर्छौं पूर्ण छौ विश्वभित्र

३३

लागे सुस्तै भानु ती पश्चिमाशा
मानों केही हेर्न होला तमाशा
हुस्सू जस्तै बुङ्ग धूलो उडायो
हावा आयो, शैलमाला सुसायो

३४

आँखा चिम्लें च्याप्न लाग्दा बुवाले
हा हा हू हू हूलले गर्न थाले
तत्कालैमा भूतलै डग्मगायो
बोली निस्क्यो लौन ! भूकम्प आयो !!

३५

निस्के, दौड़े, फाल हालेर भागे
आओ ! आओ !! लौ छिटो !!! भन्न लागे
ढाकीहाले चोक, बारी, बगैंचा
रित्तो भैगो झूल, तन्ना, गलैंचा

३६

गाद्राङ् गुद्रुङ् गर्र गाद्राङ्ग ग्वार्र
गर्दा गर्दै वैरियो ह्वार्र ह्वार्र
कौशी, बुर्जा, बार्दली औ वरण्डा
हाम्फाल्दै छन्, वस्त्र हल्लन्छ झण्डा

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधा घण्टासम्म जप्तै नृसिंह !
बस्ता हामी गर्जिए झैं छ सिंह
सातो जाँदा धड्किएको छ छाती
आगो जस्तै हुन्छ सर्वाङ्ग ताती

३८

कोही चोटाबाट नै ओर्ल्ल दामा
कोही कोठाबाट नै निस्कँदामा
कोही हेर्दा झ्यालमै वैरिंदैछन्
कोही खोल्दा द्वार भित्रै थुनिन्छन्

३९

सुत्केरी छन्, छन् बिरामी कुनैका
ज्यादै बूढा, बालकै छन् कुनैका
दुःखै मात्रै वैरिने दुःखमाथि
ठेसै मात्रै लाग्छ झन् घाउमाथि

४०

के भो होला आज ? भन्दै पिताजी
कोठाभित्रै हेर्नुभो एक बाजी
निस्कौं भन्दा वैरिएको मटान
ढुङ्गा माटो काठ पाइन्न जान

४१

अर्को कोठा देखियो भित्रबाट
घ्याम्पा गाग्रा चूर्ण ! बज्रे काठ
नोक्सानीको देखियो बिल्लबाठ
आयो सुस्तै बाहिरै जान आँट

४२

पन्छाएरै निस्कियौं ईंट काठ
बोली आयो-लौन लौ दूरबाट
कौशीचाहीं भासिएको छ आधा
बाँकी राख्यो पाहुनालाई आधा

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओहो ! बाँच्यौ !! तेल बाँकी रहेछ
भावी आई हात थापी दिएछ
हाँस्तै बोके पाहुनाले मलाई
भैंचालाको हेर्न निस्क्यौं रजाई

४४

टेक्ने, हिंड्ने छैन बाटो उजाड
भत्की सारा देश लाग्यो पहाड
पृथ्वी फर्सी झैं फुटी पट्ट पट्ट
पानी निस्क्यो त्रास लाग्यो विछट्ट

४५

बाबा ! राजा ! ए बुवा ! लौन आमा !
काका ! दादा ! ए दिदी ! लौन मामा !
हा ! हा ! हा ! हा ! फुट्छ जस्तै छ कान
सारा मुर्दा ! देश सारा मसान !!

४६

कोही खाजा खान लागी रहेका
कोही केही किन्न आई रहेका
कोही साहू गर्न बिक्री बसेका !
मुर्कट्टा छन् बास छाना खसेका !

४७

मर्ने जाने पुण्य भागी रहेछन्
बाँच्ने बस्ने पो अभागी रहेछन्
सित्तै केको लागि फेरिन्छ सास
एक्लो बन्दा लाग्छ सारै अत्यास

४७

उड्दा उड्दै कल्पनाकाशमाथि
फुक्ता फुक्तै श्वासको यो खलाँती
के हेरौं यो दुर्दशा ! राम राम !!
भन्दै चिम्ले भानुले नेत्र घाम

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को हूँ के हो स्वप्न पो देखिएछ
केही थाहा छैन के लेखिएछ
सुस्तै उठ्तै झ्याल खोलेर बस्ता
औंसी आधारातको यो अवस्था !

५०

रवि शशि नहुँदामा शून्य आकाश सारा
छबि रहित अँध्यारो पिल्पिले मात्र तारा
कति दिनपछि फेर्ला काँचुली यो जमाना
कवि-हृदय छचल्क्यो आउँदामा तराना

५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलिदान ४

छन्द--रथोद्धता

गुम्सिँदा हृदयभित्र भावना
फैलिएन कविता र कल्पना
कोर्दथे कलम कोर्न ता कवि
मेघकै परिधिमा परे रवि

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेघमा किरण झल्किएसरि
पातमा सलिल टल्किएसरि
छिर्दथ्यो हृदयबाट बाहिर
सुस्त सुस्त कविता कतैतिर

२

गुम्सिने विषयकै बयानमा
ध्यानमग्न भई एकतानमा
मन्द मन्द कविता यता उता
छन्द निस्कन गयो रथोद्धता

३

कल्पना गगनमा उडे पनि
चक्रतुल्य कविता गुडे पनि
रोकियो गति भने विचारमा
ठेस लाग्छ ननिको निधारमा

४

मन्द छन् शिशिर काललै रवि
मेघमै रुमलिंदा सबै छवि
थर्थराउँछ शरीर नै सब
बन्द हुन्छ रमणीय उत्सव

५

फोइँदैन जबसम्म बन्धन
धोइँदैन तबसम्म जीवन
जीवनै सरस फूलको थुँगा
जीवनै नभई बोल्छ के शुगा ?

६

छैन शीतल बतास वासना
टप्किदैन मकरन्द सिर्जना
भैसके सब मिलिन्द बेपता
पाइएन कविले स्वतन्त्रता

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नक्कली मन, मिजास नक्कली
नक्कली कलम, काव्य नक्कली
नक्कली स्वर र गीत नक्कली
छैन त्यो शहरभित्र सक्कली

८

दूरमा शहरदेखि गाउँ छन्
कोइली मधुरकण्ठ गाउँछन्
सुन्नुपर्छ सुरिलो गला स्वर
छोड्नुपर्छ शहरै सरासर

९

छैन बार, परखाल, बन्धन
गाउँ, पर्वत हराभरा वन
त्यो अकृत्रिम छटा स्वतन्त्रता !
हाय ! सत्य, शिव, सुन्दरै कता ?

१०

बोटमाथि छ गुलाफ सुन्दर
फूलदानबिच के मनोहर ?
के रहेछ अब त्यो स्वतन्त्रता ?
चिन्नुपर्छ नरले मनुष्यता

११

काँचको क्षणिक फूलदान हो
टेबिलै पनि धराप शान हो
छैन निश्चय खडा छ संशय
हुन्छ एक छिनमा सबै क्षय

१२

तर्क यी मगज नै घुमाउँथे
वस्तु तत्व कविजी समाउँथे
बेसरी भइसकेर मन्थन
पग्लिएछ नवनीत झैं मन

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देश शासन जहाँ जहानियाँ
चल्छ झन् अनि त्यहाँ कहाँ नियाँ
भाइ भाइ तकरार पर्दथे
काट मार भरमार गर्दथे

१४

न्यायमा रहन सक्छ एकता
एकता नभइ छैन मान्यता
न्यायहीन भई एकता टुट्यो
बन्धुभाव पनि काँच झैं फुट्यो

१५

राजनीति अलपत्रियो जहाँ
मात्स्य नीति शुरु भो जहाँ तहाँ
भित्रभित्र भरिशक्य भूपति
खोज्दथे युग सुधार उन्नति

१६

सत्यको विजय निश्चितै हुँदा
नीति वास्तव असत्य नै हुँदा
देखिए त पनि बाहिरी जय
भित्र संशय थियो पराजय

१७

मेलभित्र पनि खेल हुन्छ रे!
खेलभित्र पनि मेल हुन्छ रे!
खेल झेल भइ राजनीतिमा
देखिएन तर मेल रीतिमा

१८

राजनीतिमय उच्च खेलको
मर्म बुझ्न नसकेर झेलको
जाल हालि कतिलाइ जेलमा
थुन्दथे सकससाथ नेलमा

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइ भाइ जब शत्रु भ गए
जे सकिन्छ बदला लिने भए
संघ संगठनमा दिए मति
पाउँथे शरण उच्च भूपति

२०

एकता, सुजनता र मित्रता
त्याग, आत्मबल, सच्चरित्रता
छन् सुयोग्य गुण राजनीतिमा
देखिंदैन तर मात्स्य-नीतिमा

२१

बोल्न सुन्न सजिलो नपाइने
पढ्न लेख्न गतिलो नलाइने
पाप मात्र मनले चिताउने
देशमा प्रगति नै नआउने

२२

खान, लाउन, मजा उडाउन
मस्त भै दिन यसै विताउन
शोषणै गरि धनै कमाउन
चाहने सुजन हो कि दुर्जन ?

२३

भित्र मात्र दुनियाँ रिसाउँथ्यो
बोल्न बाहिर न आँट आउँथ्यो
भन्दथे बरु बचेर हिंड्नु है !
राजनीतितिर झन् नलाग्नु है

२४

नाममात्र लिइँदा स्वतन्त्रता
बस्नुपर्छ यमलोकमा उता
यो सुनाइ सबलाइ दुर्बल
पार्दथे गजबको झिकी छल

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकमा दिनु हुदैन जागृति
खल्बलिन्छ अनुशासन स्थिति
गोलमाल भइदिन्छ आसन
बागडोर छिनिदिन्छ शासन

२६

पूर्ण हात हतियार फौजले
क्रूर शासक धपक्क भै बले
धैर्य वृक्ष डर वातले ढले
तापले जन पतङ्ग भै जले

२७

उम्लिई कुमति पूर्ण शासक
स्वार्थ लम्पट बनी लुटी हक
यत्र तत्र असमानतामय
छर्दथे जहर लाग्दथ्यो भय

२८

मन्त्र औषध सिपालु वैद्यले
गर्न लाइ उपयोग यत्नले
खोजियो जसरि गुप्त रूपले
देखियो त्यसरि व्यक्त रूपले

२९

धर्म संस्कृति रहोस् सनातन
ज्योति जागृति खुलेर नूतन
मिल्नुपर्छ हक कर्म सञ्चित
पार्न हुन्न अधिकार वञ्चित

३०

जन्मसिद्ध अधिकार साँचियोस्
खर्चको सदुपयोग जाँचियोस्
पक्षपात र असत्य नाशियोस्
देश झन् प्रगतिले उकासियोस्

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तप्त-तैलबिच शीतविन्दु झैं
राहुका बदनलाइ इन्दु झैं
झन् कडा असर पार्न कारण
वाक्य देखिन गए पऱ्यो रण

३२

उर्लियो दमन नीतिको भल
हुत्तियो उचित मागको बल
कालका उदरभित्र जीव झैं
गुम्सिए विवश शक्तिहीन झैं

३३

भिन्न भिन्न परिवर्तनक्रम
देखिने प्रकृतिको परिश्रम
यो चराचर हुँदा हुँदै पनि
काँचुली बदलिएन तैपनि

३४

कैलिंदा जन-विरोध विप्लव
मच्चिएर बहुधा उपद्रव
तोकिए प्रगति चाहने जन
दण्डनीय अपराधभाजन

३५

देशबाहिर धपाइए कति
खोरमा लगि कुहाइए कति
दण्डनीति मनमान भो अति
भासियो प्रगति नासियो मति

३६

बृक्षका विटप चट्ट काटिए
पालुवा छिमलिएर छाँटिए
भग्न नग्न मुडुलो भयो वन
पग्लियो नयन नीर जीवन

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पग्लिएन दरबारको मन
मच्चिएर तरवार भीषण
जम्न कत्ति नसकेर तैपनि
गर्छ चित्रण बगेर लेखनी

३८

रातको समय सूनसानको
एकलास बिचको मसानको
माझ विष्णुमति बालुवा थियो
वृक्षमा न कहिं पालुवा थियो

३९

साँधमा शिशिरको, बसन्तको
के थियो ऋतु न आदि अन्तको
चिम्लिएर भयभीत लोचन
छुट्टियोस् कसरि रात या दिन

४०

माघको पवन सिसिराउँथ्यो
अङ्ग अङ्ग सब जुर्जुराउँथ्यो
चुलिएर जल कल्कलाउँथ्यो
स्याल दूर वनमा कराउँथ्यो

४१

भुक्तथे कुकुर खूब जोरले
झिल्ल ! मोटर बलेर जोडले
रोकिई नगिच घाटमा अड्यो
पाइला पुलिसको चढी बढ्यो

४२

झिम्म झिम्म नभमाथि तारका
चिम्लँदै नयन अश्रु हारका
शीतविन्दु शिरमाथि झार्दथे
रातको मलिनिमा सिगार्दथे

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीरवर्य हनुमान् र अङ्गद
हुन् कि ? छन् नभइ खिन्न, गद्गद
क्रान्ति दर्शन पढाउने गुरु
हिंडद्थे तर कठै ! लुरू लुरू

४४

बाँस त्यै बगरमाथि टाँगिए
वीर ल्याइ बलि गर्न बाँधिए
स्नेहपूर्ण जननी उसै घरी
काखमा लिन खडा भएसरि

४५

मूर्ति हो हुन त पूर्ण पत्थर
भाव बुझ्न कुनचाहिं सक्छ र ?
देख्न सुन्न नसकी शिला भइन् !
श्री शुभा भगवती छँदै थिइन् !

४६

आठ ठाउँतिर टन्न बाँधिदा
दण्डवत् दुई जना खडा हुँदा
पाइएन जब डेग चल्न नै
विर्सिएछ निज-देह सम्म नै

४७

ढयाम्म ! ढयाम्म !! गरि वज्र हानियो !
वज्रकै हृदयलाई जानियो
वज्र वक्ष दुइ वीरका फुटे
बन्न झैं रगत फोहरा छुटे !

४८

फर्कियो पवन, चर्कियो तन
थर्कियो सहज उग्र शासन
विश्वभित्र बहुतै विचित्र झैं
देखिए अमर वीर चित्र झैं

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फागु फागुन नभै नआउने
शुष्क यो बगर के रँगाउने ?
खेल खेल्न सुरलोकमा गए
जोशिलो र रसिलो कथा भए ?

५०

के बसौं अब ? भनी उतातिर
दुष्ट शासन उखेल्न खातिर
माथि माथितिर उक्लँदै गए
शुक्र नै गगनमा खडा भए !

५१

क्रान्तिकै फलसमान वृक्षमा
झुण्डिए अहह !! अन्तरिक्षमा
वीरले किन रुचाउँथे क्षमा
आजसम्म पनि दुख्छ वक्षमा !

५२

मेघ छैन किन वज्रपात भो !
धूम छैन किन अश्रुपात भो !
घाम छैन किन तीव्र ताप भो !
हा ! मबाट कुन उग्र पाप भो ?!

५३

डग्मगाउन पुगेछ आसन
क्रूर शासन बन्यो हुताशन
दन्कियो, वन डढ्यो, उड्यो मन
पिल्सिदै पनि गए सबै जन

५४

चिन्न जान्न नसकेर मानव
बन्दछन् सहज उग्र दानव
देवता त्रिभुवनै सिंगार्दछन्
दैत्य वा नर बनी बिगार्दछन्

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्मती सलल बग्दछिन् उता
नीर विष्णुमतिको बग्यो उता
अश्रुपूर्णनयना वसुन्धरा
देखिइन् उस घरी कठैवरा !

५६

शान्ति उन्नति उमार्न देशमा
कामना कुसुम झैं नरेशमा
बन्छ केहि दिनलाइ कोपिला
भन्छ उज्ज्वल भविष्य आउला

५७

शान्ति मा-नस छचल्किए पनि
क्रान्ति तीव्र भइ सल्किए पनि
पात ती शिशिरले झरे पनि
आउला नि मधुमास त्यो अनि

५८

लेखनी पनि नदी बनी बग्यो
दोष फोहर बगाउँदै लग्यो
सुस्त सुस्त दिनलाइ जागृति
संग्लनेछ अबको परिस्थिति

५९

जनयुग जनतामा जड्नमा जागरूक
नृपति सहित सारालाइ ठग्ने उलूक
त-म भर रहने हुन्, धन्य हो वीरचर्या
कवि नयन जलैले गर्न लागे सपर्या

६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैधव्य ५

छन्द वंशस्थ

सिन्दूर छर्दै हिम-शैलमा रवि—
पुगे कठै ! दूर विलीन भो छवि
जुटाउँ काव्यात्मक यज्ञमा हवि
भनी अकेलै गम गर्दथे कवि

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंदूर छर्दै पहिले उदाउने
सिंदूर हर्दै अहिले हराउने
फिंजाइ झाँक्रो तमको कठैबरी !
उता हिमानी पनि शोकमा परी

२

सुसाउने संथरकी नदीसरि
र-साउने मूल कतै फुटेसरि
समाजको अन्तरबाट बाहिर
यसो निकाल्यो अभिशापले शिर

३

उही पुरानो अनुभूति आउँथ्यो
उसै गरी नेत्र दुवै रसाउँथ्यो
बही रहन्थिन् करुणा तरङ्गिणी
चलाउँथे यन्त्रसमान लेखनी

४

सफा हँसीलो मुखमाधुरी लुक्यो
सुधा रसीलो कविता कता सुक्यो
शशी हराए रजनी छ तामसी
दशै दिशामा सब पोतियो मसी

५

कपाल सेतो हिमको चुली शिर
सफा दुवै लोचनको सरोवर
छचल्कियो शोक समीर आउँदा
झरेछ इन्दीवर नीरको बुँदा

६

त्यही बुँदामा गहिरो रहस्य छ
रहस्यमा हेतु कुनै अवश्य छ
थिएँ त्यही कारण सुन्न तत्पर
खुल्यो मुखाम्भोज मिलिन्दको स्वर

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा पिताको उपदेश-भाजन
चल्यो त्यतैबाट प्रसङ्ग वर्णन
सुनिस् कुरा ध्यान दिएर पढ्नु हैं !
खराबका सङ्गतमा नलाग्नु है !

८

भयो भने वास अयोग्य देशमा
गयो भने अन्न अभक्ष्य पेटमा
विवेक आफ्ना प्रभुमा नभैदिए
कडा मुखाले सहधर्मिणी भए

९

पढेन छोरो पनि मूर्ख भो भने
जवान छोरी विधवा भइन् भने
शरीर सिध्याउँछ सुक्न जीवनी
न बल्छ आगो न त घाम तैपनि

१०

विपत्तिमा धैर्य, समृद्धिमा क्षमा
समाजमा वाक्पटु, फूर्ति युद्धमा
लियो भने अम्मल नित्य शास्त्रमा
रहन्छ ठूलो यश नाम विश्वमा

११

कुरा सुनेथें सब सारगर्भित
कथा कथामा उपदेश मिश्रित
मरीच मिश्री दुइटै थियो रस
रहस्य पाएर परें त्यहाँ वश

१२

विचारमा तन्मय भै मिल्यो मन
भयो दिदीकै अनि खूब चिन्तन
ममाथि माया र पियार गर्दथिन्
मलाइ देखेपछि दङ्ग पर्दथिन्

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा म सानो बहुतै स्तनन्धय
अजान मातृ-स्तनपान तन्मय
रसै नपुग्दा जननी बनीकन
दिदी ! दियौ रे ! शिशुलाइ जीवन

१४

मलाइ छोडेर गइन् कता कता ?
दिई नयाँ जीवन ती भइन् कथा
परन्तु के थाह ? दिदी ! तिमी भन
रुँदै म आमा ! किन भन्न पाइनँ ?

१५

यद किदा आउन पाउँथ्यौ तिमी
बुहार्तनैमा दिन बित्तथ्यो घुमी
म सोच्तथें भाइतिहार आउँछ
रमाइलो उत्सवले रमाउँछ ।

१६

तिहार हो अन्तिम चाड वर्षको
समाजले कारण मान्छ हर्षको
उमाथि एकै उनको म केवल
हुँदा समस्या सब गर्दथिन् हल

१७

प्रथा छ छोरी विधवा भएर नै
नहेर्नु रे ! माइत एक वर्ष नै
त्यसै हुँदा एक तिहार बन्द भो
निधार रित्तो, अनुहार मन्द भो

१८

म भेट्न जाँदा घरमा कुनै दिन
मलाइ देखेपछि दङ्ग भैकन
दबाउँथिन् तीव्र वियोग वेदना
छँदैछ ऐले पनि तीव्र सम्झना

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यथा लुकेको मुखमा हिसी थियो
कथा छिपेको लघु काव्य झैं थियो
विना निशानाथ निशासमानकी
वियोगिनी हुन् कि अवश्य जान-की

२०

कहाँ ? भएकी विधवा अमङ्गल
अशान्ति संसार भएर जङ्गल
वियोग दावानल फैलिईकन
सुकेर जाँदो दयनीय जीवन

२१

वियोगकै बादल चित्त व्योममा
उठ्यो गिरायो जल आँसु भूमिमा
कुरीतिको दाग हिलो मलीमस
छ अन्ध विश्वास समाजको कस

२२

चुरा र पोते गहना झकाझक
नवीन राता रँगका लुगातक
चटक्क फ्याँकीकन आज केवल
बहाइ बस्ती नयनाम्बुको भल

२३

सिंदूर सौभाग्य कपूर झैं उड्यो
नयाँ जवानी सब आँसुमा बुड्यो
रमाइलो लाउन खानको गयो
जतातत हा ! नरमाइलो भयो

२४

रमाइलो छैन दशैं तिहारमा
मनै छँदै छैन कुनै विहारमा
नलाइ टीकातक नै निधारमा
सधैं परेकी तरवार धारमा

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याइएको मनको मनोरथ
विचित्र शृंगार, अनन्त दौलत
भएर के भो 'विधवा' भनेपछि
सबै हरा-यो चकमन्न भो अति

२६

शरद् बगैंचा र बसन्त कोकिल,
निशा जुनेली, हिमशैल उज्ज्वल,
प्रभात, सन्ध्या, छहरा, नदी, वन,
सबै यसै खिन्न गराउँछन् मन

२७

सहाय कोही नहुने अनाथको
विछोड पर्दा उहि प्राणनाथको
अनाथ भै दिन्छ तिमीविना नर
विवेक यस्तो कुनचाहिं गर्छ र ?

२८

हुँदैन पत्ता दिनमा न भोक छ
धपक्क बल्दो मनभित्र शोक छ
न पर्छ निद्रा सुनसान रातमा
छ छट्पटी नै दिनरात तापमा

२९

'अलच्छिनी खास कलंकिनी' भनी
दिएर दर्जा नपुगेर तैपनि
रूखो नमीठो 'अब खा ! तँ' भन्दछन्
खुगा पुराना 'अब-ला ! तँ' भन्दछन्

३०.

सुपुत्र पौत्रादिक छन् गयो वय
फुले सबै केश छ मृत्यु संशय
परन्तु पत्नी नभए डुलीकन
विवाहकै गर्दछ नित्य चिन्तन

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पतिव्रता-धर्म सह्याल है ! भनी
स्वधर्म सम्झाउँछ लोक तैपनि
स्वयं प्रिया-मृत्यु हुँदा भने हरे !
विवाह अर्को नगरी हुँदैन रे !

३२

वसन्तको जीवन फूल यौवन
सुवास मीठो कविता बहाउन
नपाउँदैमा मन आज वैलियो
उठ्यो विपद् बादल आँसु वैरियो

३३

सुधार होला कसरी समाजको
प्रथा पुरानो, युग यो छ आजको
मिलेन शिक्षा महिला-समाजमा
समाज नै डुब्दछ शर्म लाजमा

३४

न काखमा बालक छन् उड्यो मन
कडा विषालू जगतै छ गो-मन
नदी बगे झैं नव-जीवनै बह्यो
बताउ तिम्रो मन के गरी रह्यो !

३५

वितर्क यस्ता बहुतै उदाउँथे
भिजेर पग्लेर गलेर आउँथे
जगत् ठहर्थ्यो सपना र कल्पना
विलीन हुन्थे अभिलाष तिर्सना

३६

उदाउँदा शंख र घण्टको स्वर
घनक्क भो पावन देवमन्दिर
झिलीमिली भो जब दीपमालिका
रमाइहाले सब बाल बालिका

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यता उता पुस्तकसम्म बाँच्तथिन्
पढ़े र गीता हरिनाम भज्दथिन्
समाज देखिन् विधवा हजार ती
गरी रहन्थिन् स्तुति, पाठ, आरती

३८

प्रभो ! निराकार स्वरूप एक छ
परन्तु साकार अनन्त रूप छ
बताउ आएर तिमी स्वयं बरू
बसेर कस्तो म उपासना गरूँ

३९

जताततै व्यापक भित्र बाहिर
तिमी छँदै छौ भवमा निरन्तर
भने म आगच्छ भनेर अक्षता
लिएर आवाहन लौ गरूँ कता ?

४०

प्रदान दाता बलिबाट लीकन
लियौ नभै आसन मस्तकासन
उही तिमी हौ अवतार वामन
चढाउँ ऐले कसरी म आसन ?

४१

विरिञ्चिले पाउ यही धुँदा अघि
प्रवाह गङ्गा जल निस्कियो बगी
भने उही पाउ सफा गराउन
दिऊँ म केको चरणावनेजन ?

४२

घिऊ, दही, दूध, चिनी तथा मह
सबै तिमी कृष्ण छँदा थियो दह
भने म पञ्चामृत ली अली कति
कहाँ चढाऊँ भन गोपिका पति ?

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दियौ तिमीले गइ द्रौपदी रुँदा
थपेर सारा कपडा थुतीलिंदा
चिरेर पीताम्बर खण्ड केवल
चढाउनै सक्तिनँ भक्तवत्सल !

४४

सुनिन्छ निर्लेप भनेर वर्णन
परन्तु श्रीखण्ड लिएर चन्दन
अबीर, सिन्दूर र केसरी पनि
कहाँ चढाऊँ कुन रूपमा भनी ?

४५

छ गन्धको फूल अमूल्य हातमा
छँदै छ माला अनमोल गाथमा
लिएर माला अनि फूल साथमा
चढाऊँ कस्तो कुनचाहिं नाथमा ?

४६

सुगन्धको खातिर धूप चाहियो
सुगन्ध केमा कति सम्म पाइयो
दिएर यै अष्ट सुगन्ध धूपले
हुने भए लेउ मरुत्स्वरूपले

४७

भयो उज्यालो अवतार खेलमा
थियो अँध्यारो जुन कंस-जेलमा
जगाइ बत्तीहरू आरती कन
म के घुमाऊँ वसुदेवनन्दन ?

४८

स्वयं तिमी शब्द तथा स्वरात्मक
सदैव मीठो मुरली र शंख छ
गरूँ म कस्तो स्वर ताल लीकन
बजाउँदै शंख र घण्ट कीर्तन

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थरी थरी भोजनमा पदार्थमा
बुझी यही उत्तम चीज अर्थमा
लिई यहाँ मोह. न. भोग अर्पण
गरें भनें पाउँ म नाथ ! दर्शन

५०

अनार, अम्बा, अमला अनेकमा
अचम्म मानी बयरै लिई यहाँ
चढाउँदी छू शबरी सिकाउँछिन्
छँदै छ तिम्रो बदरीश नाम झन्

५१

लिएर माटो मुखले चपाउँदा
सुनी यशोदा पनि हेर्न आउँदा
थियो सबै विश्व मुखारविन्दमा
प्रसन्न हुन्छौ ? मसला र पानमा

५२

समस्त सम्यत्ति दिने उनै रमा
रमाउँदी छन् दिन रात पाउमा
भने म त्यस्तो कुनचाहिं ली धन
चढाउँ भेटी कमलापते ! भन

५३

बनेर हावा जगतै बचाउँछौ
चलाउँछौ नाच सदा नचाउँछौ
लिएर पंखा अनि छत्र, चामर
म आज नाचूँ कसका अगिल्तिर ?

५४

हटे सबै शेष सरस्वती श्रुति
गले ढले शास्त्र पुराण औ स्मृति
सकिन्न तिम्री महिमा भनीकन
गरूँ म कस्तो स्तुति वा निवेदन ?

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यमा, भूत र वर्तमानमा
अहंपना, जोश र शान, मानमा
नखोलिंदा मोह भएर लोचन
गराइदेऊ अपराध - मोचन

५७

प्रणाम, आवाहन औ विसर्जन
कुनै कुरा जान्दिनँ गर्न पूजन
फलं र तोयं प्रभुमा चढाउँछु
प्रसन्न होऊ भगवन् ! प्रपन्न छु

५७

पुगेन होला यसभित्र भावना
मिलेन होला कविता र कल्पना
अवश्य होला विधिमा कुनै च्युत
छँदै छ तिम्रो शुभ नाम 'अच्युत'

५८

सुनी रहन्थें म बनेर तन्मय
उदाउँथे व्यापक ईश अव्यय
विचार आदर्श र भक्ति भावना
रहेछ सर्वोत्तम शान्ति साधना

५९

कता कता गो कविको मनोरथ
विभिन्न भो काव्य बनाउने पथ
शनैः शनैः शान्तरस-प्रवाहमा
बहेर फर्क्यो मन ठीक राहमा

६०

जति जति थपिंदै गो खिन्नता औ निराशा
उति उति भरिने भो भावना भक्ति भाषा
कविवर पनि खोज्थे बन्न आदर्श राम !
अलिकति तक झुल्क्यो चित्तमा शान्ति धाम

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह ६

छन्द-उपजाति

भए कथा झैं घटना पुराना
शयौं उदाए मनमा तराना
रटी रहन्थे कविजी परन्तु
अल्झन्छ संकल्प विकल्पतन्तु

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खियाउँदा खूब विचार नौका
पुऱ्याउने पार मिलेन मौका
भए उडे झैं कवि एक चङ्गा
झन् उलियो तर्क वितर्क गङ्गा

२

अतीत अर्कै अनुभूति भित्र
खडा नयाँ सुन्दर रङ्ग चित्र
उतारिहाल्ने उनको इरादा
थियो बहन्थ्यो सब पीर बाधा

३

मैन्हा थियो फागुन फागु खेल्ने
लुगा पुराना रुखले वदल्ने
वसन्त राजा ऋतुलाइ हावा
छर्दै छ झैं फूल, अवीर, लावा

४

उठी तुवाँलो गगनै सुनौला
सुवर्ण थाली सरि सूर्य नौला
अबीर जस्तै भइ बुङ्ग बुङ्ग
खुलेछ होलीमय विश्व रङ्ग

५

शहीद खेल्छन् कि त माथि माथि
स्वर्गीय होलीहरू भाँति भाँति
झल्कन्छ झन् अभ्रक बालुवामा
लाली सुहायो नव पालुवामा

६

सुधा रसीलो वसुधा भरीलो
उदार उद्यान उषा हँसीलो
मुना पलायो रुखमा कलीलो
कुहू करायो वनमा सुरीलो

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चरा - चुरुङ्गीहरू सामवेद
पढ्दा हुनन् क्यै नलिएर खेद
सन्देशले देश रमाइलो छ
सदैव चल्दो पनि पाइलो छ

८

साथी सँगातीहरू छन् समस्त
अबीर खेल्नै तिर मग्न मस्त
गजूर जस्तै सुनको हिमाल
हल्लाइ हेर्ने वनको रुमाल

९

टीका दही चामलको लगाई
खुशी हुँदै पानहरू चपाई
छिनी दुवै ब्राह्मणले विवाह
आए त्यहीं नै दिनलाइ थाह

१०

पुगे उता भानु भएर रातो
भएछ उस्तै अनुहार रातो
देखिन्छ चारैतिर कान्ति रातो
आकाश, पृथ्वी, जगतै छ रातो

११

मुसुक्क हाँस्तो छ उता गुलाफ
उडेर खेल्दो नभमा छ बाफ
रातो छ आगैसरि झन् पलाँस
बज्दो छ वंशीस्वर तुल्य बाँस

१२

नितान्त आवश्यक काम गर्दी
आनन्दको सागरभित्र पर्दी
देख्ता दिदीलाइ अचम्म लाग्यो
आश्चर्य लाग्यो र उदेक लाग्यो

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कपालमा छैन सिंदूर रातो
शरीरमा रक्त रहेन रातो
विवाहको त्यो सरजाम रातो
बताइदेऊ कसरी छ रातो

१४

अनेक सल्लाह अनेक राय
अनेक देख्ता उनको उपाय
अनेक उर्ले भुमरी तरङ्ग
विवाहको अद्‌भुत पूर्वरङ्ग

१५

विवाहको मुख्य रहस्य के हो ?
ठहर्न जाने परिणाम के हो ?
थिएन केही मनभित्र थाह
हुने भयो रे ! कसको विवाह

१६

भित्र्याउँला लच्छिनकी बुहारी
सिंगारुँला सुन्दर फूलवारी
नयाँ नयाँ मङ्गल कामनामा
देख्यौ कि त्यस्तै सपना रनामा

१७

अनेक आडम्बर, धाक, युक्ति,
मिजास, सम्मान, अपूर्व सूक्ति,
गुणी घराना कुलको जनाई
कन्या जुटायौ कुनचाहिं लाई

१८

चम्कन्छ मानो बिजुली खुशीको
देखिन्छ मानो प्रतिमा शशीको
अर्कै छटा रङ्ग छ चाँदनीको
अपूर्व उल्लास छ यामिनीको

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह पूर्वाङ्ग समाप्तिसाथ
बारीतिरै भोजन दालभात
लाग्यो अनोठो बनभोज जस्तो
स्वदेश मानो परदेश जस्तो

२०

छँदै थियो प्राकृत रम्य बारी
त्यहीं भयो मण्डपको तयारी
खडा छ अर्का तिर शामियाना
जम्मा थिए हेर्न जहाँ जनाना

२१

जन्ती जमेका कति इष्ट मित्र
के सम्झँदा हुन् मन भित्र-भित्र
टोलाउँदा टक्क बनेर चित्र
देखिन्छ मानो सपना विचित्र

२२

समाप्त भो भोजन खान पान
चपाइ मीठो मसला र पान
चुरोटका साथ गफै अनेक
उडाउँथे बुझ्न सकिन्न एक

२३

बूढा र पाका, व्यवहार सिद्ध
मर्मज्ञ विद्वान् कविजी प्रसिद्ध
जो जो थिए ती सबले सुनाई
भने-छ थाहा कति के तँलाई

२४

विवाह भन्छन् कति छन् पढेको
छैनस् तँ उस्तो अहिले बढेको
बेसै छ जे होस् इलमै बढाएस्
विलासमा चित्त कमै लगाएस्

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञा पिताको दिन-रात मान्नू
कर्तव्यमा चल्न सदैव जान्नू
अर्ती नमीठो कहिल्यै नठान्नू
सफा र फोहोर चिनेर छान्नू

२६

भविष्य बेसै बढिया हुनेछ
जरूर नै नाम कमाउनेछ
संस्कार सान्तानिक आउनेछ
समाज औ देश रँगाउनेछ

२७

त्यस्ता कुरामा लिइ चाख बस्ता
वितर्कले शून्य हुँदा अवस्था
बिछह कोही उपहास गर्थे
गिज्याउँदै व्यंग्य अनेक भर्थे

२८

उठेर जाँदा त जुरुक्क माथि
सिंगारिएका बहुरूपका ती
थिए जुटेका कति आइमाई
निमन्त्रणामा बहुतै रमाई

२९

अत्यन्त सेता दुइ गोल गाला
काला खुला कुन्तलले उज्याला
गम्काउँदा अन्तरको सुवास
वसन्तकै चल्छ नयाँ बतास

३०

आँखा चनाखा अति लामकोसे
ओठै थिए दारिम फूल चोसे
झल्कन्छ हाँस्यो कि अनारदाना
हेंऱ्यो कि खुल्ने नखरा छ नाना

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कपाल चुल्ठो दुइटै खुलेको
अगिल्तिरै स्पष्ट छ हल्लिएको
उरोज-पीयूष-घडा खडा छन्
लठारिएका दुइ नाग नै छन्

३२

सेतो सफा बादल झैं निधार
झल्कन्छ टीका बिजुली अपार
सिन्दूर रातो सिउँदो छ कस्तो
सुदूर अस्ताचल घाम जस्तो !

३३

आकाश रङ्गी, हरियो, बदामी,
रातो, पहेंलो कपड़ा छ नामी
सुवर्ण हीरा गहना झुलेको
स्वर्गीय सौन्दर्य त्यहीं खुलेको

३४

बाला, चुरा बज्दछ छुन्न छुन्न
गाला कुरा बज्दछ गुन्न गुन्न
सुनिन्छ केही जति सक्छु सुन्न
त्यसो त कैल्यै पनि भन्न हुन्न

३५

जम्मा भएका दश, बीस नारी
झिक्थे कुरा भाग अगाडि सारी
"रमाइलो लाग्छ मलाइ यस्तो"
"मलाइ ता सम्झन हुन्न यस्तो"

३६

गर्दा कुरा खस्तछ फिस्स सप्को
उरोजको आकृति खुल्छ अल्को
हाँसेर अकैं निहुँ झट्ट पारी
तान्थे कुनै सुस्तरि माथि सारी

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कपाल, आँखा मुख, नाक, कान
नचाइ गर्थे गफको बखान
"थिएँ म सानी कति दङ्ग पर्थें"
"मचाहिं हुर्के पनि दङ्ग पर्थें"

३८

अर्की बडी बुज्रुक नै बनेकी
के के कुरा हो उसले भनेकी
"हाम्रा त छैनन् घरभित्र कोही
बस्छौं सधैं केवल जोइपोइ"

३९

कुरै कुरामा अघि तम्सिएर
गर्थे गफै मक्रख यसै परेर
"घोटाउँछिन् हाड असह्य सासू
सम्झ्यो कि ऐले पनि झर्छ आँसु"

४०

भन्थे कुनै—दुष्ट छ देउरानी
भन्थे कुनै—बेस छ नन्द नानी
"छुच्ची अमाज्यू छ" कुनै कहन्थे
"जेठानि त्यस्सै पनि डाह गर्छे"

४१

छिटो छिटो भैकन बोल्न थाले
ऐले बनेछन् कि अवश्य भाले
"मलाइ सौता पनि हालिहाले"
"मलाइ ता प्यार गरेर पाले"

४२

कुरा कुन्का सुख दुःखका छन्
सुन्दा सबैका घरभित्रका छन्
"मलाइ ता नाम लिनै हुँदैन"
"मलाइ कैल्यै पनि छैन चैन"

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोली कुनै सुस्त उठाइ घाँटी
गार्हस्थ्यको वर्णनलाइ छाँटी
"बिहा भएको दश वर्षसम्म
भएन सन्तान बड़ो अचम्म !"

४४

अर्की कुनैंको घरको कथाको
सारांश निस्क्यो गहिरो व्यथाको
"झण्डै परेथ्यो पनि भोग्न सौता
खुशी भएछन् हुनसम्म द्यौता"

४५

के के न. भो पौरख नैं भनेर
व्याख्या गरिन् पण्डितनी बनेर
"दोस्रो बिहालाइ परीगएँ म
सारै पियारी उनकी भएँ म"

४६

"थिएँ म चौधै तक वर्ष सानी
थिएन मेरो भरिलो जबानी
छोरै भयो नौ महिना हुँदामा
पऱ्यो अहो ! बन्न मलाइ आमा !"

४७

"उत्ताउली हेर न यो त कस्ती"
भनेर अर्की भइ मग्न मस्ती
चल्यो त्यहाँ हास्य-रस-प्रवाह
गफै थियो चाड हुँदा विवाह

४८

"के लाग्छ आफ्नो त बलै नपुग्ने
अचम्मका हुन् सब जात लोग्ने"
भन्दा त मूलै पनि फुट्न थाल्यो
हाँसो हठी पेट उमठ्न थाल्यो

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लड्डू र पेडा, हलुवा जिलेबी
रुचाउँदैनन् किन खान देवी
चुसेर, चाटेर पिरो अचार
जिभ्रो तिखारिन्छ कि बार-बार ?

५०

शिक्षाविना दूषित त्यो जमाना
विलासमा भूषित ती जनाना
त्यो ओठ जिभ्रो कहिल्यै नथाक्ने
फलाक्न पाए अति नै फलाक्ने

५१

कुरा थिए ती न त छेउ टुप्पा
नाचेर हल्लन्छ कपाल झुप्पा
हेरेर, देखेर, सुनेर सारा
भयो विपत्ता गफको किनारा

५२

बनी दुलाहा चढि तामदान
पुग्दा उता मिल्दछ खूब मान
सम्मान औ स्वागतको भकारी
चियाउँथे हेर्न अनेक नारी

५३

झारी लिई पाउ दुवै पखाले,
पूजा गरे, दीपसमेत बाले
सुवर्ण चाँदी गहना र छाता
दिए रहेछन् हुनसम्म दाता

५४

जग्गेभरी मानिस घेरिएका
हेर्न थिए या सब हेरिएका
भयो त्यहाँ नाटक झैं दुरुस्तै
लगे उता बैठकभित्र सुस्तै

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथा त्यहाँको गजबै रहेछ
खानेकुरा दोबर पो भएछ
खाइन्छ जो पेट त एकमात्र
सबै कुराको डबलै छ पात्र!

५६

बिहान अर्को दिनको छ लग्न
थिएन उस्तो मनचाहिं मग्न
सिंगारिएकी दुलही तयारी
गोडा धुने खल्बल चल्छ भारी

५७

पुरेतले पद्धति बाँच्नलागे
वितर्क उल्टा मनबाट भागे
भयो त्यहीं नै शुरु गोत्रचार
दुवै थरीको कुलको प्रचार

५८

कन्या दुवै लोचनबाट धारा
झारी टुटीको जलको छ धारा
संकल्प संकल्प समान धारा
निधारदेखिन् पसिना छ धारा

५९

हावा चल्यो दक्षिणबाट मन्द
भयो कि पाणिग्रहण-प्रबन्ध
दुवै थरीलाई थिएन थाह
हामी दुईको किन भो विवाह

६०

चढाइ लावा घुमि अग्निलाई
ती पाँच औंला करले समाई
भन्नै पऱ्यो—"सप्तपदा तिमी हौ
आकाश मै हूँ पृथिवी तिमी हौ"

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिंजाइ लामो कपडा, छरेर
सीमन्त सिन्दूर दिई सकेर
भन्नै पऱ्यो—"चढ्नु पहाड पर्छ
साथी तिमी हौ सुख दुःख पर्छ

६२

"माफी मिलोस् यो छ अजान" भन्दै
अन्भाउँछन् सुस्तरि आँसु झार्दै
घुम्टी भरी अक्षरका सितारा
झल्कीरहेथ्यो नयनाम्बु तारा

६३

हृदय-घर सिंगार्दै भावना भित्रिएको
अलिकति कवितामा रङ्ग त्यो चित्रिएको
अनुभव छ पुरानो झन् नयाँ सम्झनामा
प्रतिपल कवि बन्थे लीन झन् कल्पनामा

६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिशाप-७

छन्द—भुजङ्गप्रयात

उता देखिंदा पूर्वमा पूर्णचन्द्र
यता शारदा-पुत्र छन् अस्ततन्द्र
उता माथि आकाशमा शुक्रतारा
यता कल्पनाभित्र झल्क्यो सितारा

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतै हर्ष उल्लासको चाडवाड
यतै काव्यले पीर मेट्ने बहाड
लिई लेखनी लेख्न लागे गमेर
ब्यथाको कथा अड्छ कैह्ले जमेर

२

हुँदा संझनाबाट झन् तीव्र मर्म
पुरानै कथाको चल्यो काव्य कर्म
पुराना, नयाँ वेदनाका निशाना
सबै संझँदै लेख्न झिक्थे तराना

३

ब्यथाकै कथाबाट निस्कन्छ बिन्दु
बन्यो काव्य गम्भीर कारुण्य सिन्धु
यही सिन्धुमा देखिए स्पष्ट इन्दु
त्यही इन्दु झैं लाग्छ सिन्दूर विन्दु

४

कथा, कल्पना, कामना, वासनाले
व्यथा, वेदना, सम्झना, तिर्सनाले
जहाँ पाइलो राखियो भावनाले
उघारेर घुम्टो त्यहाँ हेर्नथाले

५

थियो उग्र गर्मी हुँदा भीड जम्बा
कुरा गर्दथे आइमाई बिकम्बा
उभन्दा उ बोल्ने उभन्दा उ जान्ने
त्यहाँ छैन कोही नबोल्ने नजान्ने

३

कुनैले भने—रूप राम्रो रहेछ !
कुनैले भने—दाँत मोटो रहेछ !
कुनैले भने—काँट सानो रहेछ !
कुनैले भने—लच्छिनै को रहेछ !

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले भने--हेरिदेऊ पुलुक्क
कसैले भने हाँसिदेऊ मुसुक्क
कसैले भने--बिसिदेऊ भुसुक्क
कसैले भने—भागिदेऊ लुसुक्क

८

कुनै भन्दथे--छन् निकै नै चलाक
कुनै भन्दथे—तोरियाँ झैं छ नाक
कुनै भन्दथे—पातलो है शरीर
कुनै भन्दथे—मान्नुपर्दैन पीर

९

थिए कुण्ड पानी झिके मुण्ड बुद्धि
कहाँ के भयो ! त्यो कुनै छैन सुद्धी
बडो खल्बली लाग्छ चौपट्ट झर्को
सुन्य कानो फुट्ने अवाजै छ चर्को

१०

कहाँबाट को साथ पाएर आएँ
कहाँ कल्पनाकाशभित्रै बिलाएँ
बसेको थिएँ झ्यालमा खान हावा
बथानै चरा उड्दथे खाई कावा

११

पिता एक आधार साथी सहारा
सदा सम्झने प्राणभन्दा पियारा
कुनै रात एक्लो नछोड़ने मलाई
त्यहाँदेखि भिन्नै पऱ्यो सुत्नलाई

१२

झमक्कै परेथ्यो जसै सुस्त साँझ
गए आफसे आफ घट्तै समाज
खटाए त्यहाँ भिन्न कोठा मलाई
गई दीप बालें सलाई जलाई

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ जिन्दगीको नयाँ एक साथी
त्यहीं बस्तथिन् भूइँ ओछ्यानमाथि
थियो पिल्पिले दीप हल्लीरहेको
थियो आँसु गङ्गा बहे झैं बहेको

१४

सबै ठान्दथे रात पैल्लो बिहाको
म ठान्थें अहो ! रीत ल्याए कहाँको ?
पिता साथ छुट्ता म जस्तो छु आधा
छ उस्तै उनैलाई या पीर बाधा !

१५

यता तर्क काट्ने खडा भो वितर्क
मनैले भनें-ए, यतातर्फ फर्क !
बितेकै अरे ! बाबु आमा त तिम्रो
रुने काम के काम यस्तो नराम्रो !

१६

भएको छँदै छैन कैल्यै चिनारी
भनूँ के गरी ? एक अज्ञात नारी !
जसो जे गरी बस्तछिन् लौ बसून् त—
भन्यो, चित्त भन्थ्यो भनिन् के ल सुन् त !

१७

हितैषी बडी बन्न खोज्ने समान
बिगारेर बेढङ्गले काम काज
नबुझ्दा यसै चित्त, टोलाउँदामा
कुरा काट्तछन् अर्थ लाएर लामा

१८

न वा चित्तमा पीर त्यै हो परेको
गिज्याएर बेकार ठट्टा गरेको
समालोचना ! रूप यस्तो र उस्तो
बडो बुज्रु क्याई विना मोल सस्तो

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरून् आपनु कर्तव्यले खानपान
दिऊन् जो सक्यो दीनको लागि दान
कुनै छैन वास्ता वृथा गर्न चासो
अहो ! सुन्छ को ! आज यस्तो गुनासो

२०

छ थाहा कसैलाई ? के हो विवाह !!
विना सोच के काम हो वाह ! वाह '!! ?
खुला जिन्दगी बारियो बारभित्र !
बिलायो सफा सभ्यता सच्चरित्र

२१

दिई उच्चशिक्षा बनाऊन् सिपालु
कुनै छन् भने मित्र त्यस्ता दयालु
कलीलो कली झैं छ कच्चा उमेर
विलासी बन्यो जान्छ बिग्रेर खेर

२२

भए दम्पती रे ! विना हेलमेल
कता हो चिह्नारी ! कता हाँस खेल ?
विना मेल के काम गर्छौं विवाह ?
कहाँ बग्छ झन् प्रेम गङ्गा प्रवाह !

२३

पराधीनता जान्छ चैतन्य चोला
नतीजा कहाँ सम्म केसम्म होला !
मनुष्यत्व अन्यायमा पिल्सिदामा
दबेको छ संकष्ट भोगेर लामा

२४

बल्यो भित्र विद्रोहकै एक राँको
चल्यो के वले छोडुँ झैं लाग्छ डाँको
बितेको बितीगो जसो जे त होला
भविष्यै न हो वर्तमानै त होला !

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसो कान थाप्यो थियो सुँक्क सुँक्क
न निद्रा थियो नैनमा झन् पटक्क
निभ्यो हल्लँदा हल्लँदै सूक्ष्म बत्ती
सुतेको, बसेको नथाहा छ कत्ति

२६

पंता अंस्पटायो, उता छट्पटायो
हुँदा खाट अग्लो कता पल्टिआयो
लडी भूइँ ओछ्यानमा होश पायो
कुनै सम्झना छैन कैल्ले निदायो ?

२७

उषाकालले मन्द हावा चलायो
लता, वृक्ष, शाखा, प्रशाखा झुलायो
थिए शीत थोपा नयाँ पालुवामा
थियो बाफ उड्दो नदी बालुवामा

२८

हिंजोको उनै इन्दुको दिव्य कान्ति
भयो आज फुस्रो कतै छैन शान्ति
थिए झल्कने नैनतारा सितारा
हराएर लागी सकेछन् किनारा

२९

चल्यो नित्य पूजा, बज्यो शंख घंट
गल्यो देह सर्वाङ्ग सुक्खा छ कंठ
परेला चिसा, नैनका डील राता
व्यथा वेदनाले थिए श्वास ताता

३०

व्यथाको कथा भित्र लामो रहेछ
कथामा अझै चोट चर्को रहेछ
सबै रोगको भोगको म्याद हुन्छ
अवच्छिन्न के रोगले दुःखदिन्छ ?

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उठी निस्कँदा भानु आईसकेछन्
सबैले नुहाई धुवाई सकेछन्
सकी स्नान, सन्ध्या तथा खानपान
पऱ्यो झन् उतै तर्फ फर्केर जान

३२

हुँदा बेलुका रात दोस्रो उताको
भयो बेपता झैं सहारा पिताको
चियाए त्यहाँ इन्दुले झ्यालबाट
बजेको हुँदो हो घडी सात आठ

३३

थिएँ एकलै, शून्य लामो छ कोठा
थिए जूनकीरी त्यहाँ एक दोटा
चल्यो स्याँठ ओढ्ने लिएँ ढाक्न अङ्ग
यसो पल्टँदा भै रहन्थ्यो जुरुङ्ग

३४

निकै बेरमा अर्धनिद्रा हुँदामा
खुल्यो चेतना भावना आउँदामा
चिसो स्पर्शले मात्र नै प्रेमपात्र
बनेको थियो पूर्ण रोमाञ्च गात्र

३५

न ता आफ्नु इच्छा न वा प्रेरणा हो ?
न ता हो तराना न वा कल्पना हो ?
न थाहा थियो गुप्त भित्री रहस्य
उनैले बुझुन् मर्म भावी भविष्य

३६

भएँ शून्य आकाशमा लीन जस्तै
परें नींदमा कल्पिदा सुस्त सुस्तै
उज्यालो हुँदा गै सकेछन् विलाई
चिह्नें स्वप्न-संसारको भ्रान्तिलाई

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थियो बार कल्पान्त झैं दुर्निवार
भए भानु अस्ताचलै देखि पार
घरै फर्कंदा भावना साथ साथ
गलेको थियो गाथका साथ माथ

३८

थियो इन्दुको ठाउँमा शून्यविन्दु
थियो चित्तमा उर्लंदो तर्क सिन्धु
"पितालाइ झन् आज आराम छैन"
सुनी भित्र भित्रै रसाएछ नैन !

३९

न ता रोग लागी परेको बिछ्यौना
न ता पीर मानी गरेको बिलौना
न थाहा भएको थियो आजसम्म
न होला र्‍तै आज के भो ? अचम्म !

४०

भयो आज मिश्री यसै फट्किरी झैं
भए इन्दु साना कठै जुन्किरी झैं
कथा झैं भयो हर्ष उल्लास चाड
सबै तर्फ देखिन्छ कालो पहाड

४१

सियो झैं बिझ्यो सिस्नु झैं झंझमायो
सबै अङ्ग भूकम्प झैं डग्मगायो
गल्यो हात गोडा, ढल्यो धैर्य झण्डा
भयो दाह गर्मी, कतै छैन ठण्डा

४२

न ता रात हो, साँझ हो या बिहान
न ता मूल हो आँसुको या मुहान
विपत्तासँगै रात पाँचौं बितेको
पितालाई झन् रोगले नै जितेको !

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निराशा हुँदा घाटमै लानुपर्ने
पऱ्यो खल्बली झन् न टारेर टर्ने
यही पीरले हो कि आकाश रोयो
अँध्यारो छटाले सबैलाइ छोयो

४४

थिइन् मालिनी फूलवारी सिंगार्ने
सिंगारेर जस्तो सकिन्थ्यो सपार्ने
लतामा पऱ्यो वृक्षको बोझ भार
खपेकी थिइन् यातना बार-बार

४५

हुँदा हुन् शयन् भित्र चिन्ता र बाधा
खली खान सक्ने न पिल्सेर ज्यादा
सहेरे सबै भोग आई परेको
सके झैं गरी काम देख्थें गरेको !

४६

थियो रोग सारै कडा सन्निपात
अकस्मात् परेको थियो वज्रपात !
स्वयं ओह्लिंदा घाटमा जानलाई
भनेको थिएँ साथ लानोस् मलाई

४७

झरी वैरिंदामा नपाएर लान
भएको थियो घात जस्तै दलान
बसेका थिए जो थिए इष्ट मित्र
पिताको हुँदा अन्तरात्मा पवित्र

४८

त्यहीं नै भयो पूर्ण दान प्रदान
भयो पाठ औ राम नामादि गान
हुँदा वासना योग अभ्यास गर्ने
पितालाइ त्यो सुन्न भन्नै नपर्ने

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुरी आउँदा पन्छिए मेघमाला
थिए इन्दु नै अर्धमात्रा उज्याला
सबै तारका झल्किए विन्दु,विन्दु
भयो व्योम ओंकार चैतन्य सिन्धु !

५०

परब्रह्ममा मिल्न बाँकी हुँदामा
कडा मोहमाया सबै बिर्सदामा
लग्यौं घाटमै रात आधा हुँदामा
जहाँ बस्तथिन् अम्बिका एक आमा

५१

थियो एक ओढ्ने र भोटो सुराल
थियो हातमा आँसु पुछ्ने रुमाल
रुँदै नै गएको थिएँ एकनास
विना शब्दले झन् ततएर श्वास

५२

नजिस्क्याउ ए तारका ! पिल्पिलाई
तिमी हेर्दछौ चन्द्रमा ! के मलाई !
चिसो भै उसै घोच्तछस् ए बतास ?
भएको छ यो चित्त मेरो हताश !

५३

उही काल हो सृष्टि सारा सिंगार्ने
उही नै भयो आज सारा बिगार्ने
थियो खास अङ्गूर अत्यन्त मीठो
भयो कष्टकारी असाध्यै नमीठो

५४

"तँ बाहेक मेरो अरू छैन कोही
तँ टाढा हुँदा बस्छु झन् रोई रोई"
नजीकै बसेको छु है छैन टाढा
उही छन्दमा रङ्ग नै छैन गाढा

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"म एकै छु सर्वत्र देखिन्न भिन्न
त्यसैले विपद्‌मा हुँदै हुन्नँ खिन्न"
भनेको सुनेको थिएँ हाय ! आज
रुवाएर के काम जाने समाज !

५६

उठी घाटको द्‌श्य हेरेर सारा
सुसाई बहेको नदीको किनारा
स्वयं पल्टँदाखेरि ओंछ्यानमाथि
फुकेको थियो प्राणले झन् खलाँती

५७

कुनैले गरे पाठ गीता लिएर
सुनेको थिएँ ध्यान मैले दिएर
"न ता मर्छ यो या न जन्मन्छ कैले
न मारेर मारिन्छ यो देह कैले"

५८

भयो माझमै पाठको रोकथाम
भयो अङ्ग शीताङ्ग छाम्दा तमाम
जहाँ देखिएको थियो ब्रह्मनाल
त्यहीं नै भयो आखिरी अङ्कमाल

५९

हुँदा वर्ष पूर्वार्धको मात्र पार
हुँदा योग वेदान्त चर्चा अपार
सबै बिर्सिई मोह, माया, पियार
पिता हाय संसारको सिन्धु पार !!!

६०

दृढतर ममताका ग्रन्थि सारा फुकेका
हृदय हृदयभित्रै बेपता भै लुकेका
अपरझट चलायो कालले घोर आँधी
लिन पनि परिहाल्यो मौनमुद्रा समाधि

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पितृ शोक—८

छन्द—वियोगिनी

कविका अनुभूतिका व्यथा
विपनामा सपना बने कथा
अनुभूति रहेछ वास्तव
कविता, काव्य तथा स्तुति, स्तव

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति वर्ष बिते, गए पनि
जति कार्यान्तरमा भुले पनि
अनुभूति हुँदै नयाँ नयाँ
सपना याद दिलाउँथ्यो नयाँ

२

सुख, शान्ति, उमङ्ग, उत्सव
लिनकै निम्ति तयार छन् सब
मनले जति जे रुचाउँछ
त्यति को हासिल गर्न पोउँछ ?

३

व्यवहार कठोर कानन
अति निस्तेज तुल्याइ आनन
भउँतारिनु पर्छ भोकले
हृदयै पिल्सिरहन्छ शोकले

४

कति घाम असह्य जेठको
दिल झैं कल्मष पूर्ण सेठको
न छ पीर, पियास मेटिने
करुणाको जल-नै-न भेटिने

५

जति आत्तिन खोज्छ यो मन
उति आशा लिइ घुम्छ झन् वन
महको महिमा बताउँछ
तर खोटोतक मात्र पाउँछ

६

रसपूर्ण असार मास छ
तर कासार समस्त शुष्क छ
किन शुक्लपटा विभावरी
तंममा अल्मलिई कठैबरी !

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविको अभिशाप जो थियो
मनको मित्र कुनातिरै थियो
जब फुर्सत पाउँथे तिनी
कवितामा मन लाउँथे पनि

८

न छ आत्म परात्म चिन्तन
लिन खोजी सुख शान्ति साधन
गतिलो परिणाम पाउने
दुनियाँमा कसलाइ पाउने !

९

सुख-सागरमाथि पौडने
रमितामा अघि लागि दौडने
अभिलाष भएर नूतन
सब संघर्षमयै छ जीवन

१०

सपना, विपना र कल्पना
कवि संकल्प, विकल्प, सम्झना
नयनाम्बु बने सरोवर
जसमा जीवन भो सरोबर

११

पितृ शोक गभीर सिन्धुमा
जति देखे प्रतिबिम्ब इन्दुमा
त्यतिलाइ लिएर लेखनी
शुरु गर्थे कविता वियोगिनी

१२

अहहा ! कसरी कहूँ म यो !
नबताई कसरी सहूँ म यो !
बहिरो जगतै भयो कि यो !
निठुरी दैव ममाथि नै भयो !

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिनु बादल वज्रपात यो
दिनमै भीषण मध्यरात यो
विनु हंस छ अंश सम्झना
विनु चैतन्य बहन्छ कल्पना

१४

रहँदैन कुनै निराश्रय
सबको निश्चय हुन्छ आश्रय
कसरी रहने म के० वल ?
न छ आकर्षण शक्तिको बल ?

१५

अनजान हुँदा न सम्झना
न त थाहै छ वियोग-वेदना
घटना ननिको पऱ्यो किन ?
सहने शक्ति ममा छ के भन ?

१६

सरजाम पिता जुटाउँछन्
जननी स्नेहमयी खुवाउँछिन्
तर ती दुइटै कथा भए !
कहनै सक्तिनँ हा ! कता गए !!

१७

जननी ! भनि गर्न कल्पना
अनुहारै तक छैन सम्झना
सब थोक भुलाउने पिता !
किन छोडेर चटक्क बेपता ?

१८

वचनामृत विन्दु विन्दुमा
शिशु वात्सल्य पवित्र सिन्धुमा
जति खेल्न सकें भयो कथा
चहरायो गहिरो भई व्यथा

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहिल्यै नगरेर ताडना
दिन सक्ने जसलाइ सान्त्वना
उसलाइ सहानुभूति नै
पनि सक्तैन सुनाउनै कुनै

२०

शिरमा अति बोझ भार छ
उरमा उत्कट पीर मार छ
न छ उन्नति गर्न साधन
युग नौलौ छ न यो पुरातन

२१

दिनका दिनको मिजासमा
कविताको रसिलो मिठासमा
भुलियो जतिसम्म हा ! अब
हुन लाग्यो अलपत्र झैं सब

२२

जति कष्ट कडा परे पनि
सुखका साधन वैरिए पनि
सहने जति जे भए पनि
कहने होइन शब्दले पनि

२३

इतिहास र राजनीतिको
गफ सामाजिक भिन्न रीतिको
अझसम्म छँदै छ कानमा
गजबै शक्ति थियो बयानमा

२४

कति सङ्गत साधु सन्तको
कति वेदान्त कथा पुराणको
सम दुःख सुखी दृढव्रती
लिन सक्ने शिव सम्झने मति

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवयौवन शून्य जोशमा
नपुगेको कलिले उमेरमा
अपमान मबाट के भयो ?
पहिलेको करुणा कहाँ गयो ?

२६

मनभित्र विराग आउँदा
चिर अध्यात्म उपासना हुँदा
विष झैं विषयाभिलाषको
ममता चट्ट चुँड्यो कि आशको ?

२७

ममता पनि एक काँच हो
उसमा झन् अनुभूति आँच हो
नरमानरमी हराउँदा
गरमै भो र सुक्यो कि त्यो सुधा ?

२८

जति तर्क वितर्कले पनि
कसले उत्तर दिन्छ यै भनी
सहवास कठै ! छुट्यो !! छुट्यो !!!
भवको वैभव दुष्टले लुट्यो !

२९

रमिता रसिलो विवाहमा
सब ताजै अझसम्म थाहमा
अहहा ! छिनभित्रमा किन ?
चकनाचूर गरी दियौ मन ?

३०

जल एक गिलासले पनि
घरको मान मिजासले पनि
नचिनेर नयाँ बधू पनि
हिंडिहाल्ने छ कसूर के अनि ?

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिवर्तन हुन्छ रूलले
क्रय छोडी कसको कबूलले
युग फेर्दछ हायः काँचुली
खुशियाली पनि शोकमा मिली

३२

पद युग्म गरेर वन्दन
रजको रोज लिएर चन्दन
अघिसम्म हुने म पावन
अहिले नै अपराधभाजन ?

३३

दिन, रात, बिहान, साँझमा
घरमा या त समाज माझमा
पछि लाग्न म पाउने सँगै
नहुने भो किन एकलै नगै ?

३४

महलै सरिको मनोहर
घर साधारण नै थियो तर
घनघोर र खोर झैं भयो !
समवर्ती किन चोर झैं भयो ?

३५

भरिपूर्ण सबै जना हुने
गफमा भुल्न र खेल्न आउने
पहिले त रमाइलै थियो
अहिले शून्य मसान झैं भयो !

३६

दिनमा गफमा र बातमा
भुलिहाले पनि शून्य रातमा
चिर शान्ति लिई निदाउँथें
कति न्यानो प्रिय काख पाउँथें

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न त रोग सताउँथ्यो कडा
न त आरोग्य थियो कुनै खडा
न गल्यो अभिशापले पनि
मुखको कान्ति निदाउरो बनी

३८

प्रतिभा गुण झन् विचित्रको
त त नामै छ प्रमाण-पत्रको
कवि पण्डित मानिए पनि
न थियो उन्नतिशील जीवनी

३९

बसि दक्षिण तर्फ झ्यालमा
गफ गर्दा पनि ख्याल ख्यालमा
घतिला कति सूक्ति माधुरी
रमिला झै बहने सुधासरि

४०

अभिमान थियो विना रिस
कति पर्थे वशभित्र मानिस
बुझि वाक्पटुता र मित्रता
गुण-गाम्भीर्य र सच्चरित्रता

४१

तप छैन, छ आत्मसंयम
छ सदाचार विलास कायम
बल छैन, विचित्र शक्ति छ
न छ आडम्बर शुद्ध भक्ति छ

४२

गफ खूब छ छैन चाहना
ममता व्यक्त छ छैन वासना
अभिलाष छ छैन वञ्चना
गहिरो ज्ञान छ छैन सिर्जना

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न छ आश कतै, छ सङ्गत
न छ लोभै नभएर दौलत
न छ झेल अनेक खेल छ
न हुँदा खायस हेलमेल छ

४४

दिल हो प्रणयी छ निस्पृह
खरहै हो, न छ आँसुको रह
व्यवहार छ, मोह शून्य छ
न त हो अन्य न त्यो अनन्य छ

४५

गुण-गान न पार पाइने
जन साधारणमा नपाइने
कसरी हुनसक्छ बेपता !
नमरेसम्म नबिर्सिने पिता !

४६

जड यो जति चल्छ लेखनी
जल झैं बग्दछ उत्ति जीवनी
सतहै गहिरिन्छ सम्झना
जसमा बुद्बुद बन्छ वेदना

४७

लवलीन विलीन भो मन
मनमै तन्मय बन्छ जीवन
घटना छ अतीत भूतमा
बहँदै आउँछ वर्तमानमा

४८

नव पल्लव वृक्षमा थियो !
रजनीको अति कालिमा थियो !
चकमन्न मसानको थियो !
बहने विष्णुमती नदी थियो !

४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म विचेत थिएँ थिएँ कहाँ ?
बिउँझायो कसले गई कहाँ ?
कुन चीज छ हाय ! हातमा ?
मन झस्कन्छ मसान घाटमा ?

५०

जल कल्कल गर्दथो जहाँ
किन हो लाश नुहाइयो त्यहाँ
नव वस्त्र सफेद ढाकियो
अनि के गर्न मलाइ डाकियो ?

५१

पछि लागि लुरू लुरू गएँ
लहुरो लोचनहीनको भएँ
'दिनुपर्दछ दाग-दीप' रे
सुइरा झैं दुइ कानमा परे !

५२

पलँगै सरि खात दाउरा
उसमै लाश लतारि पाखुरा !
यहि हो ? पितृ-देह-दर्शन ?
किन फुट्तैन नि हाय ! लोचन ?

५३

जसको म पियारमा सधैं
लिइ आलिङ्गन बस्तथें सँगै
उनकै बदनारविन्दमा
कसरी दीप दिऊँ ? मिलोस् क्षमा !

५४

असिना नयनाम्बु बर्बर
घृत, कर्पूर लिएर हर्हर
कतिपल्ट परिक्रमा गरें ?
कहनै सक्तिनँ हाय ! के गरें ?

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिरिरिर्रं बतास क्यै चल्यो
सहजै दीपक हर्रं भै बल्यो
मुख टप्प टिपेर दन्कियो
कविताको रस भित्र थन्कियो !

५६

नभमाथि छ मेघ-मण्डल
तल फुस्रो भइ धूम-मण्डल
कणिका छरिंदा चिताग्निका
सब उड्छन् रवि, चन्द्र, तारका

५७

कति शेष छ यो महानिशा !
न कतै छुट्टिन सक्तछन् दिशा
दिइ दीपक अर्ध दाहमा
डुबियो शोक महा-प्रवाहमा !

५८

कटु शब्द हुचील स्यालको
मुख कालो विकराल कालको
भवभित्र छँदा छँदै तम
मन. मा. नै किन घुस्छ झन् त. म. ?

५९

रविकी परिचारिका उषा
छविको मुख्य कुचो लिई उता
स (श) व फोहर सोर्न आउँथिन्
कवि वाणी सरि भै उदाउँथिन्

६०

सकिए पछि अस्थिसञ्चय
लहरो तुल्य लडें निराश्रय
स (श) व भस्म भईसक्यो जली
कसलाई म दिऊँ तिलाञ्जलि ?

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु नै उपदेश सारमा
जननी स्नेहमयी पियारमा
किन दैव ! दया नलीकन
पितृ चिन्तामणि नै हऱ्यौ भन ?

६२

कति दुःखित औ अनाथ छन्
सबको एक न एक नाथ छन्
असहाय म हाय ! के गरूँ
मन लौ झट्ट उपाय के गरूँ ?

६३

बरबाद हुँदा सबै कुरा
धसिंदामा अति धारिला छुरा
अपराध रहेछ कर्ममा
किन पर्थ्यो यति चोट मर्ममा ?

६४

कुन साइत पाइ जन्मिएँ
कुन संकष्ट सहेर हुर्किएँ
न रहोस् नर-देह नश्वर
अपराधी म समान को छ र ?

६५

बटुवासरि दस्यु वञ्चित
बिच बाटो अलपत्र शङ्कित
म भएँ मणिहीन गो. मन
कसले सुन्छ अरण्यरोदन ?

६६

सुख शान्ति गयो कता कता ?
मृगतृष्णा छ जता गयो उता
भइयो हुन सम्म वेपता
अहिले हा ! म कता ? पिता कता ?

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघिको सब हाल हालमा
छ कथाभित्र कथा सवालमा
जति छन् सब शत्रु मात्र छन्
रिस गर्ने बहुतै कुपात्र छन्

६८

अभिलाष उड्यो, उड्यो मन
ममता तार चुँड्यो चिरन्तन
रस रङ्ग भरङ्ग झैं भयो !
रमिता दङ्ग तरङ्ग झैं गयो !

६९

कुन इज्जत, मान हो कुन ?
कुन हो उन्नति ? शान हो कुन ?
कुन धर्म, इमान हो कुन् ?
कुन साक्षी र विधान हो कुन ?

७०

जल चंचल, चित्त चंचल
ममता चंचल, मान चंचल
सब हर्ष-विषाद चंचल
गहिरो चोट भएन चंचल

७१

तनको, मनको, विचारको
घर, संसार अपार हारको
नव रत्न अमूल्य हे मणि !
अब पाऊँ म कहाँ शिरोमणि ?

७२

जसको प्रतिभा प्रभाव छ
उसको अंश यहाँ प्रभात छ
त्यसकै लिइ लालिमा प्रभा
फिंजिएला नव काव्यको प्रभा

७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गहिरो अनुभूतिभित्र छ
घटनामा जति जे चरित्र छ
तर झट्ट उतार्न सक्तिनँ
करुणादेखि म केहि देख्तिनँ

७४

रज, वीर्य, चिवंश हो उही
मत, सिद्धान्त, विचार हो उही
न रहोस् न अजीव चित्र त्यो
कवितामा छ सजीव चित्र त्यो

७५

कवितामय शान्ति इन्दुमा
करुणाको रस-पूर्ण-सिन्धुमा
जति उत्रन खेल्न पाउँथे
त्यतिमा ती बहना खियाउँथे

७६

करुणा रसबाट भक्तिमा
मन फर्क्यों कवि-शब्द शक्तिमा
अव-तारमयी सरस्वती
जननीको स्तुतिमा गयो मति

७७

अनुभूति र तीव्र सम्झना
कविता, तर्क वितर्क, कल्पना
सब हुन् जल बुद्बुदोपम
त्यसमा के छ विधान वा क्रम ?

७८

नर जीवन पूर्ण चेतन
कविता शान्ति सुधा निकेतन
नयनाम्बु-निदान सत्व हो
परिणामै पनि शान्ति एक हो

७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियता प्रिय वस्तुमा छ जो
बदलिन्छन् प्रियवस्तु ती अहो !
यहि हो भवको नवीनता
परिणामै यसको कता कता

८०

अयि ! मञ्जुल-हंस-गामिनी !
करवीणा ! जननी ! निनादिनी !
अब जाऊँ म ठाउँमा कुन ?
भन आमा ! भन शारदे ! भन

८१

जनको मनको तिमी गति
स्वर वाणी लय कल्पना मति
धन, धान्य, उपाय, उन्नति
जगदम्बे ! अब हेर यो गति

८२

जननी चरणारविन्दमा
उपमा मिल्न सकी मिलिन्दमा
जति कष्ट परोस् सहूँ सहूँ
पछिसम्मन् अजरामरै रहूँ

८३

परिपञ्च जुटाउँदा पनि
सहजै छन् कति काव्यका धनी
जगदम्ब पुकार यो सुन
कविताले परिपूर्ण होस् मन

८४

स्वर, विन्दु र अक्षरै तिमी
पद औ वाक्य र पुस्तकै तिमी
जड, चेतन यो चराचर
सब तिम्रै वरदानको भर

८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिंदैन सधैं रटे पनि
स्तुति धाता श्रुति शेषले पनि
कसरी सकुँला म हे मुमा !
गर यो भक्त अजानमा क्षमा !

८६

नभमा, जलमा, जमीनमा
झरनामा, गिरिमा, अरण्यमा
प्रकृति स्थितिमा निरन्तर
जननी केवल छौ बराबर

८५

कतिसम्म म रूँ कि वा मरूँ
कुन तिम्रो म उपासना गरूँ
अपरा र परा दुवै तिमी
म हुँ पानी र समुद्र हौ तिमी

८८

रस-दान-विशारदा सदा
जननी सार्थक नाम शारदा
कवितामृत विन्दुले भर
अरु आमा ! भवभित्र के छ र ?

८९

जननी नभए छ रौरव
जननी छौ सबमा छ गौरव
त्यसकारण काव्य वैभव
भर चोखो दिलभित्र उत्सव

९०

ऋषिपुङ्गव वेदव्यासको
कवि वाल्मीकि र कालिदासको
प्रतिभा कुन ठाउँभित्र छ ?
जसको कीर्ति अझै पवित्र छ

९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि सञ्चित दिव्य कोषमा
छ भने अंश समस्त लोकमा
अनजान अनाथ भक्तमा
थपिदेऊ समबन्धु भावमा

९२

म समान अजान जो थिए
सब ती आज कता कथा भए ?
कति छन् कविता धुरन्धर
जननीबाट मिलेर नै वर

९३

अरुसाथ डुली हिंडे पनि
दिनमा हे जननी भुले पनि
अब साँझ पऱ्यो म फर्किएँ
रस लागेन म आज झर्किएँ

९४

जब लाग्दछ भोक पेटमा
तब रोईकन मातृ-भेटमा
कति बालक पिर्दछन् मुमा
त्यहि नै. सर्गिक जान है ! ममा

९५

म भए अपराधको घर
जननी पापहरा दिने वर
विष यी विषयी व्यथा हर
जगदम्बे जुन गर्नु हो गर

९६

अब अन्तिम वाक्य एउटा
सुन आमा ! झिक दिव्य त्यो छटा
रुखबाट कि कोपिलै झरूँ
कि त फक्रेर सुवासना भरूँ

९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब भक्ति-रस-प्रवाहले
भव-दावानलका शिखा गले
तब ती कविको सफा दिल
अब भो चन्द्र-मरीचि-शीतल

९८

सरस तर पुरानो शोकको सम्झनामा
स्मरण र सपनाका यादको वेदनामा
भरसक कविजीले एक माला बनाए
हृदयबिच रहेकी शारदामा चढाए

९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यौवन ९

छन्द—द्रुतविलम्बित

कटु, कठोर, कडा कवि-जीवन
कहर, कष्ट करोड सहीकन
रहर खोज्न नदी बहँदै गयो
शहर सङ्गममा कहँदै गयो .

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बदलियो त अलीकति काँचुली
वदलिए दिनमा हिमका चुली
रवि सुवर्णसमान पहेंलिए
कवि भने विषयैतिर हेलिए

२

दिन तथा महिना अनि वर्षले
कति बिते कति शोक र हर्षले
अलमलै पनि वढ्नगयो जति
कलमको गति मन्द भयो उति

३

यमक भो कविको जव जीवन
यमककै कवितातिर लम्कन
कथिरहूँ स्थिर हूँ मन भन्दथ्यो
श्रम नभै मनभै किन बन्दथ्यो

४

समयको परिवर्तनले खुली
सरस ती कविका कविता कली
सँगसँगै चढि जीवन वृक्षमा
ठहरियो हरियो वन मध्यमा

५

सकल पात सुकेर झरे पनि
अचल मूल थियो रसको धनी
जति रहस्य छ जीवनभित्र छ
प्रकृतिको कृतिकोष विचित्र छ

६

सयथरी व्यवहार समाजका
दिन र रात, बिहान र साँझका
स्मरणमा रण मात्र गरे व्यथा
विरसिला रसिला अघिका कथा

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघिसरिन् लिन त्यो सब कल्पना
अमृतको रसको रसिलोपना
असुरको सुरको रणमा बनी
गजबमा जब मानस-मोहिनी

८

कवि तयार भए अलमल्ल भो
गम गरेर बसे झलमल्ल भो
द्रुतविलम्बितता गतिले लियो
कलम कालम कागतमा थियो

९

न त सुते बिचरा बिच रातमा
डुलिरहे दिनका दिन काममा
न त पुग्यो मनमा मनमाफिक
भुलिरहे कवि ता कवितासित

१०

धन र उत्सवमा सब मानव
अधन झन् भइँदा भइ दानव
हृदयलाइ जलाइ जलाउँदा
विषसमान बने न बने सुधा

११

कवि परी विपरीत परिस्थिति
विभवको भवको ननिको गति
स्तर बुझेर बुझे व्यवहार यो
सकसको कसको छ बहार यो

१२

विवश भै वश भै व्यवहारमा
मन परे नपरे पनि हारमा
कवि रही विरहीसरि विश्वमा
बदलिए दलिए सुख दुःखमा

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतु अनेक थरी कसरी बिते
न जितिए सब ती कविले जिते
गरिरहे अनुभूति गतागत
सरस नीरस निद्रित जागृत

१४

उदय निर्भय लाग्छ वसन्तको
चलन चल्दछ वास्तव सन्तको
रहरमा हर मानिस मस्त छन्
कुन धनी न धनी अलमस्त छन्

१५

कुसुमका गहनाहरू झल्किदा
टलकले नवपल्लव टल्किदा
सब मिलिन्द सितार बजाउँछन्
रसविषे सविशेष भुलेर झन्

१६

कुटिल लाल मनोहर कोपिला
भइदिएर पलाँशविषे खुला
प्रिय-नख-क्षतको उपमा लिन
वनरमा नरमाउँदथिन् किन ?

१७

न त छ घाम कडा, न त शीत छ
प्रकृतिको न त हार न जीत छ
मणिमनोहर झल्ल हिमालय,
हुन गयो नग यो महिमालय

१८

सब चराचरमा चरमाश्रय
प्रणय, मान हुँदा, नहुँदा भय
विनयको नयको छ उपासना
पवनको वनको छ सुवासना

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर पञ्चम राग जगाउने
समयको गुण गौर-व-गाउने
म पनि सोच्छु नि कोकिल ! लौ कहू !
वचन सोचन सो कुन हो कुहू !

२०

वदनमा छ 'उहू' वनमा 'कुहू'
सँगैसँगै अहिले कसरी कहूँ !
जलन यो हुन सक्छ निवारण !
मदन दन्दन दन्कन कारण

२१

ऋतु वसन्त विभाव हुँदा हुँदै
प्रकृतिका अनुभाव छँदा छँदै
प्रणयिनी दिल गर्दछ चाहनी
खुशपना सपना भइ सम्झना

२२

तरहको रहको रुचि नैनको
जलप राग पराग मुहारको
अलखका लखका लहरा झुले
कुसुम आनन काननका फुले

२३

उपवनै पवनै चलि दक्षिण
छ रसिलो र सिलोक प्रतिक्षण
रसिक हो ! सिक होड गरी गरी
अलिअली अलि भन्छ अडी अडी

२४

स्तवकले परिपूर्ण उरास्थल
किसलयारुण ओठ छ चञ्चल
कुसुम हास्य र लास्य छ तैपनि
किन भनूँ न भनूँ म नितम्बिनी ?

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकवरी कवरी छ कलात्मक
स्वर सुधार सुधा छ लयात्मक
सब लता तल तागतले गरी
गमनमा मन माफिक सुन्दरी !

२६

गजलले जलले सरि यो दिल
सरस शान्त तुल्याउन शीतल
कुशलता नवयौवनले दियो
रसिकता सिकता कणले लियो

२७

महलमा, हलमा, दरबारमा,
भवनमा, वनमा र पहाडमा
छ उनकै तसवीर समाजमा
शहरमा हर मानव माझमा

२८

हृदय यो जसलाइ रुचाउँछ
नयन हेर्न उतैतिर धाउँछ
अनि जता पनि हेर्दछ पाउँछ
मधुरिमा धुरिमाथि चढाउँछ

२९

भ्रमर काम र काज सिकाउने
पवनले वनले लय लाउने
पिक हुँदा गुण गौर. व. गाउने
प्रकृतिले कृति लेख्न सिकाउने

३०

उदयमा ऋतुराज वसन्तको
हृदय खल्बलिएपछि सन्तको
रसिक वोल्छ र खोल्छ परम्परा
पर हुँदा र हुँदा मनमा-कुरा

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सँग छँदा सँगिनी वन, भो घर
पर भयौ सँगिनी वन यो, घर
सँग छँदा धमिलो म न यो भयो
पर भयौ धमिलो मन यो भयो

३२

सदरमा दरमा जति मोल छ
प्रणयको महिमा अनमोल छ
अझ बढी प्रिय वस्तु छ गाउँमा
प्रणय छैन कहाँ कुन ठाउँमा ?

३३

पथ विभिन्न अनेक भए पनि
चरम लक्ष्य त एक छ तैपनि
प्रकृतिमा ऋतु नै वरदान हो
गजवको जब कोकिल गान हो

३४

कवि चरा बिचरासित सोध्दछन्
कुन चरी नचरी भइ नाच्तछन्
दिल भुलाउन, लाउन मित्रता
सरस शीतल शीतलता कता ?

३५

नगरमा गरमागरमी भए
सरस शीतल गाउँ छँदै छ ए !
यदि नहोस् रसिया किन गाउँथे
वखतमै खतमै गर भन्दथे

३६

दिन बिहान विहार निमित्तमा
तरखरैतिर बित्दछ चित्तमा
मिलन आश सितार बजाउँछ
विरहको रह कोहि सुकाउँछ

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब हिमाकरका करका कला
अघि सरेर उघार्दछ कोपिला
तब दिवाकरले करले गरी
त्यजिदिए करका चलको धुरि

३८

जलद घेर्न तयार भए पनि
कुसुम बान्धवको मुख तैपनि
महलभित्र पसेर चियाउँछ
पलँगकै लँगकै तिर धाउँछ

३९

तरल शीतल शीत बतासले
सहज पंकज पंकविषे फुले
वदन चन्द्र न चन्द्र भए मुख
फरर केसर केश छ हो मुख

४०

वदन होइन निर्मल चन्द्र हुन्
किरणका रणकारक दन्त छन्
कमल लोचन भन्न सकिन्न र ?
सुनयना नयनाम्बु सरोवर

४१

अधर दारिमका कुसुमै न हुन्
कि त मुगा अथवा शुक चञ्चु हुन्
स्मित र दन्त हिमालयकै छवि
किन हुने नहुने भन लौ ! कवि !

४२

रहर हो हर होश हराउने
प्रणय निर्णय निम्ति सताउने
चपल भै नवयौवन चम्कियो
सहजमा हजमा हजमी भयो

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुवदना वदनामृतको रस
कुसुम - सायकको विजयी यश
सँग रहेर यथारुचि तैपनि
तर हरे ! र हरे दिल हुन्छ नि !

४४

मन रमी नरमीपनमा सदा
तन भरी नभरी नहुँदा सुधा
श्रम भरी म भरी रहुँला लय
गर तिमी ऋतुनायककै जय !

४५

युवक भाव विशेष छँदै थियो
प्रणयबाट यसो पर के भयो !
यमक भाव हटेर स्वतन्त्र यो
कलम वीर समागम मन्त्र भो !

४६

युवक हो प्रणयातप पारिलो
युवक हो खुकुरी पनि धारिलो
तर दुवै पथको अभियानमा
दिल घुम्यो कविको नवभावमा

४७

कमल झैं छ मनोहर लालिमा
भ्रमररेख जुँघा मृदु ओठमा
चमकदार मुहार छ तेजिलो
युवक हो युगको छवि चम्किलो

४८

रुख बराबरका बलिया भुजा
छ रविको शशिको जसमा ध्वजा
फरफराउँछ हेर मजासँग
युवकको युगको रमितासँग

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयमा नित दङ्ग उमङ्ग छ
बल र साहसको नव रङ्ग छ
अकलको कलको कति ढङ्ग छ
युवक नूतन-रक्त तरङ्ग छ

५०

मुख भने कलिलो दरिलो मुटु
न कहिन्यै भइ बस्छ गुटूमुटू
रहरका हर कारण रोज्दछ
युग भरी युवकै हुन खोज्दछ

५१

छ गहना श्रमविन्दु ललाटमा
हृदय उत्सुक जाँगर काममा
अतुल तागत हिम्मत मूर्तिको
युवकलाई दवाउन सक्छ को

५२

सकसकाउँदछन् दुइ हात झन्
चलमलाउँदछन् नव भाव झन्
धरमराउँछ कत्ति न हिंड्नमा
लकपकाउँछ कत्ति न बोल्नमा

५३

प्रगतिको पथ उन्नतिको रथ
थरि थरी सपना र मनोरथ
सफलता दिनमा विपना सरि
युवकको रटना छ सधैंभरि

५४

कि पहरा, लहरा, छहरा, चरा
कि कविको, रविको,छविको जरा
सब हरा र भरा छ वसुन्धरा
प्रकृतिको कृतिको नव चेहरा

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति छ राष्ट्रियता, जति सभ्यता
जति विभूति र संस्कृतिका कथा
जति कला कविता लय गीत छन्
युवककै अवतार अनन्त छन्

५६

म रणमा रहने रणकेसरी
मरणमा निडरै छु सधैंभरि
शरण लिन्छु अनाथ गरीबको
दिल छ चुम्वकको नवनीतको

५७

हँसमुखी जननी म वनाउने
प्रणयिनी प्रणयै अपनाउने
सकल भाइ मिलाप गराउने
युवक हूँ कहिल्यै नडराउने

५८

म सुख शान्ति जुटाउन साधना
म जड पत्थर होइन कल्पना
मसित चेतनता छ असीम नै
युवक हूँ म त जान्दिनँ है रुनै

५९

अमर लोक शहीद म हूँ लिने
रगतको गतको भल हूँ दिने
घचघच्याइदिने बिउँझाउने
युवक शक्ति म हो विरु ल्याउने

६०

भुलुकलाइ ममाथि पुऱ्याउँछु
सकल राष्ट्रसमक्ष चिह्नाउँछु
अनि लिईकन मादल माझमा
युवक गीत म-गाउँछु साँझमा

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म हुँ फलाम यही नयपालको
नव कला महिमा म हिमालको
म हुँ सलाम लिने पनि वीरको
गजब भोजपुरे खुकुरी निको

६८

चमकदार छ पाइन धारको
म हुँ सहोदर नै तरवारको
असल बींड छ टप्प समाउन
अनि कलात्मक दाप निदाउन

६३

म रणकौशलनिम्ति सहायक
मरण होइन जीवनदायक
लिइ मलाइ सुहाउँछ पल्टन
सकल दुश्मन खोज्दछ पल्टन

६४

रहर भो रणको अभियानमा
फरर लाल रुमाल सिरानमा
कमरमा म छु वीर टनाटन
समर उत्सुक गद्गद आनन

६५

म हुँ प्रमाण दिने इतिहासको
अमरसिंह तथा बलभद्रको
अझ छ उज्ज्वल अद्भुत वीरता,
रगतमा-नव जोश दिने कथा

६६

रगतका पचका धडका उडे
शिर उछिट्टिइ भूतलमा, गुडे
तर म शत्रु सबै छपकाउने
म खुकुरी धडलाइ हिडाउने

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जपिरहन्छु सधैं जय ! गोरखा
भनिरहन्छु हरेस कतै नखा !
म हतियार भए पनि काट्तिनँ
कलह बीज कतै पनि राख्तिनँ

६८

म गहना अनमोल नरेशको
स्मरणमा पनि भावविशेषको
म बम होइन विश्व जलाउने
सतत निर्भय विश्व चलाउने

६९

म हुँ चिरन्तन संस्कृति देशको
उचित राष्ट्रिय गौरव भेषको
अझ छ शेष उही युगको कथा
चलिरहे पनि आज नयाँ प्रथा

७०

प्रकृति कृति उज्यालै हो जवानी वसन्त
मग मग भइ उड्ने वासना दिग्दिगन्त
कवि जति खुकुरी झैं चम्किए कल्पनामा
उनि उति गहिरिन्छन् काव्यकै सिर्जनामा

७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जागरण १०

छन्द--तोटक

कवि सत्य समाधि लिने शिव हुन्
कवि सुन्दर जीवन वैभव हुन्
जसको कविता महिमामय छ
जसको महिमा गरिमामय छ

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घनले मनमा मद छैन रति
मन निश्चल झन् तरुनो छ अति
न घमण्ड छ जान्दछ शास्त्र जति
उसको महिमा कति हुन्छ कति !

२

सपना कवितामय जीवनको
विपना ममतामय यौवनको
दुइ तत्त्व जुझे कविको दिलमा
नव बुद्बुदतुल्य बनी जलमा

३

दिन, रात उता नभमाथि जुझे
अति गुप्त भविष्य रहस्य बुझे
दिन भो विजयी तम दूर हटचो
प्रतिभामय उज्ज्वल कान्ति जुटचो

४

हिम शैल गजूर बन्यो सुनको
जसमा जब दृष्टि पऱ्यो उनको
तब शीतल निर्झरतुल्य झरे
कविता कवि ता अति दङ्ग परे

५

उचितै पद अर्थ र व्याकरण
ध्वनि, छन्द, अलंकृति वा चरण
सब मिल्न परिश्रम क्यै नपरे
किन दङ्ग नहुन् कवि नै ठहरे

६

हिम-शेखर चेतनको मगज
छवि नै स्मृति बन्छ अनन्त गज
जड पग्लिइ बग्दछ त्यो सलल
कविता अमृतै सरि बन्छ जल

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छहरा छ नसाहरूकै यसमा
मुटु रक्त सरोवर भो जसमा
यसबाट असंख्य मुहान छुटी
बहने सरितासरि छन् ढुकुटी

८

कति कुण्ड चिसा छुन नै कठिन
कति तप्त कडा नहुने सहन
कति विस्तृत ताल सरोवर छन्
कति सारस हंस सरोवर छन्

९

यसमै कनकादिक धातुहरू
अनि वीर्य रजादिक धातुहरू
अनि 'भू, गम, पा' पनि धातुहरू
कति छन् कति छन् कति धातुहरू

१०

यसभित्र जरी र बुटी पनि छन्
रमणीय अनेक कुटी पनि छन्
छवटै रस छन् नवटै रस छन्
रसवाचक जत्ति सबै रस छन्

११

वन, कुञ्ज, लताहरू छन् गहन
यति छन् भनि सक्तछ को कहन ?
जति छन् कवितामय कानन छन्
कविका बहुसंख्यक आनन छन्

१२

फलफूल कतै लटरम्म हुने
कहिं झूस र कण्टक टम्म हुने
कति पत्थरका पथ दुर्गम छन्
सरिताबिच फूट र सङ्गम छन्

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुचुरा कति सुन्दर पर्वतका
पहिरा गहिरा कति अन्तरका
तम भीषण गह्वर बोल्छ कतै
कति औषधि बल्दछ झल्ल कतै

१४

कहिं सोतर फोहर पत्कर छन्
कहिं छङ्ग खुला पथ संथर छन्
कहिं उग्र भयंकर खाडल छन्
कहिं स्वच्छ भुवासरी बादल छन्

१५

कहिं छन् सम भूतलमा चउर
कहिं फाँट र खेत तथा बगर
बहने कहिं गर्जिइ खूब नदी
रहने कहिं हुत्तिन कत्ति नदी

१६

कहिले सरिता यसमै बहने
कतिसम्म जलामय भै रहने
कहिले बगरै यसमाथि हुने
मरुभूमि समान उजाड हुने

१७

वन, बाग र खेत सबै हरिया
धरतीकन रेशमका फरिया
सब लुट्न तयार छ भेल कतै
जलजन्तु अनेक छ खेल कतै

१८

कहिलेकहिं भू पनि कम्प हुने
प्रलयानल दन्दन भै रहने
कति देश गिरेर उजाड हुने
कति थुप्रिइ उच्च पहाड हुने

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले कति खेत अबाद हुने
कति आफलताफल अन्न हुने
कहिले घर वास तयार हुने
शहरै कति झल्ल र मल्ल हुने

२०

त्यहि सङ्गमबाट प्रसङ्ग चल्यो
कविको दिलमा स्मृति दीप बल्यो
छहरा पहराहरुबाट खसे
लहरा रुखसाथ मिलेर बसे

२१

रुखमाथि बसे अनगिन्ति चरा
गुँडभित्र बनाइ सयन् बचरा
कहिं भुर्र उता कहिं फुर्र यता
कहिं चिर्बिरको रमितै रमिता

२२

स्वरका लयका कति गीत त्यहाँ
प्रणयी दिलका कति प्रीत त्यहाँ
मुरली र सितार तथा मुजुरा
कहिं मादल छन् कहिं छन् नगरा

२३

जति भित्र पस्यो वनभित्र तर
उति हिंस्रक छन् अति लाग्छ डर
चितुवा कति बाघ र सिंह कति
कति भालु बनेल, हुँडार कति

२४

कहिं मत्त गजेन्द्र उखेल्छ रुख
कहिं गोमन हेर्छ उठेर मुख
कहिं तान्छ अजिंगर सास खिंची
कहिं चिल्दछ झन् अरिंगाल मिची

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उस घोर भयानक जङ्गलमा
नपसेर फिरीकन मङ्गलमा
तटनेर बसेपछि शीतलमा
मन रम्छ नयाँ जलकल्कलमा

२६

जल चंचल कल्कल छल्छलमा
कविको कवितासरि शीतलमा
लय, ताल र छन्द अनेक हुने
तटिनी तटको स्थिति एक हुने

२७

कहिं मूल फुटे, कहिं भेल छुटे
कहिं हुत्तिइ तीर अनेक लुटे
त्यसकारणले नव-मा-नवले
परखाल र घाट चिनेर चले

२८

वन फाँडिवरीकन हिंस्रक ती
चिडियाघरभित्र लगाइ थिति
सबतर्फ सबैतिरबाट बचे
रमणीय छटा क्रमसाथ रचे

२९

अनि तीर बनेपछि वास बने
अनि वास बनेपछि टोल बने
अनि टोल बनेपछि देश बने
अनि देश बनेपछि भेष बने

३०

अनि भेष बनेपछि व्यक्ति बने
अनि व्यक्ति बनेपछि संघ बने
अनि संघ बनेपछि वाक्य बने
अनि वाक्य बनेपछि काव्य बने

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि काव्य बनेपछि कीर्ति बने
अनि कीर्ति बनेपछि कृत्य बने
अनि कृत्य बनेपछि कर्म बने
अनि कर्म बनेपछि विश्व बने

३२

नव मा.नवका नव जीवनले
कति कर्म र कीर्ति धपक्क बले
अनि जाँगरिला कवि छन् अहिले
अझ दोबर छन् जति हुन् पहिले

३३

गतिशील छ जीवन जीवन झैं
उति चंचल यौवन यौवन झैं
जति पर्छ विपत्ति विपत्ति सरि
उति नै श्रम गर्छ अगाडि सरी

३४

श्रम गर्दछ जो श्रमशील जन
श्रम छोड्छ हुँदा परिपूर्ण धन
अनि शोषक बन्दछ व्यक्ति त्यही
श्रमको अति शोषण गर्छ उही

३५

श्रम जीवन एक कबोल हुँदा
श्रमको महिमा अनमोल हुँदा
श्रम-शोषकको श्रम-शोषण भो
अनि शोषक शोषितको रण भो

३६

दिलभित्र अचानक मेघ उठ्यो
पसिना असिना भइ साफ चुट्यो
चुटिए पनि शोषक धप्प बल्यो
अनि कौरव पाण्डव युद्ध चल्यो

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरबार फुट्यो तरवार चल्यो
घरबार छुट्यो परिवार ढल्यो
अभिशाप र पाप विहार गऱ्यो
नवजीवन वार न पार पऱ्यो

३८

यसरी कति वर्ष र काल बिते
जनशक्ति विचेत भएर सुते
त. म भित्र छिऱ्यो शशिको बदन
चकमन्न भयो स्मृतिको गगन

३९

उहि शोषकको अनुशासन रे !
नियम-स्थिति जीवन-यापन रे !
जन · शक्ति गल्यो मन-मान भयो
प्रभु मालिक भो न इमान रह्यो

४०

जन जीवनको हर हालतमा
उस शोषकको ननिको लतमा
हुनसम्म सचेत भए नृपति
कहँदै—अब होस्, अब होस् प्रगति

४१

कति शक्तिविहीन भएर बसूँ ?
कति शोषकको छलभित्र फसूँ ?
अब उठ्नुपऱ्यो अघि बढ्नुपऱ्यो
बरबाद स्वदेश पछाडि पऱ्यो !

४२

कति भक्त सपूत र वीर भए
कतिले गति माथि उकासिदिए
अव हाय ! शहीद गए सब ती
दिलमा अझसम्म छ चोट अति

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनता कति पीडित दुःखित छन्
कति शोषित छन् कति वञ्चित छन्
यसनिम्ति सहायक नै नृप छन्
नृपकै भरमा जनता स्थित छन्

४४

जति छन् सुख साधनका महल
तिनले सब संकट हुन्न हल
तृण झैं सबलाइ म छोड्छु अब
जनजीवन हो नृपको विभव

४५

सुख ठान्छु प्रजाजनकै सुखमा
दिइ दृष्टि प्रजाजनकै मुखमा
मलिनै अनुहार छ हाय ! तर
सुखले मलिनै हुनुपर्दछ र ?

४६

पृथिवी जननी र पिता जनता
कि त काव्य प्रजा पृथिवी कविता
दुइटै प्रियवस्तु सह्याल्नुपर्‍यो
कि त पोल्नुपर्‍यो कि त फाल्नुपर्‍यो !

४७

पुरुखाहरूको पनि त्याग तप
बलिदान निरन्तर भक्ति, जप
पृथिवी, जनता दुइ निम्ति थियो
जसको यशले सब विश्व लियो

४८

उहि वंश विशाल महा यशले
उही अर्जित भू-भुजको बलले
'फुलवारि छ यो सब रैयतको'
हुनुपर्छ नओइलिने यसको

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनतान्त्रिक सुन्दर शासनले
मन-मा-नव चेतन जागृतिले
अवनीतल स्वर्ग समान बनी
नव जीवन दीप जगाउनुछ

५०

गहिरो धमिलो तम खाडलमा—
कुहिएर अचेतन-तुल्य हुने—
जन, सागरको तटसम्म पुगी—
सब विश्व बुझेर बताउनुछ

५१

"किचियौं, मिचियौं, थिचियौं, धुलियौं,
ठगियौं, लुटियौं, पिटियौं, हरियौं
—भनि छट्पटिने जनताहरुको
दिल फुर्फुर पारि नचाउनुछ

५२

कति शिक्षित, पण्डित वा कविको
न त पारख, आदर हुन्छ यहाँ
सबनिम्ति यथोचित आदरले
सुनमा मणि ल्याइ जडाउनुछ

५३

अबला जन शिक्षित छैन भने
अब लाज नभै तल गिर्नुपर्‍यो
दुइ चक्र मिली रथ चाल्नुपर्‍यो
नमिलेपछि झन् तल गिर्नुपर्‍यो !

५४

हरिया वनको पहिरेर लुगा,
छहरा, गलबन्द, नदी पटुका
शिरमाथि हिमालयको पगरी
नयपाल नवीन सुहाउनुछ

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म उनै पुरुखाहरूको बिरुवा
जल सेचनको सुनको करुवा
अब झट्ट निभाउनुपर्छ भय
अधिकार जलाउँछ भै प्रलय !

५६

अघिका नृप भक्त भगीरथले
तप संयमरूप कडा पथले
पुरुखाहरूको यश थाम्न भनी
कति कष्ट गरे दृढ चित्त बनी

५७

अति निश्चल मन्त्र बुझी जपमा
रिझिएपछि शङ्कर त्यो तपमा
अनि देव-धुनीसँग सुस्त झरे
पुरुखाहरुलाई पवित्र गरे

५८

यसनिम्ति पितामहदेखि भयो
शुरु देव-धुनी तल ल्याउन यो
तर नाति भगीरथ नै सफल
उसतर्फ भए बहँदा सलल

५९

जन जागृति वा जनतन्त्र दिन
छलको बदला पनि झट्ट लिन
मम मान्य पितामह दत्तमन
युवराज छँदै हुनुभो निधन

६०

प्रपितामह अल्मलिए छलमा
र पितामहले मनको बलमा
कति साहस, आश उमङ्ग लिए
तर काल कठोर हुँदा छलिए

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि खास पिता पनि त्यो विषय-
तिर लाग्नुहुँदा हुनसम्म भय
कविता वनिताहरुसाथ रमी
हुनु नै परिगो बहुतै नरमी

६२

भय संशयमा नवयौवनमा
गति टक्क अडेपछि जीवनमा
दिनमै रवि अस्त भएर गए
तर शोषक मस्त भएर रहे

६३

शिशु-काल बित्यो शिशुता वशमा
नवयौवन यौवनकै रसमा
अनुभूति कपाट खुल्यो अबता
स्मृति दीप बल्यो दिलभित्र यता

६४

उनकै कुल नाति म औरस हुँ
अब शोषण यो कतिसम्म सहूँ ?
जन तन्त्र बहाउँछु देव-धुनी
सबको गरिदिन्छु पवित्र जुनि

६५

शिव छन् पशुका पति खास यहाँ
छ हिमालयको तट देश जहाँ
दिलले दृढ निश्चय गर्न सके
वरदान लिईकन छोड्छु म के ?

६६

त्रिभुवन वचनैले स्पष्ट गर्ने उज्यालो
श्रवण मननले नै भित्रको मेट्न कालो
रवि र शशि पताका फर्फराए विशाल
झलमल पगरीले हाँस्न लाग्यो हिमाल

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

साधना ११

छन्द—स्रग्विणी

प्रेमको चाहमा स्नेहको पाशमा
शान्त एकान्तको ठाउँको वासमा
चम्कियो जो नयाँ चेतनाको छवि
मर्म त्यो बुझ्दथे एकमात्रै कवि
१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पना–काशमा काव्यको सिन्धुमा
स्रग्विणी छन्दका स्वादिलो विन्दुमा
शारदापुत्रको भित्रको लोचन
सुस्त खुल्दै गयो झल्कियो जीवन

२

भाद्रको भल झैं जिन्दगानी हुने
मेलमा खेलको झेल झैं देखिने
प्रेम—यै भित्रको एक विज्ञान हो
यो न उत्थान हो यो न बैठान हो

३

लेखनीको कला कोइलीको गला
सिर्जना जिन्दगीको घडी औ पला
साथ साथै छ रे कर्मको चातुरी
मन्द हावा चलोस् या त आँधी हुरी

४

कष्टको कालिमा तामसी रात हो
प्रेमको लालिमा सात्विकी प्रात हो
रातको प्रातको छन्द आलोकमा
घाम छायाँ छ रे हर्षमा शोकमा

५

प्रेमकै बीज हो वासना वल्लरी
कल्पना स्वर्ग हो झल्लरी मल्लरी
फूलको वासना उड्छ रे यौवन .
घाम छायाँ दुई बारको जीवन

६

राम छायाँ सबै विश्व उस्तै न हो
रामको ज्योति नै हुन्छ प्यारो अहो !
राम झल्काउने सूक्ष्म चैतन्य हो
विश्वको बन्धु त्यो सज्जनै धन्य हो !

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रत्न झैं जिन्दगी तुच्छ माटो अरे !
भेल भै यौवनै साथ बग्ने छ रे !
धैर्य औ शान्तिका छन् किनारा जहाँ
जम्छ माटो जहाँ बन्छ बाटो त्यहाँ

८

क्रान्ति नै शान्ति हो शान्ति नै क्रान्ति हो
यो न उन्माद हो, भूल हो, भ्रान्ति हो
चक्र झैं घुम्छ झन् यो न विश्रान्ति हो
काव्य भै झल्कने इन्दुको कान्ति हो

९

मेघ-माला उठे अम्बरै धुम्मियो
दिव्य झण्डा बनी चंचला चम्कियो
जोडको वृष्टि झन् दर्कियो बेसरी
चर्कियो भूतलै नाच्न लाग्यो हुरो

१०

वज्र चड्क्यो कतै, वृक्ष मर्क्यो कतै,
गर्र पैह्रो कतै, छैन बाटो कतै,
त्रासको भासले लोचनै बन्द भो
ब्यूँझदा देखियो चौदिशा छङ्ग भो

११

भेलको वेगले भूतलै धोइयो
छेकिने पंकको बन्धनै फोइयो
धानबाला झुले नाच्न लागिन् रमा
शारदी रातमा चाँदनी पूर्णिमा !

१२

यो शरद्कालको फूलबारी नयाँ
जिन्दगी फूल रे ! बासना ख्वै कहाँ ?
सत्य चैतन्य रे ! मानवी जिन्दगी
छैन शिक्षा भने जान्छ सित्तै बगी

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उच्च शिक्षा यही भन्छ रे! सज्जन
वाद सिद्धान्तको गर्छ रे! वर्णन
न्यायको तर्कको छाँट्छ रे! दर्शन
गर्छ शास्त्री बनी शब्दको सिर्जन

१४

देश हाम्रो कहाँ राष्ट्रभाषा छ के?
जान्न त्यो पाइने क्यै दिलासा छ के?
त्यो विचारै छँदै छैन शिक्षा भनी
पुग्न के पाउला शुद्ध इच्छा पनि

१५

को थिए? के गरे? के दिए? के भए?
के निशाना चिनो सम्म छाडी गए?
खास पुर्खा उनैका न हौं सन्तति
भै रहेछौं लथालिङ्ग ख्वै उन्नति?

१६

यो कुरा सम्झँदा लाग्छ सामाजिक
भित्र अर्कै कुरा घुम्दथ्यो साबिक
के छ शिक्षा? पढिस् के? भने के भनूँ?
के पढूँ? के भनूँ? के सुनूँ? के चिनूँ?

१७

चक्र झैं तर्कमा चित्त घुम्दै थियो
कूप मण्डूकताको जमाना थियो
कूपभन्दा महान् छैन रे सागर
वर्तमानै बुझी झिक्तथे जाँगर

१८

के त शिक्षा भने चित्त एकाग्रता
चाहना, धारणा, कृत्यमा दक्षता
जेसुकै क्षेत्र होस् जेसुकै युग
के पुरानो, नयाँ? बन्नु हो बुज्रुग

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यै गमी, यै गुनी जे बुझे, जे पढे
ओह्लिए या तलै या पहाडै चढे
खास देखाउने को थियो सत्पथ ?
झन् प्रपञ्ची बनी चाल्नुपर्थ्यो रथ

२०

विघ्न बाधा सयौं शत्रु झैं वैरिए
सामना के गरे साथ कल्ले दिए ?
भित्र जे पीर होस् बाहिरी शान्तिमा
मित्र कोही जुटे काव्यको कान्तिमा

२१

जीत मिल्थ्यो कतै, हार खाए कतै
ठेस लाग्थ्यो कतै, प्यार पाए कतै
एउटै लक्ष्यमा एकलै लम्किए
आफ्नु नै धूनमा मस्त भै गम्किए

२२

स्वावलम्ब—प्रभा फैलिने साधन
खास शिक्षा हुँदा जिन्दगीको धन
भोग्नुपर्ने भयो झन् पराधीनता
खल्बली पर्दथ्यो प्रेम भै बेपता

२३

श्रीगणेशै भयो छात्रको जीवन
कत्ति लाग्दैनथ्यो किन्तु पढ्नै मन
सङ्गतैले बढ्यो योग्यता छात्रको
खुड्किलो उक्लँदा जाँचमा पासको

२४

छात्रको जीवनी फक्रँदो फूल हो
बुद्धिजीवी हुने स्रोतको मूल हो
स्वास्थ्य फस्टाउने भोजनै रूल हो
कष्ट काटी पढुन् भन्नु नै भूल हो

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो कुरा के कुरा ? भोग्दथे दुर्दशा !
रोज सुक्तै थिए रक्त बग्ने नसा
खान छोडेर नै जोड्दथे पुस्तक
मिल्न गाह्रो थियो सोख गर्ने हक

२६

वंश विद्वान् हुँदा शुद्ध संस्कारले
ब्यूँझियो चेतना छात्र सत्कारले
झन् झमेला हुँदा छैन एकाग्रता
शान्तिको ठाउँमा आउँथ्यो व्यग्रता

२७

जे हुँदामा गयो स्वास्थ्य झन् बिग्रँदै
स्नेह गर्ने परै पन्छिए झर्कँदै
सम्झँदैमा सियो झैं बिझी घोच्तछ
मर्म भित्री कठै ! को कहाँ सोच्तछ ?

२८

छैन सम्पत्तिको नामम़ा क्यै धन
छैन भाँडा कुँडा, छैन चाँदी, सुन
सम्झँदा भत्भती भित्र झन् पोल्दछ
के भयो भन् भनी को यहाँ बोल्दछ ?

२९

मोल सस्तो लिई व्यर्थ बेची दिए
दुःखको भेलमा झन् घचेटीदिए
छैन सीमा घरैसम्म नै बेचियो
बाग बारी कठै ! त्यो कथा झैं भयो !

३०

वज्र छाती बन्यो छोडियो त्यो घर !
तीन नै रोपनी वाटिका सुन्दर !
त्यो पुरानो अरे ! यो नयाँ वास रे !
त्यो निराशा अरे ! उम्भिने आस रे !

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन सम्पत्ति रे ! छैन रे ! क्यै ऋण
छैन कालो निशा बादलै होस् दिन
फूल वैशाखको जिन्दगीमा फुल्यो
प्रेमको वासनासाथ हावा झुल्यो

३२

सम्झँदै घोरिए शृंखलाभित्र छन्
को कलाकारको मूर्ति या चित्र छन् !
छैन क्यै मामिला छैन स्वच्छन्दता
छैन बाटो गए झन् भए बेपता

३३

सम्झँदा सम्झँदै भूतको सम्झना
कल्पिँदा कल्पिँदै काव्यको सिर्जना
विघ्न झैं माझमा वर्तमानै थियो
छात्रको रूपमा पढ्न जानै थियो

३४

भूतका दृश्य ती दृष्टिमा नाच्तथे
भूतका शब्द झैं कानमा बाँच्तथे
शान्ति संसारमा क्रान्तिको जीवन
झिक्नुपर्ने थियो जाँगरीलोपन

३५

त्यो वसन्ती छटा उर्लंदो यौवन
देख्न सक्तैनथ्यो कण्ठको कानन
फूलका कोपिला पट्ट फुट्तै थिए
मूलका बुद्बुदै देखिएका थिए !

३६

स्नेहका स्रोत हुन् खास माता, पिता
पाठ घोकाउँछन्, लाउँछन् तागिता
खान दिन्छन् जसो जे गरी भोजन
हुन्छ अन्धो कठै ! शैशवी जीवन !

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्न ए बाबु ! पढ्, दुःख होला पछि
मूर्खलाई सबै गर्न थाल्छन् छि छि
जे कुरा चाहियो त्यो त्यहाँ मिल्दछ
भन्दछन् तैपनि भ्रष्ट भै खेल्दछ

३८

धारणा, सम्झना, फूर्तिमा पाइने
खेलको चातुरी बालकैमा हुने
देशको, कालको, पात्रको ध्यान होस्
को यहाँ मूर्ख होस् ? मर्मको ज्ञान होस्

३९

गै सकेको कुरा के लिने भै गयो
गर्नुपर्ने छ के वर्तमानै छ यो
शत्रु या मित्र होस् दुष्ट या सज्जनै
बिग्रने, सप्रने जे हुने आफु नैं

४०

एकलै बस्तथे तर्क यी आउँथे
कार्यमा लाग्दथे कष्ट झन् पाउँथे
स्वार्थको रोगले यो जगत् अन्ध छ
मर्म देख्ने दुवै लोचनै बन्द छ

४१

कष्टको सामना गर्दथे पढ्दथे
हिंड्दथे, लड्दथे, उठ्तथे, बढ्दथे
जाँचको याममा आउँथ्यो झन् ज्वर
धैर्य लठ्ठी लिई बन्दथे तत्पर

४२

चित्त एकाग्रता मिल्न गाह्रो थियो
स्नेहको सम्झना खूब साह्रो थियो
स्वास्थ्य आरामको शान्तिको ठाउँमा
यातना वेदना मिल्दथ्यो नाउँमा

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शारदा पुत्र ती भित्र सोच्तै थिए
छात्रको मित्रता मात्र रोज्दै थिए
ठान्दथे - छात्र नै शान्ति - सोपान हो
ठान्दथे - छात्र नै क्रान्तिको शान हो

४४

सोच्तथे, देख्तथे, लेख्तथे जो कुरा
भासिई खस्तथे लक्ष्यका टाकुरा
पढ्न ता पढ्दथे दासको लक्ष्यमा
छात्र संघर्ष झन् उम्भियो पक्षमा

४५

पाउनै पर्दथ्यो पढ्न राम्रो हक
छात्र - संघर्ष यो खूब आवश्यक
देशको श्रेयमा छात्र हुन् नायक
छात्र बिग्रे भने को हुने लायक ?

४६

छन् पुराना नयाँ शास्त्र औ दर्शन
वाद सिद्धान्तका पाइने वर्णन
शान्ति हो जिन्दगी विश्वको माझमा
शान्ति भन्ने कुरा पाइने साँझमा

४७

पढ्न पायो भने बन्छ उच्छृङ्खल
गर्छ झन् लोकले शासनै खल्बल
यै हुँदा चित्तमा भित्र दुर्भावना
खप्न सक्तैनथ्यो छात्रले वञ्चना

४८

छात्रले जो गरे माग आन्दोलन
निश्चयै त्यो थियो क्रान्तिको जीवन
उच्च शिक्षा सफा होस् विकासोन्मुख
लोकले लोकमा देख्न पाओस् सुख

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खूब विद्रोहले शासकै जङ्गियो
क्रान्तिको लालिमा लाल भै रङ्गियो
मर्म भित्री कडा नै थियो तैपनि
कर्मयोगी थियो छात्रको जीवनी

५०

हूलमा ज्यानको गर्नु संरक्षण
गर्नु दुर्भिक्षमा अन्नको रक्षण
यै बुझी अल्पिए झैं भए ती कवि
ढाकियो मेघले चन्द्रमाको छवि

५१

गुप्त वासै बसे थन्कियो पुस्तक
खास एकान्तको वास भो रोचक
काव्यको धूनमा कल्पना चम्कियो
सुप्त त्यो लेखनी सुस्तरी लम्कियो

५२

यो हिमाली चुली खास मस्तिष्क हो
कष्ट खप्ने कडा वक्ष चट्टान हो
बल्छ वैशाख झन् खस्तछन् निर्झर
बाँसुरी फुक्तछन् कुञ्जले सुन्दर

५३

नीरवै रातमा एकलै बस्तथे
भित्रका कल्पना बेसरी कस्तथे
लामखुट्टेहरू आउँथे लश्कर
रक्त चुस्थे झिकी घण्ट जस्तो स्वर

५४

हेर्दथे, देख्तथे, कालिमा भैरव
कृष्ण पक्षै थियो रात त्यो नीरव
चिर्दथ्यो शून्यतालाई घण्टाघर
भङ्ग हुन्थ्यो त्यहाँ त्यो समाधि स्थिर

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाद त्यै पक्रिई लेख्तथे तैपनि
बज्छ ब्यूँझाउँदै चेतनाको ध्वनि
चक्र झैं फन्फनी घुम्न थाल्यो दिल
बाटिई दुःख्तथे नेत्र दोटै डिल

५६

लेट्नलाई थियो पातलो लम्पट
ओढ्नलाई थियो पातलो नै पट
त्यो तपस्या थियो छात्रको जीवन
खप्न सक्ने थियो खूब साह्रो मन

५७

तर्कना झूल भो, तिर्सना लम्पट
काव्य बालिष्ट भो के थियो छट्पट
पिल्पिले दीपको मन्द आलोकमा
गुन्गुनाई रहे छन्दका श्लोकमा

५८

तीव्र शोकाश्रुमा काव्यको बिन्दु छ
काव्यको बिन्दुमा शान्तिको सिन्धु छ
शान्तिको सिन्धुमा पूर्णिमा इन्दु छ
हर्षको शोकको काव्यमै बिन्दु छ

५९

शक्तिले ज्ञान औ ज्ञानले भावना
भावनाबाट हो सप्रने कल्पना
कल्पना खारिंदा काव्यको जन्म छ
काव्य जन्म्यो भने कीर्ति सर्वत्र छ

६०

जीवनै हो घडी अङ्ग पुर्जा न हुन्
हाडका खण्ड झैं जोडिएका न हुन्
चल्छ यो सज्जनै व्यक्तिका हातमा
बिग्रँदै जान्छ झन् मूर्खका साथमा

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ख को को भए? या मनै मूर्ख हो
बिग्रिएको घडी जिन्दगी यै न हो
यो सच्याई दिने को छ कालीगड
छौ भने लौ छिटो भै तयारी बढ

६२

यो नयाँ जिन्दगी खास हो चेतन
त्यो घडी यन्त्र हो किन्तु निश्चेतन
सक्कली ईशको सिर्जना यो कहाँ?
नक्कली मानवी सिर्जना त्यो कहाँ?

६३

स्थायिता, नित्यता, सत्यता तौलने
तर्कना भो ढकै काव्यकाँटा बने
उच्चता, नीचता, झन् समानै बन्यो
जिन्दगी हो घडी वर्तमानै भन्यो

६४

शारदा-पुत्र ती काव्यकै धूनमा
कल्पनाकाशकै चम्कने जूनमा
अस्त या व्यस्त भै त्रस्त वा मस्त भै
रात्रिको शेषमा लीन हुन्थे सधैं

६५

स्वप्न संसारमा हुत्तियो जीवन
चाँदनीलाइ नै गर्न आलिङ्गन
बिम्ब टाढा हुँदा तड्पिए ती कवि
रङ्ग गाढा भयो सम्झनाको छवि

६६

शारदा आउँदा चाँदनी रातमा
काव्य झल्काउँदा शीत झैं पातमा
कल्पना तारका चम्किए व्योममा
जुन्किरी नाच्तछन् हाँस्तछन् चन्द्रमा

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यको धूनमा स्वप्न देख्छन् कवि
स्वप्न त्यस्तो कहाँ देख्न सक्छन् रवि
उघ्रँदै आउँदा सम्झनाको छवि
काव्यको यज्ञमा बन्छ विश्वै हवि

६८

काव्य तल्लीनता हो समाधिस्थता
अश्रुकै बिन्दु हो सिन्धु गम्भीरता
इन्दुको कान्तिमा पाउँदा चित्रता
शून्य आकाशमा लाउँछन् मित्रता

६९

अल्पिए कल्पिए लीन झैं दीन झैं
वाक्य खोल्दैनथे चेतना हीन झैं
कानमा नाद झैं रन्न भै रन्कियो
कृष्णको मोहनी बाँसुरी घन्कियो

७०

कृष्णकै मोहनी बाँसुरीको सरि
खास देवर्षिको वल्लकी झैं गरी
नाद त्यो पूर्ण भो कानमा बेसरी
मग्न हुन्थे त्यहाँ काव्यका केशरी

७१

नाद क्यै थामियो दृष्टि क्यै खुल्दछ
सृष्टि जस्तै नयाँ सामुमा झुल्दछ
घुम्दछन् भ्रूलता नेत्र नानीसँगै
चित्त के बुझ्दथ्यो दृश्य हेर्नै नगै

७२

त्यो चरी झैं परी ओह्लँदै आउँदा
निर्झरी झैं झरी सुस्तरी गाउँदा
बज्छ बाजा त्यहाँ चाँप बाला, चुरा
वल्लरी नाच्तछन् हल्लिदा पाखुरा

७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच औंला चले कर्किए कम्मर
छन्दमा पाउ झन् चल्दथ्यो सुन्दर
त्यो निरुन्मेषता नींदको जीवन
निर्निमेषी बनी अड्दथ्यो लोचन

७४

कोइलीले फुक्यो झन् शनाही पनि
राग सङ्गीतको गुञ्जिदै गो ध्वनि
कानमा नादको रन्न बाँकी थियो
गीतिको प्रीतिले टम्म ढाकीदियो

७५

पूर्ण झङ्कारले बज्छ या वल्लकी
दिव्य मन्दाकिनी बग्दछिन् सल्ल कि
स्वप्नभित्रै नयाँ स्वप्न झैं देखियो
सान्त्वनाको सुधा कानमा पोखियो

७६

यै प्रभासाथ यै कुञ्जमा आउँला
यै नयाँ काव्यको माधुरी गाउँला
यै चिनो फूलको केशमा लाउँला
यै नवालोकको नृत्य देखाउँला

७७

गर्नसम्मन् गऱ्यौ खूब आराधना
तन्मयाकार भै काव्यको साधना
पुग्छ तिम्रो सबै भित्रको चाहना
भोग्नुपर्ने सबै पूर्ण भो यातना

७८

बालुवामाथिको तड्पने मत्स्य झैं
शोकले रातमा कल्पने कोक झैं
हेर्नसम्मन् सबै दृश्य हेरीसकें
देख्न बाँकी कुनै छैन देखी सकें

७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बर्बरी झर्दछन् अश्रुका निर्झर
कन्दराबाट झैं घन्कँदैछन् स्वर
हातमा केवलै लेखनी मात्र छ
मूर्ति या चित्र झैं निश्चलै गात्र छ

८०

के छ राम्रो यहाँ के नराम्रो यहाँ
को धनी छन् यहाँ निर्धनी को यहाँ
जीवनै काव्य हो काव्य नै जीवन
सत्यमा सुन्दरैको छ आलिङ्गन

८१

आत्म विश्वासले कर्म मौलाउँछ
कर्म नै शान्तिको मार्ग देखाउँछ
कर्ममै लाउ त्यो वीरको पाखुरा
जान सत्यं शिवं सुन्दरं यो कुरा

८२

आउँदै छन् चरा फर्कंदै साँझमा
गाउँदै छन् बसी बन्धुको माझमा
लाउँदै छन् सदा कर्ममा जीवन
पाउँदै छन् बुझ्यौ स्नेहको चुम्बन

८३

चूप हुन्थे त्यहाँ चित्त औ इन्द्रिय
स्वप्न संसारको चीज मिल्दा प्रिय
एउटा भावन्नै काव्यको चोइटा
जो खुलेको थियो अल्पियो त्यो छटा

८४

सुस्त बढ्दै गयो लोकमा जागृति
स्वप्न संसारको काव्यको भो इति
खोल्न मुश्कील भो कल्पना बाहिर
बोल्न जिभ्रो चल्यो अड्छ घाँटीतिर

८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्न संसारको सत्य त्यो सान्त्वना
सम्झनाभित्र नै लीन भो सम्झना
वास एकान्तमा चित्त निश्चिन्त भो
व्यूँझदामा सबै स्वप्नको अन्त भो

८६

स्वप्न साथै गयो अल्पिएरै निशा
सुस्तरी उघ्रिए छङ्ग भै चौदिशा
मन्द हावासँगै नाच्न लागे चरा
स्वर्ण झैं झल्कियो पूर्वको टाकुरा

८७

यसपछि कविजीको मित्रता छात्रसाथ
दिनभरतक हुन्थ्यो रातमा काव्यसाथ
दिन शुरु हुनुदेखिन् क्रान्ति भो साँझसम्म
रवि अलप हुँदामा शान्ति भो के अचम्म ?

८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्मरण १२

छन्द—पुष्पिताग्रा

यसपछि कविको विचारधारा
छलल छचल्किइ काव्यको किनारा
पर पर भई भासिई बिलायो
अनि गहिरो अनुभूतिमा मिलायो

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति जति अघि बढ्न खोज्दथे ती
उति उति किन्तु पछाडि नै परे ती
पछि पछि परि खान लाग्छ कावा
पतकरलाई लखेट्न खोज्छ हावा

२

गजब छ अनुभूतिकै रहस्य
अनि खँदिलो पनि हुन्छ त्यो अवश्य
भुवनभर सयौं समाजभित्र
गरिदिन सक्छ खडा नवीन चित्र

३

कविवर पनि सम्झना पुराना
लिइ दिलमा जति झिक्तथे तराना
उति उति सब दृश्य वर्तमान
अनुभव भो ननिको विषै समान

४

हृदय घर सिंगार्नमा सिपालु
प्रणयमयी कविभावना दयालु
रतिभर नलिई सफा विचार
विषय परिस्थितिको बन्यो शिकार

५

सुखमय सपना खडा हुँदामा
भरखरको पनि बिर्सिइन्छ धामा
अलिकति पनि दुःख नै उदाए
अनि अघिकै अनुभूति फर्किआए

६

म छु जुन पहिले उही म नै हुँ
तर पछि सक्तिनँ भन्न के हुने हुँ ?
किन किन अघि झैं म आज छैन
म-न अघि झैं म हरे हुँदै हुँदैन

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय-गति विचित्र नै रहेछ
अनि परिवर्तन क्यै हुँदो रहेछ
उति उति इतिहासको किताप
बढिकन खूब दिंदो रहेछ ताप

८

कुन दिन, कुन वर्ष, वार, मैह्ना
स्मरण नभै अनुभूति एक ऐना
झलल झलल झल्किएर आयो
नयन दुवै हिम-बिन्दु झैं रसायो

९

स्मरण गगनमाथि प्रेम-इन्दु
तल गहिरो अनुभूति शोक-सिन्धु
अलि अलि भल उर्लिएर आयो
प्रथम कवित्व कला त्यहीं उदायो

१०

प्रणय हृदयबाट उध्रिएको
पर-वश भै पर नै परी गएको
अझ पनि किन सम्झने नसम्झूँ
तर किन हो ? दिल भन्छ सम्झूँ सम्झूँ

११

कति कति अघिको युगौं बितेको
पर-वशतामय काललै जितेको
स्मृति पनि सपना बनेर आइन्
प्रणय पुऱ्याउन कल्पना उदाइन्

१२

जुन बखत थियो किशोरकाल
रतिभर यौवनको थिएन चाल
उस बखत थिइन् सहायताकी
अपरिचिता बहिनी कुनै मजाकी

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनम पनि पहाडमै भएको
जिउ पनि गोरसबाट कस्सिएको
शहर भरखरैतिरै पसेकी
अलि अलि अक्षर पढ्न क्यै सकेकी

१४

हुन त म टुहुरो गएर आमा
तर बहिनी टुहुरी भएर आमा
दिन दिन प्रणयाश्रु हार उन्थिन्
हृदय खुलाइ मलाइ 'दाइ' भन्थिन्

१५

वय पनि फरकै थिएन जस्तो
तर घरको सकियो कि काम सस्तो
अलि अलि कविता कथा पुराना
सँग सँग पढ्न रुचाउँथिन् जनाना

१६

म पनि 'सुन तिमी' भनी बुझाई
कविहरूका रसिला कथा सुनाई
सँग रहन रुचाउँथे त्यसैले
प्रणय परस्पर बाँधियो क्रमैले

१७

भरदिन त सँगै भएर बस्थ्यौं
तर अलि साँझ पऱ्यो कि भिन्न हुन्थ्यौं
दुइतिर दुइ बस्तथ्यौं नबोली
सब अधुरो जति पूर्ण गर्न भोलि

१८

नयन कति सलक्क लामकोसे
मुख-छवि उज्ज्वल, ओठ केहि चोसे
छिन छिन हँसिलो अनारदाना
हृदय भरी रटना रह्यो तराना

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छट र पट निदाउँदा अवेला
प्रतिदिन ब्यूँझन नै हुने अवेला
रवि पनि सुनका, भएर चाँदी
उछिनिसके गगनावकाश आधी

२०

अरुहरु जब काम काममा छन्
तर बहिनी 'म' भनेर आउँदी छन्
'उठन, उठन, दाइ ! झट्ट' भन्दी
मृदु करले चिउँडो लिई निफन्दी

२१

नयन युगलको खुलेर ढोका
झटपट उठ्छु परेसमान धोका
'सुन न सुन एउटा कुरा छ'
स्वर सुनियो अवरुद्ध पाखुरा छ

२२

'उठन उठ, नुहाउ, जाउ, खाऊ
अनि लिइ एक किताब ओल्लिआऊ
दिनभर पर गै कुरा गरौंला
रुन्नु अनि हाँस्नु छ जे त्यहीं भनौंला

२३

यति भनि नयनाम्बु झारि बर्र
हतपतसाथ भन्याङ ओल्लि खर्र
जब अलप भइन् उठें जुरुक्क
हृदय न खिन्न थियो न ता फुरुक्क

२४

झटपट सकि माथि खान पान
उपवनको नगिचै थियो दलान
तलतिर पुगियो थिएन रोक
शिशु-दिलमा पनि हुन्छ हर्ष, शोक

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिवस ऋतु वसन्तको सुनौला
तर छ परिस्थिति, रूप, रङ्ग नौला
मलिन दश दिशा तुवाँलिएका
रवि पनि धूसर कान्ति देखिएका

२६

उति सरस भएन दृश्य चारु
परतिर फूल फुलेर हाँस्छ आरु
किन किन पिक रुन्छ छोडि डाँको
चिरबिर मात्र छ धोबिनी चराको

२७

अलि पर रुख झम्म काँगियाको
तलतिर संथर छाहरी मजाको
म पनि त्यहिं पुगी बसें थचक्क
पर बहिनी पनि देखिइन् झुलुक्क !

२८

वय पनि दश वर्षसम्म होला
तर उनमा न छ बैंस एक तोला
किन किन उनको ममाथि माया
छिन छिन खोज्दछ बन्न देह छाया

२९

ललित पद, पवित्र मातृभाषा
मृदु कविता र कथा विछट्ट खासा
अघि पछि कति चाखसाथ सुन्थिन्
तर अहिले नसुनेर कान थुन्छिन्

३०

'सुन न सुन, किताप पढ्छु एक
कति कति छन् रसिला कुरा अनेक'
यति वचन भनेर सोध्न लागें
'किन बहिनी' भनि वाक्य खोलि मागें

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुख पनि कुहिरे बिहान जस्तो
नयन छ पल्लवमाथि शीत जस्तो
अघि पछि शिशु भाव खेलबाड
तर किन आज हरे! खडा पहाड!

३२

नयन जल रुमालले पुछेर
रहर सयौं सब पीरमा मुछेर
अलि अलि मृदु ओठ चाल्न लागिन्
दिल नदुखोस् भनि माफ माग्न लागिन्

३३

'हृदय यति सफा मुमा नबुझ्ने
दिन सकियो कविता सुनेर बस्ने
कति दिन गरुँला म हाँस - खेल
सब सकियो रसिलो मिलाप मेल--

३४

शहर लगि पढाउँला भनेथे
यहि घरमा सहवास जो दिएथे
उस दिन हिंडियो पहाडबाट
यस दिनमा परियो न तीर, घाट'

३५

यति भनि बहिनी बसिन् थचक्क
अलि अलि लाग्न गयो मलाई दिक्क
पुलुपुलु उनमाथि पर्छ दृष्टि
किन किन उत्सुकता हुँदो छ सृष्टि

३६

'भन भन बहिनी, कुरा पऱ्यो के ?
अनि कसले तिमीलाइ नै भन्यो के ?
अलि अलि जति जे छ सुन्न पाऊँ
बरु उठ सुस्त दलानसम्म जाऊँ

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसतिर रुखको हटेर छाया
पर पर भो नबसौं छँदैछ माया
शिर पनि सब घामले तताया
भन, कसले तिमिलाइ के बतायो ?

३८

यति वचन सुनेर वाक्य बोलिन्
अलि अलि कोकिल कण्ठ मन्द खोलिन्
"यस बखत म, दाइ मात्र साथी
घर सब शून्य छ जान हुन्छ माथि

३९

दुइ दिन छ पहाड जानलाई
उहिं लगि छोडिदिने अरे ! मलाई
अनि कससित हो ! बिहा हुने रे !!
त्यहि किनमेल भनेर निस्किए रे !

४०

खुरुखुरु गइयो जहाँ छ कोठा
त्यहिं गुँडमा शिशु गौंथली छ दोटा
अनि सँग बसियो गरेर आँट
सिरिसिरि चल्छ बतास झ्यालबाट

४१

"शहर घर गरी तिमी बसौली
रहर पुऱ्याइ नयाँ कुरा सुनौली
भनिकन सँग बस्न, पढ्नलाई
मति दिनुहुन्छ बुवा भने मलाई

४२

भनन किन बिहा भयो तयार ?
अझ पनि छैन मलाइ त्यो पत्यार
प्रणयमय सुनेर यो सवाल
अलि अलि उत्तरमा भनिन् हवाल

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हजुर र म सधैं सँगै भयौं रे !
दिन दिन पढ्छु भनेर खेल्दछौं रे !
वर, पर, तल, माथि गर्दछौं रे !
अनि गफ मात्र गरेर जिस्कियौं रे !

४४

कति छ कति कुरा बयान छैन
तब त हरे ! दिलमा हुँदैन चैन
निठुर मसित नै मुमा यसोरी
यिनिहरूको किन जन्मिएँ म छोरी ?

४५

रवि पनि नभमा हुँदा तुवाँलो
अलि अलि लाल भए बढेर जालो
मुख पनि उनको त्यसै गरेर
किन किन लाल भयो बसिन् अडेर

४६

"हुन त नियम हो विवाह भन्ने
नियम भनेपछि जोर क्यै नचल्ने
तब त नियम त्यो सुधार्नुपर्छ
अनि पृथिवीतल नै सिंगार्नुपर्छ

४७

कति असल कुरा किताबमा छन्
तब त समस्त समाज तापमा छन्
सितिमिति ननिको बुढ़ो विचार
बदलिन मुश्किल भो विना प्रचार

४८

अब सहनु सिवाय के उपाय ?
सुन मसमेत यहाँ छु निस्सहाय
अब सहज हुने भयौ शिकार
बुझ अब-ला-ज-न मारिने विचार

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनि जनम दिएर बाबु-आमा
अतिशय आदर पात्र भै दिंदामा
उनिहरुसित बोल्न हुन्न हामी
जति जति चोट दिऊन् मनै नथामी

५०

कससित कसको टिक्यो र माया
दुइ दिन जीवनको छ राम छाया
वर र पर हुँदै सरी रहन्छ
स्मृति दिलले जपना गरी रहन्छ

५१

हुन त सकलको छ एक माटो
तर पनि जीवनको छ भिन्न बाटो
जति जति सहवास हुन्छ टाढा
उति दिलमा स्मृति रङ्ग थप्छ गाढा"

५२

पल पल दिलभित्र क्यै गुनेकी
अलि अलि चाख लिई कुरा सुनेकी
मुकुलित उनको मुखारविन्द—
बिच थुनियो मृदु वाक्यको मिलिन्द

५३

गुनगुन सुनियो सिराननेर
मुख उनको मतिरै छ काननेर
'न त छ हजुरको न दोष मेरो
निठुर मुमा हुनु यो परन्तु मेरो

५४

अब हजुर बुवासँगै रहेर
पढिरहनोस् लयमा सधैं बहेर
प्रणय, जुनि दिने सबै भुलेर
म त रहुँली अरुकै बधू बनेर

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu .

CC-0. In Public Domain. Digitization by eGangotri

कति दिन त पहाडमै बिताएँ
अलि दिन मात्र यहाँ म बस्न पाएँ
तर यति दिनमै हजूर हाम्रो
मिलन भए पनि पर्न गो नराम्रो

५६

मिलन किन ? हुने भए बिछोट
मिलन नहोस् यसले रहन्छ चोट
वर, पर, तल, माथि, शान्ति, पीर
सब नसही कुन मृत्युमा पऱ्यो र ?

५७

अधि पनि दश वर्षकै छँदामा
यसरि मुमा पनि छोडि बाबु-आमा
परवश हुनुभो बिहा भएर
त्यहि बदला लिनुभो मबाट हेर

५८

यहि चलन समाजमा प्रशस्त
पछि पछिसम्म रहन्छ, हुन्न अस्त
म पनि पछि लिन्यै छु त्यै त बाटो
तर अहिले अरुले लिंदै छ साटो

५९

जति जति गहिरिन्छ मोह माया
कर बलले बदलिन्छ घाम छाया
जुनि बदलिनु झैं भयो कठोर !
विवश भई नसही कहाँ भयो र ?

६०

पुरुष र महिला दुवै छ दोषी
तर महिला अबला बडो बिहोशी
दुइतिर बिचमा हुँदा अशिक्षा
दुइतिरकै बिच गुम्सियो सदिच्छा"

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सललल बहने प्रवाह जस्तो
दुइतिरको दिलभित्र चाह जस्तो
नयन जल बनी बहेर बोली
किन किन टक्क अड्यो दिलै छिचोली

६२

चिरबिर गरि गौंथली करायो
हृदय यसै पनि झस्स हड्बडायो
झटपट उठि हेर्दथ्यौं नबोली
शिशुकन ख्वाउँछ माउ चञ्चु खोली

६३

हुन त अघि थियौं किशोर हामी
जति गरिए दिलका कुरा नथामी
उति सकल किताबभित्रका छन्
नकल गरेर दिलै बुझाउँदा छन्

६४

घरतिर उनलाइ लानलाई
तय गरियो दिलले दियो बिदाइ
खल र बल उता चली रहेछ
स्मृतिमय दीप यता बली रहेछ

६५

कति पटक खडा भए वसन्त
हर हर बाफ बने कथा अनन्त
अझ पनि मुटुमा व्यथा छँदैछ
मृदु कविता ध्वनि सान्त्वना दिंदै छ

६६

कहिं झललल झल्कने गरायो
कहिं त खिया परि पालिसै हरायो
अलि अलि कविता लिएर आऊ
अलप भईकन कल्पना ! नजाऊ

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृति पनि कहिलेको पर्न आएर देखा
अलि अलि कविताको कोरिंदा रूपरेखा
कविवर लिन लागे भावनातत्व नौला
हिमगिरितिर देखे कान्तिधारा सुनौला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृति १३

छन्द प्रदर्शिनी

झल्केको हिम-चुलिको प्रभा सुनौला
टल्केको रवि-शशिको ध्वजा सुनौला
चम्केको नव नयपाल झन् सुनौला
लम्केको कवि कविता लिई सुनौला

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्तैमा कविवर ती छटा विचित्र
लेख्तैमा अलिकति रूप, रङ्ग, चित्र
'क्या राम्रो प्रकृति छटाः' भनी विचार-
गङ्गामा पल पल गर्दछन् बिहार

२

ती आफ्ना सब अभिशाप बिर्सदामा
काव्यैमा दिल दिइ लेखनी लिंदामा
चौतर्फी स्मरण बतास चल्न लाग्यो
झण्डा झैं दिल पनि फर्र गर्न लाग्यो

३

आफैंले अघि शिशुकालमा पढेको
छापा झैं अनुभव रूपमा गडेको
दोभानै सरि हुन गो त्यहाँ अपार
पैल्लेको अनुभव, काव्यको विचार

४

भित्रैको स्थिति कहिले उतार्न खोज्थे
भैहाल्यो भनि अनि बाहिरैं दर्गुर्थे
आकाशैतिर कहिले उनी निहार्थे
पृथ्वीमा पनि कहिले यसो चहार्थे

५

विश्वै हो कुन ? कुन देश हो ? म को हुँ ?
लेख्ने नै विषय छ के ? म के लिने हुँ ?
जे पायो त्यहि दिलले टिपेर लेख्यो
जे लेख्यो त्यहि कविता भनेर देख्यो

६

स्रष्टा हुन् कविवर काव्य सृष्टि नै हो
त्यो देख्ने अनुभव मात्र दृष्टि नै हो
छन् प्राणी पनि कविता गनी नसक्नु
यस्ता छन् भनि मुखले भनी नसक्नु

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्रष्टाले जुन जुन सिर्जना गरिन्छन्
स्रष्टाकै पछि पदमा तिनै दरिन्छन्
तीबाटै अरुहरु सिर्जना थपिन्छन्
ताराले नभसरि भूतलै भरिन्छन्

८

छन् यो भूतलभरि सिर्जना अनन्त
त्यस्ताको परिधि लिनै सकिन्न अन्त
छन् कोही ढकमक फूल भै फुलेका
छन् कोही पतकर भै त्यसै सडेका

९

बास्नाले मगमग भै कुनै खुलेका
रूपैले कति मदमत्त भै फुलेका
छन् कोही मृदु मकरन्दले लपक्क
छन् काँढा कति अति घोच्तछन् चसक्क

१०

तारामा पनि त उही छ भेद नाना
छन् ठूला कति, कति छन् अतीव साना
प्राणीमा पनि गनिने मनुष्य ठूलो
त्योभन्दा पनि उसमा कवित्व ठूलो

११

यै चालासित इतिहासको विकास
चल्दामा क्रमसित काव्य भो प्रकाश
झुल्कन्छन् अलि अलि जुन्किरी बनेर
औंसीको तम पनि सुस्तरी चिरेर

१२

त्यै बत्ती लिइ तल माथि हेर्न थाल
दीयो झै अलिकति सम्झना उचाल
खोली द्यौ सब इतिहासको दराज
बोली द्यौ नव अनुभूतिको समाज

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साझा होस् प्रकृति र बोलचाल भाषा
साझा होस् कवि कलना अपूर्ण खासा
साझा होस् कलम दगुर्नलाइ बाटो
भेटाओस् रस इतिहास शुद्ध माटो

१४

जैले होस् अनि जसरी र जे गरी होस्
जस्तो होस् अनि जति होस् परिश्रमै होस्
यो माटो बगर नहोस् बनोस् मलीलो
आँसू होस् यदि पसिना बनोस् रसीलो

१५

यै माटोबिच नव जीवनी पलाओस्
सानै होस् फल-अमला सही—फलाओस्
जे खाँदा कलुषित पित्त फालिदिन्छ
आरोग्यालय जग नै बसालिदिन्छ

१६

यै माटो खनि खनि झिक्नुपर्छ पानी
पानी हो र-स-मय जीवनी जवानी
पानीमा रतिभर पर्नु हुन्न माटो
पानीले सरस बनोस् परन्तु माटो

१७

वाल्मीकि प्रभृति, कवीश वेदव्यास
तत्पश्चात् कविगण भास, कालिदास
जो आए पनि सबले रसै निकाले
पानीको कसर सबै झिकेर फाले

१८

सारै नै सरस कथा तथा पुराण
पैह्ले को स्थिति इतिहास वा बयान
जे लेखे पनि थपिंदै गए मुहान
देखाए अनुभव सिर्जना बिहान

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यैमा चलि सय वर्ष बाँच्नुपर्छ
बाँचेको र स-मय काव्य नै ठहर्छ
गाएरै हृदयसमेत खार्नुपर्छ
ऐनामा टलक नयाँ उतार्नुपर्छ

२०

यै माटो हिम जलले पखालिएको
यै बाटो जन बलले उचालिएको
यो हाम्रो सुर-मुनि-पूज्य पुण्यभूमि
यो हाम्रो युग युगदेखि कर्मभूमि

२१

राता छन् शिर जसका बिहान, साँझ
नीला छन् नभ जसका रहेर माझ
चम्कन्छन् चमचम नित्य जून, घाम
झण्डा झैं हिम-गिरि देखिने तमाम

२२

यै उच्चा हिमगिरिको उपत्यकाको
चौतर्फी खचित पहाड शृंखलाको
घेराको अति रमणीय राजधानी।
चम्केका अमर शहीदका जवानी !

२३

यै सेतो शिव-तनु भस्म लेपिएको
यै लट्ठा घन 'वन गम्म जेलिएको
गङ्गाजी यहि शिरबाट फाल हाली
बग्दी छन् सब पहराहरू उचाली

२४

खेल्दी छन् गिरितनया सखी लिएर
सीताजी शिव-धनु ल्याउँछिन् टिपेर
गर्दैछन् तप अरू ध्यानमग्न बुद्ध
यो पुण्य स्थल-महिमा सधैं छ शुद्ध

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यूँदै छन् रवि-शशि-वंश-दीप राजा
बज्दै छन् अझ पनि अश्वमेध बाजा
लेट्तै छन् शिव अझ ओढ़ि बाघ छाला
नाच्ती छन् दिन दिन पर्वतीय बाला

२६

गङ्गाजी झररर स्वर्गलोकबाट
ओर्ल्लेकी शिव-शिर नै बनाइ घाट
गौरीका सँग पनि बात गर्नलाई
बग्दी छन् हिम जलमा सधैं रमाई

२७

लड्दामा अघि शिवसाथ पाण्डुपुत्र
पाएथे पशुपतिबाट दिव्य अस्त्र
यी हाम्रा पशुपतिनाथ हुन् किरात
यै श्लेष्मान्तक वनमा अझैं छ वास

२८

प्रह्लाद प्रभृति अनन्य ईशभक्त
गर्दैछन् तप यहिं नै बनी विरक्त
नेपाली बनिकन बाँच्न देवताका
इच्छाका फरफर गर्दछन् पताका

२९

यै धारा सलल बगेर दूरसम्म
फैलिन्छन् जलनिधि दूधका अचम्म
लक्ष्मीका सँग रहि शेषमा सुतेका
छन् नारायण अझ योगमा रहेका

३०

छन् यक्षादिक अलकापुरी यही हो
गन्धर्वादिक अमरावती यही हो
जन्मिन् यै दहबिच खास नागकन्या
तारा छन् अझ पनि अंशुवर्मकन्या

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यै बायाँतिर अरुणा महानदी छन्
दायाँमा शयमुख शारदा नदी छन्
दोकाँधे दुइतिर फैलिई रहेको
विद्वान् झैं नव नयपाल शोभिएको

३२

यै सेता हिमगिरि कागतै तयार
चौतर्फी वन पनि लेखनी अपार
बेगिन्ती रँग भरि गण्डकीहरू छन्
नेपालै कविवर लेख्न व्यस्त झैं छन्

३३

छन् तीनै शहर प्रतीक तीन शक्ति
मानेको अघि अघिदेखि राखि भक्ति
आकारै पनि यसको त्रिकोण यन्त्र
जप्ने हो तप, बलिदान, त्याग मन्त्र

३४

नाच्ती छन् गणहरूसाथ शैलपुत्री
देखिन्छिन् अझ पनि ब्रह्मचारिणी ती
कूष्माण्डासहित अतन्द्र चन्द्रघण्टा
ऐंभाती लिइकन रूप स्कन्दमाता

३५

कात्या'नी पनि यहिं छन् अभीष्टदात्री
छन् दैत्य-क्षय-कटिबद्ध कालरात्री
छन् गौरी सहज महापदैक पात्री
छन् शक्तित्रय परिपूर्ण सिद्धिदात्री

३६

यी दुर्गाहरू सबलाई देख्न सक्ने
देखेरै सँग बसि बात गर्न सक्ने
अभ्यासी जनहरू मन्त्र तन्त्र जान्ने
जन्मेथे अघि तिनलाइ को नमान्ने ?

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ती देवीहरू सबका र देवताका
छन् देवालय अघिका यता उताका
मानिन्छन् अझ पनि रूपमा कलाका
ती अग्ला घरहरू पाँच नौ तलाका

३८

पैल्लेका अगणित मल्ल आदि राजा
यात्रामा बहुथरिका बजाइ बाजा
जो मान्थे चलन अनेक चाड पर्व
हिन्दूको अझ उसमा छँदैछ गर्व

३९

कालीका अनुपम भक्त गोरखाली
मर्स्याङ्दीसरि बढि छाल नै उचाली
घन्काइ जयनगरा यहीं उदाए
नेपाली जनबल एउटै तुल्याए

४०

टुक्रेको अवयव एक एक जोडी
वैरीमा तक पनि वैरभाव छोडी
यो साझा अति रमणीय फूलवारी
छोडेथे नव नयपाल झन् सिंगारी

४१

विद्वान्मा कविहरुमा र वीरतामा
नामी छन् सब पुरुखा नवीनतामा
तेजीला अझ इतिहासका प्रकाश
चम्कन्छन् जसरि हुँदैछ यो विकास

४२

भाषाका प्रथम कवीश भानुभक्त
मानिन्छन् सब जनमा गुणानुरक्त
जो रामायण उनले खडा गरेथे
त्यो पढ्दा कति कति साक्षरै बनेथे

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काशीमा बसि पढि चार पाँच भाषा
देख्तामा अवनति आफ्नु मातृभाषा
लेखेका सकल किताब नै छपाई
मोतीले चहक थपे नयाँ फिंजाई

४४

लेख्नैमा पनि परतन्त्रता हुनाले
शृङ्गारी कवि बनि प्यास मेट्न थाले
पैल्लेको शुरु पनि भक्तिले भएथ्यो
तत्पश्चात् प्रणयसमेत फैलिएथ्यो

४५

देखिन्थे गजल र गीत भावपूर्ण
मोतीको अब्झट आयु भो अपूर्ण
जो बाँकी कवि पनि केहि भाइ साथी
देखिन्थे स्तर तिनको छैंदै छ माथि

४६

भाषामा क्रमसित थप्न काव्य शैली
लेखिन्थे स्तुति-गुणगान मात्र मैली
दुःखै भो कवि बनि खानसम्मलाई
आँशू भो जुनि पनि आशु शम्भुलाई

४७

घुम्दै गो समय अनेक चक्रजस्तै
भाषाका जग थपिंदै गए प्रशस्तै
झन् राम्रैसित थपियो सिंगार ठाँट
लालित्य प्रकट भएर लेखबाट

४८

त्यो होला सुन-पिंजरा-शुगा करायो
जे होस् त्यो युग परतन्त्रता हरायो
लम्फूले पनि अब लेखनी समायो
मस्तैमा नव कविताकला जमायो

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् कोही द्रुततर काव्यमा सिपालु
छन् कोही अभिनव गद्यबाट ठालू
छन् कोही गहन विचित्र नाट्यकार
छन् कोही गजल कथा र गीतकार

५०

लेखिन्छन् श्रुति र पुराणबाट काव्य
लेखिन्छन् कति इतिहासबाट काव्य
लेखिन्छन् सहज कथा समाज काव्य
लेखिन्छन् सकल घुमेर विश्व काव्य

५१

अंग्रेजीपन छ कतै, कतै स्वदेशी
गोठालेपन छ कतै, कतै विदेशी
बेपत्तासित कवि कल्पना उडेको
जे लेखे पनि कविता बनी रहेको

५२

झन् सम्मेलन पनि हुन्छ शानदार
तक्माको वितरण हुन्छ झन् अपार
छातीमा लहलह स्वर्ण रौप्य झल्ल
देखिन्छन् कविगण मस्त वा प्रफुल्ल

५३

सलल सलल बग्दै रोकिंदै टक्क टक्क
अलि अलि इतिहासैलाइ हेरी पुलुक्क
विवरण दिइ गाँसे सर्गको एक माला
हृदयबिच खुला भो काव्यको रङ्गशाला

५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वात्सल्य १४

छन्द—वसन्ततिलका

बिश्राम भो दिन सयौं कविका कलाको
माधुर्य टप्प थुनियो सुरिलो गलाको
उर्लें परिस्थिति अनेक बनी तरङ्ग
विश्रान्त छैन कविको तर अन्तरङ्ग

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोष्ठी सभाहरूविषे कविता सुनेर
लेखूँ कि केहि भनि चित्तविषे गुनेर
फर्क्यो परन्तु घरमा अभिशाप त्यै हो
उद्भ्रान्त चित्त हुनुको परिणाम यै हो

२

हेर्‍यो जतातिर उतै पहिरो गएको
सोच्यो व्यथा छ मुटुमा गहिरो भएको
हे मित्रहो ! सुन न के नसुनी गएको ?
कानै समेत किन हो बहिरो भएको ?

३

आरोग्य, उन्नति बढोस्, सबको भलो होस्
दुःखी नहोस् जन कुनै, सुख शान्ति पाओस्
सिद्धान्त नीतितिर मात्र छ भावना यो
उल्टो परन्तु रहने व्यवहारमा यो

४

जुत्ता दुवै पयरमा छ, कहाँ छ काँढा
गोडै खियाउनुपरेन कहाँ छ डाँडा
घुम्ने समस्त पृथिवी सयपत्र डाँडा
छाला बिछाउन सकिन्न र बिझ्छ काँढा

५

हुन् मानिसै—बुझिदिने गर मर्म भित्री
हुन् राक्षसै–किन नफाटिरह्यौ धरित्री ?
स्वार्थी स्वभाव सब-मा-नबमा उदायो
यो पुण्यभूमि किन रौरव झैं गरायो ?

६

चूपै रहूँ यदि भने अति खिन्नता छ
बोलूँ कसैसँग भने अनुदारता छ
काँढा समान मन नै तलमाथि हुन्छ
काँढा बिझेसरि सधैं तडपी रहन्छ

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निःस्वार्थ प्रेम-पथभित्र बहन्छ आँसु
हाँसी रहे अति भएपछि झर्छ आँसु
ज्यादा उठ्यो रिस भने पनि गिर्छ आँसु
त्यस्तै कुनै सकसबाट चुहुन्छ आँसु

८

त्यैं आँसुको स्मरणले कविता बटुल्छ
त्यै काव्यले सकल विश्व जितेर डुल्छ
त्यै विश्वको असर व्यापक तत्त्व बन्छ
त्यै तत्त्वले रसिक भावुक सन्त बन्छ

९

बेहानका कमलमा सरि शीतविन्दु
थोरै छ आँसु तर त्यै त छ काव्यसिन्धु
त्यस्तै कथा छ दिलमा अझसम्म बाँकी
त्यस्तै व्यथा जलनभित्र छ एक झाँकी

१०

त्यो अन्धकार पथकी स्मृति-दीप जस्ती
दाम्पत्यको प्रणयको अनुभूति जस्ती
कस्ती भनूँ अझ नयाँ उपहार जस्ती
सौन्दर्य तत्त्व भरिलो अनुहार जस्ती

११

मानों बसन्त ऋतुको मृदु कोपिलाको
सानो रहस्यमय जीवनको कलाको
साकार रूप सरिको नव भावनाको
छन् सम्झना र सपना नमुना मुनाको

१२

त्यो गोल लोचन मनोहर लोल दृष्टि !
वात्सल्यकै भइर'ने दिनरात सृष्टि
आँखा भए कमल झन् भमरा छ नानी
बाँकी अझै छ दिलमा उसको कहानी

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुल्थे रुँदा पनि त्यहाँ बहुमूल्य मोती
खुल्थे मुसुक्क दिलमा झलमल्ल ज्योति
चोसे थिए अधर दारिम फूल जस्ता
औंला लिएर छिनमा स्तनतुल्य चुस्ता

१४

छन् जोर दाँत मसिना मृदु कोपिलामा
थोपा समान हिउँका गहिरो कलामा
ब्रह्मा, महेश्वर र विष्णुसमेत भुल्छन्
त्यस्तै शिशुत्व लिनपाउँ भनेर डुल्छन्

१५

त्यो भ्रूलता सकल माथि डिको दिएको
धर्को छ नाक 'कपुरी क' बनी रहेको
त्यो चेहरा प्रकृतिरम्य वसुन्धराको
बोली सुनिन्छ जसमा सुरिलो चराको

१६

धूवाँ उडेसरि घुमेर झुले कपाल
हल्लेर इन्दुसरि भान भएर भाल
कल्पन्छ तत्क्षण समाधि लिने तपस्वी
के सक्तथ्यो रहन धैर्य लिई मनस्वी

१७

आ!आ!!चरी ! वन परी!! चिरिरी गरेर
लै जा मलाइ नभमा भुरुरू उडेर
बोली सुना, अब मुना ! वनका कुनामा
आ, दूध भात दिउँला कलिलो दुनामा

१८

छाती भरी बस तिमी दुइ हात फाली
हेरूँ मुहार करले चिउँडो उचाली
देखाइदेउ अघिको नमुना मुनाको
चाचा झुलाइदिउँला म फुल्याउनाको

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पापा खुवाइदिउँला, सुकुमारिलाई
नाना लगाइदिउँला पुतली बनाई,
मीठो चिचीसहित माम मगाइदिन्छु
देखेर दङ्ग दिल मस्त म गाइदिन्छु

२०

त्यो कोपिला ! फरर फूल हुनै नपाई
बास्ना कला हरर भै बहनै नपाई
वैली झरी किन भएछ कथावशेष ?
यो आजको स्मरणमा छ त्यही विशेष

२१

आयो वसन्त तिलकावलि छन् प्रफुल्ल
छन् नग्न वृक्षहरूमाथि मुना प्रफुल्ल
छन् कोइली कुहुकुहू बहुतै प्रफुल्ल
छैनौ भनूँ म कसरी अहिले प्रफुल्ल ?

२२

गर्मी खडा छ, बहुतै छ कडा थकाइ
विश्राम लिन्छु जब, शीतल ठाउँ पाई
सारा चरा पनि उडे गुँड जानलाई
छैनौ भनुँ म कसरी शिशु वाक्यलाई ?

२३

कालो छ बादल खडा उसमाथि रात
औंला चिनिन्न जब हेर्छु उठाइ हात
चम्क्यो झिलिक्क बिजुली जगतै हँसाई
छैनौ भनूँ म कसरी नवज्योतिलाई ?

२४

आयो शरद् लहलहाउँछ धान-बाला
नाना थरी कुसुमका पहिरेर माला
सत्यं शिवंसित सबैतिर सुन्दरं छ
छैनौ भनूँ म कसरी जब चित्त रम्छ

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आयो तिहार भइ उत्तम पर्व, चाड
आनन्दको छ उसमा थपिंदो बहाड
स्त्री, बाल, वृद्ध सब छन् हँसिला मुहार
छैनौ भनूँ म कसरी दिलकी जुहार!

२६

हुस्सू टमाटम कतै छ, कतै तुषारो
अल्पेर जान्छ दिन, रात छ बित्न गाह्रो
न्यानो छ काख जसमा शिशु मस्त हुन्छ
छौ है! समस्त ऋतुमा अनुभूति भन्छ

२७

छैनन् अभाव र असम्भव यो जगत्मा
भत्ता लिएर जब हिंड्दछ चित्त सत्मा
अस्तित्व सत्य, शिव, सुन्दरको त्यही हो
वेदान्तवेद्य परमेश्वर नै त्यही हो

२८

अध्यात्म भित्र तर बाहिर भौतिकै छ
झन् पञ्चतत्त्व-गरिमा पनि उत्तिकै छ
देहाभिमान जनमानसमा खड़ा छ
तृष्णा लिंदो हृदय झन् चुहुँदो घडा छ

२९

होला—अकिञ्चन थिएँ, नहुँदा सहाय
होला—कठोर दिल भो नहुँदा उपाय
स्वाभाविकै छ दिल पग्लनुमा अवश्य
जानी सकिन्न यसको गहिरो रहस्य

३०

हेर्‍यो जता पनि गरीब सबै मभन्दा
माग्छन् धनी पनि भने अरुसाथ चन्दा
त्यो हो गरीब—जसको दिल साँगुरो छ
त्यो हो धनाढ्य-जसलाइ फराकिलो छ

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, उमेर नपुगेर हुँदा विवाह
भित्री रहस्य पहिल्यै नभएर थाह
त्यो कोपिला विकसितै नहुँदै झरेको !
बिर्सी नसक्नु अभिशाप थियो परेको

३२

जागीर छैन, धन छैन, जमीन छैन
सोझो स्वभाव छलछाम, कुकृत्य छैन
आफन्त भन्नु दुनियाँभर भिन्न छैन
बोक्रो सिवाय दिल कत्ति पवित्र छैन

३३

गर्मी ! बह्न्छ पसिना अवकाश छैन
बर्सादमा नचुहुने पनि वास छैन
जाडो हुँदा गुटुमुटू हुन ऊन छैन
आँसू सिवाय नुनिलो अरु नून छैन

३४

बाँकी अझै रहिर'ने किन भित्र आशा
आशा बनाउँछ अरे ! सपना तमाशा
नैराश्यको घनघटा नभमा छ टम्म
आशा झिलिक्क बिजुलीसरिको अचम्म

३५

त्यै भन्छ—ए पुरुष ! हिम्मत हार्न हुन्न
आशा पलाउँछ उसै मन मार्न हुन्न
मौका उदाउँछ यसै बसि टार्न हुन्न
चोला अमूल्य भुमरीबिच पार्न हुन्न

३६

अध्यात्म भौतिक दुवैतिर हेर्नुपर्छ
भारी बिसाइकन साहस फेर्नुपर्छ
संघर्ष जीवन बुझेपछि लड्नुपर्छ
पर्दा उघारिकन झन् अघि बढ्नुपर्छ

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसार-चक्र परिवर्तनशील हुन्छ
संपद् विपद् सब कुरा बदलीरहन्छ
काँटासमान तलमाथि भई रहन्छ
प्रत्यक्ष यो छ इतिहास कहीरहन्छ

३८

यो पक्षको पनि विपक्ष बन्यो निराशा
त्यो कल्पना-भुवनको रमिता तमाशा–
हेरेर मात्र कसरी रहला त आशा ?
यो जीवनी मनुजको हुनुपर्छ खासा

३९

आँटेर हिम्मत गरीकन झन् बढेर
मच्चीरहे पनि यसै पछि थच्चिएर
संघर्ष मात्र यदि जीवन हो भने ता
केको निमित्त ! अनि प्रश्न भयो विपत्ता

४०

दोहोरियो उहि कुरा—सहयोग छैन
सौजन्य धन्य दिल छैन, विवेक छैन
अन्याय शोषण कडा त-मले सतायो
विद्रोह मात्र दुनियाँभर तंतमायो

४१

चिम्लेर लोचन लिई क्षणको समाधि
सारा भुलेर भवको ननिको उपाधि
हेर्दा सबैतिर उही छ महाप्रपञ्च
मान्दैन झन् मन बयान गरीरहन्छ

४२

यो बुद्धभूमि, शिवभूमि र कर्मभूमि
यो स्वर्ग देवगणको प्रिय पुण्यभूमि
गाथा र कीर्तितक गाउन मात्र हो र ?
बोलेर काम नगरेपछि के भयो र ?

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा छ शिक्षित हुँदा व्यवसाय छैन
ढाँचा रवाफ छ कतैतिर आय छैन
के खोज्छ आज दुनियाँ सुख शान्ति मात्र ?
स्वार्थी र दानव बनेर अशान्तिपात्र

४४

गोदाममा कहिं अनाज कुहीरहेछन्
खानै नपाइ कहिं चाहिं नुहीरहेछन्
रित्ता कतै महल ह्वाङ्ग कुरीरहेछन्
वासै नपाइ कति झन् दगुरीरहेछन्

४५

थुप्रेर खात कपड़ा छ कतै सडेको
झुत्रो लुगा सयचिरा छ कतै पडेको
चाहिन्छ निस्कन पऱ्यो कि कतै सवारी
भोकै दगुर्नु छ कतै पयरै लतारी

४६

अध्यात्मवाद पनि हेर न ढोंग मात्र
वेदान्त बन्छ बकको उपहासपात्र
थुप्रै अशान्ति झगडा पनि धर्ममा छ
भेट्टाइँदैन कुनचाहिं सुकर्ममा छ !

४७

झन् राजनीति पनि आज छ भूस-धोक्रो
निर्धो भएपछि निमोठिन पुग्छ घोक्रो
पोशाक बाहिर छ, भित्र छ खालि धोक्रो
बोक्रो तहै तह अनन्त छ भित्र खोक्रो

४८

साहित्य झन् छ बरबाद अनेक वाद
गाँधी र मार्क्सहरूको बहुधा विवाद
पूँजी र साम्य कुनमा दिनु धन्यवाद !
बिर्सेर राष्ट्रिय कला छ अनर्थवाद !

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मान गर्न कवि पण्डितको नजानी
जान्ने सबै म हुँ भनी भइ खूब मानी
पुग्छौं र माथि अरूको बुइमा चढेर ?
छोडीदिंदा रहनुपर्छ यसै लडेर

५०

भाषा र भाव छ कता ? अलपत्र शैली
बिग्रे सडे नव रसै हुनसम्म मैली
स्वच्छन्दता दिवसको रमिता मनाए
वेढङ्ग गद्य कविले कविता बनाए ?

५१

यस्तै छ तर्क दुइ पक्ष बनी उठेको
नैराश्य, आश दुइटै भुमरी छुटेको
बाँकी रहस्य पनि हार्नु र जित्नुमा छ
चाहिन्छ शक्ति उसमा जुन आत्ममा छ

५२

आत्मा कहन्छ—भइगो किन गर्नु तर्क ?
सम्झाइ बुद्धि पनि भन्छ मतर्फ फर्क !
फर्केर भन्छ मन—सक्तछु जे म गर्छु
तृष्णा ! तिमी नबढ है ? अलपत्र पर्छु

५३

आखीर जीवन बन्यो कविको तटस्थ
बाधा हटयो हृदय भो अलिबेर स्वच्छ
छोडयो विचार पनि बाहिर घुम्न जान
अन्तर्मुखी भइ बस्यो मुनिको समान

५४

तृष्णा र जीवन सफा दिलको प्रचार
एकत्र भो अनि खुल्यो कविको विचार
निस्क्यो कि बाहिर भयो झगड़ा अशान्ति
भित्रै बस्यो अलिक बेर लिएर शान्ति

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मरणमय चलेथ्यो हर्हराएर हावा
मगज गगनमा क्यै बेर खाएर कावा
लकपक भइ हल्ल्यो किन्तु सन्तोष-बत्ती
हृदय कमल जस्तै फक्रियो पत्ति-पत्ती

५६

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्रता १५

छन्द—पञ्चचामर

जगाउँ दीप शान्तिको अशान्ति अन्धकारमा
भगाउँ मोह वासना विलासमा विहारमा
बगाउँ भित्रको सबै व्यथा, विषाद वेदना
म गाउँ एउटा नयाँ विशुद्ध काव्य साधना

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्र देशमा बसी स्वतन्त्रता मनाउँला
पशुत्वबाट छुट्टिई मनुष्य बन्न जाउँला
कवित्व शक्तिको प्रभा त्यहीं पुगेर पाउँला
विभिन्न छन्द बन्धमा विचित्र काव्य गाउँला

२

स्वतन्त्रता रुचाउँछन् समस्त विश्वका कवि
स्वतन्त्रता सिकाउँछन् घुमेर विश्वमा रवि
स्वतन्त्रता जतातै फिंजार्छ चम्किलो छवि
स्वतन्त्रता छ यज्ञ यो जहाँ छ विश्व नै हवि

३

स्वतन्त्रता नसा नसा बहन्छ रक्त-धार भै
स्वतन्त्रता करेन्ट झैं फिंजिन्छ तार तार भै
स्वतन्त्रता समाजको समस्त दोष धुन्छ रे!
स्वतन्त्रता नभै दिए विचार सुप्त हुन्छ रे!

४

स्वतन्त्रता हरेकको अमूल्य रत्न-हार हो
स्वतन्त्रता फरासिलो मिजासिलो मुहार हो
स्वतन्त्रता रमाइलो सधैं दशैं, तिहार हो
स्वतन्त्रता नभै दिए मरेसमान हार हो

५

स्वतन्त्र भै बसेर नै बने कला उपासक
स्वतन्त्र - राग-गाउँदा बने प्रवीण गायक
स्वतन्त्र काव्य-लोकमा बने सिपालु नायक
स्वतन्त्रता विना कुनै हुँदै हुँदैन लायक

६

समाधिमग्न भै बसौं गरेर योग साधना
कि ता प्रपंचमा घुमौं लिएर भोग वासना
स्वतन्त्रता नभै हुँदै हुँदैन जे भए पनि
स्वतन्त्र भन्नु मोक्ष हो मरेर नै गए पनि

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्र राष्ट्रभित्रको स्वतन्त्र देशभित्रको
स्वतन्त्र ठाउँभित्रको स्वतन्त्र वासभित्रको
स्वतन्त्र व्यक्ति जो छ त्यो हुँदै हुँदैन पामर
स्वतन्त्रता हिलाउँछन् सदैव पञ्च चामर

८

यसै गरेर गाउँथे सदा स्वतन्त्र गौरव
परन्तु जिन्दगी थियो कठोर कष्ट भैरव
युगौं बिते पला बनी पछाड़ि नै परे कवि
डुब्यो महान्धकारमा विशाल काव्यको छवि

९

विचित्र काव्य सिर्जने सुभावना हुँदा हुँदै
लखेट्तथ्यो पछार्दथ्यो कुभावना सताउँदै
न चूप लाग्न पाउँथे कतै समाधिमग्न भै
चहार्नुपर्दथ्यो जगत् सधैं विवेक भग्न भै

१०

मनुष्यलाइ विश्वमा सताउने मनुष्य हो
मनुष्यलाइ विश्वमा तताउने मनुष्य हो
परन्तु के रहेछ त्यो विचित्रता मनुष्यको
समाजको सुधार हो मनुष्यता मनुष्यको

११

व्यथा छ अश्रुविन्दुमा कथा छ काव्य सिन्धुमा
अथाह शान्तिको प्रभा छ दूर माथि इन्दुमा
हरा भरा र उर्वरा तथापि यो वसुन्धरा
अभाव काव्यकारकै निमित्त भो कठैवरा !

१२

गिज्याउने, गिराउने, दबाउने, सताउने
सहानुभूति भावना लिई कुनै नआउने
समाजकै स्वभाव यो स्वतन्त्रता भएर के ?
छ दानवी दबाव झन् मनुष्यता भएर के ?

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतन्त्रता भयो भने हटेर जान्छ शोषण
नयाँ विचारले सबै नयाँ हुनेछ पोषण
यही पवित्र कामना थियो जता गए पनि
परन्तु शोषणै बढ्यो स्वतन्त्रता भए पनि

१४

स्वतन्त्रता समानता दिने विचित्र यन्त्र हो
स्वतन्त्रता सुखी तुल्याउने पवित्र तन्त्र हो
न छन् सुखी कुनै यहाँ समान छैन क्यै हक
खुलेन काव्यकारको खुलस्त बोल्न नै धक

१५

"म मात्र जान्छु माथि नै" अरू सधैं बसून् तलै
रमाउँदा रमाउँदै चटक्क छोड्छु भूतलै"
यही कुभावना लिई मनुष्य आज गम्कने
स्वतन्त्रता विशुद्ध भै प्रभा कतै नचम्कने !

१६

"म मात्र खाउँ लाउँ औ मजा म मात्र नै गरूँ
म मात्र भोग तिर्सना अपूर्ण यो घडा भरूँ"
यही मुरादले बढ्यो अगाडि किन्तु मानिस
स्वतन्त्रता भयो कठै ! विषालु सर्पको विष

१७

"मलाइ मात्र थुप्रियोस् असंख्य राशि सम्पति
मलाइ नै गरून् सबै जना झुकी सधैं नति"
यही लिएर चाहना मनुष्य लम्कँदै गयो
स्वतन्त्रता विडम्बना भएर खेर नै गयो !

१८

शहीद छट्पटाउँदै रहून् न माथि नै बसी
मजा लिऊन् न शोषकै गरीबको गला कसी
चुहाइ रक्तधार जो कमाइयो स्वतन्त्रता
चुसेर रक्तधार झन् मजा लिने मनुष्यता !

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचार मात्स्य नीतिको सखाप गर्नुपर्दछ
भुतुक्क भै मनुष्यता पछाडि नत्र मर्दछ
भनेर क्रान्ति यज्ञमा भए शहीद आहुति
परन्तु मात्स्यनीतिकै हुँदो छ आज साउती

२०

छ पण्डितै बडो हुने छ डाक्टरै बडो हुने
धनै भए बडो हुने बलै भए बडो हुने
समस्त मालिकै हुने कुनै हुँदैन नोकर
स्वतन्त्र देशभित्र झन् लगाउने उसै कर

२१

जसो गरेर हुन्छ होस् बटुल्नुपर्छ रे धन
नयाँ नयाँ विलासको समेट्नुपर्छ साधन
अभाव हुन्छ भै रहोस् सह्याल्न धान्न जिन्दगी
प्रवाह स्वार्थसिद्धिको रवाफको बढ्यो बगी

२२

"पढें, अगाडि झन् बढें, उपाधि शैलमा चढें
तलै नओर्लने भई म आफ्नु शानमा अडें"
भनेर मग्नमस्त भै सिकाउने कहाँ-कहाँ ?
अशिक्षितै भई बसोस् धनै दिंदैन जो यहाँ !

२३

धनाढ्य भै पढेन क्यै भएन योग्यता अरे !
लगाउँछन् पढाउनै झुलाइ आशमा हरें !
कठै ! गरेर शोषणै परिश्रमै समेतको
उही हुँदो छ मालिकै कुवेरतुल्य कोषको

२४

लगाइ कानमा नली बडो बनेर डाक्टर
गरीबलाइ भन्दछन् 'हटेर जा, अझै पर''
जता गयो धुनै धनै प्रचार अर्थवादको
स्वतन्त्रता विकार झैं भयो अनर्थवादको

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यहो ! मनुष्यको छ जन्मसिद्ध जो हक
नखोस त्यो, नमास त्यो, नमान बाँड्नमा धक
समान बन्धुभावको विकासतर्फ ध्यान द्यौ
गला नरोक दीनको सुधारतर्फ ज्यान द्यौ

२६

न दास विश्वमा कुनै न ता कुनै छ मालिक
गरेर काम खानको समान नै हुँदा हक
समस्त मातृभूमिका सुपुत्रलाइ हेरिद्यौ !
लिएर बन्धुभावना कुभाव झट्ट फेरिद्यौ !

२७

अगाडिसम्म नै थियौ अबोध सानु बालक
बढेर फूल कोपिला बन्यौ जवान लायक
बुढो भयो, झन्यो, गयो ! कठै !! रहन्न शेष रे !
परोपकारको सुवासना रहन्छ शेष रे !

२८

भएन गर्भदेखि नै कुनै सिपालु शिक्षित
सिकी, सुनी बन्यौ भने वृथा नहौ न गर्वित
सिकाउँ लौ ! बुझाउँ लौ ! भनी सदैव लम्किद्यौ !
जगाइद्यौ, उठाइद्यौ सफा बतास हम्किद्यौ !

२९

बढेर रोग ओखती विना बिछानमा परे
तिमी सिपालु वैद्य छौ प्रसिद्ध विश्वमा अरे
जुटाइदेउ ओखती व्यथा सबै हटाइद्यौ !
समर्थ काम गर्नमा तुल्याउँदै खटाइद्यौ !

३०

'म पो धनी, गरीब त्यो' भनी वृथा अनादर
गरेर अन्त्यमा सँगै लिएर जान सक्छ र ?
छ लोभ, नाश हुन्छ त्यो दया गरेर दान द्यौ
सहानुभूतिको सिढी चढाइ माथि जान द्यौ !

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हटाइ राक्षसी प्रथा बढाउँदै मनुष्यता
लिई पवित्र भावना घुमी जगत् जतातता
फुलून् फलून् सबै यता भनेर शान्ति छर्किद्यौ !
दगुर्न द्यौ र नाच्न द्यौ अनन्त काल बाँच्न द्यौ !

३२

हुँदैन शिष्य रे कुनै सबै जना हुने गुरु
अनर्थवाद नाशिने भएन कामको शुरू
सुधारको विचारमा विशेष ध्यान छैन रे !
'बनूँ' भनेन 'बन्' भन्यो कुनै कुरा हुँदैन रे !

३३

शहीद-बन्धुले दिए सहर्ष आत्म नै बलि
स्वतन्त्रता मनाउँछौ विशेष याद क्यै नली
विदेशको रवाफमा स्वदेशको कवाफ छ
युगौं बिते पला बनी फजूल स्वाँग बाफ छ

३४

सभा बसेर निस्कँदा हुँदैन ठोस निर्णय
विवादको र वादको बढेर जान्छ संशय
चलीरहन्छ भोलिको प्रवाह झन् पुनः पुनः
भएन आज काम क्यै हुनेछ भोलि पो कुन ?

३५

सभा सयौं समाजको प्रथा यही छ आजको
सधैं रबाफ खर्चिलो विनाश काम काजको
नचाउँदा, झुलाउँदा जुवा, सुरा र सुन्दरी
गरीब रुन्छ देशमा असह्य भोकले मरी

३६

सुरा र सुन्दरी दुवै अशान्ति नै प्रधान हुन्
अगाडिसम्म क्यै न क्यै विलासका विधान हुन्
पछाडि बैर फूटका विनाशका निदान हुन्
मनुष्य हुन् भने बची सदैव सावधान हुन्

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनाउँदैछ नीतिले ढपक्क कान बन्द छ
खड़ा छ दृश्य सामुमा परन्तु दृष्टि अन्ध छ
कठै ! सुमार्ग छोड्दछन् स्वयं उनै नियामक
विधानसम्म तोड्दछन् स्वयं कुनै प्रशासक

३८

ठगेर धर्म लुट्तछन् लुटेर कर्म भन्दछन्
न धर्म भो, न कर्म भो, रहेन शर्म अन्ध छन्
स्वतन्त्र भन्नु मर्म हो छिनाल चट्ट शृंखला
जुवा सुरा र सुन्दरी जुटोस् पुगोस् पला पला

३९

गरीब बन्छ जान्छ त्यो कुबेर नै भए पनि
यसै हुँदै गयो भने रहन्न शेष जीवनी
भएन यो स्वतन्त्रता भए, छ बेस बन्धन
बचीरहन्छ आबरू स्वदेश बन्छ नन्दन

४०

बिहोश भै हिंड्यो, गयो सबै स्वदेश गौरव
वरीपरी खड़ा भयो अशान्ति दृश्य रौरव
छ आफ्नु भन्नु के यहाँ कुनै अचिन्त्य वैभव
भयौं कि आफु आफुमै लडेर आज कौरव !

४१

उदाङ्ग भो र छयाङ्ग भो रहेन बार बन्धन
कथा भयो शहीदको स्वदेश स्वप्न नन्दन
विशुद्ध अर्थ के थियो ? हुँदा स्वतन्त्रसाधना
हुँदै छ आज फुस्कँदा स्वतन्त्रता विडम्बना !

४२

त्रिभुवन-जनताका मुक्तिदाता सबैले
कति गरिकन ल्याए यो प्रजातन्त्र पैल्ले
तर मनपरि चल्दा उल्टियो त्यो इरादा
कवि तुलबुल हुन्थे देखिंदा विघ्न बाधा

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विडम्बना—१६

छन्द—अनुष्टुम्

उडे बाफ, बने मेघ, चले विद्युत् गिरे जल
खहरेका छुटे मेल बढ्यो कल्लोल खल्बल

१

पृथ्वी, आकाश दोभान संसारै यो असार भो
पार पाउन पाइन्न पर्दा झैं अन्धकार भो !

२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्रष्टाको सिर्जना हुन्छ मिल्दा प्रकृति पूरुष
अंकुरिन्छन् सयन् बीज सुरक्षित रहे तुस

३

प्रतिभा, कवि दोभान काव्यकै सिन्धुभित्र छ
भावना-विन्दुको सिन्धु एउटै इन्दुभित्र छ

४

कोलाहल कतै चल्छन् कल्लोल अभिशापका
सुस्केरा बाफ भै उड़छन् अनुभूति र तापका

५

कतै आदर्श झल्कन्छन् छरिएका यथार्थमा
स्वार्थका दाग देखिन्छन् झन् कतै परमार्थमा

६

कल्पना उड्दछन् लाखौं चङ्गा जस्तै अकासिंदै
कहिले वास्तवै भित्र दबिन्छन् तल भासिंदै

७

कलाका नाच देखिन्छन् छन्दका पाउ चल्दछन्
नवटै रस झल्काई स्वच्छन्द फल फल्दछन्

८

आयव्यय कतै लाखौं यातायात भईर'ने
कतै झन् थपिने आय कतै व्यय गईर'ने

९

उन्मत्त सुखले कोही कोही घायल दुःखले
मौलाए मित्र पाएर बौल्लाए कति दुष्टले

१०

यस्तै विषमतारूप दोभान छ जताततै
लथालिङ्ग भताभुङ्ग देखिन्न समता कतै

११

सुन्दरं र शिवं छैन भने सत्यं रहोस् फगत्
सत्य सृष्टि गरोस् सारा शिव सुन्दरको जगत्

१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविको दिलमा यस्तै दोभान लहरी चढ़े
दोभानै भित्र पौडेर भेल जस्तै भई बढ़े

१३

देखे दोभानमै सारा संसार परिवर्तन
निस्कँदैन कुनै तत्त्व दोभान नभईकन

१४

विचारको किनारामा उत्रियो कविको दिल
बगायो भेलले मैलो बोल्यो हृदय-कोकिल

१५

शरत्को सुषमा झल्क्यो हृदयाकाशमा सफा
चियायो इन्दुको बिम्ब उघारी त-मको गुफा

१६

लालित्यको पन्यो छाया सुनौला हिम-शैलमा
शीतका विन्दु टल्कन्छन् हरिया वन, चौरमा

१७

पोतिएकै छ वर्षाले पृथिवीतल राम्ररी
खेत बारी मखमली गलैंचा छन् वरीपरी

१८

चट्टान चकला झैं छन् गोरेटा कारपेट झैं
साना पहाडका थुम्का बालिस्ट तकिया सधैं

१९

चँदुवा पनि आकाश तितरीपंख बादल
दुवै तट बजाएर जल ठोक्तछ मादल

२०

पहरे भीरका अग्ला खसेका तल निर्झर
कानमा गुञ्जिएकै छ झ्यालीको स्वर झर्झर

२१

सनाही, मुजरा, चाँप, सारङ्गी, तानपूरिका
बजाएर उडेका छन् चिड़िया शुकसारिका

२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फूलमा भमरा आई घण्टानाद सुनाउँछन्
चपाई आँपका मुण्टा कोइली शंख फुक्तछन्

२३

सुस्तै माथि चढे सूर्य बित्दै गो अरुणोदय
चर्कियो ताप हट्तै गो प्रभाती मंगलोदय

२४

दौडन्छन् काममा सारा छाता ओढेर घाममा
देखिदो छ नयाँ अर्कै छटा मध्याह्न याममा

२५

सोच्तैमा शान्त एकान्त विश्रान्तिस्थल शीतल
रविको रथको वेग मोडियो पश्चिमाचल

२६

कविजी कविता लेख्न घुम्दै फिर्दै पुगे त्यहाँ
थियो सुन्दर चौतारो वर-पीपलको जहाँ

२७

श्रमहारी छहारीमा हुँदा जीवन-सिर्जन
निस्कियो लेखनीद्वारा सानो जीवन दर्शन

२८

सत्य, सुन्दर, चैतन्य धन्य-मा-नव-जीवन
कलाले पूर्ण चौतारो दिलै हो शान्ति साधन

२९

देखिए तर सामुन्ने रुख धेरै थरी अरू
भाँचिएका सुकेका र धोत्रिएका ठुटाहरू

३०

यहाँ यस्तो त्यहाँ त्यस्तो किन हो? असमानता
विचारले भन्यो झट्ट—कसरी होस् समानता?

३१

यता त्याग तपस्या छ उता शोषित शोषण
यता मानवका बन्धु उता दानवको रण

३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोकाले गर्दछन् पाप पसीना चुस्छ शोषक
कामको माम मिल्दैन हरिन्छ दिइने हक

३३

विद्वानै गर्दछन् भूल न्यायी बन्दछ धूर्त नै
त्यागी कहलिने स्वार्थी, भक्ति छाँट्दछ मूर्ख नै

३४

कीटाणु रुखका छन् ती छिनाल्छन् तलका जरा
कसरी आउलान् बस्न हाँगामा गाउने चरा

३५

माटो खोस्रनु हो क्रान्ति शान्ति हो श्रमशीलता
औषधि त्याग निःस्वार्थ तपस्या सच्चरित्रता

३६

कर्मयोगी हुने पाठ रोजिन्दै पढ्नु हो मल
सहानुभूतिको भाव साकार हुनु हो जल

३७

कविता पात लागेका हाँगा साहित्यका मनि
प्रयोगात्मक विज्ञान चौतारा चिन्दछन् पनि

३८

सहेर घामको राप छाया दिनु छ शीतल
वसन्तश्री सधैं नाचून् दली शिशिरका दल

३९

यहीं माथि बसी लेखूँ जहाँ छन् दुइटै रुख
सुखले हाँस्न लागेको देख्दै संसारको मुख

४०

सोच्तछन् कवि अध्यात्म टण्टा पर्दछ भौतिक
पारमार्थिकता रोज्छन् बन्दछन् व्यावहारिक

४१

यी दुवै थरि दोभान बहने छुट्टिनै नदी
उचाली कल्पना छालौं शयौं जीवनका नदी

४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै प्रकृतिको पर्दा, कतै जीवन नाटक
कतै पुस्तक संसार आलोचक र पाठक

४३

कतै जीवन संघर्ष, समाधिस्थिरता कतै
कतै छ लोभको ढिस्को त्यागको पहिरो कतै

४४

त्रिशूली पहरा फोरी हाम्फालीकन बग्दछिन्
दशै दिगन्त घन्काई तादीमा छाल ठोक्तछिन्

४५

त्यहाँ गजबको देखे दोभान कविले जब
सारा संसारमै देखे दोभानमय उत्सव

४६

त्रिशूली बलिई जित्थिन् तादी दुर्बल हार्दथिन्
जित, हार दुवै तत्त्व दोभानै माथि पार्दथिन्

४७

देवीको नामको मूर्ति देवीकै नाम पूजन
देवीकै पाठ सप्ताह देवीकै बलि भोजन

४८

रुञ्चे मुहारका कोही, कोही छन् हँसिला मुख
कतै ढुङ्गा, मुढा टन्न, अमिलीका कतै रुख

४९

बगैंचा आँपका घारी लाम लश्कर छन् कतै
त्यसैमाथि रमाएका कोइली सोच्दछन् कतै

५०

चैत्र मैह्ना न जाड़ो हो, न गर्मी हो रमाइलो
मध्यस्थ नभई कोही कहाँ हुन्थ्यो र माहिलो ?

५१

तीरमा आँपका वृक्ष वृक्षमा कोइली 'कुहू'
'कुहू' का साथसाथै छ त्रिशूली भेलको 'उहू'

५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फाल हालेर ढुङ्गामा बज्रिदा निस्कियो 'उहू'
झुलौना आँपका हाँगा पाउँदा निस्कियो 'कुहू'

५३

त्यो दुवै स्वरको अर्को दोभान अनुभूति भो
भासिंदो छ उँधोतर्फ उक्लँदो छ कतै उँभो

५४

डकाराकारका डाँडा देखिन्थे शृङ्खलासरि
डकारेर अघाएका महाजन बसेसरि

५५

एउटा चुचुराबाट अर्कोमा पुगियो जब
बिचको साँध भञ्याङ दोभानै भै गयो तब

५६

चुचुरामाथि चुचुरा पनि दोभान झैं थिए
फिंजारिन्थे भने कोही कोही झन् अग्लिने थिए

५७

त्यै अग्ला चुचुराबाट देखिन्थे हिमका चुली
सूर्य अस्ताउँदा रोजै फेर्दथे हिम काँचुली

५८

कतै छन् साँगुरा बाटा गोरेटाहरु भीरमा
सुनगाभा कतै हाँस्छ उन्यूचाहीं छ पीरमा

५९

पत्रै पत्रे छ चट्टान कतै उड्दछ बालुवा
पतिंगर कतै सुक्खा कतै मञ्जुल पालुवा

६०

चोसे मोसे उकालोमा कतै ढुङ्गा र कङ्कड
रातो माटो कतै बाटो ओह्रालो बन्छ गड्बड

६१

कतै छन् गहुँका बाली हरियाली गरा गरा
कुट्मिरा, काँगिया, सल्लाघारी वन हरा भरा

६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै छन् पोखरी, ताल, आहाल र कुवाहरू
पशु नाना थरी चर्न आउँदा छन् खुरूखुरू

६३

अनेक पशुका दोटै सींगले भन्दथे त्यहाँ
त्यो सांकेतिक भाषामा दोभानै छ जहाँ तहाँ

६४

लेक, बेसी कतै राम्रा बस्ती, मैदान, जङ्गल
बग्दा गो-रसको धारा मिल्ने शान्ति र मङ्गल

६५

झ्यालका काठमा काला सेता राता सबै घर
धेरै जस्तो सबैको छ छानामा छाउने खर

६६

गाग्री राखेर डोकामा पानी बोकेर आउँछन्
कान्ह्ला भऱ्याँग झैं उक्ली पसीनाले भिजाउँछन्

६७

धागो पछाडि चुल्ठोमा, नाम्लो माथि कपालमा
ध्वाँसे गाजल आँखामा, टीका बत्ती छ भालमा

६८

पुष्ट छाती चियाएका, चोलो खोलेर बाहिर
घुँडासम्म गुन्यूँ छोटो, उज्यालो चेहरा तर

६९

फनक्क एउटा डाँडा घुमी पुग्नुछ गाउँमा
धेरै गाउँ थिए त्यस्तै पँधेरो छैन ठाउँमा

७०

वस्त्र विन्यास वा ढाँचा, आडम्बर र फूर्तिमा
पाइँदैन मनुष्यत्व हेर मानव - मूर्तिमा,

७१

पसीनाले कमाएको चोखो गुन्द्रुक मोल त्यो
पहेंलो सुनको डल्लो झन् कस्तो अनमोल त्यो !

७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै आवाज निस्कन्छ पूजा शंख र घण्टको
कतै अतिथिसत्कार बोली निस्किन्छ कण्ठको

७२

त्यहाँ देखिन्छ दोभान सत्यको श्रमको सुख
जहाँ कुसुम जस्तै छ किसान - शिशुको मुख

७४

एउटा ह्वैन धेरै छन् त्यहाँका बालबालिका
नाम बोलाउने मात्र वीरभद्र र कालिका

७५

जानेनन् कहिल्यै गर्न परिवार नियोजन
मानेनन् कहिल्यै मीठो खान एक्लै बसीकन

७६

सबैको लागि साझा हो उर्वरा यो वसुन्धरा
पसीनाले भिजाएमा हुने पूर्ण हरा भरा

७७

आमाका मासुका थैला दूधले भरिएसरि
स्रष्टाले सिर्जना दिन्छन् भरिन्छन् पृथिवीभरि

७८

गङ्गाधर यहीं आई रच्तैछन् नित्य ताण्डव
अझै छन् पर्वतारोही यसैमा पञ्चपाण्डव

७९

शैलपुत्री यहीं आई मान्दैछिन् हरितालिका
यहींबाट बनिन् सीता लङ्का-मा-रण कालिका

८०

यहीं सिद्धार्थको आत्मा शान्ति संकेत गर्दछ
चोखो मानवतासाथै संग्लो संस्कृति भर्दछ

८१

अझै विज्ञानको आँखा परेको छैन गाउँमा
धर्ती, पानी र आकाश पुग्यो जो सब ठाउँमा

८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रेल, मोटर, गाडाले नाघ्यो सम्पूर्ण भूतल
डुङ्गा, जहाज पौडेर ढाक्यो सागरको जल

८३

हाम्रा व्याकरणाचार्य गुरुजी भन्दथे अघि
'शब्द नै ब्रह्म हो बाबू नाश हुन्न कतै डगी''

८४

प्रत्यक्ष आज पाइन्छ रेडियो टेलिफोनमा
टेप रेकर्डमा सारा शब्द नै ब्रह्मरूपमा

८५

उहिले देवता सारा हिंड्थे रे व्योमयानमा
सुनिन्थ्यो देखियो आज व्योमयानै छ यानमा

८६

'हला' ले पनि क्षेप्यास्त्र बनायो पहिले अरे!
कति जर्मन बासिन्दा बमले भस्म भै झरे!

८७

एक से एक बढ्दा छन् रूस, चीन, अमेरिका
के के गर्दैन विज्ञान विज्ञानैको छ जीविका

८८

धर्म, संस्कृति, जातित्व सबैलाइ चपाउँछ
शिक्षा, साहित्य; सङ्गीत यसैमा मिल्न आउँछ

८९

आयुर्वेद, धनुर्वेद सारा वेद जितीसक्यो
पुरानो भो बिरानो भो कथाजस्तै बितीसक्यो

९०

दावा अमरताको छ मुटु फेर्न सकिन्छ रे!
ग्रहलोक र धर्तीमा यातायात हुँदैछ रे!

९१

बेसै हो विश्वकल्याण गर्ने विज्ञान धन्य हो
विश्वसंहारकारी हो भने त्यो त जघन्य हो

९२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजमार्ग बनेका छन् पाखा पर्वतमा पनि
नदीमा बाँध बाँधिन्छन्, फोरिन्छन् पहरा पनि

९३

अरू नै देशले जान्यो सिक्यो गर्न समुन्नति
पाडो त्यसै रमाए झैं खै हाम्रो के छ उन्नति ?

९४

शिक्षा छ, पाठशाला छ, विश्वविद्यालयै चल्यो
सिर्जना रचना शक्ति के भो के भो त्यसै गल्यो !

९५

सानो पेच-किलासम्म बन्न सक्तैन देशमा
बने स्नातक विज्ञान ढाँचा काँचा र भेषमा

९६

'पृथ्वीनारायणै' हाम्रा राजनीति प्रमाण छन्
कृष्ण मन्दिर औ अग्ला नौतले दरबार छन्

९७

के विज्ञान पढ़े होलान् तयारी कसरी गरे
आज स्नातक चम्कन्छन् ढाँचैले मात्र के गरे ?

९८

एउटा गाउँले बूढो बोल्दा वकिल हार्दछन्
एउटै नै घुयेंत्राले कैयौं पल्टन झार्दछन्

९९

शिक्षाले बन्नु पो पर्छ प्रतिभा सिर्जनात्मक
बलले हुनु पो पर्छ काम क्यै रचनात्मक

१००

देखासिकी र ढाँचामा सभ्यता उत्रिंदै गयो
सिद्धान्त योजनाको झन् गिर्दै गहिरिंदै गयो

१०१

वितर्क भुमरी यस्तै उर्ले दोभानमा जब
खहरे झैं मिले साना विभिन्न कविता सब

१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै छन् शब्दका बुट्टा, कुनैमा अनुभूति छन्
विभिन्न क्षणमा व्यक्त कुनै उद्गार पंक्ति छन्

१०३

जे बोल्यो कविता हुन्छ, जे लेख्यो कविता त्यही
कवितै कवितामा छ सारा जीवनको वहि

१०४

कविता कसले कस्तो स्थितिमा सिर्जना गऱ्यो
कसरी जिन्दगीभित्र प्रभाव यसको पऱ्यो ?

१०५

कसरी कविता लेख्थे हाम्रा पूर्वज, अग्रज
पर्वाह त्यसको छैन बनिन्छ कवि दिग्गज ?

१०६

भानुभक्त कता लागे रामायण सुनाउँदै ?
मोतीराम कता लागे मीठो गजल गाउँदै ?

१०७

लेखनाथ कता लम्के ? लठ्ठी टेकेर साँझमा
देवकोटा धुवाँ फुक्तै गए जीवन माझमा

१०८

इतिहास र भूगोल, राजनीति र दर्शन
चाहिन्न कवितालाई हुनुपर्दछ वर्णन

१०९

कसैले नबुझोस् भाव-न होस् छन्द कुनै पनि
नहोस् रस अलंकार, नहोस् व्यंग्य, नहोस् ध्वनि

११०

सुराको सुर होस् यद्वा पगलाहा प्रलाप होस्
नहोस् शब्द नहोस् अर्थ न त हर्ष विलाप होस्

१११

कार्खानाबाट सामान निकालेतुल्य निस्कने
कविता कति सस्तो छ कुकुरै सरि जिस्कने

११२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले खहरे आए उर्ली दोभानमा सब
कसैले रोक्न सक्तैन छाड़ा स्वच्छन्दता सब

११३

उही चिन्ता, उही तर्क, उही संशय-सागर
तरङ्गिदै गएझैं छ कविको काव्य जाँगर

११४

तानामाना तथा खाना दाना क्यै नभए पनि
नाना छन्द लिई ताना छोड्दथे कविता तिनी

११५

कतै भाव चमत्कार, अलंकार थियो कतै
अवतार कलाको झैं साक्षात्कार थियो कतै

११६

अरुका वनिता हुन्थे रसिलो रमिता पनि
कवि ता पाउँथे खाली कवितामय जीवनी

११७

रचना बन्दथ्यो मीठो वचनामृत विन्दुको
जल्पना ह्वैन त्यो खाली कल्पना शान्ति इन्दुको

११८

स्वतन्त्रता कता लाग्यो ? जता पायो उता गयो
सत्ता सब विपत्ता भो कविता रमिता भयो !

११९

जागीरे बिग्रिए नेता, विद्यार्थी बिग्रिए कवि
सजीलो छ दुवै पेशा चाहिंदैन कुनै छवि

१२०

प्रमाणपत्र भो शिक्षा, दीक्षा भो जन वञ्चना
सुरा-पान तपस्या भो हात लाग्यो विडम्बना

१२१

पानी जस्तै जवानी गो कहानी प्रेमको सुनी
बानी बिग्न्यो, भयो हानि, जिन्दगानी पन्यो मुनि

१२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुच्चा खेल्ने यिनै छुच्चा फुच्चाका खेलबाडले
लुच्चासरह कुर्कुच्चा ठोक्यो शैशव काललै

१२३

मुकुण्डो लाउँछन् नेता, गुण्डोको बज्छ मादल
फुकुण्डो पनि पानीमा भकुण्डो खेल्छ बादल

१२४

रंगशाला सिनेमाको पाठशाला बन्यो अब
छाला फेशनको चाला, मालामाल बन्यो सब

१२५

दशवर्षे ठिटी हिंड्छे आठवर्षे ठिटासँग
पचहत्तरको बूढो पच्चीसे वनितासँग

१२६

रोकतोकं कतै छैन शोक, सुर्ता, व्यथा गयो
झोकमा छ सबै थोक भोक, प्यास कथा भयो

१२७

अड्डाखाना खुले नाना रबाना छ विदेशमा
तराना स्वार्थको मात्र न खजाना स्वदेशमा

१२८

डोको बोकेर भोकोले जस्तै धोको लिए पनि
पाएन कहिल्यै पोको बोको तुल्य छ जीवनी

१२९

विना दाम गरी काम कुर्दा गोदाममा पनि
न-व-दाम नता माम घाममा सुक्छ जीवनी

१३०

सहेर भीडको घच्चा कच्चा मानिसको यहाँ
बच्चा बोकी पिठ्यूँमाथि सच्चा खै पाउने कहाँ ?

१३१

सधैं पर्नु छ फन्दामा धन्धामा हिंड्नुपर्दछ
को दिन्छ र यहाँ चन्दा ? भन्दा आपत्ति पर्दछ

१३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बजार महँगी बढ्दा सयबाट हजार भो
गुल्जार कसरी गर्ने ? यो केको इन्तजार भो ?

१३३

छलछाम बडा बाठा धूमधाम चलाउँछन्
घुमघाम गरी देश धाम माम फलाउँछन्

१३४

समानता दियौं भन्छन् देखिन्छ असमानता
स्वतन्त्रता बनेको छ अनुशासनहीनता

१३५

जाडो गर्मी र वर्षा होस् मस्त भै लाउने लय
भन्छ आकाश ताकेर उत्तानो भै हिमालय

१३६

चन्द्र छोएर चम्केका ए मान्छे सुकुमारहो !
धर्ती छोडेर लम्केका ए धर्तीका कुमारहो !

१३७

छ. वि. मा. न. वता छैन कल्पना लोक झन् कता ?
के हट्ला मुटु फेर्दैमा उल्टिने मुटुको व्यथा

१३८

सुस्केरा अझ चल्दैछ चारैतिर बतासको
घटना दीप बल्दैछ जिउँदो इतिहासको

१३९

कसका दृष्टिमा पर्लान् राता आँखा गुराँसका
कसका कानमा छिर्लान् चर्का चीत्कार बाँसका

१४०

पहराबाट ओह्लेंका छहरा लहरासरि
बजेर मुजरातुल्य बगेर पनि बेसरी

१४१

कत्ला काँढ हुने मात्र मोटाएर अघाउने
थोपो प्यून नपाएर भोलिका गहना रुने

१४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फुटे पहाडका हाड जुटे सागरमै नदी
संग्लो संस्कृतिको स्रोत गाउँमा फर्कनै नदी

१४३

बाली नाली भए सुक्खा खाली उड्दछ बालुवा
वैलिई झर्न आँटेका देखिए शिशु पालुवा

१४४

सम्झँदा पनि यो छाती हुन्छ सारा चिरा चिरा
मालको चाल पाएर हुनुपर्ने हरा भरा !

१४५

बिगार्न सजिलो हुन्छ तुरुन्तै जे कुरा पनि
बनाउन परेदेखि सिंगै बित्तछ जीवनी

१४६

आज संसारका राष्ट्र कतिको बिल्लबाट छ
काला, गोरा भनी हिंड्दा भासिने छाँटकाँट छ

१४७

काट, मार, तथा फाँसी, गोली, भीषण, शोषण
बढ्दा बढ्दै परेको छ आफू आफूविषे रण

१४८

यो शान्तिक्षेत्र नेपाल शान्तिपूर्ण तुल्याइद्यौ
बढ्दो अशान्तिको ज्वाला पानी हाली निभाइद्यौ

१४९

तुरुन्तै स्वावलम्बीको पताका फहराइद्यौ
यै साझा फूलवारीको बासना लहराइद्यौ

१५०

जूनतन्ना बिछाएर ताराका फूल झारिद्यौ
सिर्जनाले नयाँ नौला आमालाइ सिंगारिद्यौ

१५१

कर्मयोगी चरालाई हाँगामाथि झुलाइद्यौ
नयाँ मा-दलकों धून फेरी फेरी बजाइद्यौ

१५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आऊ पूर्वीय शैलीमा युगका चम्किला रवि
गाऊ रात बिताएर प्रभाती रसिला कवि

१५३

सक्तथ्यो कसले बुझ्न हिमाली मुटुको व्यथा
कविजी कल्पना गर्थे आफ्नै जीवनको कथा

१५४

गरिन्छ यदि विश्वास ढुङ्गो, बन्दछ देवता
गरिन्न यदि विश्वास ढुङ्गो बन्दछ, देवता

१५५

सितिमिति कविताको हट्न सक्तैन चासो
तर कविवर गर्छन् पारखीको गुनासो
रुचिर पद कलामा काव्यको सत्यता छ
सललल लय धारा बग्नुमा स्वच्छता छ

१५७

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिवशता १७

छन्द—मन्दाक्रान्ता

अर्कै अर्कै विषयहरूले चित्त चोरी उडाए
चङ्गा जस्तै गगनतलमा काटिदैं छट्पटाए
राम्रा राम्रा सरस कविता कल्पना अर्ल्पिदै गो
मन्दाक्रान्ता मति भइदिंदा साधना मन्द भै गो

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकांक्षाका लहर दिलमा उठ्तछन् बढ्नलाई
सुस्तै सुस्तै प्रगति-पथमा उक्लँदै चढ्नलाई
छेका, बाधा, अडचन खडा भै दिंदा रोकिएर
बस्छन् तड्पी हरबखत नै ठेसमा ठोकिएर

२

जल्ले गर्दा विमल दिलको भावना बिग्रिएर
निस्क्यो उच्छृंखल पथ लिंदै लक्ष्य नै बिर्सिएर
बेपत्ता भो अनुपम कला सिर्जने शब्द शक्ति
आयो मेघैसरि गगनमा भित्रभित्रै विरक्ति

३

वैलाएरै मलिन हुन गो कोपिला कल्पना त्यो
मौलाएरै विकसित हुँदै जानुपर्ने थियो जो
माया लाग्यो, मुटु हुँडलियो, पोखिए अश्रुदाना
सम्झी सम्झी दिल बहुथरी झिक्न लाग्यो तराना

४

देख्दा, सुन्दा, अनुभव हुँदा, कल्पिदा, सोच्न लाग्दा,
निद्राले झैं झुपु झुपु हुँदै सुस्तरी झुल्न लाग्दा
स्वप्ना जस्तै पल पल नयाँ भावले टल्किएर
ऐना जस्तै स्मरण कविता निस्कियो टल्किएर

५

बत्ती जस्तो स्मरण दिलमा के गरी लौ जगाऊँ
चित्रै जस्तो नयन उसमा के गरी लौ लगाऊँ
झर्नाजस्तै वचन कसरी कानले लौ समाऊँ
छायाजस्तो जुनिभर कहाँसम्म माया म लाऊँ

६

कालो पर्दा हरिलिन तिमी गर्दछ्यौ खूब यत्न
आलो घाऊ पुरिदिन तिमी बन्दछ्यौ वैद्यरत्न
आयौ कोठातिर जब तिमी तेजिलो दीप बाली
झल्क्यो चारैतिर चहकिलो मोहनी रूप खाली

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केले बोलूँ अधर दुइटै टप्प जिभ्रो थुनिन्छ
केले खोलूँ नयन ढकनी ढप्प भै ढाकिदिन्छ
केले लेखूँ शिशिर ऋतु झैं लेखनी थर्र हुन्छ
केले पोखूँ विरह दिलमा गर्र भूकम्प हुन्छ

८

आँखा चिम्ले पनि झलझली झल्किने दिव्य ज्योति
स्वप्नै देखे पनि छ कविता गीतको स्वच्छ मोती
तिम्रै मात्रै यदि लिन सके एकताको समाधि
लान्थ्यो होला जलधि जलले भेल जस्तै उपाधि

९

बाँकी होला अझ पनि कुनै त्यो पुरानो कहानी
बाँकी होला मुसुमुसु गरी बोल्दिनेसम्म बानी
बाँकी होला गरम कप क्यै गर्दिने सम्म पानी
बाँकी होला अलिकति कतै भेलको जिन्दगानी

१०

त्यो वासन्ती छवि'पनि नयाँ पालुवाभित्र छैन
त्यस्तै पानी सलल बहने बालुवाभित्र छैन
बढ्दै आयो शशधरकला चाँदनीभित्र छैन
कल्ले बुझ्ने जलन मनको पारखी भित्र छैन

११

मेरो भित्री रहर कलिलो कोपिला फुल्छ कैल्ले ?
फक्री चारैतिर ममगी बासना दिन्छ कैल्ले ?
निद्राजस्तै झुपुझुपु गरी छोडिद्यौ छोप्नलाई
यो माटोमा अलिकति कुनै बीज द्यौ रोप्नलाई

१२

यस्तै भित्री हृदय कविको कल्पना मग्न बन्थ्यो
अर्कै वस्तुस्थिति विषमता बाहिरै नग्न हुन्थ्यो
गर्जी गर्जीकन कविसितै भन्दथ्यो विघ्नबाधा
बाधाले नै तन मन सबैलाइ पारेर आधा

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा लाऊ विविध दुनियाँभित्र, संसारभित्र
को, के गर्छन्, कति कति यहाँ काम, कस्तो विचित्र
आँखा चिम्ली त्यसतिर त्यसै भुल्दछौ कल्पनामा
कस्तो भोग्छौ फल भनन त्यो काव्यको साधनामा ?

१४

विज्ञानैले युग बदलिंदा कल्पना खल्बलिन्छ
यी व्यापारी मुलुकभरमा व्यर्थ साहित्य बन्छ
तिर्खा लागेपछि भन तिमी कल्पना प्यून सक्छौ ?
भोको पर्दा भनन कसरी काव्यको फाँक लिन्छौ ?

१५

तिम्रो भित्री रहर छ भने बीज रोप्ने धरामा
खन्ने, जोत्ने बल कति छ त्यो तौलिद्यौ पाखुरामा
बास्ना मीठो नव कुसुमको मात्र पाएर हुन्न
खाने दाना बिनु अरु कुरामा रमाएर हुन्न

१६

सामन्तीका सुखसयलका साधना कल्पना हो
हँस्सी, ठट्टा, गफ रिमिझिमी मात्र साहित्य पो हो
भोका, नाङ्गा, दलितहरूका लागि चाहिन्छ क्रान्ति
खाली छन्दोमय लय बहाएर के मिल्छ शान्ति ?

१७

मैह्ना पर्‍यो तलब लिनको लागि ल्यायो, उडायो
कानो कौडी बचत नहुने व्यर्थ जागीर खायो
थोरै पैसा, डबल महँगो, खान सन्तान धेर
होला कस्तो प्रगति तिनको चित्त लाएर हेर !

१८

हेर्‍यो—बस्ने घर छ बहुतै साँगुरो औ पुरानो
धूलो झर्ने दलिन, चुहुने तर्र पानी छ छानो
केले गर्ने मरमत, नयाँ सिर्जने छैन बाटो ?
सोच्ता सोच्तै मन मगजमा लाग्छ नैराश्य टाटो

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाठा बन्छन् सहज बहुला नग्न निर्वस्त्र हिंड्ने
लाटा सोझा वर पर कतै काम खोजी दगुर्ने
यै हो हाम्रो दलितहरूको 'आजको यो व्यवस्था
केको चासो मुफत अरुको बुझ्न गाह्रो व्यवस्था ?

२०

लेखिन्छन् झन् दिन दिन नयाँ ऐन वा संविधान
पार्छन् जस्ता सकल पृथिवीलाइ स्वर्गै समान
हेर्‍यो चारैतिर मनपरी, घूस, अन्याय, चोरी
छोक्रा पार्छन् मुलुक सकलैलाइ साह्रै निचोरी

२१

सारा देखासिकि छ अरु नै देशको छाँट काँट
आफ्नो भन्ने पन गुमिसक्यो बोल्न निस्कन्न आँट
फोस्रो, बोक्रो गफ छ मुखमा मात्र रे ! राष्ट्रवाद
विद्या, विद्वान् बहुथरि हुँदा भो विवादै विवाद

२२

गर्मी हट्ला, सरर बहला शान्तिको स्वच्छ हावा
ठण्डा होला प्रकृति सबले पाउलान् फूल लावा
आशा उल्टयो गडबड चल्यो: पल्टियो झेल पासा
यस्तै वस्तुस्थिति धमिलिंदा व्यक्त भो मूक भाषा

२३

वर्षा लाग्यो, दिन धमिलियो, मेघमाला उदायो
नीलो राम्रो सकल गगनै टम्म पारेर छायो
हल्ल्यो पृथ्वी, वन, नद, नदी, शैलमाला सुसायो
भत्क्यो, बिग्र्यो असल अघिको के प्रजातन्त्र आयो ?

२४

कोही मन्त्री यदि हुन पुग्यो व्यक्ति अर्को रिसायो
नेता बन्दै जुलुस बटुली क्रान्ति झण्डा फिरायो
चन्दा थुत्ने अकल मधुरो वाक्य खोली रसायो
पायो मन्त्री हुन यदि उही उर्लंदै गड्गडायो

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाटी, संस्था, समिति, परिषद्, संघ, गोष्ठी, सहाय
खुले धेरै किसिम सबको पेट भर्ने उपाय
ईर्ष्या, डाहा, कलह, कटुता, फूर्ति ढाँचा बढायो
सारै उच्छृङ्खल खल हुँदा योग्यता थर्थरायो !

२६

कस्तो इच्छा रहर अघिको ? त्यागको पाठ कस्तो !
कस्तो आशा ? उलटपुलटै चाल चल्दो छ कस्तो !
सस्तो आश्वासन छ, मदतै छैन, चिप्लो घसायो
सीधा सादा दलितहरूको माग भागै हरायो !

२७

मन्त्री नेता खलबल गरे, दम्पती बाझ्नथाले
बाबू, छोरा पनि कलह नै शत्रु झैं गर्नथाले
मुस्लो जस्तै मुलुकभरमा क्रान्ति सल्केर आयो !
पग्ली पग्ली हिमगिरि यसै सल्सलाएर आयो

२८

सानो सिन्कासरि विषयमा पर्छ ठूलो विवाद
ठूलो चीजै कति गुमिसक्यो त्यो कुनै छैन याद
लाटा, सोझा पर पर भए चंख, बाठो रमायो
यस्तो वातावरण कसरी मातृभूमा उदायो ?

२९

खुल्ने नाना कप र चपका खूब होटेल मात्र
ब्राण्डी, मण्डी पनि शुरू हुँदा पात्र के हो कुपात्र ?
साना साना शिशुजन मिली फिल्म संगीत गायो
शिक्षा के हो ? कसरी दिइने ? त्यो कुरा नै हरायो

३०

पाल्नूहोला धन जन लिई हेर्नुहोला सिनेमा
गर्नुहोला मदत धनले, सुन्नुहोला सभामा
भन्दै धेरै पटक पथमा जीप दौडेर आयो
पर्चा छर्दै हरहर गरी ढ्वाँग रित्तो करायो

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाना खोलेतक छ घरमा बाहिरी खूब ढाँचा
बूढापाका जति विमुख छन् बोल्दछन् मात्र काँचा
के नारी ? के पुरुष ? मनमा जे उठ्यो त्यै करायो
सुल्टो सामाजिक चलन झन् आज माटो तुल्यायो

३२

गर्छन् सम्मेलन कविहरू मञ्चमा उभ्भिएर
पढ्छन् नाना किसिम कविता जोशले कुर्लिएर
नाता पर्ने जुन छ उसले नै पुरस्कार पायो
एक्लो निष्किञ्चन सुकविले झन् तिरस्कार पायो

३३

के हो हाम्रो विपुल महिमा शुद्ध साहित्य तत्त्व ?
के हो राम्रो विषय अथवा सभ्यताको महत्त्व ?
आफ्नो भन्ने पन कुन दिशामा छ ? के त्यो हरायो ?
टोपीसम्मन् पनि शिरविषे छैन, कल्ले उड़ायो ?

३४

भाग्यो कालो तिमिर हुन ता यो नवालोक छायो
लाली झुल्क्यो तर घनघटा गड्गडाएर आयो
तारा चंके पनि शशिकला भिन्न-भिन्नै छिपायो
हुय्याँ ! गर्दै विजन वनको स्याल आई करायो

३५

हो वासन्ती छवि तर नयाँ पालुवा देखिदैनन्
फुक्का बन्दा कविहृदयले लेखिने लेखिदैनन्
के होला यी युग पनि अहो ! के जमाना उदायो
तिर्खा लागे पनि जल किनी प्यूनुपर्ने तुल्यायो

३६

बेपत्ता भो कसरी अहिले आँटिलो आत्मशक्ति !
लाग्दै आयो किन घिन यसै गर्न नै देशभक्ति ?
आफ्ना आफ्ना सुरहरू लिई एक डम्फू बजायो
जोगी आए जति पनि यहाँ कानफट्टा तुल्यायो

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालो भाग्यो अलि पर पुग्यो झन् महाकाल आयो
मूसो देखे पनि पर हटी झन् बिरालो डरायो
हात्ती आयो लसलस गरी फुस्स रित्तो तुल्यायो
कैल्यै केही नियम नहुने के प्रजातन्त्र आयो ?

३८

यस्तै यस्ता कति कठिन छन् बाहिरी बिघ्न बाधा
भित्रै कल्पी किन गरिरह्यौ काव्य लेख्ने इरादा
कल्ले पढ्ने तन मन दिई ? सुन्छ को ध्यान लाई
कल्ले बुझ्ने सहज गहिरो भाव साहित्यलाई ?

३९

माटो तिम्रो कति छ अहिले ? छैन जग्गा जमीन
के रोप्ने हो ! कुन बिउ ? कहाँ ? उम्रने हो कि ह्वैन ?
फ्याँकीदेऊं कलम कविजी ! छोडिद्यौ लेख्नलाई
कोदालो ली हिंड बरु तिमी खोरिया फाँड्नलाई

४०

त्यस्ता सादा सरल कविजीलाइ त्यस्तो खिलाप
त्यस्तो वस्तुस्थिति विषमताको कडा त्यो निशाफ
सोच्ता बुझ्दा बिचलित हुने नै भयो धैर्यसिन्धु
निस्क्यो तातो विकल दिलको आँचमा अश्रुविन्दु

४१

के भन्दा हुन् अवुझ बिचरा काव्यको काम छैन
सोझा साझा अपढ, निमुखालाई साहित्य ह्वैन
होला सामाजिक विविधता, भावना भिन्न भिन्न
जस्तै होओस् लय र कवितालाइ छोड्नै सकिन्न

४२

कल्ले सक्ने गरिरहन नै झन् अहोरात्र काम ?
वेला मौका बिचबिच लिनैपर्छ विश्रान्ति धाम
त्यस्तो वेला हृदय कसको लिन्छ मीठो सहारा
छाती छोई भनन जनहो ! काव्य हो शान्तिधारा

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्छन् पालैसित मनुजको बाहिरी हात, गोडा
भित्री अन्तः करण उसमा बन्छ बेजोड घोडा
थाक्यो केही जब अनि उही कल्पना गर्न थाल्छ
कल्पी कल्पीकन हृदयमा शान्तिको दीप बाल्छ

४४

खन्छन्, जोत्छन्, बिउहरू लिई रोप्न थाल्छन् किसान
रोपाईंमा थरि थरि जुटाएर धेरै बथान
भाका खोली लय र कविता छोड्दछन् गीत नाना
सुस्तै सुस्तै श्रम सब भुली पुछ्न थाल्छन् पसीना

४५

जाऊ पाखा, वन, चहुरमा हेर, काटेर घाँस
भारी बोकी बिचबिच यसो सुस्त फेरेर सास
मीठो भाका लय र कविता छन्दको गीत हाली
लाग्छन् बाटो चढिकन खुशीसाथ ठाडो उकाली

४६

के ती भाका, लय र कविता मात्र सामन्तका हुन् ?
के ती गाना युवक युवतीका विलासी कथा हुन् ?
हामी मान्छे विविध गुण वा शक्तिले पूर्ण प्राणी
ह्वैनौ साधारण त यसले चाहियो दिव्य वाणी

४७

मीठो बोली वचन अथवा काव्य, साहित्य, गीत
सारै आकर्षक छ यसले आँतको मर्छ धीत
के बूढा, के युवक, महिला ! यो सबैको छ साझा
सानो नाबालक पनि सुनी छन्द सम्झन्छ बाजा

४८

खाँदा, प्यूँदा, घरि घरि लुगा लाउँदा हुन्छ छन्द
हिँड्दा, डुल्दा, वरपर यसो बोल्नमा हुन्छ छन्द
सारा सांसारिक चलनका चल्तिमा हुन्छ छन्द
छन्दै छन्दोमय भुवनमा लौ कहाँ छैन छन्द

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा राम्रा सरल दिलका भावना छन्दभित्र
सक्छौं केही नबदलिकनै राख्न सारै पवित्र
जो जान्दैनन् तिनिसँग कुनै भन्नु नै छैन हाम्रो
जान्ने सम्झून् सरस कविता छन्दले बन्छ राम्रो

५०

पूर्वी साहित्यिकहरू तथा पश्चिमी विज्ञवर्ग
गर्छन् छन्दोमय कृति, कला, काव्य, निर्माण, सर्ग
भन्छन् छन्दोमय भइदिँदा वाक्य, भैदिन्छ काव्य
भन्छन् छन्दोमय नभई'दा वाक्य भैदिन्छ, काव्य

५१

आए रामायण लय भरी छन्दमा भानुभक्त
आए मोतीहरू पनि बनी छन्द—गाथानुरक्त
छन्दै छन्दोमय कृति लिई लेख लक्ष्मी उदाए
के ती हाम्रा कवि कृति सबै भावनाका बिलाए

५२

सारा तारा चमचम हुँदा व्योममा खुल्छ छन्द
हावा चल्दा, रुख र लहरा हल्लिँदा नाच्छ छन्द
पूर्वी लाली क्षितिज रविको उघ्रँदा फुल्छ छन्द
पानी पर्दा सिमसिम गरी व्यक्त भै बज्छ छन्द

५३

स्रष्टा नै हुन् कविवर तथा सृष्टि सम्पूर्ण छन्द
कैयन् प्राणी खचित जगतै काव्य भण्डार छन्द
वर्षा, गर्मी, सिरिसिरि चिसो स्याँठमा छन्द हुन्छ
जत्ती लेखे पनि नसकिने छन्दको यो प्रबन्ध

५४

साना साना शिशुहरू रुँदै आउँदा हुन्छ छन्द
हाँसी, नाची, फुरफुर गरी फुर्कँदा हुन्छ छन्द
प्रेमी बन्छन् युबक युवती प्रेम माधुर्य छन्द
बूढापाका स्तुति र कविता गाउँछन् भक्ति छन्द

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्ता, सोच्ता थरिथरि यही छन्दको नै कहानी
सुत्ता-उठ्ता पनि लय दिंदा छन्दको जिन्दगानी
निस्के छन्दोमय हृदयका भावना पग्लिएर
आयो सुस्तै प्रकृति जनता जिन्दगीमा बहेर

५६

भन्छन् तारा चमचम शशी—रात हो जिन्दगानी
भन्छन् सारा चिरबिर चरा—प्रात हो जिन्दगानी
भन्छन् नाच्ने रुख र लहरा—पात हो जिन्दगानी
भन्छन् बाँच्ने रहर सपना—आँत हो जिन्दगानी

५७

भन्छन् साना शिशु मिलिजुली-खेल हो जिन्दगानी
भन्छन् प्रेमी युवक युवती—मेल हो जिन्दगानी
भन्छन् मान्छे कपटपटु भै—झेल हो जिन्दगानी
भन्छन् तीता अनुभव भने—जेल हो जिन्दगानी

५८

भन्छन् कोही प्रणय सँगिनी—रूप हो जिन्दगानी
भन्छन् कोही प्रिय विरहिणी-धूप हो जिन्दगानी
भन्छन् कोही अनुपम कला—सीप हो जिन्दगानी
भन्छन् कोही रुचिर कविता—दीप हो जिन्दगानी

५९

भन्छन् कोही-तँ तँ र म म को भूल हो जिन्दगानी
भन्छन् कोही—मगमग हुने फूल हो जिन्दगानी
भन्छन् कोही-भव जलधिको पूल हो जिन्दगानी
भन्छन् कोही—नयन जलको मूल हो जिन्दगानी

६०

भन्छन् योगी—विषय-ममता-दाग हो जिन्दगानी
भन्छन् भोगी—प्रतिपल नयाँ राग हो जिन्दगानी
भन्छन् ज्ञानी पनि—पुनसको भाग हो जिन्दगानी
भन्छन् आफ्ना अनुभव सधैं—माग हो जिन्दगानी

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै हाम्रो बहु किसिमको जिन्दगानी छ कस्तो
हेरे, धेरै गुण खचित छन् छैन सामान्य सस्तो
सोच्ने लेख्ने चलन नगरे तत्त्व भेट्टाइँदैन
तत्त्वज्ञानै पनि त नभए सत्य नै पाइँदैन

६२

घाँसी,ग्वाला, कृषक, भरिया, गाइने, भीखमङ्गा
गाई आफ्नै स्वर र कविता खोज्दछन् बन्न चङ्गा
सोचीदेऊ सहृदय बनी शान्ति के हो ? भनेर
हाम्रो साहित्यिक मधुरिमा के त्यसै जान्छ खेर ?

६३

हाम्रा कर्मेन्द्रियहरू सबै क्रान्ति भै काम गर्छन्
हाम्रा ज्ञानेन्द्रियहरू भने शान्ति विश्राम रोज्छन्
कैयन् वैज्ञानिक प्रगतिको टाकुरासम्म पुग्छन्
आखीरैमा अनुपम सुधा शान्तिको स्रोत रोज्छन्

६४

शान्तिप्रेमी कविहरू मिठो मान्दछन् दुःखलाई
मान्दैनन् ती अरसिक मिठों शान्ति सन्तोषलाई
तस्मात् मेरो दिल रसिक भै रोज्छ साहित्यलाई
त्यै द्वारा नै अनुभव दिंदै बाँच्न यो विश्वलाई

६५

जस्तो वस्तुस्थिति छ लघुताभासले आज हामी
लागेका छौं पछि पछि यसै जोश होशै नथामी
के ह्वौं हामी ? प्रगति पथका निम्तिमा होइनौं के ?
सक्तैनौं क्यै गतिविधि दिनैलाई वा सक्तछौं के ?

६६

जो आओस् तापनि मुलुकमा देश हाम्रो छ साझा
जस्तै आपद् छ पनि मुटुमा रक्त तातै छ ताजा
छाती ठोकीकन विपदको सामना गर्न सक्ने
त्यै हामी हौं यदि किन डराएर भागेर हट्ने

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता हुन्छन् प्रकृतिहरूमा घाम छाया र पानी
यस्तै नाना रँग बिरँगको भास हो जिन्दगानी
सारा बिर्सीकन मलिनता ज्योति झैं बल्नलाई
बस्ने मेरो हृदय ! बनिदे ! काव्य साहित्य गाई

६८

वहुथरि बहुभाषा छन्द साहित्य गाई
सललल लय बग्ने कल्पनामा रमाई
भवबिच सब देखी विघ्न, बाधा, उपाधि
कविवर लिन लागे शान्तिको नै समाधि

६९

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विक्षिप्त तपसी—१८

छन्द—शिखरिणी

सुनेका, देखेका, अनुभव गरेका विषयमा
बुँदा जम्मा पारी सरस कविता छन्द लयमा
बनाई, थन्क्याई कविवर बसे शान्त मनले
त्यसै वेला आयो दिवस पनि चर्की गरमले
१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुके सारा धाराहरू, नद नदी मासिन पुगे
झरी झर्ना, छाँगाहरू पर परै गैकन बगे
सधैं धर्ती तात्यो, सगर पनि तात्यो दिन दिन
चल्यो हावा तातो रस सकल सोसीकन लिन

२

सधैं पोल्ने तातो विषयसित अभ्यस्त कविजी
बसेका छैनन् झन् खलखल पसीना जिउ भिजी
बिछट्टै थाकेथे जब अनि पसे जङ्गलतिर
जहाँ वृक्षच्छाया सुखमय थियो मङ्गलकर

३

भयो गोधूलीको समय रवि अस्ताचल गए
चरा उड्दै कोलाहल गरिरहेकै पनि थिए
खुला हावा चल्दा रुख र लहरा नाच्न कसिए
तमाशा झैं खासा वर र पर हेर्दै कवि गए

४

कुनै अग्लो डाँडातिर पनि उकाली चढि पुगे
यसो हेरूँ भन्दै हिम-गिरितिरै लोचन लगे
सुहाएको राम्रो रवि-किरणले त्यो हिम-गिरि
लगाएको नौलो मणिमय नयाँ दिव्य पगरी

५

त्यही शोभा हेरी अलिकति नफेरीकन दम
बसूँ जस्तै लाग्यो कविकन त्यहीं नै हरदम
सुनौला देखिन्थे तह तह भुवा बादल पनि
भऱ्याँगै हाले झैं अनुपम हिमाली छविमनि

६

क्रमैले त्यो लाली अलि अलि उकाली चढिकन
बलेको ज्वाला झैं उपर उपरै झन् बढिकन
हरायो तत्कालै वर र पर कालै भइदियो
कठै ! त्यो शोभाको समय समयैले लगिदियो

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न तारा देखिन्छन्, न त शशिकलाको उदय छ
उज्यालोको रेखातक न छ अँध्यारो प्रलय छ
अमावास्या कालो तिथि पनि महा मोहमय छ
हुरी आँधी चल्ने पनि घन-घटाबाट भय छ

८

चमेराका घेरा वरिपरि घनेरा हुन गए
कुनै उल्लू पक्षी हुचिलहरू कुर्लेर सुरिए
सुनिन्थ्यो झन् चर्को खलबल कतै स्यालहरूको
यही नै धर्तीको स्थिति किन भयो आज ननिको ?

९

कुनै यौटा दोटा तल जुनकिरी पिल्पिल थिए
बथानै आएमा झिलि र मिलि गर्ने पनि थिए
तिनैलाई कोही चिमटिकन झिक्थे टलक त्यो
निभाएरै छोड़े अहह ! किन सानो चहक त्यो ?

१०

हुने मीठो बोली चिरबिर चरा छन् गुँडतिर
शिकारीले मार्ला भनि बहुत लागेपछि डर
रुखो बोल्ने पक्षी हुचिलहरू जस्ता खुशिसित
रमाएको देख्ता दिल अति छ आश्चर्यचकित !

११

यसो केही सोच्यो हृदयबिच घोच्यो चसचस
भई चूपै बस्नै नसकिकन लाग्यो खसखस
कतै केही बोलूँ विजन वनमा छैन बटुवा
कठै ! कल्ले बुझ्ने विकल कविजीको मनसुबा ?

१२

छिटा यौटा दोटा जलधर खसाल्थ्यो जल पनि
मसीभन्दा कालो बहुत छिपिदो यो छ रजनी
हुरी हुर्री चल्थ्यो छिन छिन चटचाङ् पर्दछ कतै
कतै आटो खुल्थ्यो झिलिलि बिजुली चम्कि बहुतै

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहीं देखापर्थे फटफट हिंडेका कविवर
नचिन्दा सोधे झैं गड र बड गर्थ्यो जलधर
बिचैमा भेट्टाए विधिवश उही रामझुपडी
जहाँ सानो कोठाबिच कवि रहन्थे हरघडी

१४

त्यहीं आए पल्टे तर नयनमा नीद नहुँदा
यसै टोलाएरै पनि बसिरहे शान्ति धर्पिदा
न कोही छन् बोल्ने दिल पनि नमिल्ने अरसिक
हरे! आफै मात्रै भइकन गरून् के र रसिक?

१५

हराएजस्तै भो सरस कविताको भुटभुटी
उठी बढ्दै आए स्मरणसित बाधा छटपटी
कठै कस्तो बासी जन जुनि उदासी हृदयले
सधैं काँढै काँढा पथभर छ शङ्का र भयले

१६

थिएँ कस्तो पैह्ले? कुन किसिमले आजतक छु?
कहाँसम्मन् अड्ने मिति लिइ अडेको पनि म छु?
यही गम्दा गम्दै किन किन रसाएर नयन
फुटे मूलै जस्ता अनुभव भिजाएर शयन

१७

चिनाजानी केही पनि नभइ नारी पुरुषको
त्यसै हाहामा भो बलजफत सम्बन्ध जसको
भए स्वार्थी टाढा न छ हृदय गाढा प्रणयमा
न वल्लो पल्लो भै छट र पट मात्रै उभयमा

१८

पढी, जानी, ज्ञानी, पनि भइ, बनी पूर्ण इलमी,
चलाई चौतर्फी यश नभइ केही पनि कमी
बिहा त्यै वेलामा दिल दिल मिलाईकन गरुन्
विलासी भै सित्तै कठिन भुमरीभित्र नपरुन्

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनै हो चम्कीलो सुरपुर, मनै तुच्छ नरक
मनैले देखायो भुवनभरमा चीज फरक
सुखी को ? दुःखी को ? शठ र बुध को ? खास मन नै
मनै हो दोभानै पनि मन विना छैन भुवनै

२०

मनै मिल्दोजुल्दो नभइकन गर्छन् किन बिहा ?
मनै हो छी छी छी, त्यहि मन हुने सुन्दर अहा !
नमिल्दामा दोटा मन कसरी दोभान रहला ?
फुटी भङ्गालो भै दुइ तट बिगारेर बहला

२१

भिडायो भेलैमा बलजफत फाटे पनि मन
चुँडायो, हुत्त्यायो सहज जनको जीवन धन
भुलाई बस्तामा पनि मन बुझी कर्ममहिमा
नअड्ने भो रत्तीभर हृदय उड्दो छ नभमा

२२

हुँदै जाने बैरीसरि सहज आफ्ना जन पनि
कुरामा मामूली पनि कलहको बज्दछ ध्वनि
घुमेको धर्तीमा दिल पनि घुमाई फनफनी
रिगाई बेपत्तासित खतम पार्छन् जन जुनि

२३

बुझी ल्यायो दानै फगत व्यवहारै बिच हुने
नतीजा संहारै बुझि बुझि बिहारै किन लिने ?
विचारैमा सारै मलिन अनुहारै धमिलिने
त्यसैले संसारै सकल कल सारै भइदिने

२४

उदाएदेखिन् यी दिनकर बिलाएतक सधैं
परी आए जो जो स्थिति तह मिलाईकन सबै
समालौं भन्दैमा गतिविधि अकेलो हृदयमा
नमिल्ने भो रत्तीभर हृदय हुत्तिन्छ भयमा

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा बन्छन् तारै जनजुनि सितारै छ जसमा
मनै मुर्रा कस्ने नियम लिइ बस्ने छ यसमा
त्यही मुर्रा टुट्ता विषयहरू फुट्ता वरिपरी
बनोस् राम्रो भङ्गीमय कसरि सङ्गीत लहरी ?

२६

उता मिल्केका छन् मगज तबला ढल्पल भई
यत अल्झेका छन् हृदयमय वीणा च्युत भई
बगेको पानी झैं रसमय जवानी सब बग्यो
त्यसैले नै तानी सुखमय कहानी सब लग्यो

२७

सुनाऊँ कल्लाई कुन जन दुहाई सुनिदिने
बुझाऊँ कल्लाई कुन सकल आई बुझिदिने
अशान्ति ज्वालामा हृदय पुव्वाँले बनिसक्यो
सुक्यो खोलो जस्तै रगत मगजैको स्थिति लुक्यो

२८

भयो मीठो बोली पनि कठिन गोलीसरि कडा
कुरा गर्दा गर्दै भय दिइ छुरा बन्दछ खडा
उही जिभ्रो वाणी थरिथरि निकाल्ने पनि उही
बन्यो मीठो, चोखो अमृत अनि हालाहल उही

२९

बगेका देखिन्नन् तर पनि यहाँ शान्तिसरिता
यसो केही देख्यो हृदयबिच लेख्यो कि कविता
त्यही टिप्ने इच्छा हरदम हुँदा तैपनि किन ?
त्यहीं भित्रै कैल्यै पनि नसकिने तन्मय हुन ?

३०

जबर्दस्ती खिच्छन् विषय अथवा इन्द्रियहरू
मनैलाई तानी पछिपछि घिसार्छन् लुरुलुरू
त्यसैले थाकेको हृदय पनि विश्राम नलिई
नअड्ने भैहाल्यो हलचल कतै गर्न नदिई

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बटारिन्छन् आँखा, फनफन गरी घुम्दछ शिर
लुला बन्छन् सारा अवयव, नचल्दा पनि कर
लडेथे शय्यामा छट र पट माछोसरि बनी
बिलायो बिस्तारै विगलित हुँदै शेष रजनी

३२

उनै मीठो बोल्ने रसमय चराको चिरिबिरी
प्रभाती हावामा फिँजिन जब लाग्यो वरिपरी
फिका भो औंसीको तम सब पखालेसरि भयो
उज्यालो रेखामा क्रमसित नवालोक थपियो

३३

लिई रातो माटो बहुत चिपिलो पूर्व गिरिमा
उषा दैलो पोत्थिन् भइ नववधूतुल्य घरमा
जहाँको ढोकामा उभिइकन आएर रविले
सिंगारे संसारै अल र मल पारे किरणले

३४

सुनौला बान्कीका हिम-शिखर हाँसेर उभिए
किनारा लागेका जलचर परेवासरि भए
प्रभाती गानाको कलरव झिकी मञ्जुल चरा
बडो मीठो बोल्छन् छुमुछुमु बजाएर मुजरा

३५

चुँ चूँ चीं चीं कोही चिरबिर कुनै चुर्बुर कुनै
चचः चर्चर् कोही चुचु चुचु कुनै चाचर कुनै
थिए नाना रङ्गी स्वर मधुरिमा त्यो समयमा
कठै ! कल्ले बुझ्ने मधुर लय संगीत महिमा ?

३६

उडेको, नाचेको, फुरफुर गरी चट्ट रुखमा
बसेको, उफ्रेको वरपर निहारेर सुखमा
चराका यी लीला चटकहरू हेरी शिशु पनि
चरी आ आ भन्छन् सहजसित छोड्छन् रुन पनि

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हठी, लोभी, क्रोधी, शठ भरिभराऊ भुवनमा
चराजस्ता प्राणीहरू यदि नहोऊन् विजनमा
दरिन्थ्यो धर्तीको प्रकृति कृति सारा नरकमा
हुँदै जान्थ्यो सारै, विकृति घिनलाग्दो हरकमा

३८

यिनै सीधा सादा सरलतम जीवात बिचरा
खसेका मिल्केका टिपिकन चलाएर गुजरा
रसीलो गानाले रसमय तुल्याईकन धरा
चहार्दा मारिन्छन् किन किन अभागी कति चरा !

३९

कडा मांसाहारी बहुत बलिया हिंस्रकहरू
कसैले मारिन्नन् सहजसित घुम्छन् तिनिहरू
सफा शाकाहारी सरल दिलका सात्विकहरू
चपेटामा पर्छन् विरहवश रुन्छन् धुरुधुरू

४०

सबै जान्ने हामी भइ बहुत नामी भुवनमा
सबै प्राणीभन्दा कति असल छौं तत्त्व गुणमा
दया, माया भन्ने विषय नबुझी स्वार्थ मतिमा
भएका छौं अन्धा, अबुझ अनि पछौं अगतिमा

४१

चरी आ आ गाऊन् खुशिसित रमाऊन् घरभरी
टिपी, खोजी खाऊन् जति छ छरिएको वरिपरि
त्यहाँ के नोक्सानी छ ? र तदपि हामी भ्रमवश
चरीको बोलीमा किन लिन नसक्ने नव-रस

४२

चरा जस्तै सारा विकल बिचरा दीन जनता
चराले झैं बोल्छन् हरबखत सङ्गीत कविता
यिनै छन् झन् दुःखी बहुत हतभागी पनि यिनै
यिनै पोख्छन् चोखो अमृत, विष प्यूँछन् पनि यिनै

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतै यो धर्तीमा मधुर लय भर्ने कवि चरा
नजन्मेका हुन् ता मुलुकभरमा एक बिचरा
सबै राम्रो शोभा प्रकृति पथको मङ्गल सब
हुँदै जान्थ्यो होला नरकसरि विध्वस्त विभव

४४

नखोजून् अर्काको यश विभव वा जीवन लिन
सके आफै लागून् परहित गरी जीवन दिन
यिनै मान्छे बन्थे अमर धरती यै सुरपुर
गरायो स्वार्थैले प्रकृति सब यो शुष्क बगर

४५

जुवाबाजी जस्ता व्यसनहरूको माध्यम लिई
निचोरूँ अर्काको विभव जति भन्ने सुर लिई
खिचातानी गर्छन् जति जति यहाँ मानिसहरू
यिनै धर्ती माता उति उति रुँदीछन् धुरुधुरू

४६

यहीं जन्मेका हुन् नरम दिलका गौतम पनि
यहीं नै जन्मेथे नृप जनक जस्ता गृहमुनि
तपस्या गर्दै छन् अझ पनि यहीं शंकर बसी
यहींको नेपाली कवि अझ छ विक्षिप्त तपसी

४७

विदेशी हावामा हरर भई बग्दा मति सधैं
बिगारी हुत्त्याई अलिकति नराखीकन सबै
स्वदेशी श्रद्धाको बिचबिच कुनै ख्याल नगरे
कहाँ जाने ? थाकेपछि बिछौना लिन भरे !

४८

त्यसैले यी हाम्रा प्रकृतिपथका पावन चरा
सधैं गाऊन्, नाचून् छुमु छुमु बजाएर मुजरा
यही सुन्ने बुझ्ने अनि मनन गर्ने मन बनोस्
महात्माको आत्मासित पछि यही गैकन भनोस्

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाती हावामा दिल रुमलिंदा हुत्तिइ बग्यो
चरीको गाथाले त्यसपछि उडाईकन लग्यो
यसो सुस्तैं फर्क्यो कवि हृदय आफ्नै तखतमा
बलेको धर्तीको समय पनि निभ्ने बखतमा

५०

खडा भो आकाशै भर घन-घटा जीवन दिन
धरित्रीको तातो सकस जति भारा हरिलिन
जता हेऱ्यो डम्मै न छ दश दिशाको परिचय
भयो मध्याह्नैमा दिवसमणिको अस्तसमय

५१

चरा सारा लागे गुँडतिर लुकी आश्रय लिन
हुरीको झोक्काले रुख निहुरिए त्वं गति हुन
खिंचेको तर्वारै सरि छ बिजुलीको छवि छटा
बडो शूरो वीरै सरि गडगडायो घन-घटा

५२

न छाताको बूता बरकत, न ता घूम, छतरी
झऱ्यो दर्की दर्की अघि र पछि फर्कीकन झरी
झरी झं झं पर्दा सकल भिंजिदा आज वसुधा
गल्यो गर्मी तातो पलकभर सातो नरहँदा

५३

भरी वर्षाद्वारा सकल वसुधामा नव सुधा
खऱ्याई रित्त्याई गरम ऋतुको गौरव जुदा
भयो सेतो नामी हिम-शिखरगामी जलधर
बऱ्यो मानूं गङ्गाधर वृषभगामी शशिधर

५४

पखालेका डाँडाहरू सकल छन् आज हरिया
सबै खेती, बाली, समथर, गरा, फाँट हरिया
सफा सारा गाऊँहरू सब सफा छन् शहरिया
यिनै धर्तीलाई अब सब जुटे गौन फरिया

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

.हिला मैला छैनन् अतिशय सफा कञ्चन जल
बगे खोलानाला कल र कल गाएर सलल
जमेको पानीमा गगनतल देखिन्छ विमल
महात्माको आत्मासरि विषय वैषम्य विकल

५६

यसैले निम्त्यायो शरदऋतुको सात्विक छटा
जता हेऱ्यो राम्रो चहचह नयाँ राम रमिता
यहीं धानी बाला पहिरि वनमाला रहरमा
निराला चालामा हरबखत घुम्छिन् बनि रमा

५७

बगैंचामा फुल्छन् कुसुम सयपत्री मखमली
झुलेकाछन् आहा ! भ्रमरहरू चाहा गरि झुली
शशी, तारा सारा गगनभरमा चंचम हुँदा
सिताराको घुम्टी पहिरी दुलही झैं छ क्षणदा

५८

लिई टीका टाला शिरभर झुलाएर जमरा
लिई साना नानी कमरबिच पारेर नखरा
नयाँ राम्रा राम्रा पहिरि कपडा भूषणहरू
हिंडेका देखिन्छन् वर पर पुरन्ध्रीजनहरू

५९

सुखी को ? दुःखी को ? अपढ अथवा शिक्षित छ को ?
छ को ठूलो, सानो ? कुन नगिचको ? को छ परको !
कृपाले दुर्गाको अनुपम दशैंले सबतिर
शरद्‌ले ल्याएको अतुल समता चल्छ सरर

६०

यसो सोची हेर्दा अतुल समताको परिणति
दशैंको मौकामा कसर पनि निस्क्यो अलिकति
भएका छौं हामी किन यसरि पाषाणयुगका
निचोरी निर्धाको रगत पिउने दैत्यसरिका ?

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वसेकी छन् देवी जगतजननी मन्दिरबिच
तिनैका सामुन्ने पशुहरू जुटाएर नगिच
गला रेटी रेटी मुटु पनि अचेटी बलसित
मजा मानी खाने कसरि पशुको मासु, रगत ?

६२

खुशी होलिन् दुर्गा कसरि बध हेरेर पशुको
बगेको सामुन्ने रगत पनि देखेर ननिको
शरद्‌ले ल्याएको अतुल समता सान्विक गुण
तमोभावै बढ्‌दा परिणत तुल्यायो अवगुण

६३

अहिंसावादी हौं सकल नयपाली जन जति
लिंदै आएका छौं बहुत कमलो गौतम मति
यहीं जन्मे भन्छौं अवनितलमा बुद्ध पहिले
कडा हिंसै हिंसा किन गरिरहेछौं नि अहिले ?

६४

यही जिभ्रालाई रस दिन सदा गोरस पिई
अरू खाने दानाहरु पनि सबै सात्विक दिई
बचाई राखेको कति कति कडा संयम गरी
नसक्ने भो ऐले रगत नपिई बस्न कसरी ?

६५

पऱ्यो जस्तो खाना उदरबिच त्यै माफिक मति
हुने भन्ने स्वाभाविक चलनले गर्न सुमति
नखाने वा खाने नियम जति छन् शास्त्रहरुमा
सबै बिर्सी मार्छन् कुपथ किन पार्छन् उदरमा ?

६६

हुँदा मांसाहारी हृदय पनि भारी भइ कड़ा
सदा नारी खैंची खलबल गरी झिक्छ झगड़ा
दया, माया, श्रद्धा, विनय जति भागेर विवश
बनी डाँका दिन्छन् बहुत जनतालाई सकस

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पसीनाले सेची प्रकृति जननीबाट जति छ
कमाएको दाना त्यति लिइ जिएमा प्रगति छ
बनी अल्सी, मोजी, श्रम नगरि खाने भइ मन
स्वभावैले आयो मनुज मनमा राक्षस पन

६८

नहोस् चाहा रत्तीभर पनि लिनामा परधन
पसीनामा आफ्नै भरि जुटाएर जिउन
यसैले नै होला भुवनभर कल्याण जनको
बड़ो मीठो होला अतुल समता भाव मनको

६९

दशैंमा पाएको अतुल समता सात्विक गुण
मनाएको सारै पनि मनमनै संझिरहन
चलोस्, घन्कोस् वेद ध्वनि वरिपरी गोरस बहोस्
अहिंसाको झण्डा फरर फहराईकन रहोस्

७०

दशैं आयो सारा मुलुकभरमा ढोलक पिटी
दशैं लाग्यो डाँडा पर ऋण लगाई कति कति
उखानै यो हाम्रो प्रचलित छ चौपट्ट घतिलो
सबै भोग्ने जान्लान् कति छ सजिलो वा असजिलो ?

७१

तिहारैको हावा हर भइ आयो वर वर
लिपे, पोते, पारे सुघर सब गाऊँ र शहर
सफा राम्रो रोज्ने बहुत सुकुमारी प्रकृतिकी
बसून् लक्ष्मी भन्छन् स्थिर घर तुल्याईकन लुकी

७२

चल्यो घ्यूको बास्ना मगमग भए सेल र पुरी
मिठाई नौरङ्गी पसल मसलाका थरिथरी
बले बत्ती पाला लहरहरू मालासरि बनी
अँध्यारो औंसी भो नव शशि-कला पूर्ण रजनी

७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बली राजाले नै सबकन पठाए घर घर
भनी भैलो गाई अतिशय रमाई वर पर
हिंडेका देखिन्छन् युवक युवती बालकहरू
स्वरैले घन्काई घर, महल, बारी वनहरू

७४

कतै घौशीरेको स्वर लहर तन्कन्छ वहुतै
भटयायो यौटाले अरुहरु कराए गइ उतै
कतै हल्लेका छन् लहलह भई पीङ रुखमा
कतै लम्केका छन् चहचह गरी शान्ति सुखमा

७५

नवै रङ्गी टीका झिलि र मिलि माला मखमली
मिठाईका साथै कटुस विमिरो, ओखर लिई
दिदी, बैह्नी बन्छन् कवि रहर मानी चुलबुले
बनाएरै मान्छन् कति कति दिदी भाइहरूले

७६

तिहारै पो लाग्यौ बहुत रसिलो चाडभरमा
मिले यै मौकामा सकल नरनारी रहरमा
खुला सद्भावैले हृदयमा भरिलो हुन्छ सबको
यही हो निर्दोषी पनि चलनमा वर्षभरको

७७

बिदा भो त्यो सारा रमझम सबै चाडहरूको
हराए जस्तै भो प्रकृति महिमा नै प्रकृतिको
सबै त्यो पैह्लेको नरम हरियाली जति सुक्यो
चिसो बढ्दै आयो, मुटु चसचसायो, गति लुक्यो

७८

घटयो छोटो बन्दै दिवस पनि अल्सीसरि भयो
फिका भै त्यो सारा रविकिरण सेलाउन गयो
जता हेर्‍यो हुस्सू टमटम प्रभाती अरुणिमा
हरायो बेपत्तासित विलय भैगो गगनमा

७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बगैंचाका शोभा कुसुमहरूको गौरव गली
गयो माटो भैगो चहुर सुखशय्या मखमली
पछिल्लो वा चुत्थो ऋतु पनि छ हेमन्त शिशिर
सबैको घुम्टोमा लुटुपुटु भई झुक्तछ शिर

८०

गुजुल्टा थाङ्नामा गुटुमुटु भई बस्नु छ सदा
चिसो हावा मात्रै थरथर गराएर बहँदा
चलेका चल्दैनन् अवयव सबै निष्क्रिय भए
कठै ! हुस्सू बढ्दा गति सकल हुस्सूसरि भए

८१

बनेका देखिन्छन् रुख सकल नाङ्गा र मुडुला
हुँदै आएका छन् पतकर हराएर खुकुला
अनौठाको चाला लिन-प्रकृति बाला किन पुगिन् ?
हराई बेपत्तासित कुन कुनामा गइ बसिन्

८२

तुषारो छारो झैं सबतिर चिनी ह्वैन गुलियो
जमेको पानीमा पनि विमल देखिन्छ मुख यो
अँठ्यायो जाडोले कलम पनि, हातै गँगरियो
महत्त्वाकांक्षामा मन-न हुनुपर्ने ठहरियो !

८३

हुन त शिखरिणी हो लेखनाथीय छन्द
बिच बिच कवितामा त्यै छ शैली प्रबन्ध
तर पनि कवि भाषा व्यक्तिको ह्वैन पेवा
सब जन लिन सक्छन् काव्य मिष्ठान्न मेवा

८४

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कथाभित्रको कवि—१९

छन्द—शार्दूलविक्रीडित

अर्काका करले रचिन्न कविता यो एक संयोग हो
आफैले बल गर्छु भन्नु पनि ता झन् चर्कंदो रोग हो
मीठो काव्य कला खुला प्रकृतिमा फक्रन्छ रे फूल भै
त्यस्तै भाव बनी प्रवाह जलको उम्लन्छ रे मूल भै

१

[कथाभित्रको कवि : २२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी हाम्रा कविको छ हालत उही, उस्तै झिजो झंझट
थैलो पेट छँदैछ भर्न परिगो झेली सयौं संकट
यो बाहेक अनेक तत्वहरुले बाधा खडा गर्दछन्
मान्छेकै मन हो न हो कठिनता आधा गरी छोड्दछन्

२

बाटो जीवनको छ घोर वन झैं भाँडा कुयेंत्राहरू
धेरै छन् यसमा बिझेर जसमा च्यातिन्छ झन् आबरू
नाना हिंस्रक बाध, भालु पनि छन् तर्साउँछन् बेसरी
बिच्छी, गोमन औ अजिंगरहरू डट्छन् रिसाहा सरि

३

त्यस्तै जीवन एक सागर न हो पानी भरी खाडल
उठ्छन् छाल तरङ्ग भेल, भुमरी, तूफान, कोलाहल
माछा आउँदछन् सयौं थरि यहाँ ठूला र साना सब
ठूलाकै बल पुग्छ खान्छ सहजै मान्दै बजे उत्सव

४

हाम्रो जीवन भन्नु के छ र यहाँ यो तुच्छ माटो न हो
माटोको बरु बन्छ जीवन यहाँ ब्रह्मा कुह्माले न हो
पाला, भ्यूँट र इंट, टायल तथा घ्याम्पा र गाग्राहरू
फुट्छन् फुट्न त किन्तु छन् तिनिहरू नै जिन्दगीमा बरू

५

सारा जीवननिम्ति सार खँदिलो के हो र ? हावा न हो
हावा टप्प भयो भने सहजमा सिद्धिन्छ सारा अहो !
कच्चा जीवनबाट आज कसरी निस्कन्छ सच्चा कुरा
चढ्ने हो कसरी परिश्रम गरी उद्देश्यको टाकुरा ?

६

हेर्‍यो जीवनलाइ सूक्ष्म मतिले आकाश रित्तो न हो
केही छैन, छ शून्य मात्र जसमा आवाज मात्रै न हो
यै आकाश छ सर्वव्यापक यही चैतन्य भण्डार रे !
तारापुञ्ज र सूर्य चन्द्रहरूको सञ्चार संसार रे !

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोच्यो जीवनभित्र दन्दन हुने उज्जण्ड आगो छ रे ?
सारा इन्द्रियलाइ तागत दिने यै एक आगो छ रे !
आगैबाट झिलीमिली दश दिशा आलोक सञ्चार रे !
आगै पार्दछ भस्म, गर्दछ सबै संसार संहार रे !

८

जे हेरे पनि दृष्टिकोण दुइटा हाम्रो हुनै पर्छ रे !
यौटै दृष्टि लियो भने गहकिलो निष्कर्ष पाइन्न रे !
दोटा दृष्टि र द्वैतवाद अथवा दोभान हो जीवन
पानी, बाफ जसो भने पनि हुने देखिन्छ यो जीवन

९

आशाको लहरा झुली वरिपरी लुर्कन्छ रे वृक्षमा
आशा फूल सुवासना मगमगी हुर्कन्छ रे विश्वमा
आशा-तार गुलूप धप्प बिजुली झल्कन्छ रे रातमा
आशा शीतल शीत-विन्दुसरि भै टल्कन्छ रे पातमा

१०

आशा-तन्तु रहन्छ शेष उसमै तर्लङ्ग झुण्डिन्छ रे
मासा लाल डग्यो भने पनि कतै पर्लङ्ग पल्टिन्छ रे
छाया झैं गहिरो अथाह जलमा छर्लङ्ग देखिन्छ रे
माया काँच न हो खसेर छिनमा चर्लङ्ग भै फुट्छ रे

११

उठ्छन् रे वनमा समान मनमा काँढा, व्यथा, वेदना
उठ्छन् रे जलमा तरङ्ग भलमा फोका र उत्तेजना
उठ्छन् रे घनघोर वादल झरी आँधी हुरी वेगमा
उठ्छन् रे कति कल्पना गगनमा तारा तथा चक्रमा

१२

उम्लेको रहमा कुनै विरहमा पग्लन्छ रे लोचन
चारैतर्फ छचल्किएर पछि त्यो रोकिन्न रे रोदन
त्यै आँसू शिवरूप सत्य कविता भैदिन्छ रे सुन्दर
त्यै पीयूष पिएर नै अमर भै भेटिन्छ रे ईश्वर

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाच्तै आउँछ रे वसन्त रसिलो सिर्जाउँदै लालिमा
मीठो गाउँछ रे अनन्त जुनिको सङ्गीत साफल्यमा
हावा ल्याउँछ रे नवीन युगको सन्देश बोकीकन
आफै धाउँछ रे दिलाउन भनी सञ्जीवनी चुम्बन

१४

बस्ने ठाउँ पहाड गाउँघरको छाप्रो पराले छ रे
राम्रो मङ्गल बङ्गला शहरको ढोके र पाले छ रे
आशा स्वर्ग सुवर्ण रङ्ग सपना के देख्न थालेछ रे
देख्यो या त सुन्यो गऱ्यो अनुभवै के के छ के के छ रे

१५

त्यो हो जीवन—सत्यमा जुन पुग्यो छोडी असत् वैभव
त्यो हो जीवन—मृत्युबाट अमृतै पाई उदायो जब
त्यो हो जीवन—अन्धकार उछिनी आलोकमा जो गयो
त्यो हो जीवन—वर्ष वर्षतक जो संघर्षभित्रै रह्यो

१६

कैल्ले जीवन सत्यमा पुगिदिने छोडी असत् देखिने
कैल्ले जीवन मृत्युबाट अमृतै पाएर मौलाउने ?
कैल्ले जीवन अन्धकार उछिनी आलोकमा चम्कने
यो हो जीवन वर्षतक नै संघर्षमा हुत्तिने

१७

यै संघर्ष सधैं चल्यो चलिरह्यो उद्देश्य भो बेपता
आकांक्षाहरु तिर्सनाहरु सयौं उब्जीरहन्छन् यता
उम्रेनन् कहिल्यै भने सब हुने बेकारको जीवन
उम्रेमा पनि शान्ति छैन जसले संघर्ष भो जीवन

१८

पानी छाल मडारिएर जसरी हुत्तिन्छ दोभानमा
त्यस्तै तर्क वितर्क, वाद, भुमरी उफ्रन्छ तूफानमा
देखिन्छन् अभिशाप धापसरिका मैला हिला दल्दल
खोज्यो उत्रन भासिने तलतलै पर्ने बडो खल्बल

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगो शोषणको बलेर कहिले पिल्स्याउने जीवन
चड्का भीषण युद्धको बम बनी थर्काउने जीवन
अत्याचार समान झर्छ असिना, अन्याय बन्ने झरी
खोलो क्रन्दन गर्छ बग्छ धमिलो आँसू बनी बेसरी

२०

देखापर्छ अशान्तिरूप दिलमा कालो कडा बादल
चम्केको छ जहाँ झिलिक्क बिजुली आशा बनी चंचल
त्यै आशामय दिव्य दीपक लिई हेरेर चारैतिर
पोख्यो चातकतुल्य भित्र दिलले आफ्ना अनेकौं पिर

२१

अग्ला पर्वतराजलाइ पहिले छोडेर ओर्लीं तल
झर्नाका सँगमा भरेर वनमा कल्लोल कोलाहल
ती छोटा खहरेहरूसित मिली वर्षा र बाढी बनी
हुत्त्याई नबगाइद्यौ सहजमा संसारको जीवनी

२२

आफैलाइ समेत कत्ति नचिनी ताक्यौ महासागर
त्यो अस्तित्व कता पुऱ्यो? किन झिक्यौ त्यरतो वृथा जाँगर
पोल्ने भीषण भानुका किरणको सोपानमा उक्लिई
हेऱ्यौ माथि पुगेर विश्व सजिलै त्यो चंचला श्री लिई

२३

भन्छन् भन्न त ग्रीष्मको जहरिलो सन्ताप हर्ने तिमी
छायाले वसुधा भरी नवसुधा सर्वत्र छर्ने तिमी
उद्योगो जनका निमित्त हुन ता कल्याण गर्ने तिमी
थर्काई किन सृष्टिलाइ बमको विस्फोट भर्ने तिमी ?

२४

बाँच्नैपर्छ थिचेर दुःख मुटुले हाँसी हँसाईकन
त्यो अस्तित्व सुवासना दिन सकोस् यो फूलको जीवन
छेकाबार भई बस्यौ किन उसै आलोकको मार्गमा
आऊ झट्ट हिमालकै शिखरमा फर्केर अस्तित्वमा

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रा शीकरले चिसा पवनले ठण्डा तुल्याई सक्यो
तिम्रा झन् अतिवृष्टिले कृषकको बाली बगाई सक्यो
आफैभित्र समालिएर सहिद्यौ अस्तित्व ब्यूँझाउन
वर्षा गर्नु थियो गऱ्यौ अब पुग्यो मैह्ना बित्यो साउन

२६

तिम्रा चातक भक्तले स्तुति गरी सारा फलाकी सक्यो
तिम्रानिम्ति मयूरले शिखरमा नाचेर थाकी सक्यो
रोलान् फेरि किसान व्यर्थ असिना झारेर माऱ्यो भनी
तिम्रो जीवनले जिलाउनुपऱ्यो संसारको जीवनी

२७

साथी भैकन कालिदास कविको सन्देश लाने तिमी
यी मेरा उपहार वाक्यहरूमा झर्को नमाने तिमी
गर्दा स्वागत सूर्यले अबिरले अस्ताउँदा साँझमा
देखिन्छौ गिरिराजका मुकुट झैं कैलासको माझमा

२८

फैलाऊ सब हृष्टपुष्ट हरिया यी खेतबारी तिमी
झल्काऊ ढकमक्क फूलहरूले यो फूलवारी तिमी
चम्काऊ नयनाभिराम सुषमा हे कृष्ण कादम्बिनी !
देऊ गुञ्जन कुञ्जभित्र मुरली माधुर्य सञ्जीवनी

२९

निस्क्यो चेतन तत्वबाट कविता के बुझ्न निश्चेतन ?
गर्जन्थ्यो जडवादमा घन-घटा थर्काउँदै जीवन
थर्क्यो जीवन भित्रबाट सहसा पग्ल्यो दुवै लोचन
सम्झाएर अतीतका सब कुरा तड्पी रहन्थ्यो मन

३०

कैह्ले दर्शनको विचार गहिरो बन्थ्यो त्यही जीवन
कैह्ले सुन्दर कल्पना प्रकृतिको गर्थ्यो त्यही चित्रण
कैह्ले पुग्दछ माथि माथि कहिले भासिन्छ खस्तै तल
चङ्गा झैं चुँडिदै अलक्ष्य पथमा डुल्थ्यो बनी दुर्बल

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिसूँ जीवन बिर्सिदैन कहिल्यै जो जीवनै भिन्न छ
सम्झूँ साध्य हुँदैन कर्म पथको झन् झन् नयाँ चित्र छ
अन्तर्द्वन्द्व बढारिएर सहसा हुत्तिन्छ दोभान भै
निस्कन्छन् अभिशापका जति कथा आफ्ना बितेका सबै

३२

यौटा सत्य कथा छ– एक कविजी बस्थे यही देशमा
भारी जीवनको लिएर बटुवा जस्तै बनी भेषमा
थोत्रो जीर्ण कुटी थियो अरु थिए राम्रा छिमेकी घर
झिक्थे झन् व्यवहारमा दिनदिनै चाम्रा बनी जाँगर

३३

खेतीवाल भनूँ भने न त कुनै छन् खेत, ती होइनन्
व्यापारी कसरी भनूँ न त थियो पूँजी, तिनी होइनन्
विद्वान् वा कवि हुन् भनूँ पनि भने छैनन् कुनै स्थानमा
अस्त-व्यस्त छ जिन्दगी रुमलिंदा अल्झेर दोभानमा

३४

खोली स्पष्ट भनूँ भने तर तिनी हुन् स्पष्टवादी कवि
देखिन्छन् प्रतिभा चमत्कृति, नयाँ साहित्य, संग्लो छवि
कालो बादलबाट सुन्दर शरत् कैल्यै नखुल्ने हुँदा
अल्पिन्थे दिन मध्यमै रवि कठै ! आँसू बगाई रुँदा

३५

उठ्छन् तर्क छचल्किँदा हृदयमा साहित्यका सागर
सारा साधनबाट वञ्चित हुँदा मर्छन् त्यसै जाँगर
जे भो त्यो अभिशप्त जीवन बन्यो जन्मेर ऐलेतक
हल्लेकै छ हुरी बतास बिचमा त्यो चम्किलो दीपक !

३६

बेहानै जब पूर्वबाट नभमा ऊषा उठी आउँछिन्
चारै तर्फ कडा कडा कठिनता प्रत्यक्ष देखाउँछिन्
आशा पिल्पिल भोलिको मुख त्यसै छोडेर सन्ध्या पनि
जान्छिन्, जान्छ त्यसै गरेर तिनको संघर्षको जीवनी

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमा बालककालदेखि टुहुरो पारी बिपत्ता भइन्
बाबाले व्यवहार नै थपिदिए साथी प्रिया नै भइन्
त्यै एकान्त वसन्तमा कुसुमका फुट्तै गए कोपिला
गाए पञ्चम राग कोकिल मिली खोली सुरीलो गला

३८

वासन्ती छविको मनोहर छटा सुक्तै गयो ग्रीष्मले
ती दुःखी कविका दुवै नयनमा बर्सात धेरै चले
बैरीतुल्य बनेर रोज हमला गर्दा कडा रोगले
खप्ता जीवन मृत्युको कवि कठै दोसाँध भै झन् गले

३९

आफै मात्र सदा सुखी भइरहूँ भन्दै उसै लम्कने
कोही माग्छ सहायता पर हटी चूपै रही गम्कने
सत्तारूढ बनें भनेर सहजै बिर्सेर त्यो बन्धुता
बेपत्ता छ मनुष्यको मनुजता झन् व्यक्त भै दुष्टता

४०

विश्रामै नलिएर घाम शिरमा थापेर हिँड्दा पनि
मामै मात्र जुटाउनै पनि बडो गाह्रो हुँदा जीवनी
यौटा दुःख तरिन्छ मुश्किल गरी अर्को खडा भै दिने
रोगाई जब मालिनी कुसुम झन् बन्छन् त्यसै वैलिने

४१

बाँकी बच्न सकेन जे छ घर वा सर्वस्व भाँडाकुँडा
झन् हिर्काउँदथ्यो परिस्थिति कडा मच्चाइ भुत्ते खुँडा
खाए हार,गिऱ्यो मनः स्थिति यसै विक्षिप्त भै मालिनी
मालीको कविता त्यहीं शुरु भयो सारै दयाशालिनी

४२

भन्छन् रे सुख दुःख रात दिन हो आलो र पालो हुने
पालो आउन नै सकेन कहिले होला उज्यालो हुने ?
ज्यादै नै गहिरो रहस्य यसमा देखिन्छ, यो जीवन—
रोजै बढ्दछ मृत्युकै नगिचमा के पाउला चम्कन !

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो चम्कनु यत्तिकै हुन गए, चम्कून् यिनै जुन्किरी
तारा, चन्द्र र सूर्य झैं बलिरहून् फुक्तै नयाँ बाँसुरी
ऐले चल्नु छ त्यै निमित्त कलिला यी कोपिला फूल छन्
पानी, घाम समान बन्न नसके चर्कन्छ रे शूल झन्

४४

झर्छन् पत्कर शुष्क भै शिशिरले, बस्छन् बनी बालुवा
त्यै नाङ्गा रुखमा वसन्त रसिला दिन्छन् नयाँ पालुवा
यस्तो जीवन वृक्षका वरिपरी जो छन् नयाँ पालुवा
लप्काले सब वृक्ष नै सुकिगए होऱान् कठै ! बालुवा

४५

सम्झन्छन् मनले, सुधा वचनले, कर्तव्यले, कर्मले
चोखो सत्य पितृत्वले, चहकिलो आदर्शले, धर्मले
गर्मी-शीतल बन्छ या त बहुत न्यानो—हुँदा शीतल
यो भित्री दिलले बहाउँछ तिनैका लागि चोखो जल

४६

प्यारा सन्तति नै दुवै नयनका हुन् खास नानीहरू
सारा जीवनका बसन्त ऋतुका नौला कहानीहरू
आफ्ना भन्नु तिनै न हुन् जुन बुझी शिक्षा र दीक्षा दिन
सारा साधन नै जुटाइदिनमा संघर्ष भो जीवन

४७

साना बालकका पवित्र दिलमा सञ्जीवनी हुन्छ रे !
त्यो वात्सल्य रसै बनेर धमिलो यो जीवनी हुन्छ रे !
पक्का हो नभए त्यसो किन यहाँ आनन्द भेट्टाउँथे
देखी उन्नतिको अनन्त सपना यी नै भनी धाउँथे

४८

सप्रन्छन् बिरुवा भने त अघि नै चिल्लिन्छ रे पालुवा
बिग्रन्छन् यदि फुस्रिदै तल झरी जान्छन् बनी बालुवा
त्यै दृष्टान्त छ ठीक आज यिनमा देखेर नौलोपन
संग्लो स्वच्छ कुलो समान बहँदो देखिन्छ त्यो जीवन

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तोषी यिनको विचार कहिल्यै गिर्दै नगिर्ने तल
सेवावृत्ति लिएर जीवनभरी उठ्तै नउठ्ने बल
पाए कष्ट छँदा छँदै म यिनले बेकार भो जिन्दगी
जाने हो कि ? अत्यास लाग्छ मनको इच्छा नपुग्दै बगी

५०

छोरी हो घरको सिंगार पुतली जस्तै बनी खेल्दछे
छोरी जीवनको परिस्थिति सबै सोचेर सुल्झाउँछे
'छोरी हो अभिशाप जीवनभरी' के काम भन्दा हुनन् ?
काट्नासाथ छ वर्ष जा घर भनी सित्तै लगार्दा हुनन्

५१

'के जन्म्यो ? यसलाइ उत्तार दिंदा' छोरी' भनेको सुनी
बन्छन् खिन्न यसै यसै सब जना आमासमेतै पनि
यस्तो तुच्छ परम्परा हृदयमा के काम भो धारण
छोरी हो शुरुदेखि नै प्रकृतिमा झन् सृष्टिको कारण

५२

छोरी हौ अनि मातृ जाति पनि हौ मातृत्व मन्दाकिनी
तिम्रै मात्र छचल्किएर दिलमा मातृत्व सञ्जीवनी
लम्केको छु सदैव कर्मपथमा थाक्तै नथाकीकन
आमाको दिलमा सकेन हुन त्यो मातृत्वको सिर्जन

५३

पढ्दा भाइ दिदी मिली दिनदिनै, गर्दा अनेकौं श्रम
धन्दामा घरकाजको बहुथरी पर्दा कडा संभ्रम
जस्तो पर्दछ टर्छ पढ्दछु भनी गर्दा बड्ढो जाँगर
चारैतर्फ छचल्किदो छ दिलमा उल्लासको सागर

५४

छन् नाना अभिशाप जीवनभरी आफ्नो अवस्थातिर
कोही दृष्टि दिंदैन छैन घरमा गर्ने कुनै खातिर
चारैतर्फ अभाव मात्र ननिको देख्ता रिसाएँ घुमी
सुन्छ्यौ कान लगाउँदै वचनमा आँसू निकाली तिमी

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैल्ले लाग्दछ पीर भित्र दिलमा 'आमा बिरामी छ रे'
के मागूँ फिरिआउँदा घरतिरै थाकेर बावा भरे
खाने चीज गरूँ तयार कसरी सारै छ बेफुर्सत
कैल्हे पाउँछ पढ्न शान्त मनले ल्याई नयाँ फुर्सत ?

५६

जाड़ो चम्किरहेछ छैन कपड़ा पुग्दो कुनै अङ्गमा
थाहा पाइरहेछु यो स्थिति सबै बिग्रेर वेढङ्गमा
निद्रा नै नपुगेर रातबिचमा चाँडै उठाई उठी
जानै पर्दछ पढ्न जे छ घरमा खाई खुवाई चुठी

५७

पढ्ने नै छ विचार पढ्नु अहिले कर्त्तव्य मेरो छ यो
पढ्नेले सुख पाउँदैन सुखले पढ्ने कहाँ को थियो ?
झन् यस्ता तपका विचार सजिलै खोलेर देखाउँथ्यौ
छोरी ! काख सिरान ली कति कुरा कल्पेर लेखाउँथ्यौ

५८

बाँचेको छु 'तिमी' भनेर सुखले, तिम्रो सुखी जिन्दगी
पाऊँ देख्न, यही छ भित्र दिलमा सित्तै नजाओस् बगी
कोही छैन धनी, गरीब दुनियाँ देखें मभन्दा पनि
मेरै मात्र रहेछ यो भुवनमा सारै धनी जीवनी

५९

मेरै शोषण गर्दछन् महलका मोजी सुताहाहरू
मेरै रक्त चुसेर मात्तिन पुगे जाली फटाहाहरू
पुखौंली यश मात्रको म भरमा आधार पाईकन
बाँचेको छु बचाउनेछु म सकेसम्मन् अझै जीवन

६०

चल्दा झोक, परी अनेक घटना, धाएर चारैतिर
खाई हार र ठेस, ठक्कर कड़ा, थाकेर आई घर
लेखेको कहिले म हुन्छु कविता मात्रै लिई आश्रय
छोरी ! झोक्किन पुग्छु त्यो समयमा भत्केर जाँदा लय

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्कालै पछुतो भएर कहिले पग्लन्छ मेरो मन
उठ्छन् बादल धुम्मिएर सहसा बर्सन्छ झन् लोचन
सेवा गर्न सिपालु हे गुणवती ! छोरी ! तिमी अन्त्यमा
ती मेरा अपराध भूलहरूमा सारा गरे है क्षमा !

६२

पश्चात्ताप उदाउँदो छ कहिले सन्ताप बढ्ने कड़ा
झन् कैल्ले अभिशाप बन्दछ खड़ा,यस्तै छ आफ्नो घड़ा
प्राणै तुल्य छ, भित्र-बाहिर हुने नानाथरी भावना
देख्दो बाहिरको चराचर जगत् उठ्ने सयौं चाहना

६३

यो जाड़ो पनि पूसको कति कड़ा ! घुस्रे र ओछ्यानमा
पढ्छन् शिक्षकसाथ मस्त घरमा आफ्नै बसी शानमा
मेरो ज्यान छँदा छँदै विवश भै हल्लाइ च्यूँड़ो शिर
जान्छौ पढ्न लुरूलुरू, नपढ भो फर्केर आऊ घर !

६४

आफैले कति कष्टसाथ पढियो के भो र ! यो देशमा
नातावाद बटारिंदा पछि परी लत्रेर यो भेषमा
सारा शैक्षिक योग्यता पनि हुँदा लागेन केही बल
चर्को वज्र पऱ्यो चट्यांग शिरमा गर्दा छलीले छल

६५

शिक्षाले पनि शोषणै गरिरह्यो हाम्रा यिनै सन्तति
पैसा नै नभए अशिक्षित हुने चाहिन्छ रे सम्पति
यौटा शिक्षकसम्म छैन अथवा देखिन्न शिक्षालय
चाहन्छन् यदि पढ्न शुल्क नलिई शिक्षा दिऊन् सक्रिय

६६

कापी. पुस्तक औ मसी, कलमको उस्तै समस्या कड़ा
टार्ने हो कसरी ? भए हृदयमा चिन्ता हजारौं खड़ा
भत्ता पाउँछ आज जो छ बलियो अत्यन्त पूँजीपति
हामीलाई दिलाउँदैन कहिल्यै भन्छन् यिनै सन्तति

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देख्ता, बाहिर भेटिंदा सड़कमा हाँस्ने यिनै सज्जन
केही दुःख लिई गयो कि घरमा बन्छन् यिनै दुर्जन
ए बोक्रे दुनियाँ ! छ आज मनमा के गर्न इच्छा भन ?
चाहन्छौ यदि बन्न मानिस भने लोकोपकारी बन

६८

हामी आज गरीब छौं हृदयका इच्छा नपुग्दा कुनै
आफैलाई पुगेन लागि अरूको के सक्तछौं सुम्पनै
सच्चा मानवता भए धनिकहो ! खाली थुपारी धन
हेर्दैनौ किन भाइलाई ? धनले अन्धो भयो लोचन ?

६९

झिक्तै सम्पति खल्तिबाट सजिलै बाँडेर को हिंड्छ र !
माग्दा हात फिंजाइ 'ला' भनि सबै सुम्पेर को दिन्छ र ?
को भन्ला, कसलाई सम्पति मकै जस्तै तुल्याइ छर ?
जे सक्छौ त्यति गर्नमा नहटिद्यौ यो देशका खातिर

७०

यस्तो भालुपुराण आज कसले आई यहाँ सुन्छ र ?
लेखेरै पनि के बसी सँगसँगै आएर को रुन्छ र ?
मेरो देश सबै बुझी अघि बढूँ कर्तव्यमा देशको
जो मेरो हक हो लुटेर पनि त्यो ल्याऊँ यहाँ रोक्छ को ?

७१

भोको गर्दछ पाप खान नपुगे लाग्दा सदा काममा
लुट्ताछन् हक झन् बनेर बलिया बाठा उनै नाममा
संघर्षै नपुगेर खुम्चिनुपर्‍यो रोएर को सुन्छ र ?
हाँसी मर्नु छ बेस जीवन-जगत् रोएर के हुन्छ र ?

७२

राजाका जनता समस्त अहिले छौं छत्र-छाया तल
छेकिन्छौं किन दर्शनै पनि अहो ! पाइन्न रे केवल
स्वार्थीहो ! नबसेर उच्च पदमा ओर्ल्नी तलै आइद्यौ
इच्छा बस्न भए कुरा गर सफा स्वार्थीपना छाड़िद्यौ

७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छेको किन गर्नु पर्दछ यहाँ मान्छे बनी चाकड़ी
मान्छेलाई लगाइने किन यसै मान्छे अझै हत्कड़ी
साझा सम्पति काम, माम, कपड़ा जानेर यो देशमा
केही हासिल गर्न नै नसकिए के बाँच्नु यो भेषमा

७४

यो सोची कवि निस्किए शहरमा छोडेर आफ्नो घर
के लेख्ने कविता भनी कलम औ कापी हटाई पर
देखे मानिस भीड खल्बल त्यहाँ के के न होला भनी
देखे मत्त भएर डुक्रिरहँदो साँढे रिसाहा बनी

७५

त्यो साँढ़े कति फुर्तिलो छ जसको माटो, हिलो सींगमा
हल्लेको छ जुरोसमेत पहिले जो डामियो अंगमा
डुक्रेको ध्वनिभित्र वाक्य कविले जे जे सुनेथे सब
आफ्नै शब्द लिई टिपेर लयमा प्रस्टै उतारे अब

७६

"प्यारा वत्स! अजान बालक तिमी स्वातन्त्र्य खोज्दो छु म
आमाको स्तन चुस्नसम्म नदिने देखेर सोच्तो छु म
गर्छिन् रोज पुकार 'आउन' भनी प्रत्यक्ष सुन्दो छु म
टाढाबाट स्वतन्त्रसाथ अहिले सन्देश भर्दो छु म

७७

आमाको स्तन चुस्न खोज्नु हक हो सोचेर लेऊ तिमी
आफै लागि परी पछाडि नपरी खोसेर लेऊ तिमी
चोरेरै अथवा लुटेर जसरी होस् साँच आफ्नो हक
त्यो आफ्नो हकका निमित्त कहिल्यै मान्दै नमाने धक

७८

आमालाई लगेर मानिसहरू बाँधेर राख्छन् सबै
आमाचाहिँ कराउँछिन् बल गरी सम्झी मलाइ सधैं
तिम्रो बाबु म नै हुँ किन्तु अहिले स्वातन्त्र्य वा खातिर
टाढ़ा झैं छु यता, तिमी तर उता हा! लाग्छ सारै पिर

७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी हौ त भने पऱ्यौ सहजमा झन् बन्धनैमा तिमी
अर्काले लुटिहाल्छ दूध सहने हुन्छऱ्यौ यसै नै तिमी
छोरो हौ त भने म झैं बन तिमी डामेर छोडे पनि
सारै दुर्लभ पो छ यो भुवनमा स्वातन्त्र्यको जीवनी

८०

घाँटीमाथि जुवा भिरी दिनदिनै घिच्च्याउँछौ ता हलो
गाडामै यदि लादियौ पनि भने होला कहाँ पो भलो
वर्षा, धूप, हुरी, झरी र असिना, जाडो, तुषारो हिउँ
जे जे पर्छ सहेर नै भन तिमी स्वातन्त्र्यले नै जिऊँ

८१

बर्साएर ममाथि निर्दय बनी झन् नोल लाठीहरू
बाली खाइदियो भनेर कतिले लिन्छन् सधैं आवरू
मेरो लागि त घाँस हो सब कुरा पृथ्वी सबैकी मुमा
निर्धक्कैसित खान्छु पुष्ट छु सधैं को आउने सामुमा ?

८२

तस्मात् वत्स ! अरण्यरोदन पुग्यो, ल्यै स्वाभिमानी बन
कल्ले सक्छ लुटेर लान हक त्यो ? लेऊ जवानी बन
मै झैं नित्य स्वतन्त्रले घुम तिमी सर्वत्र संसारमा
दुःखै भोग्नुपरोस् नबाँच कहिल्यै हारेर संसारमा

८३

यति भनिकन डुक्री मत्त साँढे करायो
वर पर जनतामा खूब हा हा गरायो
कविवर पर पन्छी गर्न लागे विचार
किन यसरि टुटेको काव्य बज्ने सितार ?

८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविमित्रको कथा–२०

छन्द–गीतिका

सपना छ शान्ति रमाइलो विपना अशान्ति भए पनि
कि त कल्पना छ रमाइलो अभिशप्त वास्तव जीवनी
असमानता छ जतातते पुगियो जहाँ जडवादमा
छ समानता मन बाँधियोस् जब टम्म चेतनवादमा

१

दोभान : २४०]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बरु कुम्भकर्ण भने भनून् म निदाइ मात्र रहूँ सधैं
सपना सुधासरि शान्तिको जसबाट पाइरहूँ सधैं
विपना अशान्ति जुटाउने मन छैन पाउन जागृति
विष यी हुने विषयी सबै ननिको बनेर परिस्थिति

२

जति घामको पनि याममा जति काममा दगुरे पनि
न त माम पाउनु स्वादिलो न त धाम बस्न हुने पनि
जडवादको बकवादको गहिरो प्रभाव छ झन् कतै
डबलिन्छ दोबर तिर्सना छ अभाव मात्र जतातत

३

धनधान्य सम्पतिले तथा दरबार झैं घरले पनि
परिवारको अनुहारले अनि प्यारले पनि जीवनी
कहिल्यै उठेन पछारियो जति माथि जान्छ तलै पऱ्यो
मनभित्र शान्ति लिनै पऱ्यो कवि बन्न बाध्य हुनै पऱ्यो

४

कवि हैन भौतिकवादमा सबलाई काम दिने जन
कविकै छ झन् परमार्थमा सुकिलो र शाश्वत जीवन
न छ राजनीति न चाकडी न छ जेल नेल र हत्कडी
न प्रपञ्चका परिपञ्च छन् कविता छ जीवनको घडी

५

सब सिर्जनाभर विश्वमा जति भाग्यवन्त छ मानिस
उति गर्छ मानिस साथमा भइ मानिसै पनि झन् रिस
कवि ता हटेर अलग्ग भै कविता बनाउन थाल्दछ
परिपूर्ण सुन्दर ज्योतिको दिलभित्र दीपक बाल्दछ

६

त्यसकै प्रभा तममा पसी रसिलो प्रभात बनाउँछ
जसको कला सब सृष्टिमा रसरङ्ग नूतन ल्याउँछ
कुन हो कला ? कुन हो प्रभा ? कति चम्किलो कुन हो रवि ?
त्यसलाई पारख गर्नमा अरु को हुने र ? विना कवि

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि गर्दछन् जब कल्पना कवि देख्दछन् सपना जब
नलिएर पीर निदाउँछन् अलमस्त भै कविजी जब
पृथिवी नयाँ, गगनै नयाँ, जल, वायु, अग्नि सबै नयाँ
त्यसभित्र जम्छ जगत् नयाँ प्रकृति स्वरूप हुँदा नयाँ

८

भइजान्छ नूतन विश्वमा भरिलो झकाझक पूर्णिमा
अनगिन्ति झल्मल तारकाबिच देखिने पनि चन्द्रमा
पिई चन्द्रको मृदु चन्द्रिका कविजी चकोर सुहाउँछन्
अथवा समुद्र बनी बनीकन भाव छाल उठाउँछन्

९

तमका घटा पर भाग्दछन् सुकिलो छ जून जतातते
लहरासँगै सुख नाच्तछन् मृदु वात कम्पित भै कतै
कति बृक्षमन्तिर पातका मसिना कलाहरु छिर्बिर
जलका तरङ्गसँगै सँगै सुन बग्छ टल्किइ टल्टल

१०

चँदुवा छ नील फराकिलो गगनै मुलायम मख्मली
बहुमूल्य रत्न जडाउँछन् सब तारकाहरू झल्झली
सुकिलो छ जून बिछाउने पृथिवीभरी कपडा नयाँ
हुनजान्छ उत्सव नै नयाँ भव.नै नयाँ भुवनै नयाँ

११

द्विजराज राज भए यहाँ रसिलो सुधा वसुधाभरी
जब छर्दछन् त कलङ्कको किन कल्पना छ थरी थरी
द्विजराज हुन् जब चन्द्रमा उनको सफेद निदारमा
बरु होमको तिलकै जुटेसरि लाग्छ सभ्य विचारमा

१२

जब शान्त सुन्दर रातको सुकिलो सुधासरि जूनमा
कवि मस्त वा अलमस्त छन् भमरो समान प्रसूनमा
नरहेर याद घडी, पला युगचक्र घुम्दछ फन्फनी
रजनीश ढल्किसके परै रजनी हुँदी छ वियोगिनी

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुहिरो मुहार छ फुस्रिदो अनि आँसु शीत छ टप्किदो
मृदु वात कम्प गराउँदो चलि नै रहेछ अकासिदो
गहना हराइसके सयौं कति तारकावलिभित्र भै
रुखका पछाडि छिरीबिरी छरिंदो छ केश विचित्र भै

१४

रजनी भएर वियोगिनी पर पन्छिएर गए पनि
दिनलाइ जागृत जीवनी दिननाथ आउँदछन् भनी
पर पूर्वबाट उषा उठीकन आइ झाडु लगाउँछिन्
मसिना चराहरुको मनोहर मञ्जु गीत सुनाउँछिन्

१५

सपना छ मस्त निदाउँदा चकमन्न नीरव रातमा
सपनै लिई कविजी पुगे रसपूर्ण शान्त प्रभातमा
सपना बन्यो, कविलाई झन् नवकाव्य सुन्दर सिर्जना
विपना थियो जसलाई झन् अभिशापपूर्ण विडम्बना

१६

रमणीय शान्त विहानको रसिलो सुधासरि बातमा
हिमविन्दु टल्पल गर्दछन् मणितुल्य भैकन पातमा
नव पालुवा मृदु ओठमा हिमविन्दु हास्य समान छ
जसमा विभिन्न विचारका कविको विभिन्न बयान छ

१७

मधुमासले पनि लालिमा थपि जड्दथे नवमञ्जरी
अलमस्त झैं भइ नाच्तथे रसिला बनी वन वल्लरी
तरु-लास्य बन्छ लतासँगै मृदु-हास्य पुष्प सुहाउँदा
रस रङ्ग नूतन देखिने सुकिलो वसन्त उदाउँदा

१८

नगनिम्नगाहरू कुञ्जमा छहरा बनी छहराउँछन्
पहरा चिरेर नदीहरू गहिरा बनेर सुसाउँछन्
कलकण्ठ पञ्चमरागको जलसासमेत सुनाउँछन्
भमरा बडा रसिकै बनीकन झन् सितार बजाउँछन्

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रविको चढ्यो अरुणप्रभा सिंदुरे बने हिमका चुली
छवि फेर्दथ्यो क्रसले नयाँ युगको मनोहर काँचुली
हिम शृंखला सब रश्मिले सुन झैं झकाझक देखिए
रसिला प्रभात खडा हुँदा रसिला प्रभा तर झैं भए

२०

छ नदी किनार रमाइलो वनको नजीक छ संथर
सुनसान शान्त सफा हुँदा कविता जगाउन उर्वर
चउरै थिए उनमा त्यहाँ तकिया थिए वनका बुटा
अनि सर्र सर्र बतासले पनि ल्याउँथे जलका छिटा

२१

कुहिरा र बादल पन्छिए चिडिया उडे सब घाममा
अनि घण्ट मन्दिरमा बजेपछि देखिए सब काममा
त्यसपछि नीरव ठाउँमा सपना मनोहर देख्तछन्
रमणीय चित्रणका सँगै कविकै कथानक लेख्तछन्

२२

त्यस ठाउँमै कवि देखिए कविता बनाउन तत्पर
वयले बताउँदथ्यो त्यहाँ न बुढा तिनी न त भर्खर
अभिशाप भोग गरी गरी वयमै बुढेसपना थियो
भरिसक्य काव्य जगाउने जपना थियो सपना थियो

२३

व्यवहार या त समाजको स्वरबाट दूर भईकन
रमणीय प्राकृत ठाउँको अनुकूल आश्रय लीकन
कवि सोच्तथे कविता यसो लिइ एक पत्र र लेखनी
त्यस ठाउँनेर खडा भइन् नव यौवना महिला पनि

२४

अनिमेष दृष्टि दिंदै थिए कवि आफ्नु अक्षर पंक्तिमा
अनि भाव मग्न हुँदा हुँदै कवि हेर्दथे वन, शैलमा
कवि झस्किए म कहाँ छु ए ! किन देखिइन् नगिचै यिनी
न त उर्वशी न त मेनका न तिलोत्तमा न त मोहिनी

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बरु हो यहाँ मन सागरै जसमा विचार छ मन्दर
मथनै गरी लिनुपर्दथ्यो कविता सुधामय सुन्दर
कुन देवता, कुन दैत्य हुन् सब भाव यो अब बेपता
कसलाइ बाँड्न सुधा, सुरा किन मोहिनी अहिले यता ?

२६

न अड्यो कुनै व्यवहारमा न बस्यो रमाइ समाजमा
दिल एकलास रुचाउँदै जब बस्छ यो वनमाझमा
गहिरो छ नीरवता यहाँ अहिले कतै न छ खल्वल
किन ध्यान भङ्ग भयो भनी कवि हेर्दथे भइ चंचल

२७

हिउँ झैं सफा मुखमा थियो रवि रश्मि झैं दशन द्युति
नयनाम्बुरूप तलाउमा नयनै थिए कमलाकृति
लहरा समान शरीरमा फरिया छ पल्लव लालिमा
वनतुल्य केश छ हल्लिँदो छरिएर शीतल वातमा

२८

कि त शारदा भइ वल्लकी बिच भर्दछिन् नव मूर्छना
कि त राधिका भइ गर्दछिन् मुरली मनोहर सिर्जना
त्यतिमै सुधामय ओठको मृदु कोपिला क्रमले खुल्यो
मकरन्द-लुब्ध-मिलिन्द झैं कविचित्त मस्त भई झुल्यो

२९

"किन दाजु ! झस्कनुभो उसै बहिनी बनेर खडा भएँ
कविको सफा दिल हुन्छ रे ! भनि शर्मलाइ बिदा दिएँ
अबला स्वभाव लजालु हो तर बिग्रिएर परिस्थिति
अबलाइ बोल्छु छिटो बनी थिचिएर बस्नु सधैं कति ?

३०

जननी, पिता, बहिनीहरू अनि दाजु, भाइ, सँगीहरू
सब छन् भए पनि के गरूँ रहनै सकेन नि आबरू
कसलाइ दोष दिने यहाँ मुखले सबै असलै हुने
मनले भने मनमोजमा चरितै सबै धमिल्याउने

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिशु जन्मँदा रहरै हुने ममता बढीकन आउने
कति दुःखको कति कष्टको परवाह हुन्न बढाउने
पुतली बनी शिशुकालमा कति काख काख डुली बसे
शिशु भाव शेष छँदा छँदै म झुसिल्किरी सरि भै खसें

३२

उसले उता, कसले कता, जसले जता पनि तान्दथ्यो
अबला विलास जगाउने सुखसाधनै सरि मान्दथ्यो
वय सत्रमै अलपत्रिएँ नमिलेर योग्य कुनै वर
अझसम्म एक दिगो हुने हुन नै सकेन कुनै घर

३३

कुन हो बुढो, कुन हो युवा, कुन मूर्ख हो, कुन पण्डित ?
परबालिकासित छिल्लिने सबको खराब छ आदत
कति गिद्धदृष्टि लगाउने गरि हातपात गिज्याउने
नलिएर लाज र शर्म झन् मनमोज गर्न छटाउने

३४

जसले, जसो, जुन भावमा, जे गऱ्यो उस चालमा
म पुगें जता पनि हुत्तिईकन नाच्न, गाउन, तालमा
कहिले बनें परनायिका कहिले प्रसिद्ध म गायिका
कहिले निशाचर साथमा हुन नै पुगें अभिसारिका

३५

दिन चक्रतुल्य घुमी बिते म भएँ कठै ! व्यभिचारिणी
न पढें गुनें इलमै सिकें भई वंश-गौरव-हारिणी
सब सम्झँदा अहिले यसै पछुतो बढेर सताउँछ
गतिलो भविष्य हुने कुरा कसले मलाइ बताउँछ ?

३६

सँगिनी भएर विवाहिता कति फूर्तिले, कति शानले
सब बस्तछन् घरमा मजासित धाक, गौरव, मानले
अबला थिएँ, अबला भएँ अब लाज इज्जत भो र के ?
कुन देश हो ? कुन तन्त्र हो ! सब बिर्सिएर भुली सकें"

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविले सुने उनका कुरा दुइ कानले दृढ ध्यानले
हिउँ पग्लिएसरि पग्लियो मन नै समस्त बयानले
स्मृति पूर्वको इतिहासको पनि पत्र पल्टिन गो त्यहाँ
कविको कडा अभिशापको गहिरो प्रभाव थियो जहाँ

३८

मुख लालिमा, दुई नैनमा नयनाम्बु, कम्पन ओठमा
मुटुभित्र धड्कन झन् कडा गहिरो परीकन चोटमा
उभिनै समेत कठैबरी ! नसकेर ती सहजै बसिन्
कविसाथ माग्न सहायता बिचरी चरीसरि भै खसिन्

३९

कविले चिह्न सब ती परिस्थितिबाट ती महिलाकन
जसका निमित्त भलादमी पनि छोड्दथे अनुशासन
मदिरा पिई मदमत्त भै व्यभिचारबाट नतर्सने
कुल, मान, इज्जत, सभ्यता र परम्परा पनि बिर्सने

४०

युग फेर्न खोज्दछ काँचुली सबको गरी परिवर्तन
परिवर्तनै युग हो भने किन तोडिने अनुशासन ?
सब विश्वको स्थिति अड्दथ्यो अनुशासनै नभए कहाँ ?
बरबाद भो सब देश यो अनुशासनै नहुँदा यहाँ

४१

वनिता यिनी, कविता यिनी जन-तन्त्र-गौरव-दा-यिनी
अनुशासनै पनि तोडिंदा हुन पो पुगिन् कुलटा यिनी
पुरुषानुसार हुने हुँदा महिला सती कुलटा पनि
पुरुषै खराब शराबले महिला सडे कुलटा बनी

४२

जति छन् चरित्र सतीत्वका इतिहासका र पुराणका
सब मेटिए, सब भासिए नभई कुनै अभियानका
शरणै लिनाकन आज यी हुन आउँछिन् शरणागता
प्रकटे भने कविले—"अहो ! कसरी भयौ किन बेपता ?

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविकै तिमी दुहिता थियौ तिमीलाई जान्दछु राम्ररी
शुभनामचाहिं 'स्वतन्त्रता' भन हो कि होइन सुन्दरी !
तर नाम मात्र 'स्वतन्त्रता' नभएर कामसमेत भो !
तर हा ! अनर्थ खडा हुँदा अभिशापपूर्ण उदेक भो !

४४

मसँगै निरन्तर साथमा पनि खेल्दथ्यौ छ कि सम्झना ?
कि त त्यो कुरा पनि बिर्सियौ अब बिर्सिद्यौ सब वेदना
जति जे भयो भइगो गयो अबको कुरातिर तर्किद्यौ
अनुशासनै तिर सुस्तरी मनले गुनीकन फर्किद्यौ !"

४५

कविका कुरा सुनि भन्दछिन् महिला मनै मन दङ्ग भै—
"अघिसम्म याद थिएन क्यै अब उघ्रियो सब छङ्ग भै
स्मृति-दीपलाइ जगाउने कविसाथ दिव्य छ दीपक
जसले भयो मनको गुफा ताम भासिएर झकाझक

४६

अघिको कुरा अहिले कथा, अहिले कुरा पछिको कथा
सुख-दुःखको स्थितिमा कथा अनि दुःख नै सुखमा कथा
किन चाहिए अरु ती कथा गफ मात्र हुन्छ यथा तथा
अहिले छ वास्तव यो कथा जति चर्कियोस् मनको व्यथा

४७

कवि सुन्दथे उनका कुरा मन-नै दिईकन मग्न भै
कविता बनाउन खोज्दथे बिचमै टुट्यो सब भग्न भै
उपकारको र सुधारको शिरमाथि बोझ नयाँ पऱ्यो
बिच मार्गमा अडिनै पऱ्यो, बनभित्र अल्मलिनै पऱ्यो ।

४८

तनले हुँदैन सहायता परबालिका महिला यिनी
धनले हुँदैन सहायता जति लाख खर्च गरे पनि
मनले गरिन्छ सहायता व्यवहारमा न त देखिने
कति सम्झना कति कल्पना सपना छ केवल लेखिने

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहँदा सदा अभिशापमा कसरी मबाट सहायता
बिचरी चरीसरि बोल्दछिन् छ अरण्यरोदन हा ! यता
कवितासिवाय कुनै यहाँ अरु छैन मद्दत साधन
अघिको कथा गहिरो व्यथा सब पोखिदिन्छु बुझोस् मन

५०

कवि बोल्दछन्–"सुन सुन्दरी ! अब भन्छु ती अघिका कथा
बरु प्रेरणा लिन सक्तछयौ तर बिसिद्यौ अघिको व्यथा
सुख होस् कुनै यदि दुःख होस् मनभित्र दाग नलाउनू
मन यो सदैव सफा रहे किन पर्दथ्यो पछुताउनु ?

५१

सँग बस्तथ्यौं, सँग खेल्दथ्यौं उहिले सदैव तिमी र म
वय जोडि नै पनि खोज्दथ्यो दिल मिल्दथ्यो नहुँदा भ्रम
कहिले यता, कहिले उता पुतली बनेर दगुर्दथ्यौं
कहिले कुनै कविता कथाहरु चाखले कति पढ्दथ्यौं

५२

सब सिर्जनाभर विश्वमा दिलको विभिन्न छ तिर्सना
दिलमाफिकै दिल झन् मिले डबलिन्छ सुन्दर सिर्जना
रुचि भिन्न-भिन्न समाजकों दिलमा हुँदा दिल भिन्न भो
दिल मिल्नु के सजिलो थियो र ? तथापि मेल अभिन्न भो

५३

नमिलेर मानिस गर्दछन् झगडा परस्पर तेजले
अरुको मिलापसमेत झन् सहन सकेन मनै जले
गहिरो रहस्य नजानिंदा दिलभित्रको उस कालमा
दिल मिल्नु नै अपराध भो दिल पिल्सियो अनिकालमा

५४

तर आज यो वनमाझमा पनि पूर्ण यौवनमाझमा
नसकेर बस्न समाजमा नरहेर शर्म र लाजमा
हुन ता भन्यौ 'कविको सफा दिल हुन्छ रे' यति नै कुरा
अनि–'दुःख नै सुखमा कथा' मनले गुनें दुइटा कुरा

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनले गुन्यो कविता बन्यो कविलाइ वाक्य भए पुग्यो
जुन वाक्य विस्तृत काव्य भो रस पूर्ण भो त्यसमै बग्यो
दुइ पक्षले म उडी पुगें स्मृतिरूप दुर्गम टाकुरा
अनि भूतका घटनाहरू पनि देखिए सुन ती कुरा

५६

कलिलै उमेर थियो कठै ! न धनै थियो इलमै थियो
अनजान बालककालमै करकापबाट बिहा भयो !
पितृस्नेह चट्ट चुँड्यो गयो ! जुन मातृहीन छँदै थिएँ
सँगिनी त्यही हुनगै त्यहाँ परिपञ्चमा परि नै गएँ

५७

मधुमासले कलिला मुना रुखमा पटापट निस्किए
कति हुर्किएर बढे गए, चिचिला छँदै कति फुस्किए
जति हुन्छ बालककालमा ममता मनोहर सन्तति
त्यति हुन्न हुर्किंदिंदा कठै ! भुलिदिन्छ जीवनको गति

५८

शिशुको सफा दिलमा कुनै न त दाग राग र द्वेषको
प्रतिशोधको न त भावना रिस, डाह वा छल लेशको
मृदु वाक्यले हँसिलो हिसी दिलको विचित्र पवित्रता
न छ शत्रुता गहिरो कतै सबमा छ सुन्दर मित्रता

५९

जति तिर्सना दिलमा बढ्यो त्यति नै जुटाउन सक्छ को ?
जति सिर्जना छ त्यही, लिई दिल नै बुझाउन सक्छ को !
नपुगेर बढ्छ अभाव झन् अरुको सिको लिन थाल्दछ
दिलमा चिराग अशान्तिको दिनरात धप्धप बाल्दछ

६०

उस धप्प धप्प चिरागले हुनसम्म राग बढाउँछ
सब तन्तु तन्तु नसा नसा खुकुलो तुल्याइ सडाउँछ
मन फुस्किँदा मगजै टुटी बरबाद बन्दछ जीवन
घरबार नै बरबाद भै जड बन्छ सुन्दर चेतन

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कति कष्ट बादल धुम्मिए, कति कोपका बिजुली बले
अभिशापका कति वज्रले कति योजना छिनमै ढले
तन दुब्लियो, मन खुम्चियो, धन सिद्धियो, जन रित्तियो !
कहनै सकिन्न सबै यहाँ सहनै छ मुश्किल के भयो !

६२

परतन्त्रता पर नै सन्यो सबमा सदा छ स्वतन्त्रता
छ अनर्थबाट स्वतन्त्रता अनुशासन स्थितिहीनता
घर, लाज, शर्म कुनै कुरा पनि छैन जे गर भो खुला
न गुहार भो उपकार भो सहजै अँठ्याइदिंदा गला

६३

कुन गर्छ गो-रसको कुरा अहिले चल्यो सजिलै सुरा
भइ बेसुरा थपिंदा कुरा चलिहाल्छ आपसमै छुरा
असमानतामय नै सबैतिर देश भो मदिरामय
जय देखिंदैन समाजको भय लाग्छ हुन्छ कि झैं क्षय !

६४

जसको प्रभाव परी अचानक पुत्रशोकसमेत भो
कति योजना हरिभङ्ग भो मरुभूमि लेक समेत भो
जसको गरीकन सामना रहँदा नछुट्तछ यातना
अभिशापको अनुहारले सब जीवनै छ विडम्बना

६५

मनलाइ शान्त गराउने मदिरा छ उत्तम साधन
मदिरा पिएपछि तागती भइदिन्छ कञ्चन जीवन'
मदिरा माहात्म्य सुनाउँछन् मदिरा पिई रहने जन
'मदिरा' भन्यो कि भरङ्ग भै रहँदैन यो स्थिर भै, मन

६६

जति दुःख होस्, जति पीर होस्, जति ताप होस्, अभिशापहोस्
जति आँसु बग्छ बगी रहोस् मुटु थिच्नुपर्छ थिची सहोस्
सकिंदैन बस्न समाजमा बरु जानु जङ्गल माझमा
कविता रचेर नयाँ नयाँ मन थाम्नु सुन्दर साँझमा

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति नै व्यथामय होस् कथा करुणारसै भइ बग्दछन्
जसमा भुली कविवृन्द झन् न त अड्दछन् न त डग्दछन्
रसिलो कला कविता त्यही भइदिन्छ सुन्दर छन्दमा
जुन छन्दले सुकिलो बनीकन भाव बग्छ सुगन्धमा

६८

नभुलेर संस्कृति सभ्यता, नभई विदेशिइ बेपता
स्वचरित्रभित्र दरो बनीकन चाल्नुपर्दछ मित्रता
कति शास्त्र चिन्तनमा रमी नरमीपना लिनुपर्दछ
नरमी विषालु विलासमा दिल राम्ररी धुनुपर्दछ

६९

तर आजका कविजी सयौं मदिरा पिईकन लेख्तछन्
मदिराविना बिचरा तिनी कविता कतै न त देख्तछन्
कुन छन्द हो, कुन भाव हो, कुन भाषिका, कुन हो रस ?
अलमस्त मन्परि लेख्नु नै कविता बन्यो मह-गो-रस

७०

कुनचाहिं मौलिकता यहाँ कुनचाहिं राष्ट्रियता यता ?
सब बिर्सिएर विदेशको नकलै गऱ्यो सकलै कता ?
'कवि यो' भनी न त चिन्दछन् न त गर्दछन् कदरै पनि
न त तत्त्व वास्तव बुझ्दछन् न त पढ्दछन् कहिल्यै तिनी

७१

तर ती भए कवि झन् बडा तिनकै प्रचार महत्त्व छ
मदिरा पिएपछि सभ्यता भइगो कहाँ कुन तत्त्व छ ?
त्यसले मलाइ समाजमा मन छैन बस्न पटक्क नै
कविता म लेख्छु मलाइ नै अरुलाइ ह्वैन मलाइ नै

७२

न मनै मिल्यो, न कुरा मिल्यो न मिलेर सक्तछ बस्न को ?
घटना त्यही मनमा अझै जिउँदो छ सत्य अतीतको
न विदेशिएँ न स्वदेशमै रहनै सकें म गजक्क भै
गिरिकन्दरा, वनकुञ्ज नै मन पर्छ बस्न अलग्ग भै

७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिन, मास, वर्ष बिते, गए मनमा भयौ कविता तिमी
कविता भयो मनको व्यथा तह लाउने नहुँदा तिमी
तिमिले पनि व्यभिचारको अपराधमा बहनै पऱ्यो
मनको कुरा मनमै लिई मुटु नै थिची सहनै पऱ्यो

७४

युगचक्र घुम्दछ फन्फनी अभिशापमा वरदानमा
चलि नै रहे फल निस्कला अभिलाषको अभियानमा
वय सत्रमै अलपत्र भै किन बस्तछयौ भन लौ अब
यस पुण्यको पनि भूमिमा भन आउला किन रौरव ?

७५

मनलाइ संयमले थिची अनुशासनैतिर लम्किद्यौ
अबला तिमी प्रबला बनी बिजुली भईकन चम्किद्यौ
सबमा सुधार भरी भरी जति भूल छन् सब मेटिद्यौ
कविको कला युगको प्रभा कुन हो चिनीकन भेटिद्यौ

७६

किन शुष्क पत्र भयौ तिमी बहने उडेर बतासमै ?
खहरे बन्यौ धमिलो तिमी किन हुत्तिईकन भेलमै
बस शुद्ध मा.नवता बनी वर योग्य-मा-नव मिल्दछ
अनि मातृजाति सती भनीकन पाउमा पनि पर्दछ

७७

यदि जीवनैसित हुत्तियो त्यसको भयो अभिशाप नै
सकियो तटस्थ हुनै भने वरदान भो सब जीव.नै
म तटस्थ भै अहिले यहाँ कविता जपी तप गर्दछु
जति रित्तिए पनि जिन्दगी कविता रचेर म भर्दछु"

७८

यति वाक्य पूर्ण हुँदा हुँदै अलमस्त नीद सबै छुट्यो
कवि कल्पना जति लम्बियो अहिले सबै सपना टुट्यो
न त चन्द्रमा, न त चन्द्रिका, न थिए त्यहाँ लहरा, रुख
रजनी उषा न थिए त्यहाँ न रमाइलो वनको मुख

७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरुण प्रभा न थियो त्यहाँ हिम शृङ्खला न त झल्कने
न नदीतरङ्ग थिए त्यहाँ सुन झैं बगीकन टल्कने
न त कोइली, भमरा त्यहाँ वनको नजीक न संथर
चहुरै न ता डसना त्यहाँ तकिया थिए न त पत्थर

८०

न कुनै थिए कविजी त्यहाँ महिला थिइन् न 'स्वतन्त्रता'
सपना मनोहर नीदका अहिले भए सब बेपता
कुटिया थियो बरु साँगुरो कविको निवास र कोठरी
जसमा निरन्तर कोर्दथे कविता अनेक थरी थरी

८१

कवि निस्कँदा अपराह्णमा दिलभित्र शान्ति जगाउन
बटुवा गतागत गर्दथे सब भिन्न भिन्न लिई धुन
जब देवमन्दिरमा पुगीकन फर्किए गरि दर्शन
तव दृष्टिगोचर भो त्यहाँ रुखमन्तिरै बुढियाकन

८२

चिथरा समस्त लुगा थिए, सब अङ्गमा खटिरा थिए
कति भन्न भन्न झिंगाहरू पनि झुम्मिदा उसमै थिए
"म अभागिनीउपरै दया गरिबक्सियोस्" यति वाक्यको
दयनीय आर्त पुकार त्यो परसम्म नै पनि पुग्दथ्यो

८३

अरु भन्दथे "बदमाशनी बुढिया कराउँदछे त्यसै
कुलटा बनी, डुलुवा भई, अब शक्ति छैन बसोस् त्यसै
उसको जवान शरीरमा कति प्यारखातिर आउँथे
अहिले सडी, बुढिया भई किन यो प्रलाप सुनाउँछे !"

७४

कवि सोच्तछन्—"कि स्वतन्त्रता बुढिया त्यही हुन सक्तछे
सपना मनोहर देखिंदा महिला बनी जुन बक्तछे
बिपना छ यो सपना छ त्यो कसरी जुटाउनु सङ्गम !"
न बसी रहे कविजी त्यहाँ, न कतै गए थपिंदा भ्रम

८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपल सपनाको कल्पनामा रमाई
सलल्ल लय बग्ने गीतिका छन्द गाई
जति जति परिआयो उल्टिदै गोलमाल
उति उति कवि हेर्थे स्वच्छ सेतो हिमाल

८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमालय--२१

छन्द—स्रग्धरा

अस्ताए सूर्य सुस्तै चर अचर जगत् झल्ल पारी उज्यालो
सन्ध्याको लालिमा त्यो पनि अलप भयो चौदिशामा छ कालो
स्वप्ना झैं लाग्न थाल्यो कविकन सहसा त्यो हिजोको बिहान
बिस्तारै ब्यूँझदामा कलम, हुनगयो काव्यको नै उठान

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोच्तासोच्तै पुगेथे कविवर पहिले जन्मभन्दा अगाडि
सोच्तैछन् हट्नुपर्दा पछि पछि अहिले मृत्युभन्दा पछाडि
पाएथे दिव्य झल्को उस बखत उदाएर चोखो पितृत्व
देखेथे जिन्दगीमा सफल हुन दिने सम्झनाको महत्त्व

२

त्यो मीठो बाललीलाबिच पनि घटना देखियो सम्झिएको
नब्बेसाले अनौठो किसिमसित यहाँ भूइँचालो गएको
टुक्रा केही उतारीकन झलक दिए सम्झनाको पुरानो
नेपाली एकतन्त्री प्रचलन हुकुमी देखियो रूप सानो

३

प्यारो नेपाललाई तनमन धनले पूर्ण स्वातन्त्र्य भर्न
आमाको आँसु पुछ्ने प्रणसहित नयाँ स्वप्न साकार गर्न
फाँसीमा हाँसि-हाँसी बलि हुन पनि झन् कत्ति फिक्री नमानी
देखाए वीरले त्यो झलक मनमनै जोश उठ्ने कहानी

४

के के हुन् खास नारी पुरुष ? किन हुने हो तिनैको विवाह
होला सम्बन्ध कस्तो ? उचित अनुचितै यो कुराभित्र चाह
वेला, मौका, जमाना नबुझिकन भयो जिन्दगी व्यर्थ सस्तो
देखाएथे दिदीकै विषय र विधवा रूप दृष्टान्त जस्तो

५

जस्तै आपत्ति भोगे पनि चलनतिरै मोह राख्ने समाज
छोड्दै छोड्दैन बोक्ने चलन अनि बिगारेर छोड्छन् समाज
बग्दा सित्तै लहैमा कलुषित मतिको बन्नुपर्दा शिकार
शिक्षा, सम्पत्ति, भित्री अनुभव नहुँदा जिन्दगी भो विकार

६

टाढै बस्ता जवानी, अझ पनि शिशुता शेष राम्रै छँदैमा
चोखो मातृत्व बिर्सी हर बखत पिता एक साथी लिँदैमा
केको केको नमानीकन कर बलले चट्ट टुट्ता सहारा
लागे चौपट्ट राम्रा पनि भुवन सबै शून्य यद्वा अँध्यारा

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तैमा जिन्दगीको गतिविधि अघि भो बाध्यतै बाध्यतामा
भोग्दै दल्दै र मल्दै कति कति गहिरो दुःख संकष्ट धामा
पोखे बर्साइ आँसू जिनतिन कविले छन्दमा शोकसर्ग
केही लेख्ने इरादा लिइ हृदय गरे शारदामा विसर्ग

८

चाहे होस् भीखमङ्गा जन जुनि अथवा होस् न चाहे धनाढ्य
यो सारा सृष्टिको नै प्रकृति नियम हो बैंसले बन्छ आढ्य
त्यस्तै आयो पलामा घुमि घुमि वन झैं जिन्दगीमा वसन्त
ढाक्यो चौतर्फ जल्ने कुसुमसरि नयाँ भावनाले अनन्त

९

साथी संसार सारा सबकन सुखमा दुःखमा हुन्न कोही
जो जो छन् मित्र पैल्ला सकल भइदिने दुःखमा शत्रु सोही
सीमा नाघ्यो सबैको जब कविवर ती शारदा-ध्यान गर्छन्
बाधा सम्पूर्ण पोखी हृदयभर नयाँ भावना टम्म भर्छन्

१०

पढ्दैथे छात्र बन्दै उसबखत नयाँ क्रान्तिको चल्छ हावा
त्यै हावामा चहारी वर र पर निकै बेर खाएर कावा
सम्झे नेपाललाइ त्रिभुवन नृपको त्याग यद्वा प्रयाण
हाँसेको देख्न लागे हिम-शिखर जहाँ वीरको बल्छ प्राण

११

फर्क्यो तत्काल उस्तै क्रमसित कविको चित्त कैशोरनेर
त्यो सानो प्रेमलीला जुन बखत थियो अल्पिएको बितेर
मिल्नाले बन्छ नारी पुरुष जति सबैलाइ सम्वन्ध राम्रो
मान्दै मान्दैन सामाजिक चलन त्यसैलाइ मानी नराम्रो

१२

फर्क्यो उस्तै छटामा कविहृदय यसै देश नेपालभित्र
झल्कन्छन् सभ्यताका अनुपम रसिला झन् कहानी विचित्र
जस्तो हाम्रो हिमाली छवि छ अनि जहाँ सभ्यता चम्कँदैछ
पाएको प्रेरणाले प्रगति गरिगरी देश यो लम्कँदैछ

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्दा हेर्दै बिलाए कविवर भुमरीभित्र झैं जीवनीमा
मीठो माया मुनाको स्मरण भइदिंदा बन्छ वात्सल्य सीमा
तीता, पीरा, नराम्रा अनुभव जति छन् पोख्न लागे त्यसैमा
सोच्तै वैराग्य लाग्ने गरि हृदय बग्यो कल्पिदैमा रुँदैमा

१४

आयो स्वातन्त्र्यधारा मुलुकभर नयाँ चेतना उघ्रिएर
बाढ़ी भै हुत्तिदामा सकल बगिगयो सभ्यता हुत्तिएर
छैनन् लोकोपकारी, हृदय छ सबको व्यक्तिवादी विचार
पाई स्वातन्त्र्य झन् झन् कलुषित दिलमा देखिंदै गो विकार

१५

छोक्रा भो देश सारा, रस सकल सुक्यो, छैन साहित्य चोखो
बोक्रा झैं जिन्दगी भो रतिभर मनको पुग्न पाएन धोको
रोयो पग्लेर सारै विकल दिल गरी आँसु झारी हिमाल
जस्तै स्वातन्त्र्य पाए पनि मुलुकभरी देखियो गोलमाल

१६

ढाँचा काँचा विदेशी, रहन सहन झन् बढ्न लाग्यो विदेशी
खाना पाना विदेशी, त्यसपछि कविता लेखिने भो विदेशी
हेलाँ भो छोडिंदै गो रसमय कविता लेख्नका लागि छन्द
लेखे आफ्नै मजामा सरसर कविले छन्दको नै प्रबन्ध

१७

मीठो शैली र मीठो लहर शिखरिणी छन्दमा लेखनाथ
लेख्तालेख्तै भएथे सफल कवि कलाकारिता साथसाथ
सक्छौं त्यस्तै कलामा सफल हुन स्वयं यत्नले आज हामी–
भन्दै लेखे मजाले स्वचरित कविले लेखनी नै नथामी

१८

के हो यो जिन्दगानी ! कति छ कति यहाँ झन् लुकेको कहानी
दोभानैमा बगेको कल र कल गरी हो नदीकै त पानी
फोका जस्तै उठेका अनुभव जति छन् त्यो सँगालेर हेरी
लेखे आफ्नै व्यथाका लहरहरू सयौं कत्ति कोल्टै नफेरी

१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्यूँझ्यो, हेऱ्यो, निहाऱ्यो वर पर, ननिको लाग्छ संसार सारा
पल्टयो, मस्तै निदायो, हृदय लय भयो, पीर लाग्यो किनारा
त्यै स्वप्नामा बताए अनुभव कविले जो कुनै तत्वसाथ
त्यो हो स्वातन्त्र्य बिग्न्यो गति पति जसको भै दिंदा हातपात

२०

आफ्नो उद्देश्य अर्कै वर पर रहनेलाई उद्देश्य अर्कै
मिल्दै मिल्दैन रत्तीभर पनि अरूको साथ सिद्धान्त अर्कै
आँखा चिम्ली अवस्थातिर हतपतमा हुत्तिने आज सारा
आफ्ना सन्तान जस्ता यस हिमगिरिका छन् नदीका किनारा

२१

बढ्ने भो जिन्दगीमा प्रगति जति गऱ्यो झन् अभावै अभाव
कैल्यै केही नपुग्ने जटिल भइदिने तिर्सनाको प्रभाव
देख्दा सुन्दा र गर्दा अनुभव कविले पार केही नपाई
लागे विश्रान्ति खोजीरहन दिनदिनै काव्यको गीत गाई

२२

हेऱ्यो चौतर्फ उस्तै प्रकृति विषमता साम्यको छैन नाम
उस्तै भो फेरि सामाजिक विषम छटा, छैन विश्रान्ति धाम
खाली कोरेर लेख्दा अलिकति कविता मात्र भो साम्यभाव
त्यो केही देखिने भो हिमगिरि शिरमा, नत्र वैषम्यभाव

२३

हेऱ्यो सौन्दर्य शोभा जति जति, उति झन् तृप्ति नै पाइँदैन
उल्टो हेर्दै नहेरे अलिकति उसको सत्य भेट्टाइँदैन
सौन्दर्यै सत्य बन्ला शिव पनि सजिलै व्यक्त होला भनेर
हेर्दै सौन्दर्यसत्ता हिमगिरिशिरको लेख्न लागे गनेर

२४

अग्ला, सग्ला, उज्याला शिखरहरु सयौं बार सिक्री परेका
टाढाबाटै निहार्दा प्रकटसरि हुने हार मोती उनेका
शोभा सम्पत्ति कैयन् जुग जुग रहने शैलको उच्च माथा
पारै पाइन्न गाए पनि दिन दिन यो शैलको दीर्घ गाथा

२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जंघा छन् काञ्चनेका, धवलगिरि कुनै माछपुछ्रे, गणेश
अन्नैले पूर्ण गर्ने सकल हिमचुलीमाथि गौरी महेश
पर्खालै तुल्य सारो सितिमिति कहिल्यै भत्कँदै भत्कँदैन
धक्का लाखौं परे तापनि हृदय कतै दच्कँदै दच्कँदैन

२६

आई नौ लाख तारागणसँग यसमा चन्द्रमा जून छर्छन्
बल्दै बल्दै उजेली दिनभर रहने ज्योति संकेत गर्छन्
हम्कन्छन् चल्मलाई वरपर चमरी पुच्छ आफ्नै चलाई
कस्तूरी मिर्ग घुम्छन् रहर रहरमा वासना मग्मगाई

२७

बेहानै सूर्य आए उदय शिखरमा लालिमा यै चुलीमा
लम्कन्छन् साँझ अस्ताचलतिर छ उही लालिमा यै चुलीमा
झल्काई प्रस्ट पार्ने सरल हृदयले साम्यवादी विचार
कैलेदेखिन् बसेको अझतक छ बस्यै सृष्टि सौन्दर्य सार

२८

आगो ज्वालामुखी झैं गरम रमरमी सूर्य लप्का फिजाऊन्
वर्षा पानी झरीमा चटचट असिना वज्र चड्की कराऊन्
सेतो छारो तुषारो शिशिर शिशिरले रास थुप्रो लगाऊन्
जाँदैछन् आउँदैछन् प्रकृति विषमता धैर्य कल्ले डगाऊन्

२९

ढाकाको भव्य टोपी छिरबिर शिरमा बन्दछन् मेघमाला
नाचेका शंकरैका कमरभर हुने जंगले बाघ-छाला
यस्तै यस्ता अनेकौं थरि थरि कविका कल्पनाले हिमाल
बढ्दो उत्कर्ष पाई दिन दिन सहसा बन्छ झन् झन् विशाल

३०

झर्ना छाँगा हजारौं छुमुछुमु मुजुरा बज्दछन् कुञ्जभित्र
गङ्गाले फालहाल्दा डमरु डिमीडिमी घन्कने झन् विचित्र
हेर्ने आकाश सेना टलपल यसमै कुण्डका कुण्ड पानी
पारै पाइन्न लेखे पनि अझ यसको बन्छ लामो कहानी

३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उफ्रे, खेले, रमाए जुग-जुग तक यै काखमा यै चुलीमा
खस्तै गुड्दै र बग्दै पनि किन नगरून् स्नेहको छैन सीमा
गङ्गा, खोला र नाला, अगम नदनदी बग्दछन् दूरसम्म
आफ्नै सन्तान हुन् तापनि वर पर भै हुत्तिदै छन् अचम्म !

३२

चोखो सञ्जीवनीको, प्रतिपल रसिलो स्नेह जस्तै बुटीको
चौपट्टै चाखलाग्दो रमझम छ यहीं पर्णशाला कुटीको
हाम्रो प्राचीनताको जग पनि छ यहीं आर्यको सभ्यताको
बिर्सी, बिर्सिन्न ताजा अनुभव छ सधैं जातिको एकताको

३३

सोची, कल्पी, विचारी, वर पर रसिलो रूप राम्रो निहारी
के हो कल्याणकारी चलन अनि छ के सर्वसंहारकारी ?
हेर्दाहेर्दै बिलाए कविवर नअडी काव्य दोभानभित्र
जल्ले दोभान बन्ने अगम नदनदी सृष्टि गर्थ्यो विचित्र

३४

बेपत्ता भो बिलौना विषय विष यता बन्नलाग्यो अनौठा
बाधा आधा हुँदैगो, मन मनन गरी बस्छ झन् लक्ष्य यौटा
चाहा गर्दैन डाहा पनि अधम बनी, तिर्सना बिर्सिदैगो
आत्मा भै गो महात्मा हृदय लय हुँदा छन्दमा बन्द भैगो

३५

चाहे कोही पत्याऊन् मतलब अरुको गर्नको छैन खाँचो
चाहे कोही नमानून् कविकन हृदयै मात्र हो दिव्य साँचो
जो लेख्छन्, त्यत्ति देख्छन्, अनुभव दिल जे गर्छ त्यै मात्र सुन्छन्
ठूलो छाती बनाई विषयहरू त्यसै माथि हाली निफन्छन्

३६

हीरा, मोती फलेको यस हिमगिरिकै टाकुरा टाकुरामा
गुञ्जन्छन् नाद नौला निशिदिन गहिरा कन्दरा कन्दरामा
सुन्ने, बुझ्ने र गर्ने मनन मन न हो प्रष्टिने मौन भाषा
त्यस्तै सन्देश भाषा प्रकट हुन गयो झन् नयाँ यो तमाशा

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्यारो सन्तान मेरो अघि अघि रसिलो काखमा हुर्किएको
माया वा प्यार पाईकन हरबखतै मस्त भै फुर्किएको
जो हो त्यल्लाइ मेरो प्रतिदिवस शुभेच्छा छ, सन्देश दिन्छु
हावामा त्यो बहाई हरर अनि सदा शान्ति विश्रान्ति लिन्छु

३८

झल्काई स्वर्णरङ्गी चम-चम प्रतिभा विश्व झल्काउँदै जा
मर्मस्पर्शी रसिलो रस रसिक सबैलाइ पल्काउँदै जा
बल्दै दावाग्नि जस्तै कलुष कुटिलता दोष सल्काउँदै जा
आनन्द स्रोत धारा रसमय कविता माधुरी गाउँदै जा !

३९

जे जे हो गुम्सिएको हृदय हृदयको दाग कालो धुँदै जा
देखी दुःखी दरिद्री विकल दिल गरी आँसु झारी रुँदै जा
लालित्य स्पष्ट पारी हरकिसिम सबै मर्म भित्री छुँदै जा
खोली उत्कर्ष सच्चा प्रतिपल कविमा अग्रगामी हुँदै जा !

४०

पक्षी बन्दै तँ उच्चा शिखरतिर छिटो पक्ष चालेर जा-जा
खोली आदर्श बोली प्रगतिमय गए शुद्ध साहित्य ताजा
पन्छाई पक्षपाती कुटिलपन सबैलाई पारेर साझा
मीठो आनन्ददायी गजबसित बजा शान्तिको दिव्य बाजा

४१

पैल्ले सानै भए होस् पिलिपिलि कणिका जुन्किरी नै हुँदै जा
कालो कादम्बिनीमा झिलिमिलि बिजुली तुल्य राम्रो हुँदै जा
चिर्दै गाढा अँध्यारो चरचर सविता देव झैं झल्किदै जा
प्यारो पीयूषवर्षी चमचम रजनीनाथ झैं चम्किदै जा

४२

जा वासन्ती छटामा कुसुमित वनमा, कोइली गानमा जा
इन्द्रेणी सप्तरङ्गी सजल जलदमा, शारदी चन्द्रमा जा
खोला, नाला, उज्यालो हिमगिरि, छहरा,कुञ्ज केलाउँदै जा
घुम्दा घुम्दै सबै ती प्रकृति अमरता ज्योति फलाउँदै जा"

४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो सन्देश सुन्दा कविवर पहिले घोरिए चूप लागी
गम्दा गम्दै उदायो हृदय गगनमा चन्द्रमा छैन दागी
चौतर्फी कान्तिधारा टहटह हुन गो जून पाई सुनौला
जानेलाई नरोकी खुशिसित किन 'जा' भन्दछन् लाग्छ नौला

४४

जाने हो काम हाम्रो, गतिमय छ जगत्, जानुपर्ने सबैले
चूपै लागेर बस्ता पनि गतिमयता रोकिएनन् कसैले
अल्सी होस्, जाँगरी होस् त्यसउपर नराखेर पर्वाह केही
बेपत्ता बन्छ सत्ता समयगतिसँगै फन्फनाएर देही

४५

कस्तो होला कुह्याले ! कति दिन दिन यै चक्रलाई घुमाई ?
कालै लठ्ठी बनाई फनफन उसमा जीव माटो तुल्याई
घ्याम्पो, गाग्रो, कतारो थरि थरिका भाण्ड ब्रह्माण्ड रच्ने
रच्ता रच्तै बिताए पनि जुग जुग झन् कत्ति हट्तै नहट्ने ?

४६

खेल्छन् सन्तान साना शिशु चुलबुलिंदै काखमा फुर्किएर
छोड्छन्, जान्छन् क्रमैले पर पर गतिमा उक्लँदा फर्किएर
नाता गाढा हुनाले रगत रगतको लाग्छ चौपट्ट माया
मायाको लागि कोही पनि सितिमिति यो फाल्न सक्तैन काया

४७

त्यस्तै पग्ली बनेका कण कण हिमका स्वच्छ खोला र नाला
लम्केका फालहाली तल तल बहँदै मार्ग पक्री निराला
देख्दा सम्झेर होला गिरिवर ! सहसा आज सन्देश यस्तो
बोल्यो होला सुनाई प्रकृति र जनतालाई सारांश जस्तो

४८

हे प्यारा ! धैर्यधारी, विचलित नहुने मित्र ! शैलाधिराज !
तिम्रो सन्देश पाएँ, हृदय लय भयो सुन्न पाएर आज
जे जस्तो आइलागोस् अनुभव दिनको लागि संकष्ट बाधा
पर्वाहै राख्न छोडी प्रकृतिसित भुले हुन्छ तत्काल आधा

४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्लान् झर्केर कोही मसँग–" किन उसै बोल्दछौ व्यर्थ बात
टाढाको मात्र राम्रो हिमगिरि छ गरे राम्ररी दृष्टिपात
थुप्रो लागी जमेको हिउँ खचित हुँदा जान जो गर्छ आँट
निम्त्याई काललाई पनि असमयमै मर्छ बेकार स्वाँठ

५०

वेश्याको हुन्छ राम्रो मुख पनि बहुधा ठाँटले ठाँटिनाले
देखाई हाउभाऊ छनकमनक झन् बन्दछे बाइफाले
फस्दा, आसक्त बन्दा सहज भइदिने जीवनै नष्ट हाम्रो
राम्रो हो हेर्नुपर्ने विषय यदि भए हेर्नु मात्रै छ राम्रो

५१

यो तेरो, यो छ मेरो भनि भनि ममता औ अहंभाव बढ्दा
चल्दा बढ्दा लडाईं धन-जन रिसले चूर्ण विध्वस्त गर्दा
सुन्छौं हामी कथा झैं कति कति रणको चाख मानी बयान
सुन्दैमा मात्र राम्रो त्यसबिच सहसा हेर्न को सक्छ जान ?

५२

त्यस्तै टाढा रहेका हिमगिरि, छहरा, कन्दरा, टाकुरामा
जस्तै उत्साह होओस् अनि जति बल होस् वीरको पाखुरामा
को जाने आँट गर्ला ! नगिच, बरु कथा सुन्दछौं दूरबाट
या हेर्छौं दृश्य मात्रै पर अचल रही यन्त्र दुर्बीनबाट

५३

त्यस्तै हो आज तिम्रो पनि हिमगिरि लौ हेर, गर्दै विचार
व्यर्थैं गाएर गीता किन झनन गऱ्यौ ? कल्पनाको सितार"
भन्लान् आएर कोही मसँग यति कुरा बुझ्नु गी छाँटबाट
ती सारालाई मेरो पनि छ यति कुरा जो गरून् नित्य पाठ

५४

जो हाम्रो 'प्राण' भन्ने पवन छ उसको शुद्ध संस्कार गर्ने
पानीमा स्वच्छताको अमृतसरहको स्वादको शक्ति भर्ने
पृथ्वी सारा भिजाई पल पल उसमा उर्वरा शक्ति पर्ने
यौटै मात्रै छ त्यस्तो हिमगिरि जसले मर्नुपर्दा नमर्ने

५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झल्केको दिव्य आँखा, शिर, पयर सबै छन् हजारौं हजार
ढाकी .सम्पूर्ण पृथ्वीतल अचल उठेको छ सोझै अपार
यो हो वैराजरूप स्थिर अचर भनी वेद गर्छन् बयान
त्यो के हो हेर सोझै हिमगिरि शिरमा ज्योतिले भासमान

५६

ब्रह्माले सृष्टि गर्दा चर अचर जगत्, शक्तिका लागि पैह्ले
निद्राले लठ्ठ नारायणकन बिउँझाएर छोडी क्रमैले
लागे आराधनामा त्यसपछि विभुको सत्य सन्देश पाई
तत्पश्चात् सृष्टि गर्नाकिन सफल भए यै चुलीमाथि आई

५७

लागेथ्यो ब्रह्महत्या, हत र पत गरी इन्दू भागे डराई
आधारै क्यै नपाई यस हिमगिरिकै मानसैभित्र आई
पाएथे लुक्नलाई सरस कमलको डाँठभित्रै रमाई
आए धाएर जो जो हिमगिरि शरणै लिन्छ झन् आर्तलाई

५८

गङ्गाजी झर्न लाग्दा यस हिमगिरिकै टाकुरामाथिबाट
वेगैले भासिएला तल तल पृथिवी, थाम्नका लागि आँट
गर्दै, लट्टा फिंजाई प्रमथपति डरे, उम्भिई यै चुलीमा
बिस्तारै वग्न लागिन् सललल महिमापूर्ण भागीरथीमा

५९

कर्णाली, सप्तकोशी अरु पनि सँगमा गण्डकी सातओटी
यो सारा देश ढाक्ने अगम नदनदी पूर्ण एक्काइसोटी
वग्छन् चट्टान फोरी कण कण हिउँले स्वच्छ मीठो बनेर
गाएको स्पष्ट सुन्छौं हिमगिरि वनमा कल्कलाएर हेर !

६०

सारा संसार विर्सीकन शिव यसमै नित्य लिन्छन् समाधि
देखाई अर्धनारीश्वर विभव छटा रच्तछन् ताण्डवादि
प्यूँदामा उग्र हालाहल जलन हुँदा झट्ट रोपी-त्रिशूल
छाती टाँसेर सुत्छन् भुलु र भुलु जहाँ निस्किएको छ मूल

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दैछौं स्पष्ट रामायण हिमगिरिमै बस्तछन् रे कुवेर
राजा भै यक्षको नै अनुपम अलका राजधानी रचेर
गर्थे निर्माण भन्छन् थरि थरि नभमा उड्न सक्ने विमान
लङ्काबाटै फिरे रे अवध पुरतिरै पुष्पकारूढ राम

६२

स्वाहा पारेर सारा धन र जन कुरुक्षेत्रमा युद्ध गर्दा
बैरी सारा निभाई, विजय पनि लिई राज्यको भोग गर्दा,
उठ्ता वैराग्य आए यस हिमगिरिमै रे महापन्थ जान
चढ़दा चढ्दै चुलीमा सफल हुन सके पाण्डवै स्वर्ग जान

६३

फैलेको पूर्वदेखिन् क्रमसित बहँदै पश्चिमी साँधसम्म
पृथ्वी नाप्ने बनेको प्रकृतिमय कुनै दण्डजस्तै अचम्म
भन्ने प्रस्टै बताए कविकुलगुरुले देवतात्मा हिमाल
देखिन्छन् उत्तरैमा झल र मल हुने शैलराजै विशाल

६४

यो आर्यावर्त हाम्रो शुरु पनि छ यसैबाट रे विन्ध्यसम्म
सारा यै भित्र पर्छन् अगणित जति छत् तीर्थ धामादि टम्म
देखापर्छन् उताका हिमशिखरविषे व्यक्त केदारनाथ
यस्तै हाम्रो यताका शिखरतिर भने सिद्ध छन् मुक्तिनाथ

६५

यै हो कैलाश प्यारो घर पनि शिवको, माइती पार्वतीको
बौलाहा झैं हिंडे रे शिव पनि यसमै लाश बोकी सतीको
आएथ्यो दैत्य भस्मासुर पनि यसमै शंकरैलाइ भेट्न
रोकेथे विष्णुलाई उसकन बिचमै रे दिएनन् लखेट्न

६६

यस्ता धेरै कथा छन् कति कति हिमवत् खण्डमा, छैन गिन्ती
पायो सम्मान झन् झन् यस हिमगिरिले, लेख्नुपर्दा प्रशस्ति
पृथ्वीनारायणैले पनि मनन गरे देशको मानचित्र
त्यस्तै छोडे तुल्याईकन मुलुक नयाँ फूलवारी विचित्र

६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् देशी विदेशी कति कति यसमै पर्वतारोह गर्ने,
चढ्ने सीधा चुलीमै कि त पथबिचमै प्राण छोडेर मर्ने
त्यस्तैका साथ लागीकन सफल भयो चढ्न तेन्जीङ्ग लामा
झण्डा फर्फर् गरायो,यश पनि फिजियो,धन्य भो त्यै पलामा

६८

चढ्ने उद्योग धन्धा यस हिमगिरिमै नित्य नौलो हुँदैछ
जाने बढ्दैछ संख्या प्रतिदिन जनतावर्ग हाँस्तै रुँदै छ
जन्म्यौं हामी यसैमा ढुलु र मुलु गरी हुर्कियौं झन् यसैमा
चढ्छौं उक्ली यसैमा अनि किन नमरौं प्राण छोडी यसैमा

६९

सारा संसार पैल्ले हिउँ र हिउँ सबै राश थुप्रो थियो रे
चल्दै जाँदा, हुँदामा प्रगति विकसितै वास, बस्ती बढ्यो रे,
होला संसारद्वारा प्रलयपछि सबै बन्छ रे त्यै हिमाल
हामी प्राणी सबै नै कण कण हिउँका बन्दछौं रे विशाल

७०

केही छन् तथ्य पौराणिक हिमगिरिको मात्र माहात्म्य बक्ने
केही छन् तथ्य सामाजिक गतिविधिको स्पष्ट उल्लेख गर्ने
हेर्दा प्रत्यक्ष भौगोलिक नियम भने मुख्य दोभानलाई
पार्ने साकार यौटै हिमगिरि छ जहाँबाट बग्दैछ आई

७१

प्रत्यक्षै छन् यसैका वर पर बहुधा देखिएका पहाड
जल्ले गर्दा जुटायो थरि थरि जलका भेलको खेलवाड
यौटा छैनन् अनेकौं किसिम किसिमका भेद ठूला र साना
देख्छौं हामी जुटेका हर पद पदका व्यक्त दोभान नाना

७२

धेरै शाखा प्रशाखाहरू पनि यसका स्पष्ट दोभानमा छन्
केही टाढा र केही नगिच पनि हुँदै झन् सयौं स्थानमा छन्
गर्दैनन् भेट जैलेतक जलनिधिमा हुन्छ दोभान मात्र
मिल्छन् सम्पूर्ण आई जब जलनिधिमा एउटै बन्छ गात्र

७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोस्छन् ग्रीष्मार्क आई जल जलनिधिको बन्दछन् मेघमाला
काला भै वृष्टि गर्छन् त्यसपछि सहजै बन्दछन् ती उज्याला
आई यै टाकुरामा यस हिमगिरिमै झल्मलाएर बस्छन्
मिल्छन् एकत्व पाईकन हिउँ हिउँमै सल्ल पग्लेर बस्छन्

७४

झिल्का हो खास आगो कण कण छरिई निस्कने अग्निबाट
मिल्छन् आखीर आई सब कण कण नै अग्निमै एक छाँट
यो झिल्का, यो न आगो भनि हृदय पृथक् सोच्छ, दोभान बन्छ
आगै सम्पूर्ण झिल्का भनि हृदय बुझे पूर्ण दोभान मिल्छ

७५

थोपा हो खास पानी पनि तप तप भै बाँडिई निस्किएको
पानीमा मिल्छ थोपा पनि अलग हुँदा भो कहानी बनेको
थोपा, फोक्रा र पानी जति जति छ पृथक् ज्ञान दोभान होला
पानीमा मिल्न आए सललल भरिलो बन्छ दोभान खोला

७६

हावा गै भित्र पस्ता जल जल बिचमा उठ्छ पानी फकुण्डो
हावाले टन्न पार्दा पनि गजब हुने खेल्न राम्रो भकुण्डो
फुट्ता फोका भकुण्डो पनि सहज मिली जान्छ हावा बिलाई
त्यस्तै दृष्टान्त मिल्दो हिमगिरि छ यहाँ सत्य दोभानलाई

७७

जाग्रत्, स्वप्ना, सुषुप्ति क्रमसित यति छन् तीनओटा अवस्था
ती तीनैलाइ नाघी त्यसपछि पुगिने हुन्छ चौथो अवस्था
पुग्दा त्यस्तो अवस्थाबिच झलल हुने ज्योतिको ज्योति पाई
बस्ने होस् नित्य मेरो पनि मन शिवसङ्कल्पभित्रै रमाई

७८

जेको पाई सहारा अनवरत डटी गर्दछन् धीर काम
ती सारा विज्ञ विद्वान् जनकन पहिले गर्छु झुक्तै प्रणाम
त्यस्तै कर्मण्यताको पल पल दिलमा प्रेरणा स्रोत ल्याई
बस्ने होस् नित्य मेरो पनि मन शिवसङ्कल्पभित्रै रमाई

७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३)

प्रज्ञा नै ब्रह्म भन्ने श्रुतिवचन तथा चित्तको धैर्य ज्योति
चम्केको हुन्छ भन्छन् जुन नभइ कतै फल्न सक्तैन मोती
त्यस्तै प्रज्ञा जगाई हरबखत त्यसै भित्र भित्रैरसाई
बस्ने होस् नित्य मेरो पनि मन शिवसङ्कल्पभित्रै रमाई

८०

जस्तो सङ्कल्पबाटै सकल भुवन यो भूत वा वर्तमान
त्यस्तै सारा भविष्यत् पनि सब सहजै गर्न सक्छन् बयान
त्यस्तै सामर्थ्यशाली हृदय अनि जगत् यज्ञ, होता बनाई
बस्ने होस् नित्य मेरो पनि मन शिवसङ्कल्पभित्रै रमाई

८१

फैलिन्छन् शक्तिबाटै वर पर जसको गद्य औ पद्य, गान
पांग्रा अड्ने बने झैं चुकुल हृदयमै बन्दछन् भासमान
आई सारा उनिन्छन् दिल पनि जसमा त्यै मनस्तत्व पाई
बस्ने होस् नित्य मेरो पनि मन शिवसङ्कल्पभित्रै रमाई

८२

घोडा सारा समेटीकन बसि रथमा हाँक्छ जस्तो सवार
कैल्यै कत्ती नफुस्कीकन गतिमयता ल्याउने बार-बार
स्थायी चैतन्य शोभा अजर अमर त्यै तत्त्वको सत्त्व पाई
बस्ने होस् नित्य मेरो पनि मन शिवसङ्कल्पभित्रै रमाई

८३

हेर्ने, बाँच्ने र सुन्ने, प्रवचन वरने, कष्ट भोग्नै नपर्ने
इच्छामा अड्न खोजीकन शत शरदै कर्म सम्पूर्ण गर्ने
हामी त्यै वेदवादी द्विजवरसरि भै धैर्यलाई ननासी
यो संसारै हँसाऔं हिमगिरिसरहै झल्कँदै हाँसि हाँसी

८४

अझ पनि कविजी यै काव्य दोभानमा छन्
अरुण किरण सातै रङ्ग दोभानमा छन्
अलि अलि कविताका इन्दु दोभानमा छन्
अविचलित कथाका सिन्धु दोभानमा छन्

८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असल लिन सकेमा धर्म दोभानमा छ
अवनति जति हट्ने अर्थ दोभानमा छ
अनुभव हुन सक्ने काम दोभानमा छ
अमर पद भनेकै मोक्ष दोभानमा छ

८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu